ISSN 2091-2013

हाम्रो पुरुषार्थ

त्रैमासिक

किरण पुस्तकालय

तम्घास, गुल्मी

हाम्रो पुरुषार्थ भारतीय नेपाली साहित्य र साहित्यकार विशेषाङ्क लोकार्पण समारोहमा प्रमुख अतिथि साहित्यकार ज्ञानबहादुर छेत्रीद्वारा दीप प्रज्ज्वलन

काठमाडौंमा हाम्रो पुरुषार्थ (१०५) लोकार्पण समारोहका सहभागी अतिथिहरू

हाम्रो पुरुषार्थका सम्पादक शशि पन्थीबाट किरण पुस्तकालय र हाम्रो पुरुषार्थको बारेमा जानकारी प्रदान

साहित्यकार प्रा. डा. गोविन्दराज भट्टराईद्वारा हाम्रो पुरुषार्थ सम्पूर्णाङ्क १०५ को परिचय प्रस्तुत

डा.ज्ञानु पाण्डेद्वारा हाम्रो पुरुषार्थका विशेषतामाथि प्रकाश

डा. तुलसी भट्टराईद्वारा हाम्रो पुरुषार्थमाथि विचार- विमर्श

साहित्यकार अनिता कोइरालाद्वारा हाम्रो पुरुषार्थमा महिलाहरूको संलग्नतासम्बन्धी परिचर्चा

साहित्यकार शरद प्रधानद्वारा हाम्रो पुरुषार्थको समीक्षा

शब्दाङ्कुर मासिक पत्रिकाका प्रधान सम्पादक धीरकुमार श्रेष्ठबाट शुभकामना मन्तव्य प्रकट

हाम्रो पुरुषार्थ
(त्रैमासिक)

वर्ष : ५२	अङ्क : ३	सम्पूर्णाङ्क : १०६	वैशाख-असार , २०८२

सम्पादक

शशि पन्थी

सह-सम्पादक

दीन पन्थी

सहायक सम्पादक

भुवनप्रसाद अर्याल

सहयोगी मण्डल

गोपाल पन्थी

राधा पन्थी

हिमकला राना

ईश्वर वि.क.

लेआउट

सुमन कार्की

मुद्रण

सहारा प्रिन्ट कनेक्सन, काठमाडौं - ९८५१०७४१३३

प्रकाशक

मूल्य
रु. १५०/-

किरण पुस्तकालय

तम्घास, गुल्मी, फोन : ०७९-५२०२८७, ९७६९२२७७८७

सम्पर्क फोन नं. : ०७९-५२०२६०, ५२०४८३

मो.नं. : ९८५११४८८०७, ९८४७५०६२८८

Email : hamropurushartha@gmail.com, shashipanthi9@gmail.com

Website: www.kiranpustakalaya.com

आवरण : काठमाडौंमा हाम्रो पुरुषार्थ (सम्पूर्णाङ्क १०५) लोकार्पण समारोहका सहभागीहरू

हाम्रो पुरुषार्थ
(त्रैमासिक)

काठमाडौं प्रतिनिधि
डा. दुर्गाप्रसाद अर्याल
फोन नं. ०१-४८२०५९७
डा. लक्ष्मीकान्त पन्थी
फोन नं. ९८४९१४८३८५
गोविन्दप्रसाद पोखरेल
फोन नं. ९८४१८४९६६६
भानुभक्त मरासिनी
फोन नं. ९८४१७१३३३६
डा. कृष्ण भण्डारी 'मुमुक्षु'
फोन नं. ९८५६०३२४७७

पाल्पा प्रतिनिधि
कमल खत्री
फोन : ९८४७३०८९०८

रुपन्देही प्रतिनिधि
गोपाल पन्थी
फोन नं. ९८५७०३३३३८
रुरु शर्मा
फोन नं. ९८४७०९३०११
कविता पन्थी
फोन नं. ९८४७०३३९२४
माधव गौतम
फोन नं. ९८५१०१३२८१

चितवन प्रतिनिधि
पूर्णप्रसाद अधिकारी
फोन नं. ०५६-५२८१६०

दाङ प्रतिनिधि
प्रा.डा. अर्जुनप्रसाद भट्टराई
फोन : ९८६८६३०४६१

पोखरा प्रतिनिधि
शङ्कर ज्ञवाली
फोन : ९८५६०३१४४४

विदेश प्रतिनिधि
महेश आचार्य
सन्फ्रान्सिस्को, क्यालिफोर्निया, संयुक्त राज्य अमेरिका
फोन नं. : +१७०२-४२८-५५४०

डा. गोपालप्रसाद शर्मा
के. २२/१८ पञ्चगङ्गाघाट
वाराणसी, उत्तरप्रदेश, भारत
फोन नं. ००९१८००५३११०७२

शंकरप्रसाद शास्त्री
गढी केन्ट, घुच्चुपानी रोड, अनारवाला
देहरादून, उत्तराखण्ड, भारत
फोन नं. ००९१९९९७२०७४८४

महेन्द्रकुमार लम्साल
लेनकास्टर स्ट्रीट-२२
सिड्नी, अष्ट्रेलिया
फोन नं. ०६१४१२००१७६९

विष्णु शर्मा
पी.डब्लू डी. कोलोनी
डिफू, कर्बी, एङ्गलोङ्ग, आसाम, भारत
फोन नं. ००९१३६७१२७३१८५

सम्पादकीय

राजनीति र साहित्य

- राजनीति र साहित्य मान्छेको सभ्यतासँगसँगै आए । रक्षा र बलको भावनासँगै राजनीति आयो । आनन्द र सौन्दर्यको खोजसँगै साहित्य आयो । खारिँदै, सुध्रिँदै, फेरिँदै आए राजनीति र साहित्य पनि । यी दुबै आवश्यक छन् मान्छेको समाजलाई । समाजको अभ्युदय र कल्याणका लागि हुनुपर्छ राजनीति र साहित्य पनि ।
- राजनीतिमा नीति छ, हुनुपर्छ । नीतिले शुभम्‌को भावना बोक्छ । राजनीतिमा शुभम् हुनुपर्छ । राजनीतिबाट नीति हरायो भने 'राज' मात्र रहन्छ जहाँ शुभम् पनि शून्य हुन्छ । जंगलजस्तै हुन्छ मान्छेको बस्ती । बलमिच्याइँको जंगली राज चल्छ । त्यसैले चाहिन्छ राजनीतिमा नीति ।
- साहित्य पनि प्रियकर अनि श्रेयस्कर दुबै हुनुपर्छ । सत्यम्, शिवम्, सुन्दरम् यी तीनै खोज्छौं साहित्यमा हामी । हित अर्थात् श्रेयले भरिनु नै साहित्य हो । मनोरञ्जन र सदुपदेशले समाजको हित गर्छ साहित्यले । समाजको प्रतिबिम्ब बनेर देश चिनाउँछ साहित्यले । राष्ट्रको शान र मान उठाउँछ साहित्यले ।
- साहित्य सधैँ हावाको प्रतिकूल चल्छ, चल्नुपर्छ । भावना, कल्पना र अनुभूतिसँगै स्वच्छन्द र अराजक बन्न सक्छ साहित्य । सत्यको अन्वेषणमा विद्रोहको हुङ्कार बन्न सक्छ साहित्य । स्वतन्त्रताको संरक्षणमा आवाज बन्न सक्छ साहित्य । राजनीति वर्तमान मात्र हो । साहित्य त भविष्य पनि बन्छ ।
- जहाँ साहित्य राजनीतिको पछि हिड्छ त्यहाँ सत्य लुकेको हुन्छ । राजनीतिमा नीति हराउँदा साहित्यले सम्झाउनुपर्छ । साहित्य त्यो ज्योति हो जसले राजनीतिलाई बाटो देखाउँदै अघिअघि हिड्छ । राजनीतिमा विचार र आचारका स्खलनहरूमा साहित्यले व्यञ्जनाबाट औँलो ठड्याउनुपर्छ । लक्षणाबाट आँखा झिम्काउनुपर्छ । राजनीतिका निर्ममता र शुष्कतालाई साहित्यका सौन्दर्य र कोमल भावहरूले भिजाइदिनुपर्छ ।

कुटुरो फुकाउँदा

कति	के ?	कसको	कहाँ ?

अन्तर्वार्ता

१. साहित्यकार, गायक, कलाकारहरूले बोल्न नसक्नेका आवाज बोलिदिनुपर्छ
मच्छेश्वर सापकोटा १

२. थकालीका जुवाईंको जिम्मेदारी धेरै हुन्छ बुद्धिकुमारी शेरचन १२४

लेख/समीक्षा/समालोचना/पठन विमर्श/यात्रा-संस्मरण

१. नेपालमा नाथयोग प्रा.डा. कृष्णचन्द्र शर्मा ७

२. हाम्रो पुरुषार्थ : अजर-अमर छ डा. तुलसी भट्टराई १६

३. हाम्रो पुरुषार्थको उत्सव काठमाडौंमा प्रा.डा. गोविन्दराज भट्टराई २०

४. साहित्यसम्राट् र "बौलाहा" काव्य-सङ्ग्रह : एक चर्चा
प्रा.डा. यमबहादुर क्षेत्री २३

५. "लीलाहरूमा माया"लाई नियाल्दा प्रा.डा. अञ्जना वस्ती भट्टराई २९

६. सानुको सिक्किमे शैली डा. व्यन्जना शर्मा ३७

७. महाकविको "लक्ष्मी निबन्ध-सङ्ग्रह"को पुनर्पठन अनुभव
जयदेव गौतम ४२

८. पूर्वोत्तर क्षेत्रीय भाषा केन्द्र, असममा नेपाली भाषा शिक्षण : परिचय
डा. सृजना शर्मा ५४

९. हाम्रो पुरुषार्थ : भारतीय नेपाली साहित्यलाई चिनाउने आँखीझ्याल
शरद प्रधान ६२

१०. छापा माध्यमको वर्तमान अवस्था, समस्या र समाधान
रमेशकुमार बोहोरा ६७

११. नमस्ते कपिलवस्तुमा देहरादूनदेखि गुल्मीसम्म उदय ठाकुर ७२

१२. अटिजम यात्रा विष्णुप्रसाद भण्डारी ७७

१३. 'हाम्रो पुरुषार्थ' को पुरुषार्थ दिव्य गिरी ८४

१४. 'चर्किएका घाउ बिर्सिएका पल'मा प्रवेश गर्दा प्रा. कपिल अज्ञात ८९

१५. देवकोटाको आध्यात्मिक चेत कृष्ण ज्ञवाली ९३

१६. गुलेली काव्य एक परिचय रोहितप्रसाद ज्ञवाली १०३

कति	के ?	कसको	कहाँ ?
१७.	नारीवादजस्तै त्यस दिन पुरुषवाद पनि जन्मिने निश्चित छ	अनिता पन्थी	१०९
लघुकथा/बालकथा			
१.	वार्ता	लीलाबराज दाहाल	१०८
२.	कुकुर पछुतायो	अरुणबहादुर खत्री 'नदी'	१२०
कविता/मुक्तक/गजल			
१.	पृथ्वी ! तिमीबाट लिएर अर्ती	मुकुन्दहरि शर्मा	१९
२.	परदेशको झरी	शेखर विकल्प	४०
३.	आदर्शवादी श्रीमान्	गोविन्द भट्टराई	७१
४.	गजल	डा. घनश्याम परिश्रमी	८१
५.	हाम्रो कानुन	लक्ष्मीनाथ ज्ञवाली सुमेरु	८२
६.	असार	धीरकुमार श्रेष्ठ	८८
७.	बुढेसकालको साथी कविता	विष्णुहरि पौडेल	१०२
८.	उहिले र अहिले	डा. रामराज पन्थी	११९
९.	सप्तशूल	टेकनारायण रिमाल "कौशिक"	१२१
१०.	कठै ! ती दिन	मित्र 'उराठी' गौतम	१२२
स्थायी स्तम्भहरू			
१.	सम्पादकीय	सम्पादक	iii
२.	भेटघाट-११७	उर्मिला कोइराला	१
३.	अनुभव/अनुभूति : बुद्धिकुमारी शेरचन	शशि पन्थी	१२४
४.	पुस्तकालय परिचय	ऋषि राई	१२९
५.	किरण पुस्तकालयको पातो	सचिव	१४०
६.	नौलो सृष्टि : सानो दृष्टि	अकिञ्चन	१४१
७.	यताउताबाट	विभिन्न पत्रपत्रिका	१४८
८.	पाठक-प्रतिक्रिया	नारायणप्रसाद शर्मा फुयाल	१५९
९.	किरण पुस्तकालयका आजीवन/विशिष्ट सदस्यको परिचय		१६१
१०.	हाम्रो पुरुषार्थका आजीवन ग्राहकहरूको नामावली		१६२

हाम्रो पहिचानमा हाम्रो गौरव

* नेपाली भाषा र संस्कृतिलाई आत्मसात् गरौं,
* परम्परा, चाडपर्व, लोककला जोगाऔं,
* मौलिक संस्कृतिमा गर्व गरौं,
* नक्कल होइन मौलिकता अपनाऔं,
* विविधतामा एकता कायम गरौं,
* राष्ट्रको पहिचानलाई सम्मान गरौं,

''हाम्रो पहिचान, हाम्रो स्वाभिमान''

नेपाल सरकार
विज्ञापन बोर्ड

साहित्यकार, गायक, कलाकारहरूले बोल्न नसक्नेका आवाज बोलिदिनुपर्छ

मच्छेश्वर सापकोटा

(काभ्रेपलाञ्चोक जिल्लाको साविक रयाले गाविस २ हाल पनौती नगरपालिका-१, निउरे खोलामा वि. सं.२००७ साल मङ्सिर १७ गतेका दिन जन्मनुभएका मच्छेश्वर सापकोटाका लगभग दुई सय जति गीत तथा भजनहरू रेकर्ड भएका छन् । सयभन्दा बढी स्वदेशी तथा विदेशी सङ्घसंस्थाहरूबाट सम्मानित तथा पुरस्कृत हुनुभएका सापकोटा हालसम्म पनि निरन्तर लोकगीत, सङ्गीतका क्षेत्रमा सक्रिय हुनुहुन्छ । उहाँको लोकगीत, सङ्गीतप्रतिको समर्पण, त्याग र सङ्घर्षका कथाव्यथालाई यस कुराकानीमा समेटिएको छ । हाम्रो पुरुषार्थका लागि शिवशरण ज्ञवालीको सहजीकरणबाट सापकोटासँग उर्मिला कोइरालाले भेटघाट गरेर लिएको अन्तर्वार्ता यहाँ प्रस्तुत गरिएको छ । - सम्पादक)

प्रश्न : तपाईँको गीतियात्राको सुरूवात कसरी भयो ?

उत्तर : म एक वर्षको हुन नपाउँदै बुबा ४० वर्षको लाउँलाउँ खाउँखाउँ भन्ने उमेरमै हामी दुई दाजुभाइ र दुई दिदीबहिनीलाई टुहुरा बनाएर यस धराधामबाट बिदा हुनुभएछ । म सानो भएकोले त्यतिबेला बुबासँगको बिछोडको पीडा थाहा पाइन । पाँच वर्षको भएपछि आमाको वात्सल्यबाट पनि टाढिनुपर्‍यो मैले । पक्षाघात रोगले थला पार्‍यो आमालाई । त्यो पीडाले पनि छोएको थिएन मलाई किनभने एकजना फुपू दिदी माइतमै बस्नुभएको थियो । म रोएको बेला फकाउँदै पिठ्युँमा बोकेर यता उता डुलाउनुहुन्थ्यो । पापा खान दिनुहुन्थ्यो । भोक लागेको बेलामा खाना खान दिनुहुन्थ्यो । सुत्ने बेलामा रमाइला रमाइला कथा सुनाउँदै आफैँसँग सुताउनुहुन्थ्यो । आमाबाले जस्तै गरी माया दिने फुपूदिदी भएपछि मलाई अरू के चाहिएको थियो र त्यतिबेला ? आमा ओछ्यानमा थला परेको एक वर्षपछि मलाई अर्को बज्रपात थपियो । त्यो दिन भने मेरा लागि साँच्चैको कहाली लाग्दो थियो । म राम्ररी बुझ्ने भइसकेको थिएँ । बुबासँगको बिछोडको पीडा र आमाको वात्सल्यबाट टाढिनुपरेको पीडासमेत भुलाउने

फुपूदिदीले पनि संसार छोड्नुभयो । अब भने म साँच्चैको टुहुरो भएको महसुस भयो मलाई । फुपू दिदीको पार्थिव शरीर दाह संस्कारको लागि घाटतिर लैजाँदाको नरमाइलो परिदृश्य अहिलेसम्म पनि मेरो नजर वरिपरि घुमिरहेको छ। १४ वर्षकी जेठी दिदी आठ वर्षको उमेरमा बिहे भएर पराई घर गइसक्नुभएको थियो। अब १२ वर्षका दाजु-भाउजू र ९ वर्षकी कान्छी दिदी मेरा भरपर्दा अभिभावक बन्नुभयो। दाजु, भाउजू र दिदीको लाडप्यारमा हुर्कंदै फुर्कंदै गएँ। बाल्यकालदेखि नै दिदीले मारुनी बनाएर तीज कार्यक्रम, रत्यौली आदिमा नचाउन लैजानुहुन्थ्यो। दर्शक सबैले ताली पिटीपिटी हौसला दिन्थे। यसरी म गाउँघरमा सबैको प्यारो बन्दै गएँ। स्कुले जीवनमा गुरुहरूले नचाउनुहुन्थ्यो। नाच्दा नाच्दै पछि गाउने रहर पलाएर आयो। त्यसपछि गाउन सुरु गरेँ।

प्रश्न : लोक सङ्गीततर्फ लाग्न केबाट प्रेरित हुनुभयो ?

उत्तर : दाइले घरमै सावाँ अक्षर चिनाइसकेपछी विद्यालयमा लगेर २ कक्षामा भर्ना गरिदिनुभयो । विद्यालयमा पनि हरेक शुक्रबार सांस्कृतिक कार्यक्रम हुन्थे । त्यहाँ पनि गाउन र नाच्नको लागि गुरुहरूले मलाई नै अघि सार्नुहुन्थ्यो । म पनि फुरुक्क परेर नाच्ने, गाउने गर्थें । हरेकपटक पुरस्कृत हुन्थें। चार कक्षामा पढ्दादेखि नै गुरु डम्बरकुमार शाहीले मादल बजाउन सिकाउनुभयो। मादल बजाउन जान्ने भएपछि त गुरुहरूले झन् बढी माया गर्न पो थाल्नुभयो त। मेरो हौसला पनि झन्झन् बढ्दैबढ्दै गयो । घरको मूल थाममा रेडियो झुण्ड्याउने चलन थियो । खाना खाने बेलामा रेडियो नेपालबाट लोकगीतहरू बज्थे। खाना खाँदा लुगा लगाएर खान पाइँदैनथ्यो। म धोती फेर्न जान्दैनथेँ, लँगौटी मात्र लगाएको भरमा भान्छामा खाना खान बसेको हुन्थें, लोकगीत बजेको सुन्ने बित्तिकै भान्छामै नाङ्गै नाचिदिन्थें । ओछ्यानमा थला पर्नुभएको आमा, दाजु, भाउजू र दिदी खुसी हुँदै हाँस्नुहुन्थ्यो। यसरी बाल्यकालदेखि नै लोकगीतप्रति आकर्षित हुँदै गएको थिएँ। यसर्थमा म रेडियो नेपालमा लोकगीत बजेको सुनेर प्रेरित भएको हुँ।

प्रश्न : रेडियो नेपालमा कहिले र कसरी प्रवेश गर्नुभयो ?

उत्तर :१० वर्षको उमेरमा बिहे भयो मेरो। श्रीमती तीन वर्ष जेठी मभन्दा झन्डै एक हात अग्ली ! विद्यालयमा जाँदा विद्यार्थी साथीहरूले जिस्क्याउने गर्थे,ओइ ओइ बुढी स्वास्नीको पोइ भनेर हैरान ! अति भएपछि गुरुहरूलाई भनिदिन्थेँ । गुरुहरूले बेसरी गाली गरेपछि जिस्क्याउन छोड्थे । यसरी समय बित्दै गयो । मेरो उमेर २४ वर्षको भएपछि श्रीमती मलाई छोडेर माइतीमा गएर बस्न थालिन्, आमाबाबु पाल्छु भनेर। श्रीमतीले आफूलाई एक्लो पारेर माइतीमै बस्न थालेपछि एउटा गीत सिर्जना भयो -

जाने भए जाऊ माया मारेर मेरो मुटु दुई टुक्रा पारेर ...

यो गीतलाई कृष्णमानले संगीत गर्नुभयो । तीर्थकुमारी र सुनिता रेग्मीको स्वरमा रेडियो नेपालमा रेकर्ड भयो । यसरी सुरु भयो मेरो रेडियो नेपालको गायन यात्रा । बिछोडबाट सुरु भयो, मिलनबाट झाँगियो भन्ने गरेको छु मैले । वि.सं.२०३२ सालमा सरस्वती फुँयालसँग मागी विहे भयो । गीतियात्रामा उनले पनि साथ दिँदै गइन् । रेडियो नेपालबाट प्रश्नोत्तर कार्यक्रम प्रसारण हुन्थ्यो । पाण्डव सुनुवारले सञ्चालन गर्नुहुन्थ्यो उक्त कार्यक्रम । हरेक हप्ता प्रश्नहरू लेखेर पठाउने गर्थें म । उक्त कार्यक्रममा समावेश भएका प्रश्नहरूमध्ये एउटा प्रश्नलाई सर्वोत्कृष्ट भनेर घोषणा गर्ने चलन थियो । कुनै कुनै बेला मैले पठाएका प्रश्नहरू पनि सर्वोत्कृष्ट भनेर घोषित हुन्थे । गायक बन्ने रहर छ त्यसको लागि के गर्नुपर्छ भनेर प्रश्न पठाउथेँ । तपाईँको स्वर माइक अनुकूल छ भने अवश्य गायक बन्न सक्नुहुन्छ भन्नुभयो । रेडियो नेपालमा आउनुहोस् भनेर लोकेसन दिनुभयो । वि.सं.२०३२ सालमै रेडियो नेपालमा पसेँ । नातिकाजी, शिवशंकर, पाण्डव सुनुवारसँग भेट गरेँ । आदरणीय गुरु पाण्डव सुनुवारसँग केही समय गायनसम्बन्धी सिक्ने मौका पाएँ । त्यसपछि स्वर परीक्षा दिएँ । परीक्षाबाट उत्तीर्ण भइसकेपछि रेडियो नेपालमा आफ्नै स्वरमा गीत रेकर्ड गर्न सुरु गरें । पहिलो गीत थियो - रातो सिंदुर पँहेलो बेसार , मरेपछि लैजानु के छ र ? ...

श्रीमती सरस्वती सापकोटाले घरको काम सबै आफैँले भ्याएर मलाई रेडियो नेपाल पठाउने गरिन् । निरन्तर रूपमा गीत संगीतको क्षेत्रमा लागिरहेँ । अहिले पछिल्लो समयमा आएर छोराहरू डा.निरञ्जन सापकोटा र रञ्जन सापकोटा साथै बुहारीहरू, नातिहरू तथा नातिनीबुहारीले समेत यस क्षेत्रमा निरन्तर रूपमा लागिरहनको लागि हौसला दिइरहेका छन्।

प्रश्न : तपाईँको दृष्टिमा लोकगीतको समाजमा कस्तो भूमिका छ ?

उत्तर : गीत संगीत भन्ने कुरा मानव मस्तिष्कको लागि अपरिहार्य खुराक नै हो ! त्यसैले लोकगीत संगीतले समाजका जुनसुकै उमेरका, जुनसुकै जातजातिका, जुनसुकै वर्गका तथा जुनसुकै समुदायका मानिसहरूमा अत्यन्तै ठूलो भूमिका निर्वाह गरिरहेको छ ।

प्रश्न : तपाईँका गीतबाट समाजले प्राप्त गर्ने कुरा के हो ?

उत्तर : आफूले गाएका गीतहरू आफूलाई राम्रा लाग्नु त स्वाभाविक नै हो तथापि हामीले गाएका गीतहरू समाजका विसंगति, विकृति, अन्याय, अत्याचार, शोषण, दमन, उत्पीडन विरुद्धका छन् । साहित्यकार, गायक, कलाकारहरूले बोल्न नसक्नेका आवाज बोलिदिनुपर्छ भन्ने हाम्रो मान्यता हो । त्यही मान्यताअनुरूप हामीले त्यस्तै

गीतहरू समाजलाई दिएका छौं । हामी जनचेतनामूलक, सन्देशमूलक गीत मात्रै गाउँछौँ । त्यसैले हाम्रा गीतबाट समाजले असल सन्देश पाउँछ भन्ने कुरामा हामी ढुक्क छौ ।

प्रश्न : लोकगीत, सङ्गीतमा लागिरहँदा कस्ता चुनौती र संकटको सामना गर्नुपऱ्यो ?

उत्तर : लोकगीत सङ्गीतको क्षेत्रमा निरन्तर रूपमा लागिरहनको लागि धेरै किसिमका चुनौती तथा सङ्कटहरूको सामना गर्नुपरेको थियो । यो कुरा आजभन्दा ५० वर्षअघिको हो । पहिलेको समाज र अहिलेको समाजमा धेरै परिवर्तन आइसकेको छ । त्यतिखेर रेडियो नेपालबाट स्वर परीक्षा पास गरियो तर एउटा गीत रेकर्ड गर्नको लागि पालो पर्खिनुपर्थ्यो । बल्ल एक दुईवटा गीत रेकर्ड भएर रेडियो नेपालबाट बज्न थाल्थे । मेरो नाम सुन्दा केही सामन्ती प्रवृत्तिका ठूलाबडा, टाठाबाठा ,जान्ने सुन्ने, हुने खाने, धनीमानी हुँ भन्नेहरूलाई चाहिँ मन पर्दैनथ्यो तर अरू सबैले राम्रो मान्थे र हौसला पनि दिन्थे । नेपालमा गीत रेकर्ड गर्नको लागि रेडियो नेपालको विकल्प अरू रेकर्डिङ स्टुडियोहरू थिएनन् । वि.सं.२०३५ सालतिर रेडियो नेपालको लोकगीत प्रबन्धकमा हिरण्य भोजपुरे दाइ हुनुहुन्थ्यो । उहाँले एकै दिनमा पाँचवटा गीत रेकर्ड गर्ने मौका दिनुभयो । एउटा गीत रेकर्ड गरेबापत रु.२०/- बीस रुपैयाँ पाइन्थ्यो । घर फर्कंदा रु.१००/-एक सय रुपैयाँ लिएर निस्किएँ । होटेलमा पसेर टन्न खाजा खाएँ, गाडीभाडा तिरें र बाँकी रहेको पैसाले २०-२५ जना खेतालाहरूलाई पारिश्रमिक दिएँ । मेरो गीत सङ्गीतप्रतिको अम्मल बढ्दै गयो । आयआर्जन घट्दै गयो । बालबच्चाहरू बढ्दै गए । शुरुमा त मासिक रु.४५/-पैंतालीस रुपैयाँमा गाउँ पञ्चायत सचिव भएर काम गर्थें । त्यसैबेला मासिक रु.७५/-पचहत्तर रुपैयाँमा विद्यालयमा पढाँउने काम गर्थें । रेडियो नेपालमा पसेपछि पनि स्थायीरूपमा जागिर गर्न सकिने बलियो सम्भावना थियो । त्यसलाई पनि वास्ता गरिनँ । खाइरहेको जागिर पनि छोडेर यसै क्षेत्रमा भिजें । घर खर्च चलाउन धौधौ हुँदै गयो । दुःखको बेलामा किनेको एउटा हार्मोनियम त्यही पनि बेचेर खर्च चलाउने अठोटले श्रीमतीसँग प्रस्ताव राखें । उनीले भनिन् -"बरु मैले लगाइराखेका सुनका गहना बेचेर खर्च चलाऊँ, पछि छोरा नातिहरूलाई पनि काम लाग्छ, हार्मोनियम त बेच्न हुँदैन" । त्यसपछि उनले मुटुमा गाँठो पार्दै गहना फुकालिन्, त्यही बेचेर घर खर्च चलाइयो । अहिले यो बुढेसकालमा श्रीमती सरस्वती सापकोटा पनि गायन क्षेत्रमै तल्लीन छिन् । उनको स्वरमा पनि एक दर्जनभन्दा बढी म्युजिक भिडियोहरू बनेका छन् । बेलाबेलामा हामी दुवैजनाको स्वरमा म्युजिक भिडियोहरू बजारमा ल्याइरहेका छौं यद्यपि खर्च जुटाउन धेरै सहज त छैन। तथापि घरपरिवारबाट

आशातीत सहयोग प्राप्त भइरहेको छ। छोरा, बुहारीहरूले समेत आफूले लगाइराखेका सुन बिक्री गरेर पनि यसै क्षेत्रमा लागिरहने हौसला दिइरहेका छन्। त्यसैले हामी यसै क्षेत्रमा मक्ख छौँ । अहिलेको समाजले हामीलाई गीत सङ्गीतको क्षेत्रमा लागिरहन बारम्बार अत्यन्तै महत्त्वपूर्ण हौसला दिनेगरेको छ। त्यसैले हामी यसै क्षेत्रमा लडीबुडी गरिरहेका छौं ।

प्रश्न : अहिलेका पुस्ता लोकगीत, संगीतप्रति जागरुक छन् ?

उत्तर : अहिलेका पुस्ता लोकगीत संगीतप्रति अत्यन्तै आकर्षित,जागरुक भएका छन् ! त्यसैले अहिले लोकगीत, संगीतको डिजिटल बजार पनि धेरै अगाडि बढिसकेको छ।

प्रश्न : पहिलेका र अहिलेका लोकगायकहरूको अवस्था तुलनात्मक रूपमा कसरी हेर्नुहुन्छ ?

उत्तर : पहिलेका र अहिलेका लोकगायकहरूको अवस्था तुलनात्मक रूपमा हेर्ने हो भने दिन र रात जस्तै फरक देखिन्छ। पहिले पहिले लोकगीत रेकर्ड गर्नको लागि रेडियो नेपालमा स्वर परीक्षा दिएर सफल हुनुपर्थ्यो । अनि मात्र गीत रेकर्ड गर्न पाइन्थ्यो । त्यतिबेला गीत रेकर्ड गर्नको लागि एकमात्र रेडियो नेपाल थियो । आजभोलि जतातत्तै रेकर्डिङ स्टुडियोहरू पाइन्छन् । उतिबेलाका लोकगायकहरूले अहिलेको जस्तो सुनौलो अवसर पाउँदैनथे। अहिले आर्थिक अवस्था बलियो हुनेले तुरुन्तै गीत रेकर्ड गर्ने अवसर पाएका छन् र गरेका पनि छन्।

प्रश्न :अहिलेका लोकगीतहरू मौलिक संस्कृतिबाट विमुख हुन लागे जस्तो लाग्दैन ?

उत्तर : अहिलेका लोकगीतहरू मौलिक संस्कृतिबाट विमुख हुन लागेका हुन् कि भन्ने विषयमा हामी सबै लोकगायकहरूले अत्यन्तै गम्भीरतापूर्वक चिन्तन मनन गर्नुपर्ने बेला आएको छ। लोकगीत भनेका चोखो माया पिरतीका र अरू अरू धेरै विषयलाई लिएर लेख्न गाउन सकिन्छ। त्यसो नभै अनेकानेक थरीथरीका अश्लील, असभ्य शब्दहरू प्रयोग गरी गाउने गरेको पनि पाइन्छ। आफ्नो मौलिक संस्कृतिलाई बिर्सेर पाश्चात्य सङ्गीतको सिको गर्दा हामीले आफ्नो नेपालीपन, आफ्नो मौलिक संस्कृतिलाई नै बिर्सिने पो हौं कि भन्ने कुरामा पनि सचेत हुनुपर्छ।

प्रश्न :लोकगीत र संस्कृतिको जगेर्ना गर्नको लागि के गर्नुपर्ला ?

उत्तर : लोकगीत र संस्कृतिको जगेर्ना गर्नको लागि हाम्रा मौलिक लोकभाका, लोकसंस्कृतिलाई नयाँ पुस्तामा पुस्तान्तरण गर्दै जाने । नयाँ पुस्तालाई अभिप्रेरित

गर्नका लागि उनीहरूलाई उचित अवसर प्रदान गर्दै हौसला दिन सकियो भने अवश्य पनि हाम्रा लोकगीत र हाम्रो लोकसंस्कृतिको जगेर्ना गर्नको लागि हामी सफल हुनेछौं !

प्रश्न : तपाईँको आजसम्मको सबैभन्दा ठूलो उपलब्धि केलाई मान्नुहुन्छ ?

उत्तर : मेरो आजसम्मको सबैभन्दा ठूलो उपलब्धि भनेको जीवन सार्थक बनाउनुपर्ने रहेछ, अरूले हेर्न लायकको असल मान्छे बन्नुपर्ने रहेछ भन्ने कुरा थाहा पाएँ। त्यसैले जीवन सार्थक बनाउने र अरुले हेर्न लायकको असल मान्छे बन्ने प्रयत्न गर्दैछु । अहिलेसम्म मलाई १०० भन्दा बढी स्वदेशी तथा विदेशी संघ-संस्थाहरूबाट सम्मानित तथा पुरस्कृत भएको छु। २०७६ सालमा शब्दयात्रा प्रकाशनको अगुवाइमा जनस्तरबाट अभिनन्दित भई 'गीतिभाष्कर' को उपाधि पनि पाएको छु। सुषुप्त अवस्थामा सपना देख्नेहरू मर्छन्, उनीहरू सधैं सधैंका लागि अस्ताउँछन् । जागृत अवस्थामा सपना देख्नेहरू धनसम्पत्ति, जहान परिवार तथा आफ्नो जीवनको समेत परवाह नगरी आफूले रोजेको विषयमा निरन्तर साधनारत भैरहन्छन् ! इतिहासमा आफ्नो नाम लेखाएर मर्छन्। त्यस्ता मूर्धन्य साधकहरू मरेपछि पनि सधैं सधैं बाँचिरहनेछन् भन्ने कुरा थाहा पाएँ। मेरो जीवनको आजसम्मको अत्यन्तै महत्त्वपूर्ण उपलब्धि यही नै हो जस्तो लाग्छ।

सम्मानपत्रहरूको माझमा गायक दम्पतीका साथ उर्मिला कोइराला

नेपालमा नाथयोग

प्रा.डा. कृष्णचन्द्र शर्मा

नेपाल नाथयोगको भूमि हो । अहिले पनि नाथयोगसम्बन्धी अनेकौं पाण्डुलिपि यताउता पाइन्छन् । एउटा अति महत्त्वपूर्ण नाथयोगमा आधारित हस्तलिखित ग्रन्थ *गोरक्षयोगशास्त्र* नेवारी स्क्रिप्टमा उपलब्ध छ । यस ग्रन्थलाई हठयोगप्रदीपिकाभन्दा पुरानो भएको अड्कल काटिएको छ किनभने यसमा महामुद्रा, महाबन्ध, महाबेधको चर्चा त गरिएको छ तर किटान नाम जस्तै मूलबन्ध, जालन्धरबन्ध र उड्डीयानबन्ध दिइएको छैन । जे भए पनि षट्चक्रको कुरा छ, मुद्रा, बन्ध र बेधको कुरा दत्तात्रय योगशास्त्र (३:५.६) र हठयोगप्रदीपिका (३:५५-६०) मा दिएअनुसार मिल्छ। यस ग्रन्थले नाथयोग परम्पराको गहिरो जरा नेपाली भूमिमा रहेको स्पष्ट पार्छ।

नेपालका सन्दर्भमा मत्स्येन्द्रनाथ र गोरखनाथपछि सबैभन्दा सम्मान गरिने नाथ योगी रतननाथ हुन् । यिनको समय वि.सं.१००० र १२०० बीच मानिन्छ। यिनका नामबाट काबुल, जलालबाद,कान्धार, दिल्ली, पञ्जाव र उत्तरी भारतका धेरै ठाउँमा मठहरू रहेका र तिनको अहिले पुरानो अवस्था भेटिन्छ। यिनी दाङ क्षेत्रका राजकुमार रहेका र नाथ योगी हुनुपूर्व यिनको नाम रत्नमाणिक थियो भनेर चर्चा गरेको भेटिन्छ। रहेकोको नाथ परम्परामा ठूलो इतिहास रहेको छ । उनलाई काबुलका बादशाहले पीरको उपाधि दिएका त्यस समयदेखि अहिलेसम्म दाङ चौघेडाका महन्तलाई पीर भनेर पुकारिन्छ । यस पदको ऐतिहासिक महत्त्व रहेको छ । रतनमाहात्म्य अर्को नेपाली नाथ परम्पराको महत्त्वपूर्ण कृति हो । दाङको रतननाथ मठ विगत लगभग एक हजार वर्षदेखि अविच्छिन्नरूपमा नाथ परम्पराअनुसार पात्र देवता, भैरव र बालासुन्दरीको विधिवत् पूजा हुने एक मात्र निरन्तरता भएको ठाउँ हो। यसले प्रयोग गरेको क्षेत्र विभिन्न राजा, महाराज र प्रशासकहरूले लिखत गरी दिएको जग्गा हो । यसले पुस्तकालय र अतिथिगृह पनि व्यवस्थित राखेको छ। नाथयोग परम्पराको यस मठको धेरै ठूलो महत्त्व छ।

नेपालको नाथ परम्परामा जुम्लाका चन्दननाथको पनि ठूलो महत्त्व छ। उनको समय करिव १५ औ शताब्दी मानिन्छ । सिंजाराज्यका राजाहरूलाई राजमुकुट

पहिराउने काम नाथ योगीहरूले नै गर्थे र यो परम्परा चन्दननाथले बसालेका थिए। जुम्ला उपत्यकामा मार्सी चामलको खेती गर्ने चलन चन्दननाथ योगीले कश्मीरबाट बिऊ ल्याएर शुरु गरेको जनविश्वास रहेको छ।

दाङ क्षेत्रको ख्याति अफगानिस्तान,पाकिस्तान, भारतका विभिन्न ठाउँमा पीर रतननाथको कारणले फैलिएको हो। दाङ क्षेत्रको संस्कृतिको विकासमा रतननाथ, जुम्लाक्षेत्रको संस्कृतिको विकासमा चन्दननाथको जस्तै अछाममा बैजनाथको प्रभाव देखिन्छ। समग्रमा मध्य पश्चिम र सुदूर पश्चिमका संस्कृतिमा रतननाथ, चन्दननाथ, बैजनाथ र अठारौँ शताब्दीमा सल्यानका भवन्तनाथको गहिरो प्रभाव देखिन्छ।

राजा रामशाह, द्रव्यशाह र पृथिवीनारायण शाहलाई योगी गोरखनाथले पटक पटक दर्शन दिएर मार्ग निर्देशन गरेको प्रसङ्ग पाइन्छ। गण्डकी क्षेत्रको कास्की, तनहूँ,लमजुङ र गोरखाका शक्तिपीठहरू र नाथमठहरूबीच नजिकको सम्बन्ध देखिन्छ। त्यस अन्तर्सम्बन्धलाई “जय जय गोरखकाली”को अभिव्यक्तिमा गोरखनाथ र देवी कालीलाई संयुक्तरूपमा संबोधन गरिएकोले पनि दुईबीचको घनिष्ठता स्पष्ट हुन्छ। नेपालमा रहेका सबैजसो शक्तिपीठहरू तन्त्र साधनाका केन्द्र हुन् भने नाथ परम्पराको साधनामा पनि तन्त्र साधना गाँसिएको छ। त्यसैले शक्तिपीठहरू नाथमठहरूबीच अन्तर्सम्बन्ध रहेको स्पष्ट हुन्छ। नाथयोगीहरूले पूजा गर्ने दैवी शक्तिमध्ये पात्र देवता,भैरवनाथ र बालासुन्दरी एवम् ललितासुन्दरी देवी हुन्। रतननाथ मठ दाङमा अहिले पनि तन्त्र परम्पराअनुसार पात्र देवता,भैरवनाथ र बालासुन्दरीको नित्य पूजा आराधना गरिन्छ।

नाथयोगबारे चर्चा गर्दा सर्वप्रथम नवनाथको प्रसङ्ग आउँछ। नवनाथमध्ये पनि मुख्य भूमिकामा मत्स्येन्द्रनाथ र गोरखनाथको नै नाम आउँछ। मत्स्येन्द्रनाथ र गोरखनाथको योग र दर्शनका अनुयायी दक्षिण एशियाका लगभग सबै क्षेत्रमा थोरधेर पाइन्छन् र उनीहरूको जीवनी र साधनाक्षेत्रका बारेमा पनि धेरै क्षेत्रका मानिसहरू मत्स्येन्द्रनाथ र गोरखनाथ त्यही जन्मेको र त्यही साधना गरेको दावा गर्छन्। केरल र कर्नाटकका नाथपन्थीहरू विश्वास गर्छन्। केरलमा कुनै जमाना महिलाहरूको राज्य थियो र मत्स्येन्द्रनाथ त्यहाँकी महिला शासक विमलाको प्रेममा दिवाना थिए। विमलाबाट दुई छोरा भएका थिए। गोरखनाथले त्यहाँ गएर मत्स्येन्द्रनाथलाई योगसाधना बिर्सेर सांसारिक विषयमा लिप्त भएको चेतना दिएपछि उनी हालको कदलीमठ, कर्नाटकमा आए र पछि गोरखनाथसँग नासिक गए भन्ने मिथकहरूको, लोकसाहित्यमा वर्णन पाइन्छ (भेरोनिक बाउलियर २०१६ पृ.८७-१२२)। बंगाली लोकसाहित्यमा

गोरखनाथ र गुरु मत्स्येन्द्रनाथलाई बंगाली योगीका रूपमा वर्णन गरिएको पाइन्छ। बंगाली लोकसाहित्य परम्परामा मत्स्येन्दनाथलाई मीननाथ भनिएको छ। गोखनाथले गुरुलाई वासनामा लामो समय लिप्त भएकाले शरीर क्षीण भएको हुनाले स्वस्थ तन्दुरुस्त हुन र योगवल प्राप्त गर्न चतुर्चन्द्र साधना गर्न सुझाव दिएका छन् (डेभिड एन् लोरेन्जेन् र एन्ड्रीयन मुनोज्, योगी हिरोज् एण्ड पोइट्स,पृ.१३१ र ३२)। असमको कामाख्या मन्दिरसित जोडिएका किम्बदन्तीमा मत्स्येन्द्रनाथ कामरूप क्षेत्रमा रहेको प्रसंग आउँछ। नेपाली नाथ साहित्यमा मत्स्येन्द्र कामरूप कामाख्या क्षेत्रमा रहेका बेला नेपालबाट तान्त्रिक बन्धुदत्त र राजा नरेन्द्रदेव त्यहाँ पुगी योगी मत्स्येन्द्रनाथलाई नेपालमा पानी नपरेर अनिकाल परी जनता समस्यामा परेकाले सोबाट उद्धार गर्नका लागि नेपाल जान अनुरोध गरेर उनलाई नेपाल ल्याएको प्रसंग पढ्न पाइन्छ (ज्ञवाली २०७६ पृ.६६)।

आर सी धरे (२०१०) ले आन्ध्र,कर्नाटक र महाराष्ट्रलाई नाथ सम्प्रदायको केन्द्र मानेका छन्। मलिसन (२०११) ले पनि डेकान क्षेत्रलाई नाथ गतिविधिको केन्द्र मानेका छन्। महाराष्ट्री ग्रन्थ लीलाचरित्र (१३औ शताब्दी) मा नाथ पन्थको सन्दर्भ आउँछ। संत रामदास (१७ औं शताब्दी) को "दासबोध"मा पनि नाथ सम्प्रदायको चर्चा पाइन्छ। संत ज्ञानेश्वरको ग्रन्थ "ज्ञानेश्वरी"मा पनि नाथपन्थ आउँछ।

विजय सार्दे २०१९ अनुसार डेविड गर्डन ह्वाइटले नाथहरूबारे गम्भीर अध्ययन गरी नवनाथबारे प्राप्त चारओटा सूची पेश गरेका छन्। उनका अनुसार सबैभन्दा पहिला नवनाथको सूची १४औं शताब्दीको तेलगू ग्रन्थ "नवनाथचरित्रम्" पाइन्छ। (१९९६, पृ.९२, ९३) १६ औ शताब्दीमा पञ्जाबमा रहेको नवनाथसूची यस्तो रहेको छ। १. शिव,२. उदेनाथ, ३.मत्स्येन्द्रनाथ, ४.जालन्धरिपा, ५.गोरखा, ६. अर्जजन नागा, ७. निमनाथ/पारसनाथ, ८.भर्तहरी, ९. कानिपा। सत्रौं शताब्दीको बङ्गालमा प्रचलित नवनाथसूचीका ८ नाम मात्र रहेका छन् : १. आदिनाथ, २.मीननाथ, ३ जालन्धरिपा, ४.गोरखनाथ, ५. मयनामती, ६. कान्हपा, ७.गोपीचन्द, ८. बाइल भादै। महाराष्ट्रको परम्पराअनुसार नवनाथसूची यस्तो छ : १.गोरक्ष, २.जालन्धर, ३. चर्पट,४.अदबङ्ग, ५.कानिफा, ६.मत्छिन्द्र, ७.चौरङ्गी,८.रेवन, ९.भर्तृहरि (धरे २०१० पृ.९५) बृग्स र बौलियरले दिएबमोजिम अहिले नवनाथसूची यस्तो छ : १.आदिनाथ,२.उदयनाथ, ३. सन्तोषनाथ, ४.गजबली गजकन्थरानाथ, ५. अचला अचम्भेनाथ,६.सत्यनाथ, ७. मत्स्येन्द्रनाथ, ८. गोरखनाथ र ९. चोरङ्गीनाथ (बृग्स २००७ पृ.१३६,१३७; बौलियर २०१७ पृ.१२) नेपाली नाथपरम्पराअनुसार नवनाथ सूची *नवनाथ कथा र भैरवनाथावतारकथा*मा दिइएको छ। १. आदिनाथ, २. उदयनाथ,

३. सत्यनाथ, ४. सन्तोषनाथ, ५.अचलनाथ, ६. गजकन्थडीनाथ, ७. चौरङ्गीनाथ, ८. मत्स्येन्द्रनाथ, ९. गोरक्षनाथ (मौक्तिकनाथ योगी, पृ.१) ।

गोपीनाथ कविराजका अनुसार नाथहरूको उच्च आदर्श योग साधना हो जुन साधना पतञ्जलिको योग, बौद्धहरूको साधना र वेदान्तीहरूको योग भन्दा अलि फरक रहेको छ।

नाथ परम्पराका आदर्श

हठयोग साधना
गुरुको सर्वोपरि स्थान,सिद्धगुरुलाई अवधूत भनिएको, मत्स्येन्द्रनाथ आदर्श गुरु
व्यष्टिपिण्ड र समस्टि पिण्डबीचको अन्तर्सम्बन्ध (मानव शरीर र ब्रम्हाण्डबीचको सम्बन्ध)
कायासाधनामार्फत जीवनमुक्ति या पिण्डसिद्धि
परसम्वित्को अवधारणा
समरस्यको अवधारणा

योग दर्शन परम्परामा नाथयोगीहरूको विशेष योगदान

कुण्डलिनीको अवधारणा (पतञ्जलि योगसूत्रमा कुण्डलिनीको वर्णन पाइँदैन)
योगमा षडङ्गको धारणा (पतञ्जली योगसूत्रमा अष्टाङ्ग योगको चर्चा)
षट्कर्ममा जोड (नेति, धौती, वस्ती नौली, त्राटक र कपालभाति)
कुण्डलिनी साधनामा एवम् प्राणायाममा मुद्राहरूको प्रयोग
महामुद्रा, बेध र बन्धको प्रयोगमा जोड
अजपा गायत्रीको अवधारणा, हंस मन्त्र त्यसलाई उल्टो पार्दा हुने सोहम् मन्त्र

वास्तवमा नाथ दर्शनलाई मत्स्येन्द्रनाथले शुरु गरे पनि यसलाई स्थाापित गरेको गोरखनाथले नै हो। त्यसैले नाथ भन्नेबित्तिकै गोरखनाथ भनेर बुझिन्छ। मत्स्येन्द्रनाथ र गोरखनाथको परम्परा नेपाली भूमिसित घनिष्ठ सम्बन्ध राख्दछ । यहाँको इतिहास,संस्कृति नाथहरूका मान्यतासित गाँसिएको छ, त्यसैले नेपालका सन्दर्भमा गोरखनाथ दर्शनको विशेष महत्त्व रहेको छ। गोरखनाथबारे आचार्य रजनिश यानि ओशोले पुस्तक *डाइ ओ योगी डाइ* २०१०, पृ. १६ र १७ मा राखेका विचार महत्त्वपूर्ण छन् । उनले भनेका छन् पतञ्जलि बिना योग सम्भव थिएन,बुद्धबिना ध्यान सम्भव थिएन,कृष्णबिना स्नेह र प्रेम सम्भव थिएन भने गोरखनाथबिना साधना, आध्यात्मिक

अभ्यास सम्भव थिएन। गोरख नै आन्तरिक सूक्ष्म दुनिया देखाउने पहिलो व्यक्ति हुन्। पछि विद्वान्हरूले आफूखुशी गोरखनाथका विचारलाई व्याख्या गरेका कारण कतिपय उनका विचार रहस्यमय बन्दै गए।

नाथयोगीका विचार र सिद्धान्त नेपालको इतिहास र संस्कृतिसित अभिन्नरूपमा गाँसिएका छन् । ती नबुझ्दासम्म राजा पृथ्वीनारायणले शुरु गरेको नेपालको एकीकरणको इतिहास बुझिदैन,सुदूर पश्चिम जुम्लाकेन्द्र रहेको मल्लराज्यको इतिहास, संस्कृति र त्यहाँको लोकसाहित्यको परम्परा बुझिदैन, काठमाडौका जात्राहरूको महत्त्व र ती जात्रासित गाँसिएका चक्रपूजाको अर्थ बुझिदैन, काष्ठमण्डप र मृगस्थलीसित गाँसिएको उपत्यकाको इतिहास र संस्कृति बुझिदैन । यस सन्दर्भमा नेपाली पाठकहरूले नाथहरूको योग दर्शनका बारेमा खासगरी मत्स्येन्द्रनाथ र गोरखनाथको योग दर्शनका बारेमा जान्नुपर्ने हुन्छ। यस विषयमा नेपालमा फाट्फुट्बाहेक खासै काम भएको छैन। भारतका नाथकेन्द्रहरूले खासगरी कदरीमठ (कर्नाटक) फतेहपुरमठ (राजस्थान) अस्थल बोहार (हरियाणा), गोरखनाथ मन्दिर (गोरखपुर) ले नाथ योग र दर्शनका बारेमा र नाथको समग्र साहित्यको बारेमा अनुसन्धान गरेका छन् र ती प्रकाशित पनि छन् । नेपालमा चौघेरामठ, दाङले नाथ साहित्य खासगरी रतननाथ योगीका बारेमा लेखिएका स-साना पुस्तिका छापेको छ। नेपालमा नाथयोगीहरूको योगदानका बारेमा लेखेको व्यक्तित्व योगी नरहरिनाथ हो। उहाँको पनि धेरैजसो समय नेपालको इतिहासको खोजीमा बित्यो, नाथ केन्द्रित गम्भीर लेखन दिन भ्याउनुभएन।

हामीबीचमा धेरै योग परम्पराका दर्शनहरू प्रचलनमा रहेका छन् तीमध्ये नाथ योग परम्परा अरूभन्दा कसरी भिन्न र विशिष्ट छ यो हाम्रो चासोको विषय हो । शरीरको महत्त्व तन्त्रशास्त्रले र नाथ योग दर्शनले बुझेको छ। योग दर्शनमा पनि पतञ्जलि योग दर्शनले चित्त र चेतनामा बढी जोड दिन्छ। नाथ योग दर्शन खासगरी गोरखनाथ दर्शनमा मानव शरीर र ब्रह्माण्डको भौतिक अवस्था दुवैलाई पिण्ड शब्दले बुझिन्छ, व्यष्टि पिण्ड र समस्टि पिण्ड नाथ दर्शनको आधार ग्रन्थ गोरखनाथलिखित *सिद्धसिद्धान्तपद्धति*लाई मानिन्छ । यस ग्रन्थको धेरै भाषामा अनुवाद भएको छ । नेपालीमा पछिल्लो अनुवाद २०७७ सालमा योगी सिंहनाथ (डा. कर्णबहादुर थापा) ले गर्नु भएको छ। यो ग्रन्थ भारतका धेरैजसो भाषामा अनूदित भइसकेको छ र कल्याणी मल्लिक र स्वामी द्वारिकादास शास्त्रीको संस्कृत हिन्दी अनुवाद बजारमा उपलब्ध छ । *सिद्धसिद्धान्तपद्धति*का केही झिल्काहरू सधुक्कडी भाषामा रहेका *गारेखवाणीमा* पनि पाइन्छ। गोरखनाथको दर्शन मुख्यरूपमा व्यष्टि पिण्ड र समष्टि पिण्डको अन्तर्सम्बन्धमा केन्द्रित रहेको छ।

गोरखनाथका अनुसार यो ब्रह्माण्ड बुझ्नका लागि हाम्रो शरीर बुझ्न जरुरी हुन्छ। गोरख दर्शनका दृष्टिले शरीर बुझेर मात्र ब्रह्माण्ड बुझिन्छ, यसलाई 'पिण्डसंविति' भनिन्छ। यसको अर्थ पिण्डको ज्ञान हो। सबैभन्दा पहिला यस ब्रह्माण्डको निर्माण प्रक्रिया र हाम्रो शरीरको निर्माण प्रक्रियामा सामञ्जस्य छ। त्यसैले हामीलाई यो प्रक्रिया थाहा हुन पर्‍यो। यसलाई गोरखनाथले 'पिण्डोत्पत्ति' भनेका छन्।

सिसिपका पिण्डोत्पत्ति खण्डमा गर्भाधानको पहिलो दिनदेखि शिशु नजन्मिदासम्मको भ्रूण विकासक्रमको विस्तारित वर्णन गरिएको छ। साथै सन्तानको लिङ्ग निर्धारण हुने कारण, सन्तान अपाङ्ग हुने कारणसमेत स्पष्टरूपमा दिइएको छ (सिसिप १:७०-७३)।

व्यष्टि पिण्ड र समस्टि पिण्डका बीचमा अन्तर्सम्बन्ध हुन्छ, यी दुई अस्तित्व अलग अलग देखिए पनि अन्ततः व्यष्टि पिण्ड समष्टि पिण्डमा समाहित हुन्छ, यसलाई सिद्धसिद्धान्तको भाषामा 'समरसता' भनिन्छ। आफ्नै शरीरमा साधनाका माध्यमले जड र चेतनको मिलन हुने, प्रणायाम अनन्त ध्यानमा परिणत हुन सक्ने अवस्था नै समरसता हो। यो नै देहसिद्धिको अवस्था हो। नाथयोगको एउटा मुख्य लक्ष्य देहसिद्धि, कायासिद्धि या पिण्डसिद्धि हो। पिण्डसिद्धि भएपछि अष्टसिद्धिको ढोका खुल्छ (सिसिप ६:१७-१९)। सिसिपको पाँचौ खण्डमा यही समरसताको विस्तृत वर्णन रहेको छ।

नाथ परम्परामा योगमार्गलाई 'स्वमार्ग' भनिएको छ र योभन्दा अर्को उत्तम मार्ग छैन भनिएको छ (५-२०,२१)। नाथ परम्पराको कुनै पनि साधनामा गुरुको धेरै ठूलो महत्व छ। गुरुको सहयोग विना योग साधना,प्रणायाम र कुण्डलिनी जागरण साधना गर्नु हुँदैन (सिसिप ५:६-९; ३१-३५,५६,५७;६:७३)। 'न गुरोरधिकं' योगमार्गमा गुरुभन्दा ठूलो अरू कोही छैन। गुरुको लक्षणका बारेमा भनिएको छ जो करुणामयी छ, परमपदका बारेमा जानकारी गराँउछ र जसले अष्टपाशलाई नाश गरिदिन्छ। अष्टपाश भनेका जन्म, बुढौली, व्याधि, मरण, काम, क्रोध, अभिमान र अविद्या हुन्। योगज्ञाननभएको वाग्जाल प्रपञ्ची व्यक्ति योग गुरु हुन सक्दैन। उत्तम गुरुका निर्देशनअनुसार साधना गर्‍यो भने साधक क्रमशः १२ वर्षको साधनापछि सिद्ध बन्दछ। त्यस अनुसार पहिलो वर्षको साधनामा साधकको शरीर निर्मल र निरोगी हुन्छ, दोस्रो वर्षको साधनामा अन्य भाषा बुझ्ने र बोल्न सक्ने, तेस्रो वर्षको साधनामा साधकलाई हिंस्रक पशु पन्छीले बाधा पुर्‍याउन सक्दैनन्। चौथो वर्षको साधनामा भोक प्यसमा नियन्त्रण र टाढा बोलेको सुन्न सक्ने; पाँचौ वर्षको साधनामा वाक्‌सिद्धि र अन्य काया

प्रवेश; छैठौँ वर्षको साधनामा साधकको शरीरमा शस्त्र प्रहार र वज्रपातले असर गर्दैन; सातौं वर्षको साधनामा पृथ्वी छाडेर आकाशमा उड्न सक्ने अवस्था, आठौ वर्षमा अणिमा आदि सिद्धि, नवौँ वर्षमा शरीर वज्रकाय, चारै दिशामा स्वेच्छा भ्रमण,दशौँ वर्षमा वायुमाथि आधिपत्य, एघारौँ वर्षमा सर्वज्ञ र समस्त ऋद्धिसिद्धिको मालिक एवम् बाह्रौँ वर्षमा महाबलशाली योगसिद्ध, तत्वज्ञ पुरुष भैरव समान सर्वत्र पूज्य हुन्छ। यो प्रक्रिया सिसिपको (५ः३६-४३) मा स्पष्टरूपमा दिइएको छ।

नाथहरूले अभिवादनका लागि 'आदेश' शब्दको प्रयोग गर्छन् । यसलाई गोरखनाथले आत्मा, परमात्मा र जीवात्मा बुझाउने एकल शब्द भनेर परिभाषित गरेका छन्।

आत्मेति परमात्मेति जीवात्मेति विचारणे।
त्रयाणामैक्यसम्भूतिः आदेश इति कीर्तितः ॥ (सिसिप ६ः९६)

गोरखदर्शनमा साधनाको प्रमुख भूमिका रहेको छ। षट्कर्मबाट साधना शुरु हुन्छ जसमा नेति,धौति,वस्ती, नोली, त्राटक र कपालभातिद्वारा शरीरभित्रका विभिन्न अङ्गलाई शुद्ध पारिन्छ, प्रत्येकलाई सबल पारिन्छ। त्यसपछि आसनको पालो आउँछ। ८४लाख जीवजन्तुको चक्रलाई प्रतिनिधित्व गर्ने गरी त्यति नै आसनको अस्तित्व स्वीकारिन्छ तर ८४ लाखमध्ये प्रत्येक लाखलाई एक आसनले प्रतिनिधित्व गरी ८४ आसन प्रमुख मानिन्छ। नाथ परम्पराका ८४ सिद्धहरूले एक एक आसनको सिद्धान्तलाई प्रतिनिधित्व गरेको मानिन्छ। *गोरक्षशतक,गोरक्षसिद्धान्त र हठयोग प्रदीपिका*मा यी आसनहरूमध्ये साधकका लागि सिद्धासन र पद्मासन या कमलासनलाई उत्तम मानिएको छ। यिनै आसनमा बसेर साधनाका लागि सुझाइएको छ। नाथ साधनामा प्रणायामको ठूलो महत्व छ। प्रणायामबाट नै नाडी शोधन, कुण्डलिनी जागरण, षट्चक्रभेदन, लय साधना, उन्मनी साधना,प्रणव साधना र नाद अनुसन्धान संभव मानिन्छ। प्रणायाम पवन साधना नै हो।

पतञ्जलिले योगका आठ अङ्ग या आठ भाग मानेका छन् भने नाथहरूले यम र नियमलाई योग अङ्गभन्दा पनि जीवन अङ्गका रूपमा लिएका छन् र योगलाई षट् अङ्गमा बाँडेका छन् ,ती हुन् ः आसन, प्रणायाम, प्रत्याहार, धारणा, ध्यान र समाधि। यीमध्ये आसन र प्रणायामलाई बहिरङ्ग साधना र प्रत्याहार, धारणा र ध्यानलाई अन्तरङ्ग साधना मानिन्छ। पछिल्ला तीन अवस्था पनि प्रणायामसित सम्बन्धित अवस्था नै हुन्। पवनसाधना या प्राण साधनामार्फत प्रत्याहारमा बाहिर दौडिने मनलाई शान्त बनाउने र आफूभित्र फर्काउने र त्यस मनलाई स्थिर राख्ने प्रयास हुन्छ। मनलाई

बाहिरबाट भित्र फर्काउने अभ्यास प्रत्याहार हो भने विभिन्न वस्तुमा क्षण क्षणमा दौडिने चञ्चल मनलाई एक वस्तुमा अड्याउने साधना धारणा हो । एक वस्तुमा मन टिकाउने अभ्यास अलिकति स्थिर बनाउने अवस्था ध्यान हो यसरी धारणा र ध्यान एउटै साधनाका भिन्न भिन्न अवस्था हुन् । नाद श्रवणको साधना यसका लागि सहायक मानिन्छ । जब मन र प्राण एकसाथ र एकनास तरिकाले अडिन थाल्छ, जसरी साधकले चाहन्छ जतिबेला चाहन्छ र जति समय चाहन्छ बिना रुकावट मन र प्राण केन्द्रित हुने अवस्था प्रत्याहार,धारणा र ध्यानको उत्तम या अन्तिम अवस्था जसलाई समाधि भनिन्छ । यो योग साधना लक्ष्य हो ।

मत्स्येन्द्रनाथको कौलज्ञान निर्णयमा दिएको नाथ सम्प्रदायको गुरु शिष्य परम्परा निम्नानुसार रहेको छ । मत्स्येन्द्रनाथका शिष्य गोरखनाथ र चर्पटीनाथ हुन् भने जालन्धरनाथका शिष्य कानिपा र गोपीचन्द हुन् । गोरखनाथका शिष्य : गहिनीनाथ, नागनाथ, भर्तृहरि, मलिकनाथ, विलेशयनाथ हुन् कौलज्ञानअनुसार नाथ परम्परामा शिवका १२ शाखा र गोखनाथका १२ शाखा थिए । पछि गएर दुवैतिरका ६, ६ शाखा जोडेर नाथपन्थका १२ शाखा बनेका हुन् (कौलज्ञान भाग १ पृ.७६ र ७७) ।

समापन

नेपाल निर्माणको प्रक्रियामा नाथयोगीहरूको ठूलो योगदान रहेको छ । खासगरी योगी भगवन्तनाथ पृथ्वीनारायण शाहका गुरु एवम् विशेष सल्लाहकार थिए । पृथ्वी नारायणको प्रत्येक अभियानमा उनको सल्लाह सुझाव र आशीर्वाद रहन्थ्यो । त्यसैले पृथ्वीनाराण शाहले टक्सारबाट मोहर छाप्दा श्री श्री गोरखनाथ र श्री श्री भवानीको नाम राखियो र यो परम्परा गणतन्त्र नआउँदासम्म यथावत् रह्यो । नेपालमा रहेका सबै भैरव मन्दिरहरूमा नाथयोगीहरूले पूजा गर्छन् भने काठमाडौका नेवारहरूले पूजा गर्ने भैरव मन्दिर जस्तै कीर्तिपुर बाघभैरवनाथ योगीहरूले चक्र पूजा गरेपछिमात्र भैरव पूजा सम्पन्न भएको मानिन्छ । त्यसैगरी काठमाडौका जात्राहरूमा पनि नाथयोगीहरूले चक्रपूजा गरेपछिमात्र जात्रा सम्पन्न हुन्छ ।

सन्दर्भग्रन्थसूची

ओशो . २०१०. डाइ ओ योगी डाइ.

ब्रिग्स,जर्ज वेस्टन. *गोरखनाथ एण्ड द कनफटा योगिज्.* मोतीलाल बनारसीदास पब्लिसर्स, १९३८, ८औँ पुनःमुद्रण २०१६ ।

बुलिअर्,भेरोनिक्. मोनास्टिक वान्डेरर्स : नाथयोगी असेटिक्स इन् मडर्न साउथ

एशिया.दिल्लीः मनोहर पब्लिशर्स एण्ड डिस्ट्रीब्युटर्स, २०१६ ।
गोरखनाथ. *गोरखवाणी.* सम्पादित. बडथ्याल, पीताम्बर. प्रयागः हिन्दी साहित्य सम्मेलन, २००३ ।
मल्लिक, कल्याणी. *नाथ सम्प्रदायके इतिहास, दर्शन औ साधना प्रणाली.* कलकत्ता विश्वविद्यालय, १९५० ।
मत्स्येन्द्रनाथ . २००९. कौलज्ञान निर्णय भाग १ र २. वाराणसीः चौखम्बा कृष्णदास अकादमी ।
द्विवेदी, हजारीप्रसाद. *नाथ सम्प्रदाय.* इलाहावादः हिन्दुस्तानी एकेडमी, १९५० ।
योगिराज मत्स्येन्द्रनाथ, *कौलज्ञान निर्णय, भाग १,*२. वाराणसीः चौखम्बा कृष्णदास अकादमी, २००९ ।
सार्दे, विजय. २०१९. अर्किअलजिकल इन्भेस्टिगेसन्स अफ् द नाथ सम्प्रदाय इन् महाराष्ट्र, पीएच् डी शोधप्रबन्ध ।
स्वात्माराम .*हठयोगप्रदीपिका* .मुङ्गेर, बिहारः बिहार स्कूल अफ् योग, पुनर्मुद्रण १९९८।
ज्ञवाली, अर्जुन. *महायोगी गुरु गोरखनाथ : अवतरण र नेपाल एकीकरण* .काठमाडौंः ब्रदर बुक्स, वि.स.२०७६ ।
ज्ञवाली, अर्जुन. *महायोगी गुरु गोरखनाथ र नेपाल.* काठमाडौंः इन्डिगो इन्क प्रा.लि. वि.स.२०७७ ।
ज्ञवाली, अर्जुन. *गोरखनाथ दर्शन.* काठमाडौंः ब्रदर बुक्स,वि.सं. २०७८
गोरखनाथ. *सिद्धसिद्धान्त पद्धति.* नेपाली अनुवाद. सिंहनाथ योगी (डा. कर्णबहादुर थापा). काठमाडौंः इन्डिगो इन्क प्रा.लि. वि.सं.२०७७ ।
सिद्ध रत्ननाथ. अनुवादक सम्पादक योगी नरहरिनाथ, पीर चन्द्रनाथ. दाङ सिद्धरत्ननाथ मठ चौघेरा, वि.सं.२०१३ ।
मौक्तिकनाथ योगी. *नवनाथ कथा तथा भैरवनाथावतारकथा.* सम्पादक. योगी नरहरिनाथ. काशी, गोरक्षटिल्ला, वि.सं.२०२२ ।
B 24-44 (Gorakṣayogaśāstra) - ngmcp (uni-hamburg.de)
The Gorakayogasastra An Early Text of H.pdf
The Gorakṣayogaśāstra: An Early Text of Haṭhayoga Nils Jacob Liersch Email: nilsliersch@web.de 08.06.2018

त्रिभुवन विश्वविद्यालय, कीर्तिपुर, काठमाडौं

हाम्रो पुरुषार्थ : अजर-अमर छ

डा. तुलसी भट्टराई

"नेपाल सबैको हो । भाषा बोल्नेहरूको हो । हिमाल पहाड तराईलाई जोड्छ नेपाली भाषाले । मेची-महाकाली जोड्छ नेपाली भाषाले । अझ पर दार्जिलिङ, आसाम, सिक्किम, मणिपुर र देहरादूनसम्म भाषा, साहित्य र संस्कृतिमा जोडिन्छौं हामी । बर्मा र समुद्र पारिसम्म जोडिन्छौं हामी भाषा र संस्कृतिले ।"

हाम्रो पुरुषार्थको भारतीय नेपाली साहित्य र साहित्यकार विशेषाङ्कको सम्पादकीयमा व्यक्त भएको हो यो । यसबाट सम्पूर्ण नेपाली भाषी एक हौं भन्ने सन्देश प्रवाहित भएको छ । हाम्रो पुरुषार्थ नेपाली साहित्यिक पत्रकारिता क्षेत्रको एउटा स्तरीय र मानक पत्रिका हो । विगत ५२ वर्षदेखि निरन्तर प्रकाशित हुँदै आइरहेको हाम्रो पुरुषार्थ १०५ अङ्कमध्ये २०/२१ वटा अङ्क विशेषाङ्कका रूपमा प्रकाशित छन् । यी सबै अङ्क सङ्ग्रहणीय छन् भने अझ विशेषाङ्कहरू त प्रत्येक साहित्यिक पाठकहरूले छुटाउनै नमिल्ने छन् ।

यसपटकको १०५औं अङ्क केही फरक विषय लिएर आएको छ । अर्थात् यो अङ्क भारतीय नेपाली साहित्य र साहित्यकार विशेषाङ्कको रूपमा प्रस्तुत भएको छ । यसअघिका अङ्कहरूमा पनि भारतीय साहित्यकारहरूका रचना प्रकाशित हुने गरेका थिए तर यो चारसय बीस पृष्ठको बृहत् अङ्क पूर्णरूपमा भारतभूमिमा रहेका साहित्यकार र भारतीय साहित्यलाई छोएका-जोडिएका रचनाहरूमा मात्र केन्द्रित छ ।

करिब छ दर्जन स्रष्टाका रचनाहरू समेटिएको यस अङ्कभित्र नेपालभित्रका स्रष्टाहरू पौने दर्जनजति मात्रै छन् । यो अङ्क पूर्णरूपमा भारतीय नेपाली वाङ्मय विशेषाङ्क बनेको छ । भारतभूमिमा रहने सम्पूर्ण भाषा साहित्यप्रेमीहरूले 'हाम्रो पुरुषार्थ'को यो १०५ अङ्क खोजीखोजी संग्रह गर्नुपर्ने र नेपालभित्रका साहित्य भाषा चिन्तकहरूमा कति ठूलो सद्भाव रहेछ भनेर राम्ररी मनन गर्नु आवश्यक छ ।

डा.खगेन शर्मा, डा.लोकनाथ उपाध्याय, छविलाल उपाध्याय, डा.इन्दुप्रभादेवी, सुवास दीपक, मुक्ति उपाध्याय बराल, लीलबहादुर छेत्री, वन्ति सेन्चोवा, निलीमा आचार्यजस्ता प्रतिष्ठित स्रष्टासँगका अन्तर्वार्ताबाट मानव जीवनको उत्थानमा भाषा साहित्यको के कति महत्त्व हुन्छ भन्ने कुरा राम्ररी थाहा पाइन्छ।

लीलबहादुर क्षत्रीको कृतित्व व्यक्तित्वबारे रचिएको डाक्टर गोविन्दराज भट्टराईको लेखको छुट्टै महत्त्व छ। यस लेखबाट भारतीय स्रष्टाहरूमध्येका लोकप्रिय आख्यानकार लीलबहादुर छेत्रीको मूल्याङ्कनपरक जानकारी मिल्छ। श्री छेत्रीको केही महिनाअघि मात्र देहावसान भएको हो।

भारतीय भूभागमा भएको नेपाली भाषिक आन्दोलनको इतिवृत्त डा. सृर्जना शर्माको लेखमा पाइन्छ। डा. लक्ष्मीकान्त पन्थीले नेपालबाहिर नेपाली भाषा र साहित्यको गतिविधि शीर्षकमा समग्र इतिहास समेटेका छन्। भारतेली नेपाली नाटकको पौराणिक सन्दर्भ बुझ्न मुक्ति उपाध्याय बरालको लेख नपढी धरै छैन।

त्यसो त यस सङ्ग्रहभित्रका स्रष्टाहरू सबैको नाम उल्लेखनीय छ। मणिपुरका बारेमा बुझ्न भवानी अधिकारीलाई खोज्नै पर्छ। पूर्वोत्तर भारतमा नेपाली समालोचनाको स्थिति ज्ञान गर्न ज्ञानबहादुर छेत्रीलाई पढ्नुपर्छ। डा.गोकुल सिन्हा, डा. वीणा हाङ्खिम, डा.व्यञ्जना शर्मा, अनिता पन्थी, नैना अधिकारी, गंगा अभिलाषी जस्ता सशक्त नारी हस्ताक्षरबाट यो संग्रह सुसज्जित छ।

शरद प्रधानले पारसमणि प्रधानबारे धेरै कुरा जानकारी दिएका छन्। बनारसको नेपाली साहित्यमा योगदान विषयमा दुर्गाप्रसाद श्रेष्ठ, भारतीय भाषा साहित्यबारे दिल साहनी जस्ता व्यक्तित्वका रचना पढ्नु अनिवार्य छ। यस ग्रन्थभित्रका अन्य रचना र स्रष्टाहरू पनि प्रायः सबै उल्लेखनीय छन्। मनप्रसाद सुब्बाको ‘अजिङ्गर’ आङ जिरिङ्ग पार्दै भए पनि पढ्नुपर्छ।

आधा दर्जन कविता र मुक्तकले पनि यस अङ्कमा स्थान पाएका छन्। नयाँ प्रतिभा र पुराना सर्जक सबै निष्पक्षरूपमा यसभित्र समेटिएका छन्। रचनाहरूबारे धेरै व्याख्या विश्लेषण गरियो भने पाठकले यो विशेषाङ्क खोजेर-किनेर नपढिदेलान् भन्ने पनि हेक्का राख्नुपर्छ। टिप्पणीकर्ताले धेरै कुरा लेख्नुभन्दा पनि विज्ञ पाठकहरूका राय सुझावबाट कृतिको गरिमा बढ्छ।

हाम्रो पुरुषार्थको यस १०५औँ अङ्कले दुईवटा महत्त्वपूर्ण विषयलाई प्रष्ट गरेको छ। एउटा हो- नेपालभित्र भारतीय नेपाली भाषा साहित्यलाई कसरी हेरिन्छ, अध्ययन गरिन्छ भन्ने कुरा प्रष्ट हुन्छ। अर्को कुरा हो- भारतीय स्रष्टा-भाषा साहित्यसेवीले पनि नेपालका स्रष्टा र पत्रपत्रिकाबाट आफूबारे कस्तो दृष्टिकोण आउँदोरहेछ भनेर जान्न पाउँछन् । त्यसो त नेपालका धेरै पत्रपत्रिकाले भारतीय स्रष्टा एवं भाषासाहित्यका बारेमा प्रकाशन गर्दै आएको कुरा नयाँ होइन । नेपालीहरूमाथि आइपर्ने अप्ठारा स्थितिहरूलाई नेपाली स्रष्टाहरूले जहिले पनि समाधानबाट पहिल्याउन योगदान दिँदै आएका छन् । नेपाल र भारत राजनीतिक र भौतिक सीमाका आधारमा फरक-फरक राष्ट्र हुन् । तर नेपाली भाषा, साहित्य र संस्कृतिका दृष्टिबाट फरक छैनन् ।

यो प्रसङ्ग उठाउनुको आशय हो- नेपालभित्र र बाहिर भारत र अन्य क्षेत्रमा समेत भाषिक-साहित्यिक र सांस्कृतिक समता,एकत्व एवं मानकता एउटै उस्तै उस्तै हुनुपर्छ। नेपालभित्रको नेपाली भाषा र भारतीय नेपालीले प्रयोग गर्ने नेपाली भाषामा त्यति धेरै पार्थक्य हुनुहुँदैन भन्ने मान्यताको परिणामस्वरूप यो 'हाम्रो पुरुषार्थ' सजग छ। यस भारतीय भाषासाहित्य विशेषाङ्कले यही कुरा प्रष्ट पार्छ। भारतीय नेपाली भाषा साहित्यको विकास र उत्थान भनेको नेपाली-समग्र भाषा साहित्यको नै उत्थान हो।

नेपालको पश्चिमी क्षेत्र गुल्मी तम्घासबाट प्रकाशित हुने 'हाम्रो पुरुषार्थ' पत्रिकाले भारतीय नेपाली साहित्य र साहित्यकार विशेषाङ्क निकालेर जुन महनीय कार्य गरेको छ, त्यसको प्रशंसा जति गरे पनि कम्ती नै हुनेछ।

त्यति मात्र होइन यस विशेषाङ्कले नेपाली साहित्य सम्मेलनको शतवार्षिकीको अवसरमा दार्जिलिङमा सम्पन्न बृहत् समारोहमा समेत विमोचित हुने अवसर पाएको छ । 'हाम्रो पुरुषार्थ'ले यसरी अन्तर्राष्ट्रिय स्तरमा समेत नाम परिचित गराएको छ, अजम्बरी कर्म गरेको छ। किरण पुस्तकालय-हाम्रो पुरुषार्थ एवं सम्पादक/सञ्चालक प्रा. शशि पन्थी लगायत समस्त सम्बद्ध व्यक्तिहरूप्रति हार्दिकता प्रकट गर्दछु। साथै यस प्रकारका भाषिक/साहित्यिक सेवा आगामी दिनमा अझ बढ्दै जाओस् भन्ने कामना गर्दछु।

काठमाडौं

राष्ट्रनिर्माताप्रति दुई शब्द

पृथ्वी ! तिमीबाट लिएर अर्ती

मुकुन्दहरि शर्मा

कोही यहाँ छन् व्यवधानकारी
फटाउने दुश्मन धुन्धकारी
पृथ्वी ! तिमीबाट लिएर अर्ती
जोगाइराखुँ म सुरम्य धर्ती-

हामी मिले तीजदशैं तिहार
हामी मिले तीजदशैं तिहार
हामी मिले चाड र वर्त-मेला
हामी मिले बैठक भोज भेला

हामी मिले फाँट हजार हाम्रा
हामी मिले हाटबजार राम्रा
हामी मिले जात अशेष यौटै
हामी मिले यो परिवेष यौटै

हामी मिले उन्नत भेष भाषा
हामी मिले नित्य जयाभिलाषा
हामी मिले शोभित कीर्तिगाथा
हामी मिले रक्षित भूमि माता

हमी मिल यो परिवार यौटै
हामी मिले यो सुखसार यौटै
हामी मिले यो अधिकार यौटै
हामी मिले राष्ट्रियधार यौटै

हामी मिले मात्र हिमाल हाम्रो
हामी मिले मात्र पहाड राम्रो
हामी मिले मात्र महान् मधेश
हामी मिले मात्र रहन्छ देश

कैलासकुञ्ज, बूढानीलकण्ठ, काठमाडौं ।

बुटवल, भैरहवा, परासी र कपिलवस्तुका 'हाम्रो पुरुषार्थ'का
आजीवन ग्राहक, लेखक र कविहरूले

हिमालय बुक्स हाउस

मणिपथ, मिलनचोक, बुटवल (फोन नं. ०७१-५४१००९) मा
सम्पर्क गरी आफ्नो प्रति पत्रिका लैजानुहुन अनुरोध छ ।

हाम्रो पुरुषार्थ (त्रैमासिक)

हाम्रो पुरुषार्थको उत्सव काठमाडौंमा

प्रा.डा. गोविन्दराज भट्टराई

२०८२ जेठ २४ गतेका दिन **हाम्रो पुरुषार्थ** नामक साहित्यिक त्रैमासिक पत्रिकाको लोकार्पण कर्म सम्पन्न भयो । गुल्मी जिल्लाको सदरमुकामस्थित किरण पुस्तकालयबाट २०३० सालमा आरंभ भएको यस प्रकाशनको बाउन्नौं वर्षको उपहार पूर्णाङ्क १०५ लोकार्पित भयो । म ती दिनमा (२०३०-२०३२) मा बी एड गर्न भनी झापाबाट काठमाडौं आएको थिएँ । विष्णुमती किनारको भीमसेनस्थान भन्ने ठाउँमा डेरा गर्थें । मलाई साहित्यमा गहिरो रुचि थियो । २०३१ मा **मुगलान** (प्रथम उपन्यास) लेखेर छपाएँ । ती दिनको छाप्ने ठाउँ झोंछेको **सम्झना प्रेस** थियो । त्यो सहकारी छापाखानाका प्रेस मालिक अमृतमान श्रेष्ठ पनि एक साहित्यप्रेमी व्यक्ति थिए । म उनका छोराछोरी पढाउन घरै जान्थें । घर नै प्रेस थियो । हातले अक्षर टिपेर फर्मा बनाएर छाप्ने लेटर प्रेस नै हाम्रा लागि आश्चर्य थियो । त्यहीँ नै मैले गुल्मीका साहित्यसेवी श्री शशि पन्थीलाई भेटें, उबेलाको पत्रिका (**हाम्रो पुरुषार्थ**) का प्रति मलाई दिनुहुन्थ्यो । पढ्थें । अलिक पछि भाइ दीन पन्थीलाई पनि भेटें ।

आज ५० वर्ष नाघे, हामी भेटिँदै छौं । उहाँहरूको पत्रिका निरन्तर छ । त्यति टाढा हाम्रा लागि एक दुर्गम ठाउँ– गुल्मीको सदरमुकाम तम्घास । म नै पहिलोपल्ट नेल्टा र क्याम्पसका काम लिएर २०६० तिर तम्घास गएँ । बाटो भर्खर बनिँदै थियो । रिडीदेखि उता कठिन थियो ।

म जम्मा तीनपल्ट तम्घास पुगें– एकपल्ट अंग्रेजी भाषाको संस्था नेल्टाको अध्यक्ष भएर, अर्कोपल्ट बी.पी. कोइरालाको प्रथम जन्म शताब्दी पूरा भएको वर्ष बी.पी. शताब्दीको संयोजक अध्यक्ष भएर, तेस्रोपल्ट डीन कार्यालयतर्फबाट शैक्षिक संस्था निरीक्षक भएर ।

सधैं शशि पन्थी, दीन पन्थीहरूसँग भेट हुन्थ्यो । यदाकदा **हाम्रो पुरुषार्थ** पढ्न पाउँदा खुशी लाग्थ्यो । दुई ठूला विशेषाङ्क– भानु द्विशतवार्षिकी एवम् बी.पी. कोइराला

शतवार्षिक अङ्कहरू देशभरिमै सर्वाधिक ठूलो अमूल्य सामग्री समेटेर छापिए । त्यो दूर भूमिमा कसरी रचना जुट्ता हुन्, कसरी खर्चहरू जुटे होलान् । ५२ वर्षदेखिको यो अटुट तपस्या प्रशंसनीय छ ।

दुई वर्षअघि शशि/दीन पन्थीहरूले एउटा भारतीय नेपाली साहित्यको विशेषाङ्क प्रकाशित गर्ने योजना सुनाउनुभयो । उतातिरको साहित्यसित मलाई अलिक परिचित ठानेर आफ्ना इच्छा सुनाउनुभयो । मैले पनि वचन दिएँ र आफ्ना स्रोत परिचयका व्यक्तिहरूसित सम्पर्क गर्न थालेँ । भर्खरै प्रा. माधवप्रसाद पोखरेलको बृहत् परियोजना **नेपाल बाहिरको नेपाली साहित्य**को (भाग- २) पनि संकलन सम्पादन गरेको थिएँ । यद्यपि त्यसमा भारतीय खण्डका सम्पादक अरू नै हुनुहुन्छ तर समग्रमा १४०० पृष्ठको एउटै ग्रन्थ प्रकाशित छ । त्यसमा भारतीय नेपाली साहित्यको इतिहास, स्थापना, संघर्ष, पहिचान, प्राप्ति र वर्तमान कालका उपलब्धिहरू अभिलिखित छन् । यी सबै सन्दर्भमाथि अर्को ठूलो सन्दर्भ जोडियो सन् २०२४ लाई दार्जिलिङको **नेपाली साहित्य सम्मेलनको शतवार्षिक** उत्सव वर्षको घोषणा गरेको । सोहीअनुसार सम्मेलनको मुखमा ***दियाला***को शताब्दी अङ्कमा हामी छ जना (रोचक घिमिरे, डा. तुलसी भट्टराई, कुमार कोइराला, गोविन्दराज भट्टराई, शरद प्रधान, चूडामणि गौतम) का लेख रचना छापिने भए ।

यस अवसरमा किरण पुस्तकालयको **भारतीय नेपाली साहित्य र साहित्यकार विषेशाङ्क** प्रकाशनमा ल्याउन उहाँहरू क्रियाशील हुनुभयो । सकेसम्म रचना मैले जुटाएँ, उहाँले र शरद प्रधान भाइले सकेको गरेर ४१० पृष्ठ सामग्री जुटाएछौं । यो सानो कुरा थिएन । दुई तीन महीना काठमाडौं बसेर सहारा प्रिन्टर्स डिल्लीबजारका सुमन कार्कीको सहयोगमा शशि पन्थीले यो कर्म पूरा गर्नुभयो ।

यही बेला साहित्य एकेडेमी दिल्लीबाट अनुवाद पुरस्कारले सम्मानित साहित्यकार श्री ज्ञानबहादुर छेत्री आउनुभएको अवसर पारी काठमाडौंमा यस ऐतिहासिक प्रकाशनको लोकार्पणको प्रबन्ध गर्‍यौं । जेठ २४ गते शनिवार ग्रीन लीफ फूड भन्ने ठाउँ (पुतलीसडक) मा आयोजित सो कार्यक्रमलाई गंगा भेटवालले खिची यू ट्यूबमा अपलोड गर्नुभएको छ । सधैंभरि त्यहाँ त्यो हेर्न सकिन्छ ।

त्यसको दुई हप्ताअघि जेठ १०, २०८२ का दिन आयोजित **नेपाली साहित्य सम्मेलन** दार्जिलिङमा पनि यसलाई प्रस्तुत गर्‍यौं । भारतभरिका ५०० स्रष्टा साहित्यकारको भेलामा हाम्रो तर्फबाट शरद प्रधान भाइले **हाम्रो पुरुषार्थ**को संक्षिप्त परिचय राख्नुभएको थियो अनि यसको आकार प्रकार देखाउनुभयो । अघि त यसलाई

दार्जिलिङ सम्मेलनमै लोकार्पित गर्ने योजना थियो तर अन्त्यमा अलिक प्रबन्ध मिलेन। तथापि लीलबहादुर छेत्री, इन्द्रबहादुर राईका तस्वीरसँग गोर्खा, दियालो, गोर्खा संसार, भारती जस्ता अनेक ऐतिहासिक साहित्यिक प्रकाशनका कभरपृष्ठ बोकेर आएको **हाम्रो पुरुषार्थ**ले भारतीय अग्रणी स्रष्टा र त्यहाँका प्रथम कर्मप्रति सांकेतिक रूपले ठूलो सम्मान जनाइरहने छ। कति कुरामा भारत अगुवा थियो। निरंकुश तन्त्र भएकाले नेपाल हिजोसम्म पिंजरामा थियो।

त्यसैले हामी उताबाट फर्केर आएपछि यो (लोकार्पणको) भव्य कार्यक्रम सम्पन्न गर्‍यौं। प्रमुख अतिथि श्री ज्ञानबहादुर छेत्री। साथ दिनेहरूमा– अध्यक्ष शशि पन्थी, अतिथिहरू डा. ज्ञानू पाण्डे, डा. तुलसीप्रसाद भट्टराई, गोविन्दराज भट्टराईसमेतले अगुवाई गर्‍यौं। यस कार्यक्रमको महत्त्वपूर्ण पक्ष के थियो भने ऐतिहासिक ***शारदा***का वर्तमान सम्पादक विमल भौकाजी, **आरब्ध**का सम्पादक श्री जयदेव भट्टराई, **दायित्व** सम्पादक श्री रामप्रसाद पन्त, **नव प्रज्ञापनका** श्री नवराज रिजाल, **शब्दाङ्कुर**का सम्पादक धीरकुमार श्रेष्ठ, साहित्यिक पत्रकारितका अग्रणी श्री राधेश्याम लेकाली प्रत्येकले आआफ्ना धारणा राख्नुभयो। उहाँहरूले वर्तमान नेपालको साहित्यिक पत्रकारिताको स्वर्ण दिनको प्रतिनिधित्व गर्नुहुन्छ। त्यस अवसरमा ***रचना***का सम्पादक रोचक घिमिरे र ***अभिव्यक्ति***का सम्पादक श्री नगेन्द्र शर्मालाई आउने समय मिलेन।

यस अङ्कमा भारतीय नेपाली साहित्यबारे नेपालका स्रष्टाले तयार पारेका केही लेख छन् अरु देहरादून, बनारस, आसाम, शिलाङ, मणिपुर, दार्जिलिङ, सिक्किम र बर्माका धेरै अमूल्य लेख, रचना, विचार र विशेषगरी अन्तर्वार्ता समावेश छन्। जम्मा ६३ जना साहित्यकारको संगम **हाम्रो पुरुषार्थ** एक अति पठनीय सङ्ग्रहणीय र प्रशंसनीय कर्म सम्पन्न भएको छ।

यसरी टाढाको भित्री गाउँमा बस्नुभएका साहित्यकार बन्धु श्री शशि पन्थीको निरन्तर अथक प्रयासको फलस्वरूप आज यो ग्रन्थ प्रकाशित छ। एक ऐतिहासिक अवसरमा प्रकाशित भएकाले र **त्रिफला राष्ट्रिय पुस्तकालय** धुलाबारी उचित सम्पर्क सूत्र रहेकाले यो ग्रन्थ सम्बन्धित स्रष्टा समक्ष पुर्‍याउन हामी सफल भएका छौं। पुनः किरण पुस्तकालय परिवारलाई हार्दिक बधाइ प्रकट गर्दछु।

१ अषाढ, २०८२
कीर्तिपुर

साहित्यसम्राट् र "बौलाहा" काव्य-सङ्ग्रह : एक चर्चा

प्रा.डा. यमबहादुर क्षेत्री

१. साहित्यसम्राट् देशभक्त सिंह कुँवरको सामान्य परिचय

कास्की जिल्ला पोखरा महानगरपालिका वडा नं. १४ मझेरीपाटन निवासी बुबा क्षेत्रबहादुर कुँवर र मुमा रामदेवी कुँवरका ज्येष्ठ सुपुत्र हुन् देशभक्त सिंह कुँवर । उनले प्रतिवर्ष असार १ गते आफ्नो कुनै न कुनै सिर्जनात्मक कृतिसहित जन्मोत्सव मनाइरहन्छन् । पोखराको परिवेशमा उनको परिवार एक सम्पन्न परिवारभित्र पर्दछ । सम्पन्न परिवारको हैसियतले नै उनको साहित्यिक क्रियाकलापलाई मनग्य सहयोग पुऱ्याएको छ । यसर्थ, उनले कला साहित्यको क्षेत्रमा विभिन्न विधाअन्तर्गत यथेष्ट मात्रामा रचनात्मक कृतिहरू प्रकाशित गर्दै आएका छन् ।

कवि र साहित्यकारका हैसियतले देशभक्त सिंह कुँवरले जनस्तरबाट विभिन्न समयमा विभिन्न उपाधिहरू प्राप्त गर्दै आएका छन् । वि.सं. २०७५ सालमा उनी "अलौकिक कवि" उपाधिबाट विभूषित भएका थिए र सोही वर्ष गिनिज बुकमा नाम दर्ता गराउन सफल भएका थिए । तत्पश्चात् "अलौकिक कवि देशभक्त सिंह कुँवर प्रतिष्ठान नेपाल" गठन गरिएको थियो । वि.सं. २०७९ सालमा जनस्तरमा स्थापित अनेकौँ सङ्घसंस्थाहरूद्वारा एउटै साहित्यिक समारोहको आयोजना गरी विभिन्न पुरस्कार सहित विभिन्न उपाधिहरू प्रदान गरिएका थिए । यिनै उपाधिहरूमध्ये 'साहित्यसम्राट्' उपाधिलाई अति विशिष्ट प्रकारको उपाधि ठहर गरी "साहित्यसम्राट् देशभक्त सिंह कुँवर वाङ्मय प्रतिष्ठान" समेत गठन गरिएको थियो । अन्य साहित्यिक सङ्घसंस्थाहरूसँगसँगै यी दुबै प्रतिष्ठानहरू क्रियाशील रहँदै आएका छन् ।

२. शाब्दिक अर्थमा "अलौकिक कवि" र "साहित्यसम्राट्"

देशभक्त सिंह कुँवरले प्राप्त गरेका 'अलौकिक कवि' र 'साहित्यसम्राट्' दुबै उपाधिहरूको शाब्दिक अर्थ बुझ्न खोज्नु उपयुक्त हुनेछ भन्ने लाग्दछ । यी दुबैको शाब्दिक अर्थबाट पनि उनका साहित्यिक विशेषताहरू राम्रोसँग बुझ्न सकिन्छ ।

क) अलौकिक कवि

प्रथमतः अलौकिक कविको अर्थगत भाव र यथार्थ बुझ्ने कोशिस गरौं। 'लौकिक' शब्दको शाब्दिक अर्थ अद्‌भुत वा अचम्म हो। तसर्थ, कोही कसैका क्रियाकलापहरू लौकिक र अलौकिक दुबै हुन सक्दछन्। त्यस्तै कोही कसैको अद्‌भुत शक्तिलाई अलौकिक शक्ति भन्न सकिन्छ। वास्तवमा अलौकिक शक्ति वा दैवी शक्ति भन्नु नै देवतत्त्वहरूले प्रदान गरेको शक्ति हो। तसर्थ, यस खालको शक्ति भन्नु नै व्यक्ति विशेषले प्राप्त गरेको वा आर्जन गरेको शक्ति हो। यो भरपुर शक्ति हो, जसबाट कुनै पनि व्यक्तिले अनेक प्रकारका पौरखहरू देखाउन वा प्रदर्शन गर्न सक्दछ।

ख) साहित्यसम्राट्

'सम्राट्' शब्दले 'बादशाह' भन्ने जनाउँछ। यसैले सम्राट् भनेको एक महत्त्वपूर्ण राजा वा प्रभावशाली राजा भन्ने बुझिन्छ, अथवा यसले कुनै स्थानको कुनै बखतको एक शक्तिशाली सर्वोच्च व्यक्ति भन्ने जनाउँछ। जस्तो कि दक्षिण एसियाअन्तर्गत भारतवर्षको सीमाभित्र हजारौं हजार राजाहरू थिए। तीमध्ये दिल्लीस्थित राजा निकै प्रभावशाली थिए र उनलाई बादशाह भनिन्थ्यो। उनी राजाहरूका पनि राजा वा महाराजा थिए। अत्यन्तै प्रभावशाली राजा भएकै कारण अन्यत्रका राजा, महाराजाहरूले पनि उनलाई बादशाह नै भनिदिन्थे। यसरी उनी बादशाह या सम्राट् कहलिएका थिए। निकै प्रभावशाली भएका कारण हिमालयपर्वत अन्तर्गतका बाइसे-चौबिसे राजाहरूमध्येका खान वंशीय राजालाई यिनले "शाह" उपाधि दिए। तत्पश्चात् कुलमण्डन शाहपछि सबै राजाहरूले शाह उपाधि ग्रहण गरे र शाह वंशीय राजा हुन गए। विशेष वीरत्व र प्रभावकै कारण नेपालका कुँवर परिवारले 'राणा' उपाधि प्राप्त गरे। त्यसपछि यिनै कुँवर खलकहरू राणा खलकमा परिणत भए। यस प्रकार इतिहास नै साक्षी छ कि राजशासन र राजकीय खानदानको उचाइ हो बादशाह, सम्राट्, महाराजा वा राजा।

ग) साहित्यिक उपाधिहरूबारे विशेष जानकारी

देशभक्त सिंह कुँवर बाल्यकालदेखि नै गीत, संगीतको स्वरबाट अत्यन्त प्रभावित रहँदै आएका थिए। उनले स्कूल तहमा विद्यार्थीकालमै कविता रचना गर्दै सस्वर सुनाउँदै जाँदा अद्‌भुत रूपको सिर्जनशीलता देखाउँदै गए। यसकारण सिर्जनशिलताको प्रारम्भमै यिनी विचित्र प्रकारको कविका रूपमा देखिँदै आएका थिए। जब उनका काव्य-सिर्जनाहरू प्रकाशित हुँदै गए उनी कविका रूपमा मात्र नभएर समाजको नजरमा उनी "अलौकिक कवि" उपाधिबाट नै विभूषित हुन पुगे। साहित्यिक जगत्मा उनी यसरी उदाहरणीय व्यक्तित्व बन्न पुगे। नेपाली साहित्यको इतिहासमा नजर

लगाउँदा पनि देशभक्त सिंहका जस्ता उदाहरण देख्न सकिन्छ, जस्तो कि सिद्धिचरण श्रेष्ठ सुरुमा कवि मात्र थिए, पछि उनी 'युगकवि' का रूपमा चिनिँदै गए। लक्ष्मीप्रसाद देवकोटा सुरुमा कवि मात्र थिए भने पछि उनी 'महाकवि' नामबाट बहुप्रसिद्ध हुँदै गए। त्यस्तै, कवि लेखनाथ पौड्याल 'कविशिरोमणि' भए। यसैअनुरूप कवि देशभक्त सिंह कुँवर पनि समयको अन्तरालमा 'अलौकिक कवि' उपाधिबाट विभूषित भएका छन्।

अलौकिक कवि देशभक्त सिंह कुँवरले काव्य विधामा बाहेक साहित्यका अनेकौँ विधाहरूमा ग्रन्थहरू प्रकाशित गराउँदै गए। परिणामस्वरूप अलौकिक कविका अतिरिक्त उनले 'साहित्यसम्राट्' उपाधि पनि प्राप्त गरे। यसरी उनी अलौकिक कविको साथसाथै साहित्यसम्राट् पनि बन्न पुगे। निकट भविष्यमा यही संस्थाका माध्यमबाट अलौकिक कवि देशभक्त सिंह कुँवरको सम्मानस्वरूप साहित्य सम्राट् अभिनन्दन ग्रन्थ प्रकाशित हुँदैछ। प्रत्येक लेखक एवं कवि, साहित्यकार, उपन्यासकार, गजलकार, गीतकार, सामाजिक क्षेत्रका प्रतिष्ठित व्यक्तित्वहरू आदि सबैले आआफ्नो तर्फबाट ग्रन्थ निर्माणमा सहयोग पुऱ्याउनु हुनेछ भन्ने आशा राखेका छौँ। ग्रन्थ-निर्माणका क्रममा आआफ्नो लेखकीय पहिचानसमेत स्थापित हुनेछ भन्ने पनि हामीले आशा राखेका छौँ। लेख वा अभिलेखनको प्रारम्भमा आफ्नो फोटो, जन्ममिति, नाम र ठेगाना अनिवार्य रूपमा राखी दिनुहुनसमेत विनम्र अनुरोध गरिन्छ।

३. साहित्यको पृष्ठभूमि वा सुरुवात

यहाँको मूल प्रसङ्ग राज वा राज्यसम्राट्को होइन, परन्तु यो प्रसङ्ग हो साहित्य र साहित्यसम्राट्को। अथवा राजकीय सम्राट् नभईकन साहित्यिक सम्राट्को! मानव समुदायमा साहित्य एउटा कहिल्यै नरोकिने अविरल नदी जस्तै हो। 'ॐ' ध्वनिको उच्चारणदेखि नै जनहितमा उच्चारित सबै प्रकारको आवाजलाई साहित्यको अंश हो भन्ने ठानिन्छ। यस खालको आवाजले धेरै पछि मात्र लिखित रूप लिएको हो। तसर्थ, सम्पूर्ण साहित्यिक विधाहरू सस्वर उच्चारित हुँदै लिखित रूपमा ओर्लेका छन् अथवा एक भाषाबाट अर्कोमा र एउटा सभ्यताबाट अर्को सभ्यतामा रूपान्तरित हुँदै मानव समुदायमै भिजेका छन्। अहिलेसम्म पनि कुनै कुनै समुदायमा लिखित साहित्यको अभाव खट्किहेको छ यसकारणले कि उनीहरूले आफ्नो लिपिको विकास गर्न सकेका छैनन्। तथापि नकारात्मक पक्ष वा अँध्यारो पक्ष हटाउने र सकारात्मक पक्षलाई सर्वजन हितार्थ सकारात्मक आवाजहरू परस्पर आदनप्रदान गरिरहेका छन्, अर्ती-उपदेशहरू दिइरहन्छन्। तसर्थ, अन्धकार पक्षलाई हटाएर उज्ज्वल पक्षलाई उजागर गराउने लिखित वा मौखिक सबै प्रकारका ध्वनिहरूलाई साहित्यिक कलाका स्रोतहरू हुन् भन्ने ठान्नुपर्दछ।

अब पुनः प्रसङ्ग साहित्य र साहित्यसम्राट्को

साहित्यसम्राट् भन्नु नै आफ्नै समकालीन युगका र साहित्यिक क्षेत्रका अत्यन्त प्रभावशाली लेखक हुन् । राजनीतिक क्षेत्रमा एक युगमा एउटा सम्राट् र अर्को युगमा दोस्रो वा तेस्रो सम्राट्का रूपमा देख्न सकिन्छ । त्यस्तै, साहित्यिक क्षेत्रमा पनि हरेक युग-युगमा साहित्यसम्राट्हरू देखा पर्न सक्दछन् । हरेक युग-युगमा प्रभावशाली लेखक वा कविहरू देखा परिरहन्छन् । तिनीहरूको विशेष प्रकारले अध्ययन गरिनुपर्दछ । समीक्षक वा समालोचकहरूले उनीहरूका गुण र दोषहरू पनि केलाउन सक्दछन् । नेपाली साहित्यको इतिहासले पनि प्रष्ट पारिसकेको छ कि कुनै बेला भानुभक्त आचार्यको समेत आलोचना गरिएको थियो । उनी कवि मात्र हुन्, आदिकवि होइनन् भनिएको थियो । यसरी आलोचनात्मक अभिव्यक्तिहरू आइरहँदा उनीभन्दा अगावै नेपाली भाषा साहित्यमा कुन कुन कविहरू थिए भन्ने यथार्थको खोजी भयो । तत्पश्चात् लुकेछिपेका कविहरू साहित्यिक इतिहासको उज्यालोमा देखा परे, परन्तु गुणात्मक पक्षमा अत्यन्त प्रभावशाली कवि भने भानुभक्त नै ठहरिए, उनले मात्र आदिकविको सर्वसम्मत मान्यता प्राप्त गरे । इतिहासका कालखण्डमा समालोचनात्मक अभिव्यक्तिहरूले महत्त्वपूर्ण भूमिका निर्वाह गरेका हुन्छन् ।

४. विशेष व्यक्तित्वहरूका निम्ति धाइआमा र सहयोगीहरूको महत्त्व

कुनै पनि लेखक/साहित्यकार वा विशेष व्यक्तिको व्यक्तित्व निर्माणमा उसको वंशकुल, रक्तसम्बन्ध, पारिवारिक परिवेश एवं सामाजिक परिवेश आदिको महत्त्वपूर्ण भूमिका रहेको हुन्छ । यी सबैको सहयोगी र सकारात्मक पक्षले व्यक्तित्व निर्माणका साथसाथै राष्ट्रिय/अन्तर्राष्ट्रिय ख्यातिमा समेत योगदान पुऱ्याउन सक्दछ । यसको प्रारम्भिक पृष्ठभूमि भन्नु नै आमा र धाइआमाहरू हुन्, जसको प्रभाव अन्यको भन्दा बढी नै हुन्छ । धाइआमा भन्नाले प्रकृति मातासमेतलाई सँगसँगै लिइनुपर्दछ । रुखमुनि एकान्त स्थलमा जन्मिएका गौतम बुद्धको आफ्नी आमा र प्रकृतिको काखबाहेक अन्य कोही पनि धाइआमाको उपस्थिति थिएन ।

अन्य साहित्यकारहरूको सापेक्षतामा साहित्यसम्राट् देशभक्त सिंह कुँवरमा छुट्टै प्रकारका विशेषताहरू देखिन्छन्, जसबाट उनको साहित्यिक व्यक्तित्व खँदिलो रूपमा निर्माण हुँदै आएको छ । उनको साहित्यिक व्यक्तित्व निर्माणको पहिलो विशेषता हो घर परिवारभित्रको फराकिलो परिवेश । उनका बुबा स्वयम् साहित्यकार र साहित्यकारहरूको फराकिलो विचारधाराका एक प्रशंसक व्यक्तित्व पनि । यसै परिवेशमा रहेर देशभक्त सिंह कुँवरले फराकिलो सामाजिक परिवेश, राष्ट्रिय र अन्तर्राष्ट्रिय मानव समाजको परिवेशसमेतलाई राम्रोसँग नियालेर साहित्यिक सिर्जनामा तल्लिन रहँदै आएका छन् ।

५. हाल प्रकाशित कृति : 'बौलाहा' काव्य-सङ्ग्रह

हाल प्रकाशित र विमोचित कृति "बौलाहा" काव्य-सङ्ग्रहभित्र प्रवेश गरेर हेर्दा केही यस्ता विशेषताहरू प्रष्टिएका छन्। हामी समाजका अत्यधिक मानिसहरू ठान्दछौँ कि "मूत्र" एउटा त्याज्य वस्तु हो, यो खराब चिज हो र यसलाई मिल्काइहाल्नुपर्दछ। परन्तु साहित्यसम्राट्ले यसलाई अत्यन्त मूल्यवान् वस्तुको रूपमा प्रस्तुत गरेका छन्। उनी भन्छन्-

"मूत्र भनेको
संसारको सबैभन्दा
चोखो
र
शक्तिशाली स्रोत साधन हो,
....
ब्रह्माण्डका हरेक सफल व्यक्तित्वहरू नै
मूत्रहरू हुन्
र
तिनै मूत्रहरूका
सूत्रहरू हुन्॥ (पृ. ७५)

यसै गरी उनका अन्य कविताहरूमा भनिएको छ : "यो सतीले सरापेको देश होइन", "हिमाललाई पनि जाडो भएछ।" "ढुङ्गा" कविताभित्र उनले साह्रोपन होइन कि कोमलपन, दया, माया र पौरख खोजेका छन्। रिस र भोकमा हतियार बनाएका छन्। उनले ढुङ्गा र माटोको गाढा सम्बन्ध खोतलेका छन्। उनको भनाइ रहेको छ :

ढुङ्गा नबोल्ने कोमल फूल हो,
ढुङ्गा जति साह्रो हुन्छ
उसको प्रकृति गुणरूपी प्यारो हुन्छ
तर कुनै दिन ढुङ्गाको मृत्यु भयो भने
माटोहरूलाई एक्लै बाँच्न धेरै गाह्रो हुन्छ। (पृ. १९१-१९२)

अर्को एउटा अत्यन्तै आकर्षक कविता छ, "लोग्ने मान्छे रुन्छन्"। कविताको उठान अत्यन्त सरल छ, तर लोग्ने मान्छेका दर्द र पीडाहरू भने स्वास्नी मान्छेका भन्दा अझै बढी छन्।

किन हल्ला गरिन्छ समाजमा
स्वास्नी मान्छे मात्रै रुन्छन् भनेर

....

लोग्ने मान्छे रुँदै रुँदैनन् भनेर । (पृ. २१४)

'खाट' काठको होस् वा फलामको वा प्लास्टिकको, यो दुनियाँका लागि एक आरामदायी वस्तु हो, तथापि ती सबैका निम्ति यो निर्जीव वस्तु हो । परन्तु, साहित्यसम्राट्का निम्ति यो सजीव हुन आएको छ । यसले मानव शान्ति र हितका निम्ति दिएको योगदानबाट उनले विस्तृत चर्चा गरेका छन् । खाटले कसलाई के दिएन ? बालबालिकाहरू खेल्ने ,श्रीमान् श्रीमतीहरू बुढाबुढीहरू आराम गर्ने, सदाकाल अटल, आनन्द र मनोरञ्जन दिइरहने, अटल र अमर रूपमा सम्पूर्ण भार बहन गर्ने सहृदयी धर्तीका रूपमा खाटलाई मान सम्मान प्रकट गरेका छन् ।

कवि पूर्ण चेतनशील र मर्मज्ञ छन्, संसारभरिका र जिन्दगीका आरोहअवरोहका साराका सारा मार्मिक वेदनाहरूलाई उनले एक सिङ्गो ब्रह्माण्डरूपी मस्तिष्कभित्र सँगालेका छन् र आफू बौलाहा भएको नाटकीय शैलीमा अभिव्यक्ति दिएका छन् । आफू निश्चिन्त भएर धर्तीमा पल्टिरहेको र गमिरहेको अभिनय गरेका छन् । आश्चर्यजनक रूपमा उनले ब्रह्माण्डभित्रको शक्तिशाली चेत र चेतना खेलाइरहन्छन् । उनले अलौकिक क्रियाकलापहरू देखाइरहन्छन् : उनी भन्छन्- "म हावालाई देख्न सक्छु, म माटोको लुगा लगाउँछु; म आँखाले सुन्दछु, कानले देख्दछु" । "म लिङ्गले समस्यामा उनिन्छु, बिना कारण बन्धनमा थुनिन्छु" । अन्त्य-अन्त्यतिर पुगिसक्दा उनी भन्दछन् :

"म
जिन्दगीभर जति सक्छु
प्रसिद्ध बौलाहा भएर जिउन चाहन्छु ।"

यस उद्धरणको अन्तिम पङ्क्तिले भन्दछ कि कवि मर्न होइन कि उनी बाँच्न चाहन्छन् । कुरा यति मात्र हो साधारण रूपमा वा केवल बौलाहा पारामा मात्र उनी बाँच्न चाहँदैनन् उनी त प्रसिद्ध, लोकप्रसिद्ध वा विश्वप्रसिद्ध भएर मात्र सदाकाल बाँचिरहन चाहन्छन् । उनी अत्यन्त कोमल र बुद्धिमान् छन् । उनले साँच्चिकै ढुङ्गा र पत्थरलाई कमल फूल र हृदयलाई फूल बगैँचा बनाउन चाहन्छन् ।

सन्दर्भग्रन्थ

कुँवर, देशभक्त सिंह (२०८२), "बौलाहा", साहित्यसम्राट् देशभक्त सिंह कुँवर वाङ्मय समाज, अलौकिक कवि निवास, मझेरीपाटन, पोखरा-१४ ।

पोखरा, कास्की

"लीलाहरूमा माया" लाई नियाल्दा

प्रा.डा. अञ्जना वस्ती भट्टराई

सन् २०१८ को **विश्व नारी नेपाली साहित्य सम्मेलन** (विनानेसास) सिक्किमको गान्तोकमा हुने खबर बेला बेला सुन्दै गर्थें । यसै कार्यक्रमको केन्द्रीय संयोजकका रूपमा साहित्यकार भारती गौतम अमेरिकादेखि नेपाल हुँदै गान्तोक पुग्नुभयो । विश्वका विभिन्न स्थानमा छरिएका नेपाली भाषी महिला स्रष्टाको तीन दिने भेला मार्च महिनाको अन्त्यतिर सम्पन्न भयो । उताबाट नेपाल फर्केपछि भारती गौतम कीर्तिपुर आउँदा सफासँग मोरिएको र गोविन्दज्यूको नाम लेखिएको पुस्तक देखाएर विन्द्या सुब्बाले पठाउनुभएको सन्देश दिनुभयो । गोविन्दज्यू पूर्वी नेपालतिर जानुभएकाले फर्केपछि नै हेरौंला भन्ठानेर पुस्तक नखोली टेबुलमै राखें । एक शनिबार बिहानकान्छी छोरी ऋचा र ज्वाइँ अजित आएका थिए । ज्वाइँ पुस्तक हेर्न उत्सुक भए जस्तो लागेर र्‍यापिङ खोलियो ।

छोरी जुवाइँ गएपछि पुस्तक हातमा लिएर नियालें । पल्टाउनेतिरको तीन चौथाइ जति भाग कुनोनेरबाट शुरु भएर कालो हुँदै फैलिएको अनि भिन्न भिन्न आकारका अक्षरमा माथ्लो लहरमा विन्द्या सुब्बा र तल्लोमा **लीलाहरूमा माया** लेखिएको, त्यसपछिको एक चैथाइ भागमा वारपारै पहेँला र राता टुलीप पुष्प सजिएका रहेछन् । नौलो र चित्ताकर्षक लाग्यो गाता ।

विन्द्या सुब्बा मनपर्ने कथाकार हुन् । निकै वर्ष अगाडि उनको एउटा कथासंग्रह पढेथें । त्यस संग्रहको सुस्त मनस्थिति भएकी स्त्रीको कथा मभित्र गाडिएर बसेको छ । चेतनारिक्त ती अबोधले भोगेको यौनजन्य निकृष्ट क्रियाकलापले मेरो मन सधैं त्रसित हुन्छ । त्यस प्रकृतिका स्त्री देख्ने बित्तिकै मेरो मनले तिनै क्रियाकलाप स्मरण गर्छ । यसै २०७४ को पौषमा हाम्रो घर भाङबारी, दमक, नजिकै रहेको भृकुटी आधारभूत विद्यालयको स्वर्ण महोत्सवमा सहभागी हुने अवसर जुर्‍यो । मञ्चमा बसुन्जेल दर्शकदीर्घाकी एउटी किशोरीमै ध्यान केन्द्रित भइरह्यो । आफूभन्दा साना

बालबालिकाहरूसँग उत्साहपूर्वक रमिरहेकी देख्ता त्यही कथाकी पात्र जस्तै लाग्न थाल्यो। कार्यक्रम पश्चात् त्यसै विद्यालयकी शिक्षक निर्मला भट्टराईसँग बुझ्दा ती छात्राको चेतनास्तर विकसित नभएकै रहेछ। ती गुरुआमाले भनिन् "यो त सबै भन्छे त, फलानाले खेतमा लग्यो, यसो गऱ्यो। हामीले अरुका अगाडि त्यसो भन्नु हुँदैन भन्दा अलि कम हुन्छ।" मेरो मुखबाट "परिवारलाई कत्रो पीडा!" भन्ने वाक्य निस्किएपछि उनले सुनाइन् "त्यसैले त विद्यालय पठाउँछन्, सुरक्षाका लागि। यो समयमा त उनीहरू ढुक्क हुन पाउँछन्। सँगिनी सुई पनि लाइदिन्छन् क्यार!" महिलालाई चेतनशील, अल्प चेतना वा चेतना शून्य भए पनि एउटै अंगले अप्ठ्यारा र दुर्घटना निम्त्याइरहने। कस्तो सृष्टि होला!

मनमा यस्तै कुरा खेलाउँदै हातमा लिएको पुस्तक (**लीलामा माया**) का पृष्ठ पल्टाएँ। 'लेख/संस्मरण संग्रह' मा आँखा पुग्ने बित्तिकै आरम्भ गर्ने तृष्णा बढ्यो। लेखकले यो पुस्तक हालसालै दिवंगतभएका आफ्ना भाइ डिकबहादुर सुब्बालाई समर्पण गरेकी हुँदा उनैसँग बिताएका बाल्यकालको संस्मरण होला ठान्दै एकपछि अर्को रचना पढ्दै गएँ तर अन्तसम्म पुग्दा पनि त्यो बाल्यकालको संस्मरण नपाउँदा केही अपुग भए जस्तो लागिरह्यो।

लीलाहरूमा माया बेजोड कृति रहेछ। यस अर्थमा कि यो अनुसन्धानमूलक ग्रन्थ होइन तर भावी अनुसन्धाताले सन्दर्भ ग्रन्थका रूपमा प्रयोग गर्नै पर्ने प्राज्ञिक पुस्तक रहेछ। फेरि वर्णन गरिएका पात्र र घटनालाई साहित्यमा रुचि राख्ने पाठक सहजै आफूभित्र समाहित गर्न सक्छ। अझ मननीय तथ्य त उनका हरेक लेखमा उपयोग गरिएका विविध उद्धरण हुन्। कुनै लेखमा सम्बन्धित लेखककै कविता वा विचार उद्धृत गरिएको भए कुनैमा अन्यकै। यसले उनको पठन स्वभावको तस्वीर पाठकसामु ल्याइदिन्छ। आफ्ना लेखको ओज वृद्धिका लागि अन्यका विचारको पनि उत्तिकै महत्त्व हुने तथ्यलाई यस कार्यले छर्लङ्ग पारेको छ। लेखन र पठन एक अर्काका परिपूरक क्रियाकलाप हुन् भन्ने सत्य यी लेखहरूले पुष्टि गर्छन्। पठन संस्कृतिको विकास नभई लेखन गहकिलो बनाउन कठिन हुने संकेत यी लेखहरूले गरेका छन्।

यस संग्रहको पहिलो लेख **एउटा मृत्युशैयया र मरूभूमिको नदी**मा नेपाली साहित्यकी नारी स्रष्टा सम्पूर्णा राई मृत्युशैयया परेकै बेला उनको सृजना **मरूभूमिको नदी** लोकार्पण गरिएको वर्णन छ। यसभित्र लेखकको आफ्नो कार्य व्यस्तताले

स्रष्टालाई तत्काल भेट्न जान नसक्ताको ग्लानिको उल्लेखले आफ्नै कतिपय यस्ता घटनाको स्मृति ताजा गराउँछ। सम्पूर्णा राईका विभिन्न सृजनाबाट उद्धृत गर्दै उनको त्यसबेलाको मृत्यु पर्खाइको वर्णनले पाठककै आफन्त भए झैं गराउँछ। नेपाली साहित्यका धेरै स्रष्टाका रचनासँग परिचित भए पनि मैले सम्पूर्णा राईलाई पढेकी रहिनछु। यो लेख पढ्दा धेरै अगाडिदेखि आफू उहाँसँगै भएजस्तो लाग्न थाल्यो।

दोस्रो लेख **सल्लाघारी पछिल्तिर एउटा जून**मा लेखिकाले धनकुटाकी साहित्यकार झमक घिमिरेसँग व्यतीत गरेको समयलाई पढ्दा म आफैं लेखिकाका हरेक क्रियाकलापमा समाहित भएँ। आफू हुर्केको प्रिय धनकुटा बजारको **होटेल परिचय** अघिल्तिर उभिएँ, सल्लाघारी छिचोल्दै झमकको आँगन टेकें, उनकी आमा आशादेवीले बारीबाट टिपेर मुठो बनाई दिएको रायोसाग झोलामा हालें। कति चलायमान र सशक्तरूपमा वर्णित छन् हरेक घटना। मानौं आफ्ना आँखै अगाडि घटिरहेछन्।

तेस्रो लेख **शरद खोज्दै दार्जीलिङ**मा उनले नेपाली साहित्यका अथक साधक शरद छेत्रीको मृत्युबाट आरम्भ गरेर उनको योगदान, आफ्नो र उनको सम्बन्धलाई शरदकै रचनाका उद्धरणहरूले अविष्मरणीय बनाएकी छन्। एक लेखकका रूपमा शरदमा यदाकदा देखिने निराशाको पनि चर्चा गरेकी छन्। यी साहित्यकारसँग मेरो प्रत्यक्ष भेट त भएन तर २०५० को दशकमा उनले सुन्दर अक्षरमा गोविन्दज्यूको नाममा पठाउने पत्र र पुस्तकसँग भने परिचित हुने अवसर मिलेको थियो। त्यसपछि इ-मेलको समयले ती घटना दन्त्यकथा भइदिए।

लेख लीलाहरूमा माया सांकेतिक शीर्षक हो। यसमा उनले नेपाली साहित्यका अटल खम्बा इन्द्रबहादुर राई र उनका परिवारसँग गरेको वार्ताको वर्णन गरेकी छन्। इन्द्रबहादुर राई सफलताको उचाइ उक्लिइरहँदा छायासरह हरेक पाइलामा साथदिने माया राईसँगको प्रश्नोत्तर रोचक छ। वास्तवमा अधिकांश स्रष्टा पुरुष हुने गर्छन् उनीहरू पहाडको चुचुरो चुम्छन्। उनीहरूको सर्वत्र चर्चा हुन्छ तर उनीहरूका पत्नीबारे त्यति धेरै लेखिएको पाइँदैन। विन्ध्याज्यूले यसरी माया राईको विचार पाठक सामु पस्केर नौलो कार्यको थालनी गरे झैं लाग्छ। "नारी जीवनलाई लिएर के भन्नु हुन्छ ?" भन्ने प्रश्नको "घरको आमाले आफ्नो ड्युटी ठिकसँग गऱ्यो भने सब ठिक भएर जान्छ।" भन्ने छ, माया राईको सरल उत्तर। मलाई भने अबुझ जस्तो भएर यस

'ठिक' भित्र के कस्ता ड्यूटी मायाका मनमा थिए होला ? अझै गहिरिएको भए हुने जस्तो लागिरह्यो । मैले राई दम्पतीसँग उनीहरूको मोटरस्ट्याण्ड छेउ लोचनगरको बैठक कोठामा बसेर परिचित हुने अवसर २०५२ सालमा प्राप्त गरेकी थिएँ । मायाको उपस्थिति शून्य भएपछि लीलाको मात्रै यात्रा धेरै चल्न सकेन । अब त दुवैलाई अक्षरमा मात्र भेट्न सकिन्छ ।

आत्मीयताको उज्यालोमा परशु प्रधान लेखमा उनले अग्रज कथाकार परशु प्रधानसँग सम्बन्ध आरम्भ भएदेखि बीचमा सुस्ताउँदै फेरि बौरँदै गरेका घटनाहरूको क्रमबद्ध वर्णन गरेकी छन् र यस सम्बन्धलाई उच्चकोटीको मानेकी छन् । परशु प्रधानका केही चोटिला कथा पढ्ने अवसर मलाई पनि मिलेको छ । यदाकदा कार्यक्रमहरूमा साक्षात्कार पनि भएको छ ।

डा. कविता लामा– एक परिचयमा उनले खुला हृदयले नेपाली भाषा र साहित्यकी स्थापित प्रतिभा डा. कविता लामाका उपलब्धिको चर्चा गरेकी छन् । "भानुभक्तको काव्यकृतिको भाषिक अध्ययन" मा विद्यावारिधि गर्ने यी प्रतिभाको मुक्त कंठले प्रशंसा गरेकी छन् । डा. कवितासँग मेरो पहिलो भेट निकै वर्षअघि कीर्तिपुरस्थित हाम्रो घरको सिरान तलामा (सिक्किमबाट आएका साहित्यकारको समूहमा) भएको थियो । पछि सन् २०१८ को मार्चमा त उनीसँग गान्तोकमा आधा दिनै बिताइयो ।

यो शीतलहर र हीरादेवी वाइबा लेखमा उनले सन् २०११ को कठाङ्ग्रिदो हिउँदमा नेपाली लोकगीतको स्वर्णीम युग हीरादेवी वाइबाको दुःखद निधनसँगै अन्त भएको कारुणिक चित्र उतारेकी छन् । हीरादेवीले नेपाली लोकगीतको फाँटलाई 'फरिया ल्याइदेछन्' लगायत अनेकौँ सुमधुर गीतहरूले समृद्ध बनाएको चर्चा गरिएको छ । उनको अप्रत्याशित मृत्यु फायर एक्सिडेन्टबाट भएको वर्णन हृदयविदारक छ । एक्सीडेन्टभन्दा सामान्यतया सवारी साधन दुर्घटना बुझाउँछ तर यसमा आगो, नदी, पैरो, भूकम्प जस्ता शब्द जोडेर मृत्यु वरण गरेको भन्दा केही सहज हुन्छ कि जस्तो लाग्यो । आगोले पोलेर, नदीमा बगेर, पहिराले पुरिएर, भूकम्प भग्नावशेषले थिचिएर भन्नुभन्दा अग्नि दुर्घटना, जल दुर्घटना भन्नाले मन मस्तिष्कमा झुल्कने विभत्स दृश्यलाई मलीन बनाउँछ कि ? हीरादेवीको कालजयी गीत 'फरिया ल्याइदेछन्' सँग कुन नेपालीभाषी अपरिचित होला र ? म पनि यस गीतको अधिक चर्चाका समयमा त्यसमा डुब्ने गर्थें ।

केयरलेस विद्वान् डा. कुमार प्रधानमा विन्ध्याले विद्वान्, तार्किक, नयाँ चेतना भएका डा. प्रधानको नालीबेली प्रस्तुत गरेकी छन् । उनको केयरलेस स्वभावले थोरै लेखेको र लेखेकै पनि एकत्रित गरेर प्रकाशित नगरेको गुनासो पोखेकी छन् । तर उनी आशावादी छन् 'डा. कुमार प्रधान स्मृति गुठी' ले डा. प्रधानका छरिएका रचना एकमुष्ठ प्रकाशन गरिदेला र सम्पूर्ण नेपाली समाज लाभान्वित होला भनेर । यस्ता प्रखर व्यक्तिसँग मेरो भने प्रत्यक्ष परोक्ष कुनै परिचय रहेनछ ।

विश्व नारी नेपाली साहित्य सम्मेलन– एक चर्चामा उनले २०७१ जेठमा नेपालमा सम्पन्न भएको विनानेसास सम्मेलनको विस्तृत विवरण प्रस्तुत गरेकी छन् । यसभित्र नेपाली महिलाका विभिन्न साहित्यिक क्रियाकलाप, पारिजातको देनको स्मरणलाई स्थान दिँदै त्यस कार्यक्रमकी प्रमुख आकर्षण डा. वानिरा गिरी र कार्यक्रम आयोजक नरेन्द्र-इन्दिरा दम्पतीको मुक्तकण्ठले प्रशंसा गरेकी छन् । नेपालभित्रै अनि आफ्ना प्रत्यक्ष परिचित व्यक्तिहरूको सक्रियतामा आयोजित कार्यक्रमको वर्णन आफ्ना आँखाअगाडि सम्पन्न भए झैँ लाग्दो रहेछ ।

इन्दिरा गोस्वामी सम्झनाहरूमा उनले असमिया साहित्यकार मामनी रयसम गोस्वामीको व्यक्तित्व र योगदानको चित्र उतारेकी छन् । दुई वर्षको वैवाहिक जीवनपश्चात् वैधव्यमै जीवन व्यतीत गरेकी यी इन्दिराको साहित्यिक उचाइको मन्त्रमुग्ध बनाउने वर्णन गरेकी छन् । इन्दिराकै भनाइहरूले कतिपय चर्चालाई गहकिलो बनाइएको छ । गोविन्दज्यूका वरिपरि यी नारीले लेखेका चार उपन्यासका नेपाली अनुवाद देखिराखेर होला म पनि परिचित छु भन्ने भ्रम मनमा लाग्दो रहेछ ।

मुन्नु गौतमका **मुक्त संवादहरू**मा कालेबुङमा रहेर साहित्य सिर्जनामा रम्ने अल्पभाषी मुन्नु गौतमको **मुक्त संवादहरू**का निबन्धहरू केलाइएका छन् । मुन्नुका प्रत्येक निबन्धमा विभिन्न विषयवस्तुलाई ओजिलोरूपमा प्रस्तुत गरेको तर्क गरेकी छन् विन्ध्याले ।

केही शब्दहरू श्रद्धाञ्जलिकामा उनी शिलाङमा बसेर नेपाली भाषा, साहित्य र संस्कृतिको उत्थानमा समर्पित कवि गोपीनारायण प्रधानको सक्रियता वर्णन गर्छिन् । कविताका लागि साहित्य अकादमी पुस्कार प्राप्त प्रधानले साहित्य अकादमी दिल्लीको सदस्य र संयोजक रहँदा नेपाली भाषालाई अन्य भारतीय भाषाको उचाइमा पुऱ्याउन प्रशस्तै प्रयास गरेको वर्णन छ ।

झ्यालबाट फागुनका दिनहरूमा विन्द्या दार्शनिक भैँ व्यक्तिएकी छन्। भक्ति, ज्ञान, अध्ययन, प्रेम अनि जीवनका अन्य यथार्थहरूलाई सूक्ष्म रूपमा केलाएकी छन्। पाउको एउटा हाड भाँचिएर विश्राममा रहनु पर्दा गरिएका चिन्तनहरू छन् यहाँ। पुस्तान्तरका, वसन्त ऋतुका, औषधि उपचारका, ध्यानको महत्त्वका, आफ्ना शुभचिन्तकका, सत्य साई बाबाका प्रसंगहरू अटाएका छन् यस लेखमा।

मायाकी प्रतीक लीला दिदीमा उनले नेपालीभाषी साहित्यकार इन्द्रमणि दर्नालकी आमासरह ठुल्दिदी लीलामणि दर्नालको स्नेही र प्रेरक स्वभावको खुलेर प्रशंसा गरेकी छन्। शिक्षासेवी लीलाको कदरस्वरूप उनलाई **लाइफ टाइम अचिभमेन्ट पुरस्कार**द्वारा सम्मानित गरिएको ब्यहोरादेखि लीलाले आफ्ना छात्रछात्रा, सम्पूर्ण आफन्त र चिनारूप्रति देखाएको सद्व्यवहारको एकमुष्ट चर्चा गरिएको छ। लीलाको आफ्नी बहिनीलाई लेखनमा सदैव प्रोत्साहित गरी पहिलो पाठक आफैं बन्ने स्वभाव वन्दनीय छ।

भिजेका परेलीमा इन्द्रेणी र ओ तीनधारे! मा उनले माइती गाउँ तीनधारेलाई भुइँचालो र भूस्खलनले उजाड बनाएको पीडा, यस गाउँले जन्माएका अनि विभिन्न स्थानमा छरिएका सक्रिय सन्तति तथा अन्यत्रबाट यहाँ आई यसको विकासमा होस्टे हैंसे गर्ने क्रियाशील व्यक्तिहरूको खुलेर चर्चा गरेकी छन्। विमोचनका लागि त्यस उजाड भूमिमा पुस्तक एकत्रित भएको जनसमुदायको विस्तृत वर्णन गर्दै भविष्यमा यो तीनधारे पहिलेकै अवस्थामा पुग्न सकोस् भन्ने कामना गरेकी छन्। आफ्नो जन्मस्थानको मोह जीवनभर यथावत् रहने सत्य यस लेखमा व्यक्त गरिएको छ।

भुस्याहा कुकुरहरू र नारीजातिको स्थिति चिन्तनपरक लेख हो। यसमा उनी फिमेलको स्थितिले उद्वेलित भएकी छन्। कुकुरको भुण्डले गरेको उपद्रव कम गर्न तीनलाई पक्रेर लाने क्रममा एक व्यक्तिले 'एउटा फिमेल भएकाले यस्तो उपद्रव भएको हो।' भनेको वाक्यले उनको भित्रैसम्म कम्पन छुटाइदियो। पशु होस् या मानव फिमेलले सधैँ पीडैको सामना गर्नु पर्ने किन होला ? भन्दै उनी केही आक्रोशित हुन पुगेकी छन्। फिमेल हुँदैमा मेलका कारण अनगिन्ती शारीरिक चोट र मानसिक पीडा खप्नु परेको यो समयमा पुरुष किन पशुकै दाँजोमा उभिएर सधैँ महिलालाई त्रस्त बनाउन उद्यत रहन्छ ? उनी लेख्छिन्, "उन्नति भएर आकाशमा नै पुगे मानिस, ग्रह-नक्षत्र सबै विजय गरे, तरै पनि कुकुरहरू जस्तै एउटी स्वास्नीमान्छेमाथि धुरिने, टोक्ने

र च्यातचुत ं पारिदिने उही आदिम प्रवृत्ति ।" यसको समाधानमा सृष्टिकर्तालाई पुकार्दै उनी लेख्छिन्, "नारी जाति बुद्धि, मन, कौशलले शक्तिशाली वर्ग हुन् तर कामुकहरूको विरुद्ध लड्नलाई उनीहरूमा अधिक शारीरिक शक्ति पनि भरिदेऊ... ।" वास्तवमा शारीरिक शक्ति भरिएमा महिलाले यौनजन्य दुर्घटनाको डटेर सामना गर्न सक्थे हुन् ।

प्रिय सपना सन्दर्भ भानुजयन्ती २०१६ मा उनले नेपाली भाषामा **रामायण** लेख्ने भानुभक्त आचार्यको महत्ता संसारका जुनसुकै नेपाली भाषी समाजमा प्रगाढ रूपमा फैलिएको र भानु जयन्ती उनीहरूको मूल र मौलिक पर्व भएको तर्क गरेकी छन् । फलस्वरूप १३ जुलाई सदा अविष्मरणीय रहेको उल्लेख गरेकी छन् । यही जातीय पर्वका सन्दर्भमा गोर्खाल्याण्ड क्षेत्रीय प्रशासन (जीटिए) सूचना संस्कृति विभागले २०१३ देखि स्थगित भएको 'गिरी पुरस्कार' तथा''भानु सम्मान' र 'मित्रसेन थापा' सम्मान जस्ता विविध पुरस्कार स्थापना गरी निरन्तरता दिइरहेको तथ्य प्रस्तुत छन् । उनले २०१६ मा जुलाई १३ र २२ मा मनाइएका भानु जयन्तीको विस्तृत चर्चा गर्दै नेपालीहरूले वंगवन्धु जस्तो दृढ रूपमा एकबद्ध भई आफ्नो आत्मसम्मानका लागि गोर्खाहरूको स्वतन्त्र राज्यका लागि संघर्ष गरिरहनु पर्नेतिर जोड दिएकी छन् ।

बंगाल राज्य सरकारको सूचना तथा संस्कृति विभागद्वारा आयोजना गरिएको २०१६ जुलाई १३ को भानु जयन्तीमा भारतका राष्ट्रपतिको उपस्थितिले कार्यक्रम गरिमामय भएको आभाष दिलाए पनि जुन जाति र भाषाका लागि कार्यक्रम आयोजना भएको हो तिनैले स्थान नपाएपछि सम्पूर्ण जाति तथा भनुभक्त नै अपमानित भएको महसूस गरियो । फलस्वरूप २० जुलाईमा जीटिएले आयोजना गरेको सोही कार्यक्रममा सम्पूर्ण वक्ताहरूले अघिल्लो कार्यक्रमप्रति खेद प्रकट गर्दै राज्य सरकारले नेपालीभाषी गोर्खालाई उचित स्थान नदिएको मन्तव्य प्रकट गरे ।

यस लेखमा विन्द्याले १९७० को दशकसम्म वंग बन्धुको थिचोमिचो खप्तै आएकोमा गोर्खाल्याण्डको आवाज चर्को हुनथालेपछि उनीहरूको व्यवहारमा शनैः शनैः परिवर्तन आउँदै गएको तथ्य पनि केलाएकी छन् । आफ्नो अस्तित्वका लागि नेपालीले रामायणका राम, लक्ष्मण, भरत र शत्रुघ्न जस्तै भ्रातृत्वमा बाँधिएर एकजुट भई संघर्षरत रहनु पर्नेमा उनको जोड छ । यो लेख पढ्दा मैले देहरादूनमा सन् २०१० को दशैं ताका आयोजित कवि गोष्ठीमा दार्जिलिङकै एक कविले "मेरा भूगोल नहीं है" शीर्षक कविता पाठ गरेको र श्रोताको यथेष्ट प्रशंसा पाएको स्मरण गर्न पुगेँ ।

भारतको दार्जिलिङ, खर्साङ र कालिम्पोङ् भेगका हाम्रा बन्धुबान्धवहरू वर्षौंदेखि आफ्नो आत्मसम्मान र अस्तित्वका लागि संघर्षरत रहेको तथ्य हामीले सुन्दै, पढ्दै र हेर्दै आएका छौं। अनि हाम्रो उहाँहरूप्रति सधैं नैतिक समर्थन रहेको छ।

विन्द्या सुब्बा जस्ती स्थापित र सिद्धहस्त लेखकको चर्चा गर्नु एक हिसाबले धृष्टता पनि ठहरिएला तर म भने गौरवान्वित महसूस गर्दैछु। उनको यस १४१ पृष्ठे पुस्तकमा १७ वटा लेख र उनको जीवनवृत्त अटाएका छन्। यी लेखमध्ये १२ वटा भिन्न भिन्न व्यक्ति केन्द्रित छन् भने पाँच (रचना क्रमाङ्क ९,१३, १५, १६, १७) वटा मा उनले घटनालाई केन्द्र बनाएर आफ्ना विचार प्रवाह गरेकी छन्। बाह्रवटा व्यक्ति केन्द्रित लेखमा पाँच (रचना क्रमाङ्क २,४,५,६,११) मा जीवित र सात

(रचना क्रमाङ्क १,३,७,८,१०,१२,१४) मा दिवंगत व्यक्तिको चर्चा गरेकी छन्। यस संग्रहमा उनको प्रभावशाली शैलीबाहेक दुईवटा विशेषता मेरो मनमा गडे। पहिलो त नेपाली साहित्यलाई समृद्ध बनाउन प्रत्यक्ष र परोक्ष (रचना क्रमाङ्क ४, १४) रूपमा योगदान गर्ने १२ व्यक्तिको एकमुष्ठ स्मरण गरिएको छ। अनि दोस्रो, उनको लेख अन्त्य गर्ने विशिष्ट शैली छ। यी लेखहरू विविध तरिकाले अन्त्य गरिएका छन्। उदाहरणको लागि दोस्रो लेखको अन्त्य "त्यही सल्लाघारी पछिल्तिर अहिले तर ओझेल थियो– एउटा जून।" तेस्रो "हामीले पनि शरद छेत्रीलाई असमयमा नै गुमायौँ। जानेर वा अन्जानमा उनलाई गुमाउने घोर अपराध गयौं।"

मलाई अनौठो लागेको एउटै कुरा क्रमसूचीमा पृष्ठ संख्या नराख्नाले पाठकका लागि अलि झन्झटिलो लाग्न सक्छ। नौलो प्रयोग हो कि ?

यस्ता व्यक्ति केन्द्रित संस्मरणको आवश्यकता हरेक क्षेत्रमा पर्छ जस्तो मान्छु। बृहत् रूपमा शिक्षा, स्वास्थ्य, साहित्य, संगीत, कला, खेल हुन् भने यी हरेक क्षेत्रका मसिना विधाको पनि यसरी नै व्यक्ति-केन्द्रित रहेर इतिहास सिर्जना गर्नुपर्ने समय आएको छ। यस्ता संस्मरण अघिल्लो पुस्ताले पछिल्लो पुस्तालाई हस्तान्तरण गर्ने बहुमूल्य उपहार रहेछन्।

विन्द्या सुब्बालाई यस्ता उत्कृष्ट रचना गर्ने शक्ति प्राप्त भइरहोस् अनि उनको लेखनी निरन्तर बग्दै जाओस् बग्दै जाओस् भन्ने कामना गर्दै यहीँ रोकिन्छु।

कीर्तिपुर काठमाडौँ

सानुको सिक्किमे शैली

डा. व्यन्जना शर्मा

सिक्किमका पद्मश्री सम्मानित स्रष्टा सानु लामाले नेपाली साहित्यको भण्डारमा धेरै कृतिहरू थपेका छन् । ती कृतिमध्ये *सूर्यको तेस्रो किरण* कथा-संग्रह पनि एक हो । यो शीर्षक नै अलि नौलो भएकोले यसले जो कोही पाठकको ध्यान आफूतर्फ खिच्न सक्छ । त्यसैले म पनि शीर्षक देख्ने बित्तिकै यो पुस्तकप्रति आकर्षित भैहालेँ । विषय सूची हेर्दा यो कथा-संग्रहमा जम्मा तेह्रवटा कथा देखिन्छन् । तिनमा अन्तिमचाहिँ "सिक्किममा नेपाली साहित्यको गतिविधि" लाई लेखकले निबन्ध-संग्रह भनेका छन् । बाँकी रहेका बाह्रवटा कथामा पछिल्ला दुईवटा "छुँदै जाने सम्झनाहरू" र "केही आफ्नो केही अरूको" कथा कम र संस्मरणात्मक लेख बढी लाग्छन् ।

बाँकी रहेका दशवटा कथाले चाहिँ समाजमा विद्यमान विविध पक्षका बारेमा बोलेका छन् । यसरी विविध पक्षलाई समेटेर रोचक पारामा कथा बुन्न सक्ने लेखकको विशिष्ट शैली लोभलाग्दो लाग्छ मलाई ।

मान्छेलाई निर्वासित जीवन बाँच्न कति गाह्रो हुन्छ भन्ने कुरा लामाको "बिहान हुन नसकेको रात" पढ्दा छर्लङ्ग हुन्छ । यसैगरी मानिसका बाल्यकालीन संझनाहरूले जीवनपर्यन्त पछ्याइरहने कुरालाई पनि यो कथाले पुष्टि गर्दछ । उदाहरणका लागि, "गाउँको सेरोफेरो घुमेको, बाहिर भित्र गरेको, पुच्छर समातेर चौंरीलाई दगुराएको, दृश्यहरू झल्झली देख्थे तिनी । घरदेखि पूर्वपट्टि भएको किचू नदीको किनारमा बसेर सुनेको शान्तसित बग्दै गएको नीलो पानीको कल्‌कल् शब्द अहिले पनि सुन्थे, अनि त्यही मनमोहक कल्‌कल् शब्दसित मिसिएर आएको आमाको मिठो स्वर तिनको कानमा पर्थ्यो, (पृ. ४) ।" यो कथा पढ्दै जाँदा मलाई अष्ट्रेलियामा भेटिएकी एक मोरिससकी महिलाको संझना आयो । जसरी यो कथाको बाबु पात्र सिक्किममा बसेर आफ्नो देश तिब्बत संझन्छ त्यसरी नै ती महिला अष्ट्रेलियामा बसेर मोरिसस संझने गर्थिन् । उनले एकचोटि भनेकी थिइन्, "जब यहाँ पानी पर्छ र जमीन भिज्छ म मोरिससकै माटोको सुगन्ध पाउँछु !" कति मर्मस्पर्शी छ यो कुरा । यस्ता कुरा आफ्नो देश छाडेर विदेशमा बस्नेलाई मात्र थाहा हुन्छ ।

कथाकार सानु लामामा भएको, परिवेशको होस् वा पात्रको, चित्र खिच्ने कला पनि विचित्रको लाग्यो मलाई । उनले सिक्किमका विभिन्न ठाउँको चर्चा यी कथामा गरेका छन् । ती ठाउँहरूमा पाठकलाई आफू नै पुगेको अनुभूति हुन्छ । त्यसैगरी उनले चित्रण गरेका पात्रको चित्र पनि सजीव बनेर पाठकको आँखामा आउँछ । "रेशी बगिरहेछ" भन्ने कथामा वर्णित ठाउँको निम्न अंशले यो कुराको पुष्टि गर्छ । "उत्तर–पश्चिमबाट बगेर आएको रेशी खोला त्यहाँ फाँटिलो कुइनेटो घुमेर दक्षिण–पश्चिमतिर बिस्तारै बग्दै गएको थियो । खोलापारि सानो त्रिकोणी सुक्खाबारी र पुरानो ओतजस्तो कटेरोलाई काखमा राखेर पातलो जंगल उँभोतिर फैलिँदै गएको थियो," (पृ. २१) । यसैगरी उनले "सात भाइकी चेली" कथामा उल्लेख गरेका पात्र "युवती गोरी औ सुन्दर थिई । दुवै गालामा लालिमा थियो । सुन्दर हातमा मसिना औंलाहरू । हाँस्ता दुवै गालामा खोपिल्टा परेर सुन्दर अनुहार अझ सुन्दर बन्थ्यो । .... चालक एक्लै – हल्का बदामी सुट लाएको पैंतीस–चालीस वर्ष उमेर पुगेको मान्छे थियो । लालवर्णको अनुहार, नाकको डाँडी छेउ–छेउसम्म आँखा आएकोले निधार लामो र चौडादार देखिन्थ्यो... " (पृ. ४७), जीवन्त लाग्छन् ।

मलाई मन परेको अर्को पक्ष भनेको यस संग्रहका कथामा प्रयोग भएका स्थानीय लवज हुन् । उदाहरणका लागि, मरौ परेको घर (मरिमराउ), जानी नै ? (सन्चै?), निको छ (राम्रो छ), ...हिमाल चढ्न जाँदा उतारेका फोटोहरू...(हामी फोटो खिच्नु भन्छौं तर सिक्किममा फोटो उतार्नु भनिँदो रहेछ्स फेरि यसैलाई असममा फोटो उठाउनु भनेको सुनियो,) हिज आइपुग्यो (हिजो आइपुग्यो) आदि । यस्ता उदाहरण यो कथा-संग्रहमा धेरै भेटिन्छन् । यस्ता खालका स्थानीय लवजले कथालाई अझ बढी रोचक बनाएका छन् ।

"साइनो" कथा पढ्दा मलाई साइनोको मर्मले मानिस बेलाबेला कसरी अप्ठ्यारोमा पर्छन् भन्ने कुराको संझना आइरहेको थियो । जसरी यो कथामा उमेर बढी भएको मानिस भानिज र कम भएको मानिस मामा हुँदा मामालाई असजिलो भएको छ, त्यसरी नै असजिलो मान्ने धेरै पात्रहरू मैले देखेकी छु । आफ्नो छोरासमानका अथवा ऊभन्दा पनि जेठा व्यक्तिहरूलाई नाती भन्नुपर्दा मलाई नै अप्ठ्यारो लाग्छ । तर जे भए पनि यस्ता साइनो त हामीले निभाउनु नै पर्छ ।

हाम्रो समाजमा विद्यमान "बडी इमेज" को धारणालाई "टी शर्ट" भन्ने कथामा राम्ररी केलाइएको छ । शारीरिक रूपमा आफू राम्रो नै हुनुपर्ने समाजले प्रस्तुत गरेको सुन्दरताको परिभाषामा आफू फिट नहुँदा त्यसले लज्जाबोध हुने त्यसलाई छोप्न अनेक कल्पनाको सहारा लिनुपर्ने मनोवैज्ञानिक तथ्यलाई यहाँ उजागर गरिएको छ । "रेशी बगिरहेछ" भन्ने कथामा सांसारिकता र आध्यात्मिकता बीचको लडाइँ देखाइएको छ ।

आत्माको अमरत्वको कुरा पनि यहाँ भेटिन्छ। रेशी खोलालाई यो कथामा जीवनको निरन्तरतासँग तुलना गरिएको छ। अन्तरजातीय विवाहले परिवारमा आउने विचलन र बिस्तारै, विशेषतः सन्तान जन्मिएपछि, माइती र चेलीबीचको सम्बन्धमा आउने सुधार "सात भाइकी चेली" कथामा भेट्न सकिन्छ। "म भगवान् भएँ" कथामा गरीबी र अभावग्रस्त जीवनले निम्त्याएको निरीहतालाई उजागर गरिएको छ।

पुस्तकको शीर्षककै कथा "सूर्यको तेस्रो किरण" कथामा पुग्दा के रहेछ त यस्तो किरण भन्ने पाठकको खुलदुलीको अन्त्य हुन्छ। वास्तवमा सूर्यको पहिलो किरणले जीवनको शुरुवातलाई दर्शाउँछ, दोस्रो किरणले यसको निरन्तरतालाई दर्शाउँछ भने तेस्रो किरणले व्यक्तिको अन्तरमा रहेको उज्यालोलाई दर्शाउँछ भन्ने कुरा यो कथा पढिसक्दा थाहा हुन्छ। त्यसैगरी "पेन्सन, तक्मा र गाडी" कथामा एकातिर सैनिकका परिवारले भोग्ने नियती देखाइएको छ भने अर्कोतिर कुनै पनि व्यक्तिको मृत्युपछि बाँचेका आफन्तीले कसरी निर्जीव वस्तुमा त्यो मृत व्यक्तिका स्मृतिहरू संगालेर राख्न सक्छ भन्ने कुरा देखाइएको छ। "सन्तान सुख" मा सन्तान आमाबाबुको खुशीका र बाँच्ने आधार हुन् भन्ने तथ्य भेट्न सकिन्छ। यसरी, यो कथा-संग्रहमा कथाकार लामाले समाजमा विद्यमान विविध पाटाहरूलाई सूक्ष्म रूपमा केलाएका छन्।

यी कथा पढ्दै जाँदा मैले अनुभूति गरेको अर्को पक्ष भनेको यहाँ भएका नारी पात्रको उपस्थिति हो। कुनै पनि नारी पात्रलाई कथाकारले कमजोर रुपमा प्रस्तुत गरेका छैनन्। यहाँ वर्णित सबै नारी सशक्त हुन्। यसको चरम उदाहरण भनेको *सूर्यको तेस्रो किरण* की सावित्री हो। यो पात्रले मलाई हर्मन हेस्को प्रसिद्ध पुस्तक *सिद्धार्थ* की कमला भन्ने पात्रको स्मरण गराउँछे। सावित्री देह व्यापारको पेशा गर्छे। तर त्यो उसका लागि सिर्फ पेशा मात्र हो, बाहिरी रूपमा। उसको अन्तर उज्यालो छ, बेदाग छ। ऊ एउटी स्वतन्त्र नारी हो। समाजका पुरुष पात्रले उसको पेशालाई औँल्याउँदै जब ऊसँग दुर्व्यवहार गर्न खोज्छन्, यो कुरा उसलाई पटक्कै सह्य हुँदैन। यस्तै तुच्छ सोच राखेर आफूलाई आक्रमण गर्ने मोटेलाई उसले मारिदिन्छे र दृढ स्वरमा भन्छे, "मैले मोटेलाई मारिन। मैले त दुष्ट्याइँ , व्यभिचार, अत्याचार आदिलाई नष्ट पारेकी हुँ। समाजको कलङ्कलाई मेटाएकी हुँ...यसलाई हत्या हो भन्ने कोही छ भने उसले रावणवध, हिरण्यकशिपुवध, कंसवध, महिषासुरवध आदि वधहरूलाई पनि हत्या भन्नुपर्छ, हिंसामा गन्ती गर्नुपर्छ अनि दुर्गा, काली, राम, कृष्ण, विष्णु सबैलाई अपराधीको वर्गमा राख्नुपर्छ," (पृ. ७०)।

अन्तमा, *सूर्यको तेस्रो किरण* कथा-संग्रहमा समेटिएका सबै कथा नौला र पठनीय छन्।

परदेशको झरी

शेखर विकल्प

थाकेको गधा जस्तै लखतरान भएर
फर्किदैंछु रातभरि भारी बोकेर
गाह्रो रहेछ चामलका बोरा बोक्नभन्दा
साहूको ब्याज बोक्न

निशा अस्ताएर प्रभात फैलिए पनि
देखिदैनन् आकाशमा किरणका
पदचापहरू
स्तब्ध र भयावह सन्नाटा छ
झरी परिरहेछ रातैभरि
लम्किरहेछु पारदर्शी छाता ओढेर
जसमा छरप्रष्ट देखिदै बिलाउँदै छन्
विभक्त पानीका थोपाहरू
जसरी बिलाउँछन् स्वप्नमै जिन्दगीका
खुसीहरू

हृदयको तख्ताबाट प्रसारित
मस्तिष्कमा रिले भएर
अविराम झल्याकझुलुक गरिरहेछन्
चलचित्र बनेर सम्झनाका दृश्यहरू

सपनाको चाङमा उभिएर
आकाशमा चंगा वेगिए जस्तै
परदेश छिरेको छु म
विस्तारै अशक्त हुँदैछु
आफ्नै सपनाको विकिरणले ग्रसित भएर

गाह्रो रहेछ आफ्नै मृत्युको मलामीभन्दा
रहरहरूको सती जान
किमकर्तव्यविमूढ भएर उभिएछु यस्तो
संघारमा
झुकौं स्वाभिमानी देश सम्झन्छु
नझुकौं बाध्यताले पछारेको अतीत
देख्छु

पुर्पक्षका लागि थुनामा परेको कैदी
जस्तो
समयको आँखिझ्यालबाट चियाउँदैछु
कतै दूर क्षितिजमा
चम्किन्छन् कि बिजुली र चमेलीका
धर्साहरू

रहरका भित्ताहरू पोतेर रंगीन बनाउनु छ
खुसीका आँगनमा डिल लाउनु छ
दुःखलाई कुलो काटेर बगाउनु छ
जिन्दगीलाई पारिलो चौतारी बनाउनु छ
तर कुहिरो कता कता मडारिइरहन्छ

थाहा छैन हिडेको बाटो कहाँ पुग्छ
थाहा छैन टेकेका पाइलाहरूले
कैलेसम्म साथ दिन्छन्
तर पनि अविरल, अविराम र अविश्रान्त
बगिरहेछ बांगोटिंगो भएर कर्नाली जस्तै
सूर न तालमा जिन्दगी
परिस्थितिको चकटीमा पलेटी मारेर
अर्जुनदृष्टि लगाएर हेर्छु बांचेको
समयलाई
परदेशमा झरी परिरहन्छ-
कहिले सम्झनाको
कहिले आकासे पानीको
कहिले आंसुका……

बुटवल, रूपन्देही, हाल-टोकियो जापान

डेंगु ज्वरोबाट बच्न निम्न उपायहरू अपनाउनुहोस् ।

लामखुट्टेको टोकाइबाट बच्नुको साथै लामखुट्टे वृद्धि रोक्नुपर्छ । यसका लागि निम्न उपायहरू अपनाउनुहोस् :

- पानी जम्ने भाँडाहरूको व्यवस्थापन गर्नुहोस् ।
- पानीका ट्याङ्कीलाई लामखुट्टे प्रवेश गर्न नदिने गरी राख्नुहोस् ।
- कुलरमा रहेको पानीमा प्रत्येक हप्ता दुई चम्चा मट्टीतेल राखिदिनुहोस् वा पानी फेर्नुहोस् ।
- फूलदानीमा रहेको पानी हप्तामा दुई पटक फेर्नुहोस् ।
- सम्भव भएसम्म दिउँसो सुत्दा पनि झुल प्रयोग गर्नुहोस् । बालबालिकाहरूलाई जुनसुकै समयमा पनि झुलभित्र सुताउनुहोस् ।
- दिउँसो बस्दा पनि पूरा बाहुला भएको शरीर पूरा ढाक्ने लुगा लगाउनुहोस् ।
- घरपरिपरि सफा सुग्घर राख्ने र पानी जम्ने खाल्डाखुल्डी पुर्नहोस् ।

स्वास्थ्य कार्यालय, गुल्मी

महाकविको "लक्ष्मी निबन्ध-सङ्ग्रह"को पुनर्पठन अनुभव

जयदेव गौतम

महाकवि लक्ष्मीप्रसाद देवकोटाको पुस्तक "लक्ष्मी निबन्ध-सङ्ग्रह" आफैँमा दूरगामी महत्त्व बोकेको एक उल्लेखनीय किताब हो । नेपाली साहित्यको एक कोशेढुङ्गा हो । यसलाई अङ्ग्रेजीमा "क्लासिक बुक" भन्नुपर्ने हुन्छ । तर नेपालीमा यो "क्लासिक" भन्ने शब्दको रूपान्तर ठ्याक्कै यही हुन्छ भनेर भन्न सकिँदैन । के भन्ने ? जस्तो- शास्त्रीय ? युगान्तकारी ? प्रभावशाली ? विलक्षण ?... अथवा, स्वयं क्लासिक भन्ने शब्द नै चलाउनु पर्ने हो ?

क्लासिक किताबहरू अचेलको समयका उत्कृष्ट बिक्री (बेस्टसेलर) भएका वा भनिने किताबहरूभन्दा धेरै फरक हुन्छन् । किनभने क्लासिक किताब त त्यो किताब हो जसले पाठकमा अविस्मरणीय छाप छोडेको हुन्छ, एक किसिमको नशा चढे जस्तो बनाइदिन्छ र एक पटक मात्र होइन बरु पटक-पटक पढ्नुपर्ने इच्छा जगाइदिएको हुन्छ । जति पटक पढे पनि आफूतिर तानिरहन्छ र एक पटक पढिसकेपछि पनि त्यही किताबबारे, त्यही किताबमा उल्लेख भए गरिएका घटना र पात्रहरूबारे, अनि त्यसको कथानकबारे आफैँसँग पनि र अरूहरूसँग पनि वार्ता गरूँगरूँ जस्तो लाग्ने बनाइरहन्छ । लागिरहन्छ पनि । यस किसिमका किताबहरूको पठन समयको बन्धनमा बाँधिएको हुँदैन, अर्थात्, ती किताब सीमाहीन हुन्छन् र जहिले जहाँ मन लाग्दा पढे हुने किसिमका हुन्छन् ।

कस्ता किताबलाई क्लासिक भन्ने ? यस सम्बन्धमा विवाद हुन सक्ला । मतान्तर हुन सक्ला । तर आम मान्यता के हो भने प्राचीन ग्रीस, इजिप्ट र रोमन साम्राज्यकालीन लेखन अनि यता वेद, उपनषिद्, संहिताहरू, रामायण, महाभारत, गीता र विभिन्न विद्वान्हरूले लेखेका संस्कृतका अद्भुत ग्रन्थहरू सबै नै क्लासिक किताबहरूको श्रेणीमा आउँछन् ।

विश्व-साहित्यमा एकाध दशकपहिले मात्र होइन, दशकौं र शताब्दियौं पहिले लेखिएका थुप्रै पुस्तकहरू क्लासिक किताबहरूको दर्जामा सुरक्षित छन् । यी किताबहरूले आफू लेखिएको समकालीन समय मात्र नभएर लगभग हरेक समय,

काल र परिवेशमा पनि उस्तै महत्त्व, उस्तै स्वाद, उस्तै भाव र उस्तै सन्देश दिइरहेका हुन्छन् । ती किताबमा जीवन र जगत् हुन्छ, दुःख र सुख हुन्छ, पीडा-व्यथा र आल्हाद हुन्छ, कठोरता र सरलता हुन्छ, सफलता र असफलता हुन्छ, क्षय र जय हुन्छ, असन्तोष-आत्मश्लाघा-आत्ममुग्धता, त्रासदी र सन्तोष अनि सामाजिक वा मानसिक अन्तरद्वन्द्वका अनेकअनेक पाटाहरू हुन्छन् । मानिसले गुमाएका र पाएका अनि हारेका र लडेका अनि ढले पनि फेरि फेरि उठेर लडेका र लक्ष्य हासिल गर्न लागिपरेका कथाहरू हुन्छन् । एक बारको जुनीलाई आफूमा मात्र सीमित नगरी परमार्थमा लगाउनु पर्ने अजस्र सन्देश प्रवाह गरिरहेका हुन्छन् ।

शास्त्रीय किताबहरूमा उच्चस्तरीय गुणवत्ता, आकर्षण, दीर्घता र प्रभावोत्पादक क्षमता हुन्छ । अरिस्टोटल, प्लेटो, होमर, भर्जिल, सोफोक्लीज, सिसेरो, मिल्टन, शेक्सपियर, भर्जिनिया वुल्फ, अगाथा क्रिस्टी, वाल्मीकि, कालिदास, पाणिनि, जेमिनी, भर्तृहरि, शिलाभत्रिका, मोरिका, भवभूति, वाणभट्ट, मिर्जा गालिब, भानुभक्त, लक्ष्मीप्रसाद देवकोटा, लेखनाथ पौडेल, बालकृष्ण सम, योगी नरहरिनाथ, गुरुप्रसाद मैनाली, विश्वेश्वरप्रसाद कोइराला, पारिजात, भूपि शेरचन आदि जस्ता तमाम लेखकहरूका रचना के कहिल्यै पुराना भइसके भनेको सुनिएको छ ? छैन । हुन पनि सक्दैन । किनभने ती र त्यस्ता रचनाहरूमा शाश्वत एवं सार्वभौम आकर्षण भरिएको छ ।

एकपछि अर्को किताबहरू पढ्दै नियमित अन्तरालमा समीक्षा वा चर्चा पनि लेख्दै जाँदा आफैँलाई लाग्यो, किन सधैँ नयाँनयाँ र केवल पछिल्लो समयमा प्रकाशित किताबहरूबारे मात्र चर्चा गर्ने ? किन कुनै पुरानो (वा, क्लासिक नै भनिने) किताबको कुरा नगर्ने ? नयाँ पुस्तकसँग तुलना गर्न मात्र होइन बरु स्वयं त्यही पुरानो (वा, शास्त्रीय) पुस्तककै नयाँ समीक्षा किन नगर्ने ? कुनै पुरानो किताब पढेर नयाँ अनुभव किन नसँगाल्ने ? यही सोचले डोर्‍याउँदा अन्य कोहीभन्दा मेरो मनमा महाकवि लक्ष्मीप्रसाद देवकोटाको नाम र उनको "लक्ष्मी निबन्ध-सङ्ग्रह" माथि लेख्नुपर्ने विचार पलायो ।

यसो हुनुको पनि खास कारण छ ।

मलाई लाग्छ- नेपाली साहित्यमा आजसम्म सबैभन्दा धेरै पढिएका, सबैभन्दा धेरै लेखिएका र सबैभन्दा धेरै चर्चा गरिएका तर कसैले सम्पूर्ण रूपमा बुझ्न नसकेका सर्जक कोही छ त त्यस्तो व्यक्तित्व केवल उनै देवकोटा हुन् । (यद्यपि घरघरमा पढिने र आदर एवं जतनसाथ राखिने पुस्तक भनेको निःसन्देह भानुभक्त आचार्यको "रामायण" नै हुनुपर्छ, तर त्यसमा साहित्यभन्दा धार्मिकताको प्राधान्य छ) । त्यसो भएर पनि देवकाटाका बारेमा अथवा उनको कुनै रचना-विशेषमाथि फेरि केही लेख्नु

आफैँमा गहन चुनौती हो । यसो हुनुको आफ्नै विशेष कारण छ । एक त देवकोटा सधैँ धाराप्रवाह लेख्थे र एक पटक लेखेपछि जे भए पनि त्यसलाई दोहोर्‍याएर पढ्दैन थिए (अर्थात् पुनर्लेखन गर्ने स्वभाव थिएन) । अर्को र अझ महत्त्वपूर्ण, उनी एक्लैले छओटा त महाकाव्य नै लेखेका छन् । थप चारओटा अधूरा महाकाव्य छन् । यति मात्र कहाँ हो र ? उनले खण्डकाव्य र काव्य मात्रै त छत्तीसओटा, कविता-सङ्ग्रह एक्काइसओटा र दुईटा निबन्ध-सङ्ग्रहका साथै नाटक, कथा, उपन्यास, समालोचना आदि पनि लेखेका छन् । उनले अङ्ग्रेजी साहित्यका केही रचनाहरू नेपालीमा अनुवाद पनि गरेका हुन् ।

अब यस्तो विराट् प्रतिभाको एकल रचना नभई कुनै सिङ्गै कृतिबारे केही लेख्नु चानचुने हिम्मतले सकिने कुरै भएन । सानोतिनो साहसले पनि हुन सक्ने कार्य भएन । स्वाभाविक छ, यो कार्य फत्ते गर्न ठूलो आँट चाहिन्छ । अनि त के थियो र ? आँटको पटुका बेरैँ र निस्किएँ शब्द-विचारको मैदानमा । स्वयं देवकोटाले यसै किताबको भूमिकामा लेखेझैं, “यो मूर्ख हुनुमा घिनाउँदैन यदि मूर्खतामा पनि एक किसिमको साहित्यिक रस भरिएर विनोदकारी बनोस् ।”

महाकविका जम्मा दुईटा निबन्ध-सङ्ग्रह प्रकाशित छन् । ती हुन्, क्रमशः “लक्ष्मी निबन्ध-सङ्ग्रह” र “दाडिमको रुखनिर” । यी दुईमध्ये पहिलो सङ्ग्रह अर्थात् “लक्ष्मी निबन्ध-सङ्ग्रह” नै बढी चर्चित अनि धेरै लोकप्रिय पनि छ । प्रस्तुत पङ्क्तिहरू लेख्दै गर्दा मेरो हातमा रहेको पुस्तक साझा प्रकाशनले विक्रमाब्ध २०५७ मा पन्ध्रौं पटक भनेर छापेको तर किताबकै चाहिँ सोह्रौं संस्करण हो । यो किताब आकारमा ‘डिमाइ’भन्दा सानो ‘पकेट-बुक साइज’मा छापिएको छ । जम्मा पाँच हजार एक सय प्रति छापिएको र दुई सय पाँच पृष्ठ लामो यस पुस्तकको मूल्य सतसट्ठी रुपैयाँ छ । आकारमा सानाठूला गरेर यस किताबमा कुल सैंतीसओटा निबन्ध सङ्गृहीत छन् ।

महाकविले यस सङ्ग्रहभित्र अटाएका धेरै निबन्धहरू वि.सं.२००२ मा लेखेका थिए (मलाई जान्न चाहिँ औधी मन छ, उनले यो किताब कति दिनमा लेखिसकेका होलान् !) । लगत्तै त्यही वर्ष यसको पहिलो संस्करण छापिएको थियो । यसको अर्थ के हो भने यो किताब नेपालीमा छापिएको पहिलो निबन्ध-सङ्ग्रह हो, यद्यपि छिटपुट निबन्धहरू त्यसभन्दा पहिले पनि र खासगरी वि.सं.१९९२ देखि प्रकाशन शुरू भएको साहित्यिक पत्रिका “शारदा” मा फाटफुट छापिन थालिसकेका थिए । यसर्थ महाकवि देवकोटा पहिलो निबन्ध लेखक नभए पनि नेपाली साहित्यलाई पहिलो निबन्ध-पुस्तक दिने व्यक्तित्व भने हुन् नै । भूमिकामा उनले भनेका पनि छन्, “यस किसिमको रचना नेपालीमा प्रचलित नभएकोले मैले यसतर्फ हातको कुतकुती नोकदार कलमले

चुट्किलो तवरसँग मार्ने एउटा मीठो प्रयत्न गर्न खोजेको हुँ ।"

"लक्ष्मी निबन्ध-सङ्ग्रह" मा भूमिका दुईओटा छन् भने पनि हुन्छ । पहिलो भूमिका त 'भूमिका' शीर्षकमै सुसज्जित छ । त्यसपछि किताबको पहिलो निबन्धका रूपमा आएको 'श्रीगणेशाय नमः' पनि वास्तवमा अलि विस्तारित भूमिका नै हो । यस निबन्धमा देवकोटाले आफूले लेखकीय भूमिकामा भनेका कुराहरूलाई नै विस्तार दिएका छन् र 'प्रबन्ध' बारे आफ्ना धारणा थप तर्कपूर्ण ढङ्गले रोचक शैलीमा पस्केका छन् । यस भूमिका-निबन्धमा उनले आफूबारे, आफ्नो स्वभावबारे, नेपालको पढालेखा वा पढ्दै-पढाउँदै गरेको अवस्थाबारे, अङ्ग्रेजी पठन-पाठन एवं अङ्ग्रेजहरूको सम्पर्कले नेपाल र नेपालीहरूमाथि पार्दै वा पर्दै गएको अगोचर अवस्था उजागर गरेका छन् ।

यसै भूमिका-निबन्धमा अगाडि, आफूले किन लेख्ने गरेको र केही उल्थाकार्य पनि गरेको तथ्य औंल्याउँदै उनले जीवनप्रतिको आफ्नो दृष्टिकोण पनि प्रस्तुत गरेका छन् । लेख्छन्, "जीवन भनेको नै लहराउनु, तरंगिनु, चलमलाउनु, गुनगुनाउनु हो । ... म कुनै शैलीका निमित्त लेख्दिनँ, लेख्तछु लेख्नका निम्ति र आफ्ना विचार र भावहरूलाई सकभर सच्चा प्रकाशन गर्नका निमित्त प्राकृतिक तवरले जस्तो विषयमा मन जसरी डुल्यो, जस्तो झल्काझल्की फेला पऱ्यो, उस्तै लेखिदिन्छु । राम्रो बनाउने सचेत भावले मनुष्यको कला बिग्रन्छ ।"

"लक्ष्मी निबन्ध-सङ्ग्रह" मा लेखकीय भूमिका लगभग दुई पृष्ठ मात्र छ भने किताबको पहिलो निबन्ध 'श्रीगणेशाय नमः' पाँच पृष्ठ र अन्तिम निबन्ध 'सत्य सोझो हन्छ' सवा दुई पृष्ठ लामा छन् । किताबको सबैभन्दा लामो निबन्ध 'कल्पना' शीर्षकको निबन्ध हो जुन तेह्र पृष्ठसम्म विस्तारिएको छ । दोस्रो लामो निबन्धका रूपमा 'कला र जीवन' शीर्षकको निबन्ध छ, जुन सवा एघार पृष्ठमा र योसँगै 'जूवा' शीर्षकको निबन्ध पनि एघार पृष्ठसम्म बगेको छ । यसका अतिरिक्त कतिपय निबन्ध चारदेखि आठ पृष्ठसम्म तन्किएका छन् जसमा खासगरी 'मान्छे-जादू' सवा आठ पृष्ठ, 'छन्द र लय' आठ पृष्ठ, 'कुम्भकर्ण' सात पृष्ठ, 'साधुको माहात्म्य' छ पृष्ठ, 'पण्डित लेखनाथ पौड्यालको विषयमा' सात पृष्ठ, 'सुस्तरी श्वास फेर' सात पृष्ठ, 'शिक्षा' सात पृष्ठ आदि छन् ।

महाकविका सर्वाधिक चर्चित निबन्धमध्येको एक 'के नेपाल सानो छ ?' यसै किताबमा एघारौं अध्यायका रूपमा सङ्गृहित छ र जम्मा सात पृष्ठ लामो छ भने अर्का यस्तै लोकप्रिय निबन्धहरू क्रमशः 'पहाडी जीवन' नौ पृष्ठ, 'नेपाली साहित्यको इतिहासमा सर्वश्रेष्ठ पुरुष' पाँच पृष्ठ, 'हाइ हाइ अंग्रेजी' छ पृष्ठ, 'भलादमी' चार

पृष्ठ, 'आषाढको पन्ध्र' पाँच पृष्ठ, 'गधा बुद्धिमान् कि गुरु ?' तीन पृष्ठ, 'मान्छेलाई घडीबाट हुने हानि' साढे दुई पृष्ठ लामा छन् । अन्य केही निबन्ध त भूमिका जस्तै केवल डेढ वा दुई पृष्ठ लामा मात्र छन्, जसमा आउँछन् क्रमशः 'मेरी शिशु', 'सुकुलमाथि', 'लेख्ने बानी' (सवा दुई पृष्ठ), 'वीरहरू' (सवा दुई पृष्ठ), 'नेपाली गुण्डो' (सवा दुई पृष्ठ), 'एउटी चरीको चिरीबिरी' (सवा दुई पृष्ठ), आदि ।

महाकवि देवकोटाले कतिपय निबन्धहरूमा निकै लामा -आधा पृष्ठदेखि लिएर डेढ पृष्ठसम्म र त्योभन्दा अझ लामा- प्याराग्राफ लेखेका छन् । उनको लेखनशैली नै साना प्याराग्राफ नलेख्ने देखिन्छ । 'मसलाको बोटले के हेर्छ ?' शीर्षक निबन्धको पहिलो प्याराग्राफ करीब डेढ पृष्ठ लामो छ भने जम्मा पाँच पृष्ठ लामो यस निबन्धमा केवल आठ प्याराग्राफ छन् । यस्तै, 'हास्यरस' शीर्षक निबन्धमा त पहिलो प्याराग्राफ नै दुई पृष्ठ लामो छ भने पाँच पृष्ठ लामो यस निबन्धमा जम्माजम्मी सातओटा प्याराग्राफ छन् । पाँच पृष्ठ लामो 'आमाको दिल' शीर्षक निबन्धमा प्रारम्भका चौधओटा कविता पङ्क्तिलाई छाड्दा जम्मा आठ प्याराग्राफ छन् । यसैगरी पाँच पृष्ठ लामो 'जुँघा' शीर्षकको निबन्धमा जम्मा बाह्र प्याराग्राफ छन् । अझ, चार पृष्ठ लामो निबन्ध 'सरिताको कलकलमा' त केवल तीन प्याराग्राफ छन्, जसमध्ये दोस्रो प्याराग्राफ नै करीब साढे दुई पृष्ठ लामो छ! तर, अपवादका रूपमा, 'सत्य सोझो हुन्छ' शीर्षकको सवा दुई पृष्ठ लामो निबन्धमा भने एघार प्याराग्राफ छन् ।

थप अगाडि बढ्नुभन्दा पहिले उल्लेख नगरी नहुने एउटा सन्दर्भ छ । त्यो के भने, महाकविको यो पुस्तक पहिलो वा दोस्रो-तेस्रो पटक छापिँदा के कस्तो शीर्षकमा छापिएको थियो ? थाहा हुन सकेन । तर लाग्छ, सम्भवतः महाकविले आफ्नो यस पुस्तकको शीर्षक "लक्ष्मी निबन्ध-सङ्ग्रह" राखेका थिएनन् । किनभने यस किताबमा उनले कतै पनि 'निबन्ध' भन्ने शब्द नै प्रयोग गरेका छैनन् । बरु उनले त तत्कालीन 'नेपाल भाषानुवाद परिषद्' को अड्डामा बसेर लेखेको यस किताबको आफ्नो भूमिकामा हरेक ठाउँमा 'प्रबन्ध' भनेर उल्लेख गरेका छन्, र, जम्मा छ ठाउँ नै यही शब्द छ ।

सानो चिटिक्कको भूमिकामा उनी लेख्छन्, "मेरो परिचय मेरै प्रबन्धहरूले साफसँग त्यस पाठकलाई दिनेछन्, जो सच्चा श्रद्धाको आँखा लगाएर तिनलाई पंक्तिका बीचबीचमा पढ्नेछ । कहीं म प्रबन्धभित्र आफैं घुसेको छु ... ।" "... यहाँ लेखिएका प्रबन्धहरू विभिन्नताको मौजी मसलाको महक लिएर चहकिला बनेका होलान् कि आशा राखेको छु ।" " ... यी प्रबन्धमा म कविजस्तो केही मात्रामा देखिन्छु, किनकि कवितात्मक कल्पना-प्राचुर्य र कविताशक्ति धेरै ठाउँमा स्पष्टतया

झल्किरहेका होलान् ।" "... चुरोट खाँदै साथीभाइसँग चुट्किलो जेहेन देखाउने ताश गञ्जिफा गफजस्तो यो प्रबन्ध हलुका क्षणको श्रृङ्गार हो ।" "... तर यी विषय (भाषानुवाद परिषद्) अड्डाका थिएनन्, म स्वतन्त्रताको बगदादी कारपेटमा बसेर प्रबन्धरानीलाई हावामा उडाइरहेको थिएँ ।"

महाकविले आफ्ना यी रचनाहरूलाई निबन्ध नभनेर प्रबन्ध किन भनेका होलान् ? यस विषयमा नेपाली साहित्यका स्थापित विद्वान्-विदुषीहरूले उस्तोविधि चर्चा-परिचर्चा गरेको पाइँदैन, देखिँदैन, सुनिँदैन। मेरो विचारमा भने, महाकविले प्रबन्ध भनेको भए पनि, साहित्य-अनुरागीहरूलाई थाहा छ, उनको "लक्ष्मी निबन्ध-सङ्ग्रह" साँचो अर्थमा सुन्दर निबन्धहरूको एक उत्कृष्ट सङ्गालो हो । कल्पना, भावना एवं विचार र बौद्धिकताको अप्रतिम एवं रोमाञ्चक त्रिवेणीले आलोडित यी रचनाहरूमा प्रबन्ध भन्न मिल्ने (वा पर्ने !) सिर्जना लगभग छैनन् । उनले कुनै पनि शीर्षकमा नितान्त वस्तुगत -अब्जेक्टिभ- भई बाँधिएर लेखेका छैनन् ।

समग्रमा उनले लेखेको यस किताबको भूमिका आफैँमा एक सुन्दर निबन्धजस्तो छ। तापनि यही भूमिकाको मध्यतिर रहेका तीन पङ्क्ति पनि अक्सर चर्चामा आइरहने गर्छन्, जहाँ देवकोटाले भनेका छन्, "मर्दगद्य लेख्न अरूहरू आउनेछन् तर यहाँ शायद पोथी-गुण होला- एक किसिमको रङ्गीचङ्गीपन मनपर्ने सजीव कोमलता जो बौद्धिक शक्तिहरूसँग भन्दा हार्दिक कोमलतासँग सम्बन्ध राख्तछ ।" नेपाली साहित्यमा छिटपुट रूपमा 'मर्दगद्य' र 'पोथीगद्य' भनेर चर्चा वा संवादहरूमा आउने गर्छ, यद्यपि यस्तो चर्चा वा संवादले कुनै कम्पन भने सिर्जना गर्दैन । यसले कहिल्यै चियाको गिलासमा तूफान उठाएको छैन ।

यही लेखकीय भूमिकामा उनले लेखेका यी वाक्यहरू पनि निरन्तर चर्चामा आइरहने गर्दछन्, "यो एक किसिमको मनको जालीले जगत्मा लहडी माछा मार्ने कला हो। यो टेबिल-गफ हो, चश्मादार अध्यापकको व्याख्यान होइन, न त वमन-वेदान्त। यसमा ठर्रोपना हुँदैन, यो लच्किन्छ र घनिष्ठतातिर ओर्लिन्छ। ... राम्रो बनाउने सचेत भावले मनुष्यको कला बिग्रन्छ। ... म मै जस्तो छु, अरू जस्तो छैनँ। मैले आफ्नो व्यक्तित्व प्रदर्शन गर्न खुर्सानीको माला लगाउनु पर्दैन, प्राकृतिक भावमा चले मेरो सच्चा रूप निक्लिहाल्छ । ... प्रबन्ध पनि एक कला हो, तर बनावटी कलाभन्दा प्राकृतिक कला रोचक हुन्छ । मेरो मनमा कला छैन भने खाली तोडमरोड हो । भित्रैबाट संगति मिलाएर कलाको जादूगरी निक्लियो भने त्यसमा दिव्यता देखिन्छ।"

यहाँनिर महाकविले निबन्ध-लेखनलाई 'टेबल गफ' भनेका छन् भन्ने कुरा पटक पटक उठाइने गरिन्छ। तर, मलाई लाग्दैन महाकविले समग्र निबन्ध-लेखन विधालाई

नै टेबल गफ भनेका थिए। बरु मेरो विचारमा त, उनले यी निबन्धहरू कार्यालयभित्र त्यहाँको कुर्सी-टेबल प्रयोग गर्दै स्वतन्त्र परिवेशमा लेखेका थिए, र त्यसकारण, उनले आफ्ना निबन्धहरूलाई हल्का ढङ्गले टेबल गफ भनी दिएका मात्र हुन्। उसै पनि 'टेबल गफ' भनेर यति गहकिला, यति चहकिला, यति गम्किला, यति वजनदार, यति कल्पनातीत, यतिविधि दिल्लगी गर्दै मगजकारखाना नै हल्लाइदिने र यतिविधि हृदयमा फूल मात्र नभएर सिङ्गो बगैंचा नै लहलहाइदिने निबन्धहरू लेख्न सकिँदैन। यसै सन्दर्भमा महाकविले 'के नेपाल सानो छ ?' निबन्धमा लेखेको एक उद्दरण यहाँ सटीक बस्ला जहाँ उनी भन्छन्, "सजीव अनुभवहरूको कलात्मक प्रकाशन साहित्य हो भने जो सच्चा नेपाली छैन, त्यसले नेपाली साहित्य लेख्न सक्तैन।" (पृ.५६)।

अझ नपत्याए उनको 'नेपाली साहित्यको इतिहासमा सर्वश्रेष्ठ पुरुष' शीर्षकको निबन्धमा उनले लेखेका केही पङ्क्ति हेरौं त- कति निष्पक्ष, कति निःस्वार्थी, कति भावनात्मक, कति गहन र कति सम्मानार्थी छन्, "साहित्यिक श्रेष्ठताको नाप जनतामा परेको प्रभाव र सर्वकालीन हृदयस्पर्शितामा निर्भर रहन्छ। नेपाली साहित्यको इतिहास हेर्दा हामीलाई त्यत्तिको प्रभावकारी र सर्वप्रिय रचनाहरू अरू जँच्तैन, जत्तिको भानुभक्त कविको नेपाली रामायण।" (पृ.२२)।.... "भानुभक्तले त्यस बेला रामायण लेख्ने विचार गरे, जुन बेला नेपाली भाषा नेपालीको ओठैंमा मात्र रहन्थ्यो, जब त्यसमा निश्चित आकार र उद्देश्य थिएन, जब व्याकरण गर्भमा थियो, जब पढेका अहंमानी पण्डितहरू भाषाको नामलाई नाक चेप्राएर नफरत गर्दथे, जब उनीहरूको मनमा 'नेपाली साहित्य' नामक शब्दयोजना नै उपहास जस्तो लाग्यो।" (पृ.२३)। ... "साहित्यको सर्वश्रेष्ठ पुरुष त्यही हो जो राष्ट्रको हृदयमा सबभन्दा तीव्र भएर बस्तछ। ... उनी आडम्बरबाट त्यति नै टाढा थिए, जति एक ध्रुवबाट अर्को ध्रुव। उनी सच्चा ब्राह्मण थिए र उनलाई सब नेपालीको घरमा सत्कार छ। उनले जानेनन् उनी के गरिरहेथे, तर हामी जान्दछौं- उनीले हाम्रा निमित्त के गरेर गए। ... उनी व्याकरणबद्ध थिएनन्, उनको व्याकरण नैसर्गिक बुद्धिको नियम थियो।... हामी भानुभक्त पढेर शिक्षा शुरू गर्दछौं र उनलाई हेलाँ गरेर समाप्त गर्ने गर्दछौं, तर बुझ्नेहरू आफ्नो घरको बत्तीमा अर्कै मोहनी देख्तछन्।... उनी आधुनिक कवि झैं कवि हुन बालाजू गएका थिएनन्, तर बालाजू आइपुग्दा कवि बनेका थिए। त्यस ठाउँले उनलाई छोएको थियो।... मलाई उनी प्यारा छन्, मेरा निम्ति नेपाली साहित्यको इतिहासमा उनी सर्वश्रेष्ठ पुरुष हुन्।" (पृ.२४-२६)।

अर्को एक उत्कृष्ट दार्शनिक निबन्ध 'पाँचोटा चाहिने कुरा' मा उनी लेख्छन्, "दुनियाँमा पाँचोटा चाहिने कुराहरू छन्- ईश्वर, आत्मा, स्वर्ग, नरक, धर्म।... जहाँ यी पाँच कुरा छन्, त्यहाँ अनन्त जीवन र अनन्त शक्ति, स्वर्गको बाटो र उन्नति

रहन्छन् । ईश्वरविना ऐंडी हुँदैन, आत्माविना माटो हुन्छ, किरण हुँदैन, जवाफदेही हुँदैन । नरकविना त्रास हुँदैन र धर्मविना बाटो हुँदैन ।" (पृ.२७/३१) ॥

अर्को निबन्ध 'मान्छे-जादू' मा उनी लेख्छन्, "हामी यही तवरले जीउ छाम्छौं, यसै गरी मर्दा छौं र जीवन भन्ने जादू आजसम्म बुझिएन । माछाले पानी बुझेन, जिउनेले जीवन ।" (पृ.४०) ॥... "यो मान्छे-जादू दुई खुट्टामा हिंडिरहेछ र संसारको रङ्गमञ्चमा नाची-नाची आफू दर्शक हुँदो पनि छ र आफ्नो प्रदर्शनी पनि देखाउँदो छ । यसभन्दा ठूलो चमत्कार दुनियाँमा छैन र यो शरीरको भित्र विचित्र कार्यहरू अध्ययन गरी नसक्नाका सूक्ष्महरू देखाउँछ । यो धूलोलाई शहर बनाउँछ र शहरलाई धूलो । यसको मुख्य जादूघर खप्परमा रहन्छ र त्यसका झिल्कामिल्का कहीं लण्डन हुन्छन्, कहीं कान्तिपुरी । जहाँतहीं यो झल्किएकै छ ईंटदेखि लिएर ताजमहलसम्म । म अरू सबै जादूगरभन्दा आफैंलाई सबभन्दा विचित्रको ठान्दछु ।" (पृ.४४-४५) ॥

अर्को निबन्ध 'के नेपाल सानो छ ?' मा महाकवि लेख्छन्, "नेपाल ! सुन्दर, शान्त, विशाल !" ... "हीरा सानो हुन्छ, मोती सानो हुन्छ, मणि सानो हुन्छ, मिष्टभाषी निर्मल शिशु सानो हुन्छ, आँखाको नानी सानो हुन्छ । मुटुको केन्द्रको झल्का झन् सबैभन्दा सानो हुन्छ ।" (पृ.५१) ॥ ... "नेपालभन्दा चीन ठूलो कसैले मलाई भन्यो भने त मलाई मान्छेभन्दा हात्ती ठूलो भनेको सुन्दा हाँस्न मन लागेजस्तो लाग्छ ।" (पृ.५२) ॥ ... "सानो, मीठो, शान्त, सुगन्धी, अनुपम- बस ! मेरा निमित्त त्यही हो नेपाल ! यहाँ वाग्नर कोदाली खनिरहेछन्, शेक्सपियर हलो जोत्ता हुन्, टिसियन र टर्नर भेडा चराउँदा हुन्, सोक्रेटिज गुफामा घोत्लिरहेका होलान्, कालिदास आषाढको पन्ध्रमा धाराप्रवाह गीत गाइरहेका होलान्, मकहाँ साण्डोले दाउराका भारी बोकेर ल्याउँछन्, मेरो वनमा हेलेन केलरहरू गीत गाउँदछन्, यहाँ कति सावित्रीहरू छन्, जसका कथा संसारले सुनेकै छैन, यहाँ कति साहित्य छ, जो लेखिएकै छैन, न लेखिनेछ । नालाहरूका प्राकृतिक वेद बुझ्ने आजकल कति हृदय होलान् !" (पृ.५३) ॥

मलाई लाग्छ, महाकविले 'के नेपाल सानो छ ?' भनेर लेखेको जस्तो देशप्रेमको उद्भट रचना हत्पति अन्य कसैले लेख्नै सक्दैन । नेपालीमा त यस्तो अर्को रचना छँदै छैन, लेखिएकै छैन ।

यस्तै अर्को निबन्ध 'कला र जीवन' मा महाकवि लेख्छन्, "कला भनेको सिर्जनात्मक कल्पनाद्वारा सत्यको सुन्दर प्रकाशन हो ॥" "... कलाले संशयको द्वार खोल्दछ, घामको उज्यालोले नभेट्टिने केही झल्काइदिन्छ, खँदिलो नभएको कुरा छमाइदिन्छ, ढुङ्गा सपना बनाइदिन्छ र हावाको सन्देश सुनाइदिन्छ ॥" "... सत्यता, सौन्दर्य, सिर्जना, हृदयस्पर्शिता र सूचनात्मकता- यी कलाका मुख्य गुणहरू हुन् ॥" "...

कलाको आत्मसमर्थन जीवनलाई उचाल्नु र भर्नुमा छ, र आनन्द दिनु र हृदयकेन्द्रलाई छोएर उच्च बोधद्वारा नैतिक शिक्षण बन्न जानु उच्च कलाको लक्षण हो ॥" "... कलालाई जीवनबाट बिल्कुल विच्छेद गर्न सक्दैनौं, कलामा मनुष्य आफ्नो अत्युत्तम अवस्थामा देखा पर्दछ, आफ्नो जीवनको सारांश झल्काउँछ र आफ्नो घामपानीको हिस्साबाट फुलेका चीजहरूबाट सुगन्ध फैलाउँछ ॥" (पृ. ७५/८०/८१/८५) ॥

अर्को निबन्ध 'छन्द र लय' **मा महाकवि लेख्छन्,** "विश्वमा छन्द नभए म कवि हुन सक्ने थिइनँ, चैतन्य नभए म अनुभूति पाउने थिइनँ, स्वर्ग नभए खोज्ने थिइनँ, नरक नभए डराउने थिइनँ, सिर्जना नभए मुखरित हुने थिइनँ ।" (पृ.१०२) ॥ "... मलाई सिर्जना मीठो छ, प्रेम रसिलो छ, र म आफूलाई झिल्का बनाएर छर्न चाहन्छु । म छन्द र लय टिप्छु जस्तो सुकुमारी पहाडकन्याहरू ऐंसेलु टिप्दछन् ।" (पृ.१०४) ॥

किताबकै लामो निबन्ध 'कल्पना' मा उनी लेख्छन्, "...जहाँ कल्पनाको जादूगरी छैन, त्यहाँ आनन्दको सच्चा आत्मा रहेको हुँदैन । कल्पनाहीन मनुष्यहरू जीवनका उच्च कक्षाका मोजहरूबाट हरहमेशा वञ्चित छन् ।" (पृ.१११)

अर्को निबन्ध 'मसलाको बोटले के हेर्छ ?' मा लेख्छन्, "मेरो सिद्धान्तमा एरोप्लेनको दाज्यू चङ्गा नै हो । पखेटाको अभावमा मनुष्यजातिले हृदयमा चोट परेको चेतले चराहरूलाई गिज्याउन चाहन्थे क्यारे ?... मनुष्य अविदिततिर भ्रमण गर्न चाहन्छन्- चङ्गालाई उडान दिएर, त्यसका चेतहरू र सजीव अनुभवहरू धागाको नाडीमा बल्केको छाम्न चाहन्छन् ।" (पृ.१३७) ॥

यस्तै अर्को निबन्ध 'नेपाली गुण्डो' मा लेख्छन्, "वैराग्य भनेको त्यसै आउँदैन, परमेश्वरको अनुग्रह चाहिन्छ । अनि सत्यको मोहनी लागेपछि ती सब बोक्रे चातुरीहरू र श्रृङ्गारकला आत्माको सच्चा मोहनीतिर लाग्दछन् । अनि तिनीहरू खोक्रा हुँदैनन्, खँदिला हुन्छन् ।" (पृ.१५०) ॥ यस निबन्धमा उनले लेखेका छन्, "हामी ज्यादा पोशाकमा भाउ र भडक राख्नेलाई गुण्डो भन्छौं, बोक्रेपन नै गुण्डोको प्रधान लक्षण हो । उसलाई आफू सिंगारिनुभन्दा सूक्ष्म कला कहीं छैन । ... बाह्य आकर्षणले आकर्षित हुन्छ र बोक्रे नजरहरूलाई आकर्षण गर्दछ । 'म' जस्तो राम्रो उसलाई केही छैन । ऊ दुनियाँमा आफ्नो विज्ञापन जाहेर गर्दछ । ... मानौं उसको काम आफू सिंगारिनु र दुनियाँको काम उसको तारिफ गर्नु मात्र हो । प्रशंसाले उसको नाक फुल्दछ ।" (पृ.१४८) । यसरी यस निबन्धले नेपाली समाजमा देखिने एक खास किसिमको प्रवृत्तिको लालित्यपूर्ण चित्रण गरेको छ ।

महाकविले 'हाइ हाइ अंग्रेजी' निबन्धमा नेपाली पढेका र नेपाली जान्नेहरू अंग्रेजी लेख्न, पढ्न र बोल्न नजान्ने भएर क्लान्त बनेको, उनीहरूको यथोचित कदर

नभएको बरु अंग्रेजी जान्ने र बोल्नेहरूकै वाहवाही अनि कदर हुने गरेको मात्र नभई सम्मान र अवसर पनि उनीहरूलाई नै उपलब्ध हुने गरेको चर्चा रमाइलो ढङ्गले गरेका छन् । अर्को निबन्ध 'जूवा' ले तत्कालीन समाजमा लोकप्रिय रहेको मारा-मारा भन्दै खेलिने कौडा खेलको (र, पासा खेल पनि) को चीरफार गरेको छ (तर महाकविले त्यो समयमा पनि लोकप्रिय रहेका फुटबल, ब्याडमिन्टन, टेबलटेनिस, क्रिकेट, चेस वा बुद्धिचाल र बाघचाल आदि कतिपय खेलबारे भने केही चर्चा गरेका छैनन्, शायद यी खेलहरू त्यो बेलासम्म जूवाको श्रेणीमा आइसकेका थिएनन् । र, शायद तिनताका ताशका अचेल अत्यधिक चल्तीमा रहेका रमी, फलास, ट्वान्टी-नाइन, दहलमारा, म्यारिज आदि खेलहरूले पनि आम जनजीवनमा प्रवेश पाइसकेका थिएनन् !) ।

यसरी माथि उल्लिखित मात्र नभएर यस किताबका हरेक निबन्धबारे र प्रत्येक निबन्धमाथि लामा-लामा अझ धेरै पृष्ठहरू लेख्न सकिन्छ । चाहे त्यो उनले कवि पण्डित लेखनाथ पौड्याललाई 'नेपालका आधुनिक अद्वितीय महाकवि र महापुरुष' (पृ.१५६) भनेको निबन्ध होस् वा 'गधा बुद्धिमान् कि गुरु', 'हास्यरस', 'कविराजको च्याङ्ग्रे खच्चर', 'कुम्भकर्ण', 'जुँघा' आदि जस्ता हास्य-व्यङ्ग्यले भरिएका निबन्ध होऊन्, अथवा 'पहाडी जीवन', 'मसलाको बोटले के हेर्छ ?' र 'गौरी-शंकर यात्रा' जस्ता यात्रा-संस्मरणको तिर्सना मेटाउने निबन्ध, अथवा 'मेरी शिशु' र 'आमाको दिल' जस्ता पिता-माताका वात्सल्य प्रेमले सराबोर पारिवारिक निबन्ध, आदि जुन निबन्ध पढे पनि महाकविले उठाएका विषय रोचक, पठनीय एवं ज्ञानवर्द्धक छन् । यसो भए तापनि 'कल्पना', 'छन्द र लय', 'कला र जीवन', 'आकार र अभिप्राय', 'सुस्तरी श्वास फेर' आदि कतिपय निबन्धले पढ्ने बेलामा ठूलै धैर्य र संयमको माग गर्दछन् । यी निबन्धहरूमा महाकविको कल्पना र दर्शन निकै गहिरो देखिन्छ, पढ्दा-पढ्दै सामान्य पाठक त अत्तालिन पनि सक्छ ।

किताबमा महाकविलाई रुचिकर लाग्ने केही शब्द छन् । आफूलाई प्रिय लाग्ने यी शब्दको प्रयोग धेरै पटक र धेरै निबन्धहरूमा गरेका छन् । यस्ता शब्दमा मूलतः जीवन, लय, कला, कल्पना, सिर्जनात्मकता, छन्द, नेपाल, नेपाली, सनातनी वैदिक संस्कृति, संस्कृत भाषा, अङ्ग्रेजी पठनपाठन र सभ्यता आदि प्रमुख छन् ।

यति मात्र होइन, निबन्धहरू लेख्ने क्रममा वा स्वयंलाई अभिव्यक्त गर्ने क्रममा महाकविले आफूलाई निर्बन्ध छाडी दिएका छन्, कल्पनाको उडानमा बेपर्वाह हुइँकाइ दिएका छन्, हिमालयबाट निःसृत सरिता जस्तै सारा कण्टकहरूलाई लाखापाखा लगाउँदै आफूलाई प्रवाहित गरी दिएका छन् । यसले गर्दा नेपाली, संस्कृत र अङ्ग्रेजी मात्र होइन, हिन्दी र फारसी अनि अरबी र उर्दू शब्दहरूले पनि महाकविका निबन्धमा

उल्लेखनीय स्थान पाएका छन् । अझ कतिपय नेपाली शब्द नै पनि उनले आफ्नो विचार र कल्पना अनुसार परिमार्जित वा नवीनीकरण पनि गरेका छन् । यस्ता केही शब्दहरू हुन्- दबावट, मिजाज, दोतर्फी, बहलाइदे, चुम्छ, सुनौलिएर, सहानुभौतिक, बेबूझ, प्रकाशिलो, उल्लासकता, ऐडी, गद्‌गदाएर, चिथरादार, हितैषिता, मख्खीचूस, हरामज्यादा, लगरीझगरी, तलाश, खरखुशामद, बूता हुँदैन, गौड गर्न, भोलापन, समीप, चटाई, नफरत, टप्किहाल्दथ्यो, शर्माएर, तकलीफ, वैकासिक क्रम, तारल्य, तरलायित, पर्दानशीन, तारीफ, खानसामा, तलास्न, उल्झन, गफलत, बलवा, खुशबू, एक्सप्ल्वाएटर, खेलबहाड, वदन, बहाड, बाबर्ची, डाल्दछ, उडिल्लो-बुडिल्लोपन, कल्पद्रुम, आँखमिचौनी, बेकारी, तासीर, दृढतया, नाज-नखरा, आबरु, चिडिया, अकेला, आसमान, जमीन, चिल्लाहट, बाबा आदम, बन्दरमुठ्ठे आदि-इत्यादि ।

महाकविको यस निबन्ध-सङ्ग्रहमा अर्को पनि एउटा विशेषता भेटिन्छ । त्यो हो, विभिन्न साहित्यकारहरूको नामोल्लेख । यसरी नाम उल्लेख गर्दा उनले धेरैजसो चाहिँ अङ्ग्रेजी कवि-लेखकहरूको नाम नै बढी उल्लेख गरेका छन्, जसमा कीट्स, वर्ड्सवर्थ, मिल्टन, शेक्सपियर, गेटे, कलरिज, ब्राउनिङ, सिगमण्ड फ्रायड, टिसियन, टर्नर, सोक्रेटिज, साण्डो आदि (उनलाई पी.बी.शेली, बायरन, भर्जिनिया उल्फ वा तत्कालीन अमेरिकी लेखक-कविहरूले उस्तो आकर्षित गरेको देखिँदैन) । अझ कतिपय अङ्ग्रेज लेखकहरूलाई बडो आदरपूर्वक उल्लेख गरेका छन्, जस्तो- मिष्टर आडिसन साहेब, रस्किन साहेब, स्विफ्ट साहेब आदि । उनले सबभन्दा धेरै चाहिँ वर्ड्सवर्थलाई उद्धृत वा दृष्टान्त प्रस्तुत गरेका छन् । तर अर्को विशेषता के हो भने उनले यी कुनै पनि विदेशी लेखकको पूरा नाम चाहिँ उल्लेख गरेका छैनन् ।

यो किताब पढ्दा थाहा हुन्छ, महाकवि केवल लेख्ने कलामा मात्र माहिर थिएनन्, उनी उस्तै गरी पढ्थे पनि । उनी गम्भीर अध्येता पनि थिए । उनका निबन्धहरूमा उनको अध्ययनको विस्तृत झलक पनि महसुस हुन्छ । रमाइलो लाग्छ, उनी आफूलाई वेदान्ती भन्छन्, ठाउँठाउँमा संस्कृतका वाक्य र श्लोकहरू पनि प्रयोग गरेका छन् तर महाकवि कालिदासबाहेक संस्कृतका अन्य कोही लेखक-कविको कत्ति चर्चा गरेका छैनन् ।

यही पक्ष नेपाली र हिन्दीका कवि-लेखकहरूको सन्दर्भमा पनि देखिन्छ । नेपालीहरूमध्ये उनले भानुभक्त आचार्य, लेखनाथ पौड्याल, बालकृष्ण शमशेर र धरणीधर कोइरालाको मात्र थोरबहुत उल्लेख गरेका छन् भने भारतका हिन्दी कविहरू क्रमशः ठाकुरजी, पन्तजी, निराला, जयशङ्करप्रसाद आदिको मात्र उल्लेख गरेका छन् (भन्न सकिँदैन, हाम्रा महाकविले मीर तकी मीर, मिर्जा गालिब, अलामा इकबाल आदि समेत उर्दू साहित्यका महारथीहरूबारे के कति पढन् पाए पाएनन् !) । उनले

जयशङ्करप्रसादका अतिरिक्त रवीन्द्रनाथ ठाकुर, सुमित्रानन्दन पन्त र सूर्यकान्त त्रिपाठी निरालाको चाहिँ थर मात्र उल्लेख गरेका छन् ।

यसको अर्थ स्पष्ट छ- महाकवि देवकोटालाई पढ्ने हो भने संस्कृत, नेपाली, हिन्दी र अङ्ग्रेजी साहित्यको धेरथोर जानकारी पक्कै हुनु पर्दछ। केवल लेख्न र पढ्न जानेर मात्र हुँदैन, केही विचार्न र केही कल्पना गर्न पनि सक्ने हुनु पर्दछ। यसो हुन सकेन भने उनका धेरैजसो ललित रचना बुझ्न र तिनको समुचित आस्वादन लिन सकिँदैन। किनभने उनका अधिकाँश रचना 'यात्री', 'गाइन् तिनले घँसिया गीत', 'वनकुसुम' आदि कविता अथवा 'मुना-मदन' खण्ड-काव्य जस्ता सबैले सहजै बुझ्ने किसिमका छैनन्।

त्यसो त महाकवि देवकोटाभन्दा पहिले पनि नेपालीमा निबन्ध लेख्नेहरू थिए। शम्भु ढुङ्गेल, झपट राणा, सूर्यविक्रम ज्ञवाली, पारसमणि प्रधान, भेषराज शर्मा आदि अनेक थिए उनीभन्दा पहिलेदेखि निबन्ध लेख्दै आएका। र, उनकै समकालीन भएर वा उनीभन्दा लगत्तैपछि पनि निबन्ध क्षेत्रमा कलम चलाउनेहरूमा हृदयचन्द्रसिंह प्रधान, माधवलाल कर्माचार्य, भीमनिधि तिवारी, बद्रीनाथ भट्टराई, जनकलाल शर्मा, श्यामप्रसाद शर्मा, तारानाथ शर्मा, बालकृष्ण पोखरेल आदि थुप्रै जना देखा परिसकेका थिए। निबन्धका किताबहरू नै पनि निस्कन थालिसकेका थिए। तापनि साहित्यमा जुन स्थान "लक्ष्मी निबन्ध-सङ्ग्रह" ले बनाउन सक्यो, जुन स्वागत र सम्मान यस निबन्ध-पुस्तकले पाउन सक्यो, र जुन आल्हाद यसले जन्माउन सक्यो, त्यो अन्य कुनै दोस्रो निबन्ध-किताबले सकेन।

समग्रमा, अत्युत्तम देवकोटेली सिर्जना "लक्ष्मी निबन्ध-सङ्ग्रह", आधुनिक निबन्धका बाजे फ्रान्सिस बेकनका शब्दमा, "एक पटक सर्सरी पढ्नका लागि मात्र होइन, बरु पढेर निल्नका लागि हो र निलेर पनि पचाउनका लागि हो।"

त्यसकारण पनि, निःसन्देह भन्न सकिन्छ, देवकोटाको "लक्ष्मी निबन्ध-सङ्ग्रह" जस्तो निबन्ध-कृति न पहिले लेखियो, न त्यसपछि नै कसैले लेख्न सक्यो। र, सम्भवतः लेख्न पनि सक्दैन। किन पनि भने लक्ष्मीप्रसाद देवकोटा एक जुगमा एक चोटि मात्र जन्मन्छन्। र, "लक्ष्मी निबन्ध-सङ्ग्रह" पनि, ठीक त्यसरी नै जसरी महाकवि कालिदासको "मेघदूत" काव्यिक महाग्रन्थ, र, कविवर जयदेवकृत महाकाव्य "गीत-गोविन्द"।

"लक्ष्मी निबन्ध-सङ्ग्रह" जस्ता किताबहरू कहिल्यै, कुनै युगमा पनि, पुराना हुँदैनन्। यी किताबको महत्ता कहिल्यै कम हुँदैन, हुन सक्दैन।

बगनासकाली-५, पाल्पा, हाल : भर्जिनिया, अमेरिका

पूर्वोत्तर क्षेत्रीय भाषा केन्द्र, असममा नेपाली भाषा शिक्षण : परिचय

डा. सृजना शर्मा

मानव संसाधन विकास मन्त्रालयअन्तर्गत भारतीय भाषा संस्थान मैसूरुको परियोजनाअन्तर्गत पूर्वोत्तर क्षेत्रीय भाषा केन्द्रको स्थापना ई. १९८९ मा भएको हो। यस केन्द्रलाई ई. २००० बाट अङ्ग्रेजीमा नर्थ इस्टर्न रिजनल ल्याङ्वेज सेन्टर (एन.इ.आर.एल.सी) भन्न थालियो। त्यो भन्दा पहिला नर्थ इस्टर्न रिसर्च एक्सटेन्सन सेन्टर भनिन्थ्यो। असम चुक्ति (सन्धि) १९८५ का आधारमा स्थापना भएको यस केन्द्रिय संस्थानले विशेष गरी यस क्षेत्रका चारवटा क्षेत्रीय भाषाहरूको उत्थान र विकासका लागि कार्य गरिरहेको छ। आधुनिक भारतीय भाषाहरूमा प्रशिक्षण प्रदान गर्ने सातवटा क्षेत्रीय भाषा केन्द्रमध्ये यो एउटा हो। असम, भुवनेश्वर, लखनउ, मैसूरु, पटियाला, पुणे र सोलनमा क्षेत्रीय भाषा केन्द्रहरूको स्थापना गरेर आधुनिक भारतीय भाषाहरूबारे प्रशिक्षण दिने व्यवस्था छ।

यो भाषा केन्द्र असम राज्यको गुवाहाटी प्रान्तको बेलतोला भन्ने स्थानमा अवस्थित छ। यहाँ नेपाली, मणिपुरी, बोडो र असमिया भाषाको पठन-पाठन हुन्छ। यस केन्द्रमा पढाइने प्रत्येक भाषामा दुईजना शिक्षकहरू निर्धारित गरिएका छन् भने विद्यार्थीहरूचाहिँ आफ्नो मातृभाषा इतर विषयमा मात्रै पढ्न पाउने प्रावधान छ। अर्थात्- एउटा नेपाली मातृभाषीले नेपाली छोडेर अन्य तीनवटामध्ये कुनै पनि भाषामा शिक्षार्जन गर्न सक्छन्। भारत सरकारको त्रिभाषा सूत्र लागु गराउनु र राष्ट्रिय संहतिलाई (National Solidarity) समृद्ध गराउनु यसको मुख्य उद्देश्य हो। यो प्रावधान केवल संवैधानिक भाषालाई मात्र छ। यसो गर्नुको अर्को उद्देश्य भनेको नेपाली वा अन्य क्षेत्रीय भाषा मातृभाषामा भएका व्यक्तिहरूले अन्य भाषा सिकेर ती भाषाको ज्ञान प्रवाहलाई आफ्नो भाषामा र आफ्ना भाषाका ज्ञानलाई ती भाषामा हस्तान्तरण गर्न सकून् भनेर हो। अनुवाद तथा त्रिभाषी - द्विभाषी कोश निर्माणमा पनि यी व्यक्तिहरू संलग्न हुन सकून् भनेरै यसो गरिएको हो। विशेष गरी कुनै एउटा विषयमा नेट पास भएका वा कुनै विशेष भाषा विषयका शिक्षकहरूले यस संस्थानमा १० महिने प्रशिक्षण

प्राप्त गरेर प्रमाणपत्र लिएपछि उनीहरू आधिकारिक रूपमा दुई वा दुईवटा भाषाभन्दा अधिक भाषा ज्ञाताका रूपमा सर्वस्वीकृत हुने गर्दछन् । अझ कतिपय सरकारी तथा निजी विद्यालयका भाषामा रुचि राख्ने शिक्षकहरूले पनि यहाँ प्रशिक्षण लिन आउने गर्दछन् ।

यस केन्द्रमा प्रत्येक भाषाका दुई-दुईवटा गरी आठजना अस्थायी अतिथि शिक्षकहरू छन् भने एकजना क्षेत्रीय इन्चार्ज र ३ जना किरानी, सुरक्षा कर्मी ३ जना, सफाइ कर्मचारी २ जना, एकजना पुस्तकालय कर्मचारी र एकजना भान्से गरी जम्मा १८ जनाको समूह छ । जसमध्येमा तीनजना किरानीमात्रै स्थायी हुन् अरू सबै दैनिक कर्मचारी हुन् ।

भारतीय संविधानको आठौँ अनुसूचीमा अन्तर्भुक्त भइसकेका भाषाका रूपमा स्थापित भारतको पूर्वोत्तर राज्यका प्रमुख चारवटा भाषालाई यस केन्द्रमा अध्यापन र अध्ययनको व्यवस्था गरिएको छ । यहाँ पढ्ने विद्यार्थीहरूले नेट, स्लेट, पिएचडी र एमफिल उत्तीर्ण गरेका खण्डमा मैसूरुको केन्द्रबाट ५ सय ८०० रुपियाँ छात्रवृत्ति पाउँछन् भने यी डिग्री नभएकाहरूले एमए मात्रै भएका खण्डमा प्रत्येक महिना ८ सय रुपियाँ छात्रवृत्तिका रूपमा पाउँछन् । उनीहरूको होस्टेल भने केन्द्रमै रहेको छ, जहाँ निःशुल्क आवासको व्यवस्था पनि गरिएको छ ।

यस केन्द्रको पुस्तकालय सानै भए पनि उपयोगी छ । यहाँ १५ हजार जति पुस्तकहरू संग्रह गरिएका छन् । ती पुस्तकहरू विभिन्न भाषा र विषयका छन् । नेपाली भाषाका पनि निकै नै सय पुस्तक यहाँ राखिएका छन् । यस पुस्तकालयमा नेपाली भाषाका पुस्तकहरू पुऱ्याएर हामी नेपाली भाषामा पुस्तक प्रकाशित गर्नेहरूले नै सहयोग गरेमा भविष्यमा पूर्वोत्तर क्षेत्रकै लागि नेपाली भाषाका पुस्तक पाइने एउटा उत्कृष्ट र सुलभ पुस्तकालयका रूपमा समृद्ध बन्न सक्ने सम्भावना पनि उत्तिकै छ । यहाँ १०० वटाभन्दा बढी पत्र पत्रिकाहरू पनि सङ्गृहीत पाइन्छन् ।

यस संस्थानले विभिन्न समयमा विभिन्न विषयमा गोष्ठी, सम्मेलन तथा कार्यशालाको आयोजना गर्ने गरेको छ । अझ रिफ्रेसर कोर्स, अभिमुखीकरण पाठ्यक्रम, एलइटी तथा संचार सम्बन्धन कार्यक्रमहरू पनि बेला बेला गरिँदै आएको थाहा लाग्दछ । यस केन्द्रले विभिन्न समयमा शैक्षिक कार्यक्रमका निम्ति गौहाटी विश्वविद्यालय, मणिपुर विश्वविद्यालय, शिक्षा विभाग - असम आदिसित मिलेर सहकार्य पनि गर्ने गर्दछ ।

यस केन्द्रका नेपाली भाषाका संस्थापक अतिथि प्राध्यापक डा. खगेन शर्माको नेतृत्वमा विभिन्न नेपाली भाषा-साहित्यका विद्वान् - विदुषीहरूले यस केन्द्रमा आएर कार्यशाला तथा प्रशिक्षण लिएको थाहा लाग्दछ । नेपाली भाषालाई संवैधानिक मान्यता दिलाउन अथक प्रयास गर्ने सिक्किमकी भू.पू. सांसद श्रीमती दिलकुमारी भण्डारी पनि यस केन्द्रमा आउनुभएको थाहा लाग्दछ। भारत तथा नेपालमा नेपाली भाषा पढाउने प्राध्यापकहरू पनि बेला बेला यस केन्द्रमा आउने गरेका छन् ।

यस केन्द्रमा स्थापना कालदेखि आजपर्यन्त डाइरेक्टर वा इन्चार्जका रूपमा आएका विद्वान्-विदुषीहरू हुन्-

१) टी के गोस्वामी

२) डा. भामती देवी

३) अलिन्द्र ब्रह्म

नेपाली भाषालाई यस केन्द्रमा पढाउनका लागि आजसम्म विभिन्न समयावधिमा नियुक्त भएका शिक्षकहरू हुन् -

डा. खगेन शर्मा (२०००-२०१४), डा. ममता लामा (प्रायः सात महिना), डा. टेकनारायण उपाध्याय, कमल सेढाई, एकदेव अधिकारी, देवव्रत घिमिरे (२०१० देखि २०१३), डा. सीताराम अधिकारी (२०१७ देखि २०१९), गायत्री नेवार (२०१७ - वर्तमानसम्म) र डा. सृजना शर्मा (अगस्त, २०१९ देखि २०२० दिसम्बरसम्म), डा. निर्मल निरौला (२०२२- एक महिनाका लागि मात्र), रञ्जिता छेत्री (२०२२-२०२३ सम्म), मिलन शर्मा (२०२३ जुलाई खि हालसम्म) ।

संस्थानमा अनेपाली भाषीहरूले नेपाली भाषा सिक्ने क्रममा लिएका भर्नाहरू निम्न किसिमका रहेका छन् -

शैक्षिक सत्र	विद्यार्थी संख्या
२०००-२००१ -	१३ जना
२००१-२००२ -	२३ जना
२००२-२००३ -	१८ जना
२००३-२००४ -	१६ जना
२००४-२००५ -	१८ जना
२००५-२००६ -	१६ जना
२००६-२००७ -	१६ जना

२००७-२००८ - १८ जना

२००८-२००९ - १५ जना

२००९-२०१० - १८ जना

२०१०-२०११ - १३ जना

२०११-२०१२ - ११ जना

२०१२-२०१३ - १५ जना

२०१३-२०१४ - १९ जना

२०१४-२०१५- बन्द भएको थियो।

२०१५-२०१६- बन्द भएको थियो।

२०१६-२०१७ बन्द भएको थियो।

२०१७-२०१८ - १० जना

२०१८-२०१९- १० जना

२०१९-२०२०- ०९ जना

२०२१-२०२२ - २०२३ - १० जना

२०२२-२०२३- ०७ जना

२०२३ २०२४- ०९ जना

यस केन्द्रमा भर्ना लिएका प्रशिक्षणार्थीहरूले १० महिने प्रशिक्षण पूर्ण गरेपछि मात्रै डिप्लोमा सर्टिफिकेट पाउने गर्छन्। यहाँ भर्ना लिन चाहने व्यक्तिको अधिकतम वय ४५ वर्ष हुन सक्छ। यस केन्द्रमा गीत, सामान्य ज्ञान, वर्ण, हातको परिचालनबाट वर्ण वा लिपि ज्ञान, सिकाइन्छ भने ड्रिल भनेर बारम्बार शब्द दोहोऱ्याएर उच्चारण र वर्ण व्यवस्थापनबारे सिकाइन्छ। यसरी प्रशिक्षण लिइसकेकाहरूले सामान्य वार्तालाप र लेखपढ गर्न सक्षम भएर नेपाली भाषा बोल्न सक्ने बन्दछन्।

प्रशिक्षणलाई तीनवटा सत्र (सेमेस्टर-मा बाँडिएको छ र प्रत्येक सत्र (सेमेस्टर) को सटीक मूल्याङ्कन तथा परीक्षण गर्ने व्यवस्था छ। प्रत्येक पन्ध्र दिनमा विभिन्न कक्षा - परीक्षाद्वारा प्रशिक्षण लिइरहेका विद्यार्थीहरूको विकास र समस्या हेरिने गरिन्छ।

यस केन्द्रका निम्ति पढाइने पाठ्यक्रमका पुस्तकहरू भारतीय भाषा संस्थान मैसूरुबाटै प्रकाशित गरिएको हुन्छ। यसका लागि यस केन्द्रमा अध्यापन गरिरहेका शिक्षकहरूकै प्रयोग गरिन्छ। यहाँ त्यति धेरै बिदा हुँदैन। आइतबार मात्रै बिदा हुने

प्रावधान छ। शनिबार र आइतबार विद्यार्थीको बिदा भए पनि शिक्षकहरू आएर पुस्तक लेखनकै कार्यमा दिनभरि खट्नु पर्ने हुन्छ। त्यसका लागि अतिरिक्त सेवा शुल्क भने दिइँदैन। यिनै शिक्षकहरूद्वारा नै एल १ र एल २ का पाठ्यक्रम पनि विकास गरिन्छ।

यस केन्द्रमा नेपाली भाषाका चारवटा पुस्तकहरू आजसम्म छापिएका छन् । ती सबै यसै केन्द्रमा पढाइने पाठ्यक्रमका पुस्तकहरू हुन् । यिनलाई यसै केन्द्रका प्राध्यापकहरूले विकसित गरेका हुन् । Basic Course, Intermediate Course and Advance course भनेर तीनवटा प्रभागमा विभाजन गरेर तीन-तीन महिनाका निम्ति यी पाठ्याक्रमहरू विद्यार्थीलाई पढाइन्छ। An Intensive course in Nepali नामक पुस्तक यहाँको प्रथम आधारभूत पाठ्यक्रमको प्रशिक्षणमा गराइन्छ भने दोस्रो मध्यवर्ती पाठ्यक्रममा लिस्नो नामक पुस्तकको प्रयोग गरिन्छ। बार्दली नामक पुस्तक तेस्रो उच्च पाठ्यक्रमअन्तर्गत पढाइन्छ।

इन्टेन्सिभ कोर्स इन नेपालीका सम्पादकका रूपमा बी. स्यामला कुमारी तथा सह-सम्पादकका रूपमा डा.गोकुल सिन्हाको नाम प्रकाशित छ । यो पुस्तक १९९९ देखि २००५ सम्ममा भारतीय भाषा संस्थान मैसुरूद्वारा संचालित सातवटा कार्यशालाको परिणति हो । यसका निम्ति शैक्षिक सामग्री तथा संसाधन उपलब्ध गराउने व्यक्तित्वहरूमध्ये डा. गोकुल सिन्हा (कार्यशाला १९९९, २०००, २००४, २००५), डा. खगेन शर्मा (कार्यशाला २०००, २००२, २००३, २००४, २००५, डा. कृष्णराज घतानी (कार्यशाला १९९९, २०००, २००२), डा. अरूण उपाध्याय (कार्यशाला १९९९, २०००), डा. गीता उपाध्याय (१९९९, २०००), श्री कमलकान्त सेढाइ (कार्यशाला २००३, २००४), प्रो. हरिप्रसाद उपाध्याय (कार्यशाला २०००), प्रो. माधव पोखेल (कार्यशाला २००३) आदिको अथक प्रयासकै परिणतिका रूपमा छापिएको पुस्तकाकार कृति नै इन्टेन्सिभ कोर्सको पुस्तक हो । यसको प्रकाशक भारतीय भाषा संस्थान मैसूरु हो। यसको प्रकाशन २०११ मा भएको हो। ६० वटा पाठहरूलाई ५१४ पृ. मा विस्तार दिएको यस पुस्तकले नेपाली भाषा सिक्नका लागि एउटा जगको काम गर्दछ।

लिस्नो नामक पुस्तकका सम्पादकका रूपमा डा. खगेन शर्मा र अलिन्द्र ब्रह्मको नाम रहेको छ। लिस्नो An Intermediate course reader in Nepali शीर्षकमा यस पुस्तकको प्रकाशन केन्द्रीय भारतीय भाषा संस्थान, मैसूरुबाट जुन, २०१८ - मा

भएको हो । २३ वटा विषयसूचीमा संकलित यो पुस्तकले १३३ पृष्ठमा विस्तार पाएको छ । बेसिक कोर्सअन्तर्गत पहिलो ३ महिना पूर्ण भएपछि लिस्नोलाई दोस्रो तहको इन्टरमिडियट कोर्सअन्तर्गत पढाइन्छ । यसका माध्मयबाट सामान्य रूपमा प्रशिक्षणार्थीहरूलाई नेपाली साहित्यसित परिचय गराइन्छ । प्रस्तुत पुस्तक प्रकाशन गर्न गुवाहाटी केन्द्रले पाँचदिने कार्यशाला आयोजना गरेर विभिन्न प्रान्तबाट विद्वान् हरूलाई निम्त्याएर कार्यशाला गरिसकेपछि नै यस स्वरूपमा लिस्नो प्रकाशित गरिएको हो । यस पुस्तकले विद्यार्थीलाई एउटा तहबाट अर्को तहमा पुग्न सहयोग गर्ने भएकाले गर्दा नै यसको नाम लिस्नो राखिएको हो भन्ने यसका सम्पादकीयमा उल्लेख छ ।

बार्दली नामक कृतिको प्रकाशन २०१९ मा भएको हो । यसलाई अंग्रेजीमा Bardali: Advanced and Non–Detailed Course Readers in Nepali भनेर नामाकरण गरिएको छ । यसका साधारण सम्पादक केन्द्रका अफिसर इन-चार्ज अलिन्द्र ब्रह्म हुन् भने सम्पादकका रूपमा डा. खगेन शर्मा, गायत्री नेवार, डा. सीताराम अधिकारी रहेका छन् । भारतीय भाषा संस्थान, मैसूरुबाट प्रकाशित यो पुस्तक वास्तवमा Workshop On The Preparation of RLC StudyMaterial An Advance Course Reader in Nepali अन्तर्गत क्षेत्रीय भाषा केन्द्र गुवाहाटीमै आयोजित कार्यशालाको परिणति हो । उक्त कार्यशाला २१- २५ जनवरी २०१९ मा बेलतोला स्थित केन्द्रमै भएको थियो । उक्त कार्यशालामा सहभागी हुने विद्वानूहरूका रूपमा डा. गोकुल सिन्हा, नव सापकोटा, इन्दुप्रभा देवी, डा. खगेन शर्मा, डा. सीताराम अधिकारी, गायत्री नेवार, रुद्र बराल, सञ्जय बिष्ट, ढाकाराम काफ्ले, दैवकी देवी तिमिल्सिना, दीपक पन्त, कमल सेढाई, एकदेव अधिकारी, भवानी अधिकारी, गोमादेवी शर्मा, अरूणा उपाध्याय, अर्जुन पियुस आदि संलग्न छन् । यी विद्वानूहरू दार्जिलिङ, मणिपुर, असम, सिक्किम, मालबजार आदि स्थानबाट प्रतिनिधित्व गर्दै आएका हुन् । यस पुस्तकमा प्रथम भागमा २४ वटा पाठ्यक्रम रहेका छन् भने दोस्रोमा ७ वटा रहेको पाइन्छ । २६२ पृ. मा विस्तार भएको यस पुस्तकलाई भारतीय भाषा संस्थानको स्वर्ण-जयन्ती प्रकाशन क्रम अनुसार प्रकाशित गरिएको हो ।

नेपाली भाषिक खेल नामक सहायक ग्रन्थको प्रकाशन केन्द्रीय भारतीय भाषा संस्थान, मैसूरु तथा सलेसियन कलेज, सोनादा, दार्जिलिङको सहप्रकाशनमा प्रकाशित भएको हो । जनवरी, २०१० मा प्रकाशित उक्त पुस्तकको सम्पादक तथा संयोजक

एस एस यदुराजन रहेका छन् । यस पुस्तकको विकासका लागि डा. ललिता राई अहमद अनि डा. जीवन नामदुङको विशेष योगदानको उल्लेख गरिएको पाइन्छ । यस पुस्तकमा २५७ वटा विषयवस्तु समावेश छन् भने ३६४ पृष्ठमा यसले विस्तार पाएको छ।

इन्टरमिडियट कोर्स अर्थात् मध्यवर्ती पाठ्यक्रम सकिने बित्तिकै केन्द्रबाट प्रशिक्षण लिने प्रशिक्षणार्थीहरूका निम्ति ल्याङ्वेज एडुकेशनल टुर (एलइटी) भनेर १४ दिनका लागि सिक्किम, दार्जिलिङ शैक्षिक भ्रमणका लागि लगिने गरिन्छ। त्यस क्रममा सिक्किममा नेपाली साहित्य परिषसितको सहकार्य गरेर भाषिक प्रयोगका मूल स्थानहरूको भ्रमण गराइन्छ। त्यहाँ केन्द्रका प्रशिणार्थीहरूले नेपाली भाषाका स्थानीय मानिसहरूसित अन्तरक्रिया र संसूचना बटुल्ने कार्य पनि गर्दछन्। नेपाली संस्कृति तथा संस्कारसित पनि परिचित हुने अवसर यस क्रममा उनीहरूलाई प्राप्त हुन्छ। भ्रमणबाट आएपछि भ्रमण स्थलबारे भ्रमण रिपोर्ट बनाएर उनीहरूले केन्द्रलाई आफ्नो अनुभव साझा गर्ने गर्दछन्। यो २५ नम्बरको आन्तरिक परिक्षाअन्तर्गत पर्दछ।

यस केन्द्रले डा. खगेन शर्माको प्रयासमा नेपाली लेखनमा एकरूपता ल्याउने बारेमा केन्द्रमा र गान्तोकमा सेमिनार गरेर कार्यशालामा सबै विद्वान्हरूको सहभागिता ल्याउने कार्य गरेको छ । यस संस्थानले नेपाली लेखन शैली निर्माणमा पनि अहम् भूमिका खेलेको छ । यस केन्द्रले नेपाली भाषाको प्रचार-प्रसारमा निकै सहयोग पुयाउन सक्छ । अन्य भाषा - विषयसितै सहकार्य गर्दै विभिन्न त्रिभाषी, द्विभाषी कोशहरूको निर्माण कार्य तथा भाषासम्बन्धी केही शोधकार्य गर्नका निम्ति यो केन्द्र एउटा उपयोगी स्थान हो।

यस केन्द्रका केही आफ्नै सीमा र समस्याहरू पनि छन्। ई. १९९९ मा नेपाली प्राध्यापकका निम्ति दुईवटा स्थायी पद खोलिएका थिए तर केही आन्तरिक समस्याका कारण फर्किए। त्यस उप्रान्त स्थायी पद कुनै पनि खोलिएका छैनन्। अहिले असम नेपाली साहित्य सभाले पुनः मानव संसाधन विकास मन्त्री (दिल्ली) लाई स्थायी पद खोल्न अनुरोध गरेको थाहा पाइन्छ । तर नेपाली भाषा साहित्यबारे बोलिदिने प्रभावकारी संघ, संगठका अभावमा यस्ता केन्द्रहरूमा मानव संसाधनको परिचालन हुन सकिरहेको छैन। एकातिर योग्य व्यक्तिहरूले आफ्नो योग्यतालाई सटीक स्थानमा प्रयोग गर्ने अवसरबाट वञ्चित हुनु परिरहेको छ भने अर्कातिर अनेपालीहरूले यस्ता

संघ-संस्थानको उत्थानतिर ध्यान दिनेछैनन् । यी केन्द्रहरू सुक्दै जान्छन् र अन्तमा यिनीहरू बन्द हुने अवस्थामा पुग्छन् वा तिनको गुणवत्तामा ह्रास आउन थाल्छ । नेपाली भाषाले मान्यता पाए यता नेपाली भाषा साहित्यको प्रयोग, प्रचार-प्रसारमा भने नेपाली समुदायको तटस्थता तथा उपेक्षाले गर्दा यस्ता केन्द्रहरू उपेक्षित बनेका छन् । यसर्थ भारतका नेपाली भाषासित सम्बन्धित संघ-संस्था, संगठन, पदासीन व्यक्तित्व तथा सबै तहबाट यस्ता केन्द्रहरूको संरक्षणका लागि पहल गर्नु आवश्यक देखिन्छ । वर्तमान परिप्रेक्ष्यमा नेपाली सांसद राजु बिष्टलाई पनि यस सम्बन्धमा अवगत गराएमा नेपाली भाषा साहित्यको संरक्षणमा केन्द्रबाटै पहल गर्न सकिने थियो ।

विशेष गरी छात्रावास सानो छ । यसर्थ धेरै विद्यार्थीहरू बाहिर बस्न बाध्य छन् । यसैकारण बाहिर भाडामा बसेर पढ्ने वातावरण नहुँदा माझैमा प्रशिक्षण छोड्ने संख्या पनि बढ्दै जान्छ । अझ पुस्तकालय कर्मचारी पनि एकै जना भएको अवस्था अनि केवल सानो स्थानमा पुस्तकालय सीमित गर्नु परिरहेका कारण विद्यार्थीका लागि पढ्ने कोठाको छुट्टै व्यवस्था गर्न पुस्तकालय असमर्थ छ । आफ्नै परिसर नभएका कारण भाडाको घरलाई केन्द्रका रूपमा प्रयोग गरिरहेको अवस्था छ । यसर्थ सीमित कक्षा कोठाहरूमा कक्षा सञ्चालन गर्न परिरहेको स्थिति छ । एउटा भाषा प्रयोगशालाको आवश्यकता अनुभव गरिए तापनि सीमित स्रोत साधनका कारण अझै पनि यसको स्थापना हुन नसकिरहेको अवस्था छ । चारवटा क्षेत्रीय भाषामा प्रशिक्षण सञ्चालन गरिए तापनि चाहिने पर्याप्त शोध-सामाग्री तथा स्रोत-सामाग्री अनि अन्य सहयोगी पुस्तकको अभावमा विद्यार्थीहरूले सीमित स्रोत-साधनकै पारम्परिक प्रयोगमा निर्भर रहनु परेको छ । कक्षा कोठाहरू पूर्णतः आधुनिक स्रोत-साधनयुक्त बन्न सकेका छैनन् । न त कक्षाकोठामा प्रोजेक्टरकै व्यवस्था छ । यसका अभावमा कतिपय अवरोधहरू पठन-पाठनका समय खेप्नु पर्ने स्थिति यथावत् छ । यसरी विभिन्न समस्याहरूमाझ पनि सीमित स्रोत-साधनको उपयोग गरेर यथेष्ट योगदान दिँदै यस केन्द्रले नेपाली लगायत मणिपुरी, बोडो र असमिया भाषाको उत्थानका लागि निरन्तर कार्य गरिरहेकै छ ।

गुवाहाटी, भारत

हाम्रो पुरुषार्थ : भारतीय नेपाली साहित्यलाई चिनाउने आँखीझ्याल

शरद प्रधान

भारतीय नेपाली साहित्यको शुरूवात बनारसबाट भएको तथ्य फेला पार्न सकिन्छ। प्रथमतः गोरखा भारत जीवन, सन् १८८६ मा मोतीराम भट्टको सम्पादकत्वमा प्रकाशित हुन्छ भने त्यसपछि उपन्यास तरङ्गिणी, सन् १९०२ मा सदाशिव शर्माको सम्पादकत्वमा प्रकाशित हुन्छ । क्रमशः सुन्दरी सन् १६०६, सं. सोमनाथ सिग्देल, माधवी, सन् १९०८, सं० मातृकाप्रसाद अधिकारी, चन्द्र, सन् १९१४, सं. माधो प्रसाद, गोर्खाली, सन् १९१५, सं. देवीप्रसाद सापकोटा, जन्म भूमि, सन् १९२२, सं. सूर्यविक्रम ज्ञवालीको सम्पादकत्वमा बनारसबाट प्रकाशित हुदै जान्छन् । यता दार्जिलिङबाट भने गंगाप्रसाद प्रधानले सम्पादन गरेको 'गोर्खे खबर कागत्' सन १९०१ र पारसमणि प्रधानको 'चन्द्रिका' सन् १९१८मा प्रकाशित भएको जानकारी पाउँछौं । न्यायको क्षेत्रका धुरन्धर विद्वान् हरिप्रसाद प्रधानको नेतृत्वमा सन् १९२४ मा नेपाली साहित्य सम्मेलन गठन भएपछि भारतीय नेपाली साहित्यले संस्थागत विकासको रूप लिन्छ र यो कार्यलाई अगुवी गर्ने कार्य दार्जिलिङबाट शुरु हुन्छ र यो कयौं वर्षसम्म चलिरह्यो। यो कार्यमा धरणीधर कोइराला र सूर्यविक्रम ज्ञावालीको ठुलो योगदान छ। कुनै समय बालकृष्ण समले भन्ने गर्थे- जुन दार्जिलिङले आज जे सोच्छ, त्यो नेपालले भोलि सोच्छ। यो गौरवमय अभिव्यक्ति सम्भव थियो त केवल नेपाली साहित्य सम्मेलनको कारणले। नेपाली साहित्य सम्मेलन, दार्जिलिङले अहिले १०१ वर्ष टेक्दैछ र यही वर्ष विगत ५२ वर्षदेखि अनरवतरूपमा गुल्मीबाट प्रकाशित भइरहेको 'हाम्रो पुरुषार्थ'को 'भारतीय नेपाली साहित्य र साहित्यकार विशेषाङ्क' प्रकाशित हुनु एउटा संयोग मात्र मान्न सकिन्न । यो त सम्पादक शशि पन्थीको अथक परिश्रम, दीर्धकालीन सोच, योजना र अद्वितीय समन्वयकारी क्षमताको प्रतिफल हो । ४ सयभन्दा बढी पृष्ठको यो विशेषाङ्कले भारतीय नेपाली साहित्यको इतिहासदेखि वर्तमानसम्म समेटिएको छ। यत्रो महत्त्वपूर्ण कार्य गर्दा केही जोडिने र केही छुट्ने काम हुनु स्वाभाविक हो। यसैले यो अंकको कायाकैरन गर्दा जोड्ने र छुट्नेको फेरिस्त चर्चा गर्नु आवश्यक छ।

सर्वप्रथम जोड्नेको चर्चा गरौं । यो अंकमा भारतीय नेपाली साहित्यमा ठुलो योगदान दिनेहरूको चर्चा गरिएको छ । प्रा.डा. गोविन्दराज भट्टराईद्वारा लिखित लीलबहादुर क्षत्रीमाथिको लेख मननयोग्य छ । उक्त लेखमा भट्टराई लेख्नुहुन्छ, "मैले लीलबहादुरका कृतिमाथि लेखेका सबै रचना जोड्दा १००+ पृष्ठ पुगेछन् । सर्वप्रथम डा. खगेन शर्मा सम्पादित साहित्यकार लीलबहादुर क्षत्री व्यक्तित्व र कृतित्व (सन् २०१६) मा ३७ पृष्ठ लेखें । त्यसपछिका चारवटा कृतिमा म जोडिएँ । ती हुन्- नाटक, भूमिका, कायाकैरन (अन्तर्वार्ता) र निबन्ध । तीनवटामा ता भूमिका नै लेखें चौथोमा अन्तर्वार्ता पऱ्यो । यी सबै कुरा र उहाँसँगको अन्तर्वार्ता थप्ता १०० पृष्ठ नाघ्ला भन्ने ठान्दछु । उहाँका तीन तीन कृतिमा भूमिका लेख्ने अवसर पाउने व्यक्ति म पहिलो र अन्तिम हुँला ।" यो अंकमा भर्खरै निधन हुनुभएका पद्मश्री लीलबहादुर क्षत्रीको एउटा अन्तर्वार्ता र उहाँको नाटकमाथि लक्ष्मण वियोगीको लेख पनि समावेश गरिएको छ । यो अंकको रमाइलो पक्ष के छ भने यस्मा पूर्वोत्तर भारतका तीन पुस्ताका साहित्यकारहरूको अन्तर्वार्ता समावेश गरेका छन् । पुरानो पुस्ताका लोकनाथ उपाध्याय चापागाईं, छविलाल उपाध्याय र लीलबहादुर क्षत्री छन् भने त्यसपछिको पुस्ताको प्रतिनिधित्व डा. खगेन शर्मा, डा. इन्दुप्रभा देवी, मुक्ति उपाध्याय बरालले गरेका छन् । अनि नयाँ पुस्ताका निलीमा आचार्यको पनि अन्तर्वार्ता समावेश गरेका छन् । थप छन् सिक्किमका प्रसिद्ध अनुवादक सुवास दीपक र असमिया साहित्यकार बन्ति शेन्चोवा । सायद असमिया साहित्यकारको सट्टामा नेपाली भाषी साहित्यकारको अन्तर्वार्ता राखेको भए सुनमा सुगन्ध हुने थियो । छुटेको चाँहि यसमा दार्जिलिङ र सिक्किमका साहित्यकारहरूको अन्तर्वार्ता ।

लेखतर्फ डा. तुलसी भट्टराईको "नेपाली भाषा : नेपाल र भारतका बीच सुसम्बन्धनको कडी" ले नेपाली भाषा र साहित्यमार्फत नेपाल र भारतमा जोडिएको सम्बन्धको विस्तृत चर्चा गर्नुभएको छ । उहाँ लेख्नुहुन्छ, "यस्तै सु.ध.पा. देखि डा. तुलसी अपतन, शिवकुमार राई, इन्द्रबहादुर, अच्छा राई, अगमसिंह गिरी, ओकियामा, इन्द्र सुन्दास, डा. कमला, हरिप्रसाद गोर्खा राई, जि. छिरिङ, प्रकाश कोविद, भाइचन्द्र, बाबुलाल, जगत क्षेत्री, छविलाल उपाध्याय, विष्णुलाल उपाध्याय, पद्मप्रसाद ढुंगाना, हरिभक्त कटुवाल, गोपीनारायण प्रधान, गीता उपाध्याय, कृष्णप्रसाद ज्ञवाली, पुष्पलाल उपाध्याय, लीलबहादुर आदि सयौं लेखक, कवि, कलाकार एवं अन्य भाषाप्रेमीहरूको सक्रियताले गर्दा नेपाली भाषा समृद्ध हुन सकेको हो ।" यस अंकमा भावनी अधिकारीले

मणिपुरको नेपाली साहित्यको परिचर्चा गरेका छन् भने ज्ञानबहादुर छेत्रीले पूर्वोत्तर भारतमा नेपाली समालोचनाको विकासको रूपरेखा प्रस्तुत गर्नुभएको छ। तर यो लेखमा पनि पूर्वोत्तर भारतमा नेपाली समालोचनाको पहिलो समालोचना कस्को हो भनेर प्रस्तुत नगरेको देखिएको छ। यसबारे केही समयअगाडि फेसबुकमा विस्तृत चर्चा गरिएको थियो। मणिसिंह गुरुङको समालोचना देहरादूनबाट सन् १९२६ देखि १९२९ सम्म प्रकाशित हुने 'गोरखा संसार"मा प्रकाशित भएको उल्लेख गरिएकोले उहाँ नै प्रथम समालोचक हुनसक्ने अनुमान गर्न सकिन्छ। उहाँको रूपनारयाण सिंहको उपन्यास 'भ्रमर' र लेखनाथ पौडयालको नाटक 'लक्ष्मीपूजा' माथिको समालोचना असमबाट प्रकाशित हुने 'गोर्खा सेवक'-मा समावेश छ। डा. गोकुल सिंहा भारतीय नेपाल साहित्यको एक प्रकाण्ड विद्वान् हुन्। उहाँमाथि छत्रमान सुब्बाद्वारा लिखित लेखले गोकुल सिंहामाथि न्याय गरेको छ। अंग्रेजी र नेपाली- दुवै भाषामा धाराप्रवाह लेख्न सक्ने गोकुल सिंहाले गीतालाई झाउरे छन्दमा अनुवाद गर्नेदेखि 'भाषा भारती' नामक भाषिक चर्चाको पुस्तक लेख्नुभएको छ। भर्खरै उहाँको 'देवनागरी लिपि तथा नेपाली वर्ण र वर्तनी' नामक कृति दार्जिलिङमा विमोचित भएको छ। डा. सृजना शर्माले भारतमा भएको भाषिक अन्दोलन र नेपाली भाषा र साहित्यको चर्चा गरेकी छिन्। डा. लक्ष्मीकान्त पन्थीद्वारा लिखित "नेपालबाहिर नेपाली भाषा र साहित्य" ले भारतमा भएको नेपाली साहित्यको प्रेस र पत्रकारिताको नालीबेली छिचोलेका छन्। तर उक्त लेखमा भारतीय नेपाली साहित्यिक पत्रकारितामा ठुलो योगदान दिने पत्रिकाहरू छुटेका छन्। छुट्नेहरूमा गंगाप्रसाद प्रधानले सम्पादन गरेको 'गोर्खे खबर कागत्' (सन १९०१), पारसमणि प्रधानको 'चन्द्रिका' (सन् १९१८), ठाकुर चन्दसिंहको' गोरखा संसार (सन् १९२६), नेपाली साहित्य सम्मेलन पत्रिका (सन् १९२२), रूपनारायण सिंहाको 'खोजी, 'गोर्खा' (सम्पादकहरू-रणधीर सुब्बा, रामकृष्ण शर्मा- सन् १९४४), प्रभात (सम्पादक- लैनसिंह बाङ्देल, सन् १९४९), भारती (सन् १९४९, सम्पादक- रूपनारायण सिंहा र पारसमणि प्रधान) प्रमुख हन्। यी पत्रिकाहरूले धरणीधर कोइराला, रूपनारायण सिंहदेखि लैनसिंह बाङ्देल, अगमसिंह गिरी जस्ता स्रष्ट्राहरूलाई नेपाली साहित्यमा ल्याउन ठुलो योगदान पुऱ्याएको छ। शरद प्रधानको लेखले पारसमणि प्रधानको विशाल व्यक्तित्वलाई केही हदसम्म उजागर गर्ने प्रयास गरेको छ। मुक्ति उपाध्याय बरालको भारतीय नेपाली नाटकमाथिको लेख पठनीय हुनुको साथै जानकारीमूलक पनि छ तर यसले पौराणिक कथामा आधारित नाटकहरूको मात्र चर्चा गरेकोले धेरै भारतीय नेपाली नाटकहरूको चर्चा हुन सकेन।

सानै उमेरमा साहित्य अकादमी पुरस्कार प्राप्त गर्नु हुने शरद छेत्रीमाथि विद्यावारिधि गर्नु हुने डा. विणा हाङ्खिमको एउटा समीक्षात्मक लेख निक्कै अर्थपूर्ण छ। स्व. शरद छेत्रीका सुपुत्री शैलिका छेत्रीको निबन्ध सङ्ग्रहमाथि गरेको समीक्षाले शैलिकाको लेखन शैली र विषयवस्तुलाई बुझ्न सहज हुन्छ।

भारतीय नेपाली महिला स्रष्ट्राहरूको परिचय दिने क्रममा मातृका गजमेर श्रेष्ठ र गीता छेत्रीलाई प्रस्तुत गरिएका छन्। मातृका गजमेर श्रेष्ठले भारतीय नेपाली महिला स्रष्टाहरूको तीन ठेली अन्तर्वार्ता र जीवनीको पुस्तक लेखेकी छिन् भने उपन्यासकार कृष्णसिंह मोक्तानमाथि विद्यावारिधि गर्नुभएकी डा.गीता छेत्रीले समालोचना, कविता र निबन्धका पुस्तकहरू लेख्नुभएको छ। बनारसबाट प्रकाशित हुने 'उदय'का सम्पादक दुर्गाप्रसाद श्रेष्ठ र दिल साहनीले भारतीय नेपाली साहित्यको सिंहावलोकन गर्नुभएको छ। यस अंकमा विजय हितानको मित्रसेनको जीवनीमा आधारित उपन्यास 'लाहुरेको रेलिमाई' देखि विक्रमवीर थापा कृत 'बीसौं शताब्दीको मोनोलिसा'- कथा-सङ्ग्रहको समीक्षा गरिएको छ । वि.स. २०२२-मा नेपाल प्रज्ञा-प्रतिष्ठानद्वारा आयोजित कविता महोत्सवमा प्रथम हुनु भएका कृष्णप्रसाद ज्ञावालीको एउटा कविता माथि विश्लेषण मननयोग्य छ । कालेबुङका नवीन पौड्यालले रामकृष्ण शर्माको 'टेबल गफ नौ बैठक' समालोचना कृतिमाथि विवेचना गरेका छन्। उहाँ लेख्नु हुन्छ, "रामकृष्ण शर्माले कविहरूको प्रथम र दोस्रो श्रेणी गरी विभाजन गरेका छन्। उनको दृष्टिकोणमा लेखनाथ पौड्याल, लक्ष्मीप्रसाद देवकोटा, बालकृष्ण सम, भवानी भिक्षु र प्रेमराजेश्वरी थापा प्रथम दर्जाका कवि हुन् ।" माधव घिमिरे, केदारमान व्यथित, महानन्द सापकोटा, धर्मराज थापा, धरणीधर कोइराला आदिलाई दोस्रो श्रेणीका कविका रूपमा राखेका छन्। उनले जति कविहरूको श्रेणी विभाजन गरेका छन्, ती जम्मै तत्कालीन जीवितावस्थाका कविहरूको गरेका छन्। उनले नेपालका कविहरूको मात्रै विभाजन गरेका छन् । उनले दार्जीलिङका कुनै कविलाई दोस्रो दर्जासम्म पनि मानेका छैनन्। योगेस खाती, नैना अधिकारीका लेखहरू पठनयोग्य छन्। यस अंकमा कथा र कविताहरू पनि समावेश गरिएका छन् । प्रतिष्ठित कवि मनप्रसाद सुब्बाको कथाले यो अंकको शोभा बढाएको छ। भारतीय नेपाली साहित्य विशेषाङ्क भनिए पनि दुई बर्मेली नेपाली कविहरूको कविता समावेश भएको देख्दा उदेक लागेको छ।

अब छुटेका चर्चा गरौं । सन् १९२४ मा नेपाली साहित्य सम्मेलन दार्जीलिङमा स्थापना हुन्छ र करिब ६० वर्षसम्म भारतीय नेपाली साहित्यलाई दार्जीलिङले हाक्ने काम

गर्छ। यही कालखण्डमा 'भ्रमर' उपन्यासदेखि पहिलो यथार्थवादी उपन्यास 'लंगडाको साथी' त्यहीँबाट लेखिन्छ। तेस्रो आयामदेखि लीला लेखन यही कालखण्डको उपज हो। भाषा आन्दोलनले पनि त्यही समयमा तीब्रता पायो। त्यसपछि सिक्किमले नेतृत्व लिन्छ। यो बखत भाषा आन्दोलन उत्कर्षमा पुग्छ र चूडान्त निर्णय हुन्छ। तत्कालीन सिक्किमका मुख्यमन्त्रि नरबहादुर भण्डारी र तत्कालीन सांसद दिलकुमारी भण्डारीको अग्रसरतामा नेपाली भाषाले सन् १९९२ मा संवैधानिक मान्यता पाउँछ। अहिले आएर असमले यसको नेतृत्वदायी भूमिका लिएको छ। यो कुरा दिल सहानीको लेखबाट प्रष्ट हुन्छ। नेपाली भाषाको साहित्यलाई भारतीय साहित्य अकादमीले पुरस्कार दिन थालेपछि लगातार १० वटा पुरस्कार दार्जिलिङका स्रष्टाहरूलाई जान्छ-इद्रबहादुर राई देखि शरद छेत्रीसम्म। ११औं मा आएर लीलबहादुर क्षत्रीले प्राप्त गर्छन्। तेस्रो आयाम र लीला लेखन जस्तो साहित्यिक अन्दोलन पनि त्यहीँबाट शुरू हुन्छ तर यो चर्चा कतै नहुँदा खल्लोपन अनुभव हुन्छ। प्रथम आधुनिक नेपाली कथाकार रूपनारायण सिंह, प्रथम नेपाली लघु कथाकार परशुराम रोक्का, इन्द्रबहादुर राई, शिवकुमार राई, इन्द्र सुन्दास, असित राई, गुमानसिंह चामलिङ, तुलसी अपतन, अगमसिंह गिरी, वीरेन्द्र सुब्बा, सरिता प्रधान, वीरविक्रम गुरूङ, लक्खीदेवी सुन्दास, कुमार प्रधान, राजनारायण प्रधान, लैनसिंह बाङ्देल, देवकुमारी थापा, राधिका राया, शरद छेत्री, मोहन ठकुरी, गुप्त प्रधान आदिको चर्चा कतै नभएको देख्दा यो अंक कतै कतै पूर्वोत्तर भारतीय नेपाली साहित्य विशेषाङ्क जस्तो देखिन आयो। सिक्किमका सानु लामा, अगमसिंह तामाङ, जीवन थिङ, केदार गुरुङ, गिर्मी शेर्पा आदि छुटेका छन्। भारतीय नेपाली साहित्यलाई मूल नेपाली साहित्यमा जोड्ने कवि हरिभक्त कटुवाल र हरिप्रसाद गोर्खा राईमाथि कुनै लेख नहुनु आफैमा ठुलो विडम्बना हो। यस अंकमा केही लेखहरू निक्कै फितला छन्। यस्ता महत कार्य गर्दा एउटा समन्वयको आवश्यकता हुन्छ जसको टट्कारो अभाव यो अंकमा देखिएको छ। तर सम्पूर्णतामा यो अंकले केही हदसम्म भए पनि भारतीय नेपाली सहित्यलाई चिनाउने काम गरेको छ। यो स्तुत्य कार्य भएको छ। आगामी दिनहरूमा पनि भारतीय नेपाली साहित्यलाई माया गरेर यस्तै कार्य गर्नु हुन सम्पादक शशि पन्थीलाई आग्रह गर्दछु।

काठमाडौं, नेपाल

छापा माध्यमको वर्तमान अवस्था, समस्या र समाधान

रमेशकुमार बोहोरा

सञ्चार माध्यम समाजको ऐना हो । यसले समाजका घटनाक्रम, जनताका विचार र भावना, अनि देशको सामाजिक, राजनीतिक र आर्थिक अवस्थालाई उजागर गर्ने गर्दछ। सञ्चारको पुरानो र बढी आधिकारिक हुने साधनको रूपमा छापा माध्यम स्थापित छ । लामो समयदेखि नेपाली समाजमा सूचनाको पहुँच पुऱ्याउन छापा माध्यमले योगदान पुऱ्याउँदै आएको छ। जनचेतना अभिवृद्धि, उत्तरदायी शासन प्रणाली, पारदर्शिता र लोकतन्त्रको अभ्यासमा छापा माध्यमले पुऱ्याएको योगदान अमूल्य छ।

तर पछिल्ला दशकमा सूचना प्रविधिको क्रान्तिले सञ्चारको स्वरूपलाई नै रूपान्तरण गरिदिएको छ। डिजिटल माध्यमको उदय, सामाजिक सञ्जालको प्रभाव, पाठकको प्राथमिकतामा आएको परिवर्तन, विज्ञापन बजारमा आएको गिरावटलगायत विभिन्न कारणले गर्दा छापा माध्यम गम्भीर संकटमा परेको छ। यस्तो परिस्थितिमा छापा माध्यमको वर्तमान अवस्था के हो ? समस्याहरू के-के छन् ? अनि ती समस्याको समाधान कसरी गर्न सकिन्छ ? भन्ने सवाल गम्भीर र सामयिक छन्।

छापा माध्यमको ऐतिहासिक पृष्ठभूमि

नेपालमा छापा माध्यमको सुरुआत विक्रम संवत् १९५८ सालको वैशाख २४ गते गोरखापत्र साप्ताहिकको प्रकाशनसँगै भएको मानिन्छ। गोरखापत्रबाट सुरु भएको यो यात्रा विभिन्न कालखण्ड पार गर्दै आजका दिनसम्म आइपुगेको छ। बहुदलको आगमनपछि प्रजातन्त्रको अभ्याससँगै छापा माध्यमको स्वतन्त्रता विस्तार भयो । निजी क्षेत्रबाट थुप्रै पत्रपत्रिका प्रकाशनमा आए । काठमाडौंबाट मात्र नभई देशका विभिन्न स्थानबाट स्थानीय पत्रिका प्रकाशन भए।

२०५२ सालपछि माओवादी सशस्त्र द्वन्द्वको समयमा पनि छापा माध्यमले जोखिम मोलेर सूचना प्रवाह गरिरह्यो । २०६२/६३ को जनआन्दोलनपछि छापा माध्यम थप स्वतन्त्र र प्रगतिशीलरूपमा अघि बढ्न थाल्यो। तर, प्राविधिक विकास,

सामाजिक सञ्जालको उदय र डिजिटल सञ्चारमाध्यमहरूको तीव्र विकाससँगै छापा माध्यम चुनौतीको नयाँ युगमा प्रवेश गरेको छ।

वर्तमान अवस्था

हाल छापा माध्यमको अवस्था निकै जटिल र चुनौतीपूर्ण छ। नियमित प्रकाशन गर्नै हम्मेहम्मे परेको अवस्था छ । एकातिर पाठक घटिरहेका छन् भने अर्कोतिर उत्पादन लागत बढिरहेको छ। विज्ञापन घटेको छ, सरकारले दिने सहयोग न्यून छ र अनलाइन पत्रकारितासँग प्रतिस्पर्धा गर्न नसकेको अवस्थाले छापा माध्यम संकटमा परेको छ।

पछिल्लो समय मुद्रण सामग्री जस्तैः कागज, मसी, प्लेटफार्ममा परनिर्भर नेपालमा अन्तर्राष्ट्रिय बजारमा आएको मूल्यवृद्धिले ठूलो असर पारेको छ। नेपालमा छापिने अधिकांश पत्रिका भारत वा अन्य देशबाट आयात गरिने कागजमा आधारित हुन्छन्। डलरको भाउ बढ्नु र ढुवानी खर्च महँगो हुनुसँगै मुद्रण खर्च निकै बढेको छ।

अघिल्लो दशकसम्म घरघरमा दैनिक पत्रिका पुग्थ्यो । आजभोलि खासगरी सहरी क्षेत्रका अधिकांश मानिस डिजिटल माध्यममै निर्भर छन्। मोबाइल, इन्टरनेटको सहज पहुँचसँगै पाठकहरू अनलाइन मिडिया र सामाजिक सञ्जालतर्फ मोडिएका छन् ।अघिल्लो समयमा कुनै पनि छापा माध्यमको प्रमुख आम्दानीको स्रोत विज्ञापन थियो। तर, अहिले धेरैजसो विज्ञापन डिजिटल प्लेटफर्ममा सर्न थालेको छ। सरकारी विज्ञापनहरू पनि समानुपातिक ढंगले वितरण नहुँदा साना तथा क्षेत्रीय सञ्चारगृहहरू थप संकटमा परेका छन् ।

डिजिटल मिडियाको चुनौती

डिजिटल माध्यमको तीव्र विकासले परम्परागत छापा माध्यमलाई ठूलो दबाबमा ल्याएको छ । अनलाइन मिडियाहरू तत्काल सूचना दिन सक्षम छन् । सामाजिक सञ्जालहरू (फेसबुक, ट्विटर, युट्युब, टिकटक)ले सूचनाको वितरण झनै तीव्र बनाएका छन्। पाठकले छापिएको समाचार पर्खनुपर्ने आवश्यकता छैन। त्यसकारण छापा माध्यम प्रतिस्पर्धामा पछि परेको अवस्था छ।

धेरैजसो छापा माध्यम अझै परम्परागत मुद्रण प्रविधिमा सीमित छन्। डिजिटल रुपान्तरणका लागि आवश्यक लगानी, सीप र पूर्वाधारको अभाव छ। पत्रकारहरूलाई डिजिटल पत्रकारिताको तालिम नहुनु, डेटा विश्लेषणको अभाव र मल्टिमिडिया सामग्री निर्माणमा दक्षता नहुनु मुख्य चुनौती बनेको छ।सामाजिक सञ्जाल सूचनाको स्रोतमात्र नभई समाचार निर्माणको माध्यम पनि बन्न थालेको छ। तर, यसमा सत्यता

पुष्टि र सम्पादनको अभावले गर्दा गलत सामग्रीको प्रवाह बढी हुन्छ। यस्तो अवस्थामा छापा माध्यमले सत्य तथ्यमा आधारित समाचार दिए पनि जनविश्वास पाउन कठिन भएको छ।

सरकारी हस्तक्षेप

नेपालमा प्रेस स्वतन्त्रता संविधानमा सुनिश्चित भए पनि व्यावहारिकरूपमा सरकारका विभिन्न विधेयकहरू, जस्तैः मिडिया काउन्सिल विधेयक, प्रेस काउन्सिल विधेयक, सूचनाको हकसम्बन्धी कानुन संशोधन प्रयासहरूले सञ्चारमाध्यममा अंकुश लगाउने प्रयास भइरहेको देखिन्छ। यस्तो हस्तक्षेपले स्वतन्त्र पत्रकारिता कमजोर बनाउने खतरा छ।

मौलिकता अभाव

अनलाइनमा सजिलै उपलब्ध सामग्रीहरूलाई जस्ताको तस्तै कपी गरेर छाप्ने प्रवृत्ति बढ्दो छ। अनुसन्धानात्मक, तथ्यमा आधारित र गहिरो अध्ययनसहितको समाचार सामग्री तयार गर्ने परिश्रम घट्दो छ। यसले पाठकको चासो घटाउँछ र छापा माध्यमको विशिष्टता हराउँदै जान्छ।

समाधानका उपाय

अब छापा माध्यमको संरक्षण, प्रवर्धन र रूपान्तरणका लागि बहुआयामिक रणनीति आवश्यक छ। यसका लागि राज्य, पत्रकार महासंघ, सञ्चारकर्मी, नागरिक समाज सबैको साझा प्रयास अपरिहार्य छ। छापा माध्यमले डिजिटल प्रविधिलाई आत्मसात् गर्न ढिला गर्नु हुँदैन। डिजिटल प्लेटफर्ममा पनि विश्वसनीय सामग्री प्रस्तुत गर्न सक्ने क्षमता विकासमा ध्यान दिनु जरुरी छ। पत्रकारहरूलाई अनलाइन सामग्री निर्माण, भिडियो सम्पादन, डेटा पत्रकारिता आदिमा तालिम दिनुपर्छ।

समानुपातिक विज्ञापन नीति

सरकारी विज्ञापन वितरणलाई पारदर्शी र समानुपातिक व्यवस्था सुनिश्चित गरिनुपर्छ। ठूला सञ्चारगृहलाई मात्रै होइन, साना, ग्रामीण क्षेत्रका सञ्चारमाध्यमलाई पनि उचित हिस्सा दिनु जरुरी छ। विज्ञापन वितरणमा राजनीतिक प्रभाव हटाउनु अत्यावश्यक छ।

छापा माध्यम जनचेतना अभिवृद्धिको माध्यम हो। त्यसैले सरकारले सामाजिक, शैक्षिक, स्वास्थ्य, सरसफाइ, महिला अधिकारजस्ता विषयमा लोककल्याणकारी विज्ञापन दिनुपर्छ। यसका लागि हाल दिइरहेको बजेटलाई शतप्रतिशत बढाउनु

आवश्यक छ। साथै, यसलाई प्रभावकारीरूपमा वितरण गर्नुपर्छ।

कर छुट र सहुलियत

छापा माध्यमका लागि सामग्री आयातमा भन्सार छुट, उपकरण खरिदमा कर छुटजस्ता सहुलियत दिन सकिन्छ। साना सञ्चारगृहलाई सहुलियतपूर्ण कर्जा, उपकरण अनुदान र प्राविधिक सहयोग प्रदान गर्न सकिन्छ।

नयाँ आम्दानी खोज

छापा माध्यमको आम्दानीको नयाँ स्रोत पहिचान गर्न आवश्यक छ। ग्राहक सदस्यता बढाउने, विशेष सामग्री बेच्ने, पुस्तक वा विशेषांक प्रकाशनबाट आम्दानी लिने उपाय खोजिनुपर्छ। विज्ञापनमा मात्र भर नपरी सामग्रीकै मूल्य तोक्ने अभ्यास गर्न सकिन्छ।

मिडियामैत्री कानुन निर्माण

सञ्चार क्षेत्रको विकास र छापा माध्यमको संरक्षणका लागि मिडियामैत्री कानुन बनाउन जरुरी छ। पत्रकारको सुरक्षाको ग्यारेण्टी, प्रेस स्वतन्त्रताको सुनिश्चितता र सामग्री उत्पादनमा स्वतन्त्रता दिइनुपर्छ। अवरोध पुऱ्याउने विद्यमान कानुन संशोधन गर्नुपर्छ।

मानव स्रोत विकास

पत्रकारिता क्षेत्रमा नयाँ पुस्तालाई आकर्षित गर्न सक्ने वातावरण बनाउनुपर्छ। प्रशिक्षण, इन्टर्नसिप, तालिम कार्यक्रमहरूमार्फत युवा पत्रकार उत्पादन गर्नुपर्छ। साथै ज्येष्ठ पत्रकारको अनुभव र योगदानलाई सम्मान गर्नु पनि जरुरी छ।छापा माध्यम हाम्रो सामाजिक, राजनीतिक र सांस्कृतिक चेतनाको मेरुदण्ड हो। यसले सत्ता, समाज र नागरिकबीच सेतुको काम गर्छ। अहिले जुन प्रकारको संकटको सामना गरिरहेको छ, त्यो केवल प्रविधिको परिणाममात्र होइन, नीति, व्यवहार र सोचको विषय पनि हो।

समस्या केवल गुनासो गरेर समाधान हुँदैन। समाधान खोज्न सरकार, सञ्चारमाध्यम, पाठक र समाज सबैको सामूहिक प्रयास चाहिन्छ। प्रविधिमा अभ्यस्त हुँदै, सामग्रीको गुणस्तर बढाउँदै, नीतिगत सुधार गर्दै छापा माध्यमलाई समयानुकूल बनाउनु अहिलेको आवश्यकता हो। यदि आजै सुधारका प्रयास भएनन् भने छापा माध्यमको अस्तित्व नै संकटमा पर्न सक्छ। छापा मध्यम बचाउन सरोकारवाला सबैको ध्यान जाओस्।

(लेखक अर्थ सवाल साप्ताहिकका सम्पादक तथा नेपाल पत्रकार महासंघ काठमाडौं शाखाका सचिव हुन्)

आदर्शवादी श्रीमान्

गोविन्द भट्टराई

न्यायका कुरा गर्ने उनको अदालत छैन
इमान र वचनका पक्का हुन् तर कदर भएन
कपाल फुलाएको पेसाले चिनेन
वकालत गरेको समुदायले गुन सम्झेन
दाजुभाइ, दिदीबहिनीको के कुरा गर्नु ?
साख्खै सन्तानले उनको मर्म बुझेन
उनी अर्थात् आदर्शवादी श्रीमान् ! १
बिहान चार बजेदेखि मध्यरातसम्म खट्छन्
एक संस्थाको झोला अर्कोको ज्याकेटमा सजिन्छन्,
झरी होस् वा माघे तुषारो हरदम लम्किन्छन्
कहिले उकालो कहिले ओरालो
पत्रकारितामा फुर्सद हुन्न भन्छन्
प्रायः एक छाक खान्छन् तर चिया छाड्दैनन्
आराम गर समयमै खाऊ भन्यो मान्दैनन्
आफ्नो ढिपी छाड्दैनन्
उनी अर्थात् आदर्शवादी श्रीमान् !! २
उमेरले नेटो काट्यो,पत्तो छैन
परिवारको खुसी के हो मतलब भएन
झोला बोक्यो हतारमा कुद्यो
पात्रहरूको गाथा सुन्यो, कथा लेख्यो
बस्तीबस्तीको आवाज उठायो
दल र नेतालाई चिढायो,शत्रु कमायो
पात्रले क्याबात भन्दा रमायो
उनी अर्थात् आदर्शबादी श्रीमान् !!!३
अरुभन्दा भिन्न
इमान र जमानमा अभिन्न
प्रगति कहिल्यै देखिन्न
हाँस्न, नाच्न नजान्ने,
बेइमानी पाहुर लिन नमान्ने
भोकै बस्नु परे पनि कर्म नै महान् ठान्ने
धन्य हुन् उनी अर्थात् आदर्शवादी श्रीमान् !!!!४

पाल्पा

नमस्ते कपिलवस्तुमा देहरादूनदेखि गुल्मीसम्म

उदय ठाकुर

०१ मई २०२३, मईको महीना तातो हुनु पर्ने तर झरी लागेर चीसो भएको छ। ज्वाईं राजकुमार क्षेत्रीले यात्रा व्यवस्था राम्रो मिलाएकाले म निश्चिंत छु, ढुक्क छु। उता छोरीहरू अनि पत्नीले यात्रामा चाहिने लुगा, ओखती आदि ब्यागमा राखिदिएका छन्। हामी यात्राको लागि उत्सुक थियौं। देहरादूनदेखि बुटवल नेपालसम्म मेरोलागि यात्रा नौलो थियो। मैले उत्सुकता देखाएँ।

मेरो निम्ति देहरादून नै संसारमा अत्यन्त प्रिय छ
मेरो निम्ति देहरादूनकै बहुमुखी कल्याणमा श्रेय छ
मेरो निम्ति देहरादून जीवनभरि आराध्य श्रद्धेय छ
प्यारो जन्मथलो समुन्नत बनोस् मेरो यही ध्येय छ।

दिनको एक बजे बस 'नमस्ते कपिलवस्तु' गुड्किन्छ। हरिद्वार, बिजनौर, नजीबाबाद हुँदै राति ग्यारह बजे मुरादाबादमा जायका नेपाली ढावामा भात-दालको लागि रोकिन्छ। हामीले घरबाट ल्याएको भोजन बाँडेर खान्छौं।

मिलेर ज्वाईं भोजन बाँडेर खाउँला
अनि नेपाल पनि सङ्सङै जाउँला।

०२ मई २०२३, पानी पर्दैछ, चीसो छ। बिहान ६ बजे मिरमिरे उज्यालोमा बस रुपैडिहा आइपुग्यो। नेपालको सीमा पस्नलाई भारतीय चौकीका प्रहरीले बैग छामछुम गरे र अघि सारे। उता नेपाली प्रहरीले सय रुपियाँ सुविधा शुल्क लिएर कर्तव्य निभाए अनि जाऊँ भनें, मात्र मीठो स्वरमा सोधपूछ गरे, बैगलाई हात लगाएन। हामी नेपाल सीमामा आइपुग्यौं। त्यसपछि बसले लामो यात्रा गरेपछि गाउँको एक रेष्टुरामा रोकिएर पेटको खुलदुली शान्त गर्न भने। मान्छे भात-दालतिर लागे। हामीले समोसा खाऊँ भन्यौं। समोसा मुगलहरूको कोसेली हो। उनीहरू समोसालाई 'समसुक' भन्थे। अनि मासु यसभित्र पसाल्थे। यसमा आलु देहरादूनमा पस्नगयो। मेजर यंगले आयरलैण्डदेखि आलुको बिऊ ल्याएर मसूरीमा रोपे अनि मालमाल भए। त्यस समय

बाहुन क्षेत्रीले आलु अखाद्‌य हो भनेर खादैनथे। नास्ता खाएपछि आनन्दको अनुभूति भयो। यता पहाडे जीवन प्रतिबिम्बित छ। आधुनिकीकरण पनि छ। मोटरकार, स्कूटरको चलाचल छ। छाप्रो हालेका घर पनि देखा परे। एक खबर पढेको थिएँ कि तत्कालीन प्रधानमंत्री बी.पी. कोइरालाको हेलिकोप्टरको पंखाले गाउँका छानाहरू उडाएदिएको थियो रे। साँझको बेला बस बुटवल आएर, ल झर्नुस् भन्यो। ज्वाईंबाट मामाकी छोरी बहिनीलाई मोबाइल मिलाउने काम भयो। बहिनी खुशीले उफ्रिदै तुरुन्त आएपुगिन् अनि एक नेपाली महिलाको रिक्सामा बसालेर आफ्नो भाडाको घरमा लगिन् र राम्रो सेवा गर्न लागिन्। बहिनीको मिठो बोली वचन थियो। रात्रिमा मीठो पकवान खाएर सुतें। मज्जाको निद्रां आयो।

०३ मई २०२३, बहिनी हेमलता कुँवरले अघिको यात्राको निम्ति जान पहिचान हुनाले राम्रो व्यवस्था गरिदिएकी थिइन्। हामी सोह्र सीटर गाडीमा 'तम्घास' तिर लाग्यौं। मेरो भावात्मक गति तीव्र बन्दै गयो। 'कुँवर' जातिको देहरादूनमा धेरै चर्चा हुन्छ। कारण एक समय वीर बलभद्रका पिढीकाले देहरादून, नालापानी आएको बेला बलभद्रलाई 'थापा' भनेकोले आपत्ति गरेका थिए। वीर बलभद्रलाई बहाँ नेपाली इतिहासकारहरूले 'कुँवर' लेख्छन्। तर यता अंग्रेजी, हिन्दीका साहित्यकारहरूले 'थापा' लेख्छन्। स्वयं बलभद्रले आफूलाई न कुँवर लेखे न थापा लेखे। प्रमाणस्वरुप देहरादूनको डाटको कालीको मन्दिरको पुजारीलाई दिएको अधिकाररुपी ताम्रपत्र आज पनि सुरक्षित छ। जसमा उनैले अंकित गराएका छन्-"बलभद्र सिंह भतीज अमर सिंह थापा।"

हाम्रो मेजिक गाडी तानसेन हुँदै तम्घास आएर एक रेष्टुरामा रोकिन्छ। सवारीहरू भात-दालतिर लाग्छन्। म यता उता डुल्छु। यहाँदेखि एक सानो गाडीमा बसेर हामी हिंड्छौं। काँचो जङ्गलको बाटोदेखि एक स्थानमा आएर गाडी ठिङ्ग खडा हुन्छ। हाम्रोलागि ज्वाईंको मामाको छोरा रामू पर्खिरहेका थिए। उनले मेरो बैग बोके अनि पैदल गाउँको एकोहोरो बाटो हुँदै उनको निवासस्थान आएँ। ऋतु अनुकुल हुनाले यात्रा सुविधापूर्वकको रह्‌यो। नेपाली संस्कृतिको काठैकाठको घरमा पसी हामीले आराम गऱ्यौं। सानो दुईतले घरको खुल्ला स्थानमा बिछौनामा लम्पसार भएर रात बिताएँ।

०४ मई २०२३, निद्रा त्यागैं। भाले 'कुखुरी काँ' गर्दै बास्छ। कवि केदारमान 'व्यथित' को कविताको सम्झना आउँछ-

जब उषाको अभिनन्दनमा जागरण डमरु मुखरित हुन्छ

तब दूर क्षितिजको आँगनमा धरणीको नीद तिमिर टुट्छ।

सामुन्नेमा रूखहरू शांत छन् । चराहरू चिरबिरी स्वर गर्दै उफ्रिदै छन् । बाख्रा, भैंसी गोठमा यता उता सलबल गर्दैछन् । आँगनमा भाले , पोथी चल्लाहरू दाना टिप्दै छन् । बिरालो म्याउँ-म्याउँ कराउँदै छ । टाढा पहाडमा कुहिरो छ - दुगुर, दुगुर कुहिरो

तेरा घरमा चोर पस्यो मानु-पाथी लुकायो

थोत्रे नाङ्ली ठटायो.....................

एक गिलास चिया खाएँ गुड् भैं मीठो थियो । आँगनको यता-उता डुल्छु । बिहान गाई, भैंसी तथा भेडाका बगाललाई लेक, बेसी सार्दै जीवन धान्ने नेपालीहरू आफ्ना सुविधाअनुसार गोठ निर्माण गर्छन् भनिन्छ ।

"काठको मोचा, काठको बेला, काठको तगारा

गोठालो ज्यानको गोठकै बास गाई भैंसी सहारा

सेउला काटी बारबेर पारी न्यानो गोठ बन्दछन्

गोठाला ज्यानको जीवनको सहारा गाई भैंसी कहिन्छन् "

दिउँसो चियासँग सेल रोटी, आलुको अचार खाएँ । सेलरोटीको इतिहास कोट्याउँदा थाहा लाग्छ कि सेल रोटी बिग्रेर सेल्ह रोटी भएको हो । सेल्ह भनिने एक जातको धान हुन्छ । देहरादूनकाले यसलाई सेला चामल भन्छन् । सेल्ह चामलको पीठोको सेल रोटी बनाएको हो । गीलो बनाएको पीठोलाई हातको सहाराले तातो तेल वा घ्यूमा घुमाउँदै सेल रोटी पकाइन्छ ।

५ मई २०२३, बिहान भयो । आज घाम लागेछ । उड्छ बादल आकाशमा दूध पोखिएको जस्तै गरी म आनन्दित भएँ-

हिजो तिम्ले भने जस्तो आज लाग्यो घाम

किरणहरू बटुलेर टीको लाइदेऊ आमा

ज्वाईं पिताको जन्मथलो 'गुरबा' गाउँ कुल पूजाको लागि जान्छन् । मैले नुहाएँ । मन-शरीर फुर्तिलो भयो । बारीमा काफल पाकेको छ । म गुनगुनाउँछु-

ठरा पानी न देखाऊ हे काँटा छुरी चम्चा

हामीसँग छदैंछ नि सिस्नु टिप्ने चिमटा

कसलाई थाहा होला त्यहाँ के चीज बन्छ
मेरो देशमा काफल पाके चरीले नै भन्छ।

साँझ ज्वाईं कुल देवताको प्रसाद अनि घर पाहुर लिएर आए। मलाई कवि हरिभक्त कटुवालको एक गीतको सम्झना कुलबुलायो-

सपना बोकेर आइदिने रातहरूलाई एउटा सलाम
सपना खोसेर लैजाने प्रभातलाई अर्को सलाम
सजिलैसित जिउने एउटा मिठो निहुँ पाइएको छ
रक्सी बनाइदिने पहिलो स्रष्टालाई अर्को सलाम।

०६ मई २०२३, आज हामीले प्रस्थान गर्नु थियो। नास्ता गरेर गुल्मी जिल्लाका रमाइलो गाउँहरूको अवलोकन गर्दै बारी, खेत, खोला, वन, सालघारी हुँदै पैदल हामी गाडी विश्राम स्थलमा आयौं। गाउँहरूमा घरहरू प्रायः एक जस्तो नै देखा परे। सबैंको बारीमा चाहिदो फल-फूल अनि तरकारीहरू थिए। खेतमा अनाजका लहलह मकै, धान हाँस्दै थिए। खोलामा खोले साग पनि हरियो थियो। पतंजलिको 'तीर्थावली'को त्रयोदश अध्यायमा शाकहरूका नाम अनूतर्गत पाइने तर्कारीहरू यहाँ बारीमा हेरें :

फलका साग भिंडा घिरौंला फरसी कांक्रो निभारोक्यरा
मैयल राम त्वर्‍याँ र आफ कन्चला खोरसानीका जात ध्यरा
कटहर पर्वर रामभिंडा र अमला लौका कुभिण्डो भयो
यस्तै धेर्तरकारी हुन्छ फलको दोकानमा हेर्न गो॥

गाडी आयो, हामी फिर्ता जन्मथलो जानलाई बस्यौं। गाडीमा एक पाठा पनि हाम्रो सहयात्री थियो। बस तानसेन , पाल्पा हुँदै आठ बजे सांझ बुटवल आइपुग्यो। हामी माछापुच्छे होटेलमा रात्रि विश्रामको लागि पस्यौं।

०७ मई २०२३, समयको खाँचो थिएन। बुटवलको बजार घुमें। पसलबाट कोसेली क्रय गरें। नमस्ते कपिलवस्तु नेपाल-भारत मैत्री बस दुई बजे प्रस्थान गर्‍यो। बसको चक्का घुम्छ। मलाई एक कविताको सम्झना आउँछ :

ड्राइभर दाइ खलासी भाइ
हाम्रो धेरै माया तिमीलाई
हाम्रो धेरै आदर तिमीलाई
कहिले लान्छौं उकालीमा कहिले ओरालीमा
कहिले लान्छौं घुम्ती कहिले देवरालीमा.............

बस राति दुई बजे एक ढाबामा रोकिन्छ । सबै यात्रीहरू भोकाएकाले ढाबाभित्र पस्छन् अनि भात दालतिर लाग्छन् । हामी पनि तेस्तै गर्छौं । राति योगासनको विभिन्न मुद्रामा आसन गरेर जसोतसो रात बिताउँछौं ।

०८ मई २०२३, उज्यालो भएको थियो । बस हरिद्वार आइपुगेको थियो । जन्मथलो पनि आइपुग्यो । प्रसिद्ध कवि गोपाल सिंह नेपाली पनि यहाँ नै जन्मेका थिए-

तलहटी यही मसूरी का है, देहरादून जिससे निहाल
जहाँ वनों में सघन शाल
जहाँ आम के भरे बाग,
हैं जहाँ धानों के हरे बाल
लगते सुन्दर काँटोवाले भी
यहीं करौंदा के निकुंज
फूटा है मेरा कंठ यहीं
निर्झर, निर्मल के समान
सीखा है मैंने यहीं तीर पर
सरिता के मृदु सरल गान ।

५०८ गढी, रिक्खीराम गली, देहरादून कैंट २४८००३,उत्तराखंड, भारत

किरण पुस्तकालय
तम्घास, गुल्मीलाई
आफ्ना प्रकाशनहरू उपलब्ध गराई सहयोग गर्नुहोस् ।

अटिजम यात्रा

विष्णुप्रसाद भण्डारी

छोरा !

थाहा छैन तिम्रो मानसपटलमा यी शब्दहरू कसरी प्रवाह हुन्छन् । तथापि यो भावनात्मक लेख लेख्ने प्रयास गरेको छु । आशा छ तिम्रो मन मस्तिष्कमा यी भावनाहरू कुनै न कुनै तरिकाले प्रवेश पाउनेछन् । सत्र वर्षअगाडि यस धर्तीमा तिम्रो आगमनले खुशीको सीमा रहेन । मन हर्षविभोर अनि पुलकित भयो । साहित्य अनुरागी भएकोले हो वा खै किन हो तिम्रो आमाले तिम्रो नाम 'अविरल'भनेर छान्नुभयो । तिम्रो जन्ममा हामी हर्षित थियौं किनकि तिम्रो जन्मपछि मात्र हामीले नयाँ नाम पाएका थियौं - "बाबा आमा" ।

सानो छँदा तिमी असाध्धै राम्रो अनि शान्त स्वभावको थियौ । तीन वर्षसम्म तिम्रा सबै शारीरिक विकासक्रम सामान्य नै लागेको थियो । एक्लै एउटा सामानसँग बसेर खेली रहन्थ्यौ । बोलाउँदा फर्केर हेर्दैनथ्यौ । कुनै सानोतिनो चोटले खासै पीडा दिन्थ्यो । देख्दा अति सुन्दर केही समस्या नभएको जस्तो देखिन्थ्यौ तर प्रतिक्रिया देखाउन्नथ्यौ ।

तिमी पाँच वर्षको हुँदा पनि शब्दको विकास नभएपछि हामीले होमियोप्याथिक चिकित्सक मामा डा. अम्विकाप्रसाद ज्ञवाली र स्पेनिस डा. अटुट लिन्डेम्यानलाई भेट्दा उहाँहरूको प्रेस्कृप्शनमा 'हाईपर् एक्टिभ' शब्द देखेपछि के होला जस्तो लागेको थियो । त्यो दिन बेलुका मामाको घरमा बस्यौं । डा. अटुट पनि आउनुभो । तिमी यताउता गर्दै, बोलाउँदा पनि नबोल्ने, हेर्दा पनि नहेर्ने, घरी झ्यालमा चढ्ने, घरी टाउको हल्लाएर बस्ने, आँखामा आँखा नजुधाउने, उफ्रिने जस्तो गतिविधि देखेपछि डा. अटुटले हामीलाई तिम्रो फरक व्यवहारबारे सोधे । हाम्रो कुरा सुनेपछि उनैले भने, 'तिमीहरूलाई थाहा छ कि छैन, अटिजम भएका व्यक्तिले यस्तो व्यवहार देखाउने गर्छन् । कतै बाबूलाई पनि अटिजम पो छ कि ?'

उनको कुराले हामीलाई झस्काइदियो । मेरो मनमा लाग्यो, डा. अटुटले यति

राम्रो अनि स्वस्थ बच्चालाई किन त्यस्तो भन्नुभएको होला ? हामी दुबैलाई त्यतिबेला अटिजम भनेको के हो भन्ने थाह थिएन । बुझ्दै गयौं । अनि हामी निष्कर्षमा पुग्यौं, पक्कै तिमीमा अटिजम छ। हामीले अटिजमको समस्या जीवनभर रहन्छ र यो औषधि उपचारले निको हुँदैन भन्ने कुरा प्रष्टसँग थाहा पाएपछि छाँगाबाट खसे जस्तै भयौं ।

तिमीलाई यस्तो हुनुमा तिम्रो कुनै दोष छैन न त हाम्रो नै छ। तर तिमीलाई यस्तो भएको थाहा पाएपछि मैले हाम्रो समाजको स्वभाव र व्यवहार थाहा पाएँ। कतिपयले भने- 'पूर्व जन्मको पाप' कसैले 'कुन जन्मको खेल हो ?' कतिपयले त अपशब्द नै बोले , लाटो भने, कलङ्क भने सबै भने । सबैको व्यवहार सुन्दासुन्दै थाकेपछि मैले पनि भन्न थालें, 'तपाईं आफू परिवर्तन हुन सक्नुहुन्न भने कृपया हामी जे छौं ठिक छौं चियोचर्चो र अपमान पनि नगरिदिनुहोला' । अटिजम भएर जन्मनु कुनै अभिशाप होइन । अटिजम भएर जन्मनु तिम्रो के दोष ?

तिम्रो विकासक्रम फरक भए पनि हामीले हार मान्ने कुरा भएन । बलियो खम्बा बन्नु थियो । तिम्रो आमालाई तिम्रो हेरचाहमा खटिएका बेला जति थकाइ लागे पनि तिम्रो हँसिलो अनुहार देखेपछि सबै थकान गायब हुन्छ । तिमीलाई देखेपछि मनमा अनेक भावनाहरू आउँछन् । तिमीलाई मनभरिको कुरा भन्न मन लाग्छ होला । तर भन्न सक्दैनौ । हामीलाई सबैभन्दा बढी दुःख कतिबेला लाग्छ भने जतिबेला तिमीलाई कान दुःखेको हुन्छ र हामी तिमीलाई दाँत दुख्यो कि भनेर दाँत हेर्ने र औषधि दिने गर्छौं । तिमी कहिलेकाहीँ ढाड दुखेर रातभरि निदाउन सक्दैनौ र छट्पटाउँछौ । तर आमा ढाड दुख्यो भन्न सक्दैनौ बरु ढाड देखाँउछौ। कसैले हिंसा अथवा दुर्व्यवहार गऱ्यो भने बताउन सक्दैनौ । तिमीले खाइरहेको खाना अरुले खोसेर खाइदिए पनि चुप बस्छौ । आफू खतरामा छु भन्ने कुरा तिमीलाई थाहै हुँदैन । त्यतिमात्र नभई घरबाट बाहिर गयौ भने तिमी फर्केर आउन सक्छौ सक्दैनौ थाहा छैन । कहिलेकाहीँ तिमी अन्जानमै हराउँदा हामीलाई पुलिसलाई भन्न सबैभन्दा धेरै दुःख लाग्छ किनकि त्यहाँ तिम्रो सबै कुरा भन्नुपर्दछ ।

हाम्रा छोराछोरीलाई कष्ट दिने यो अटिजम हामीले निको पार्न त कदापि सकेनौं तर उनीहरूको मनोभाव र क्षमतालाई बुझेर ऊनीहरूलाई अवसर दियौं भने जीवन सहज बनाउन भने सक्छौं । हामी तिमीले गर्ने ससाना कामबाटै खुसी हुन सिकेका छौं । हाम्रो थोरै सहयोगमा तिमी आफ्नो दैनिकी चलाउन सक्ने हुँदै गएकोमा हामी खुसी छौं । तिमीले यस बीचमा कति धेरै कुरा सिकिसकेका छौ । बाथरुममा गर्नुपर्ने सरसफाइ आफै गर्नसक्ने भयौ । आमालाई भान्छामा सघाउन सक्ने भयौ । तिमीलाई

चिया पकाउन र तरकारी काट्न साह्रै मनपर्छ, बस् हामीलाई यतिमै खुसी मिल्छ। बेलाबेलामा हामी बजारमा सपिङ जाँदा तिमी चकलेट र साबुन बास्केटमा राख्छौ। किनकि तिमीलाई दिनहुँ नुहाउन मनपर्छ। चकलेट भने तिमी बाटोमै खाइसक्छौ।

तिमीलाई अटिजम पाठशाला नेपालमा गएर पनि काम गर्न थाल्दा हामी झनै खुसी भएका छौं। सबैभन्दा बढी तिमीलाई गाई, भैसी र डोजर बनाउन मन पर्छ। भजन त तिम्रो सबैभन्दा रुचिको विषय बनेको छ। भजनसुन्ने, चित्र वनाउने र पजल मिलाउन तिमी अति मन पराउँछौ। यी सबै बानी हामीलाई मन पर्छ। अझै तिमी अटिजम पाठशाला नेपालमा गएर आमासँगै अटिजम भएका व्यक्तिको हक-हितका लागि वकालतमा हिँड्न थालेको त्यो अनुपम दृश्य झनै मन पर्छ।

अटिजम भएका सन्तानलाई अरूले हेयभावले 'विचरा' भनिदिन्छन्। हाम्रो मनमा च्वास्स घोच्छ। उनीहरूलाई भन्न मन लाग्छ, शब्दले नघोच्नुहोस्। सक्नुहुन्छ भने सहयोग गरिदिनुहोस्। के मान्छेले आफ्नो परिवारमा पर्दा मात्रै पीडा महसुस गर्नुपर्ने हो र ? अपाङ्गता भएका सन्तान हुर्काउँदा समाजबाट बेहोर्नु पर्ने चोट र पीडाको बारेमा नमिठो अनुभव सङ्गाल्नु कुनै नवीन कुरा भयो र ? अटिजम भएका व्यक्तिहरूले पनि सही वातावरण पाएको खण्डमा समाजका लागि महत्त्वपूर्ण योगदान गर्न सक्छन् भन्ने हाम्रो समाजले कहिले बुझ्ला भनेर चिन्ता लाग्छ।

तिम्रो राज्य र सरकार अपाङ्गता भएका व्यक्तिहरूका लागि जिम्मेवार छैन। हाम्रो देशको संविधानले हरेक व्यक्तिमा आधारभूत तहसम्मको शिक्षा अनिवार्य र निःशुल्क तथा माध्यमिक तहसम्म निःशुल्क शिक्षाको पहुंच हुनेछ भनेको छ तर तिमीले पढ्ने विद्यालय नै छैनन्। अपाङ्गता भएका व्यक्तिहरू यो देशमा अनागरिक बन्नु परेको छ तथापि तिमीले यो देशको नागरिकता प्राप्त गर्‍यौ। अनागरिकले नागरिकता पाएकोमा बधाइ छ। नागरिक कसरी भनौं जहाँ संविधानमा लेखिएका अक्षरले तिमीलाई चिन्दैन।

तिमीमा भएको अटिजमले हामीलाई यसबारे धेरै कुरा सिकाएको छ। अटिजमबारे चेतना सबैलाई आवश्यक छ। जतिसक्दो समयमै अटिजमको पहिचान गर्ने, सुरुका वर्षमा दिइने थेरापी र इन्टर्भेन्सनहरू समयमै लिनु महत्त्वपूर्ण हुन्छ। आफ्नो बच्चाको अभिरुचि र क्षमता पहिचान गर्दै अगाडि बढ्नुपर्छ। सबैभन्दा ठूलो कुरा आफ्नो बच्चालाई अटिजम छ भन्ने कुरा स्वीकार्न जरुरी छ। अटिजमलाई निको पार्न होइन, यसलाई स्वीकार्न सक्नुपर्छ।

राज्य त अपाङ्गता भएका व्यक्तिका लागि छ जस्तो नि लाग्दैन । चिन्ता लाग्छ, अटिजम भएका सन्तान हुर्काउनुको मर्म हाम्रो समाजले कहिले बुझ्ला ? समाजको ठूलो तप्कालाई धेरै कुरा थाहै छैन । किनकि हाम्रो समय छोराछोरीको रेखदेखमा बित्छ । रातमा निन्द्रा भन्न पाइँदैन । सामाजिक कार्यहरू, संस्थाकै कति कार्यक्रममा पुग्न सकिँदैन, चाडबाड, भोज, बिहे, व्रतबन्ध, मठ-मन्दिर आदिमा सहभागी हुन सकिन्न । बिरामी पर्दा तुरुन्तै अस्पताल जान पनि निकै सोच्नुपर्छ । थकाइ भन्ने त कस्तो हुन्छ पत्तै हुन छाड्यो । अब त आफन्तहरूले यिनीहरू आउँदैनन् भनेर बोलाउन पनि छाडिसके ।

नेपालमा अटिजमसम्बन्धी काम गर्ने संघ-संस्था वा व्यक्तिहरूको खोजीमा लाग्यौं । तर कहीं कतैबाट पनि हामीले उचित सहयोग पाएनौं । भौंतारिँदै विभिन्न अस्पताल धायौं । तर अहँ, अटिजमबारे बुझेका व्यक्ति कतै भेटेनौं । छोरालाई अटिजम भएपछि भौंतारिएर हिँडेका हामीलाई मनभरिका पीडा पोखेर रुने थलो पनि थिएन ।

पछि हामीले सोच्यौं, 'हामी एउटा परिवार त जहाँ गएर भए पनि आफ्नो समस्या सुल्झाउन सक्छौं । तर यस्तै पीडा र अभावबाट गुज्रिएका गुल्मी, पाल्पा, स्याङ्जा, अर्घाखाँची जस्ता जिल्लाका अरू अभिभावकहरू कहाँ जाने ?' हामी त एक्लै भौंतारिएर हिंड्नुपऱ्यो, एक्लै तड्पेर रुनुपऱ्यो, मनभरिका दुःख पोखेर रुने ठाउँसम्म पाइएन । हाम्रो समस्या बुझ्ने कोही थिएन । कमसेकम अबका दिनमा अरूअभिभावकले आफ्नो दुःख बिसाउने सही थलो मात्रै भए पनि चाहिन्छ, भन्ने लाग्यो । यस क्षेत्रमा एउटा अटिजमसम्बन्धी काम गर्ने संस्थाको निकै जरुरी ठानेर हामीले एउटा संस्था स्थापना गर्ने अठोट गऱ्यौं ।

अप्रिल २, विश्व अटिजम सचेतना दिवसका अवसरमा हाम्रा केही पारिवारिक साथीभाइ र शुभचिन्तकहरूको अथक सहयोगमा वि. सं. २०७४ मा अटिजम पाठशाला नेपाल नामको सामाजिक संस्था जिल्ला प्रशासन कार्यालय गुल्मी र समाज कल्याण परिषद् काठमाडौंमा दर्ता गऱ्यौं ।

समयक्रममा हामीले हाम्रो परिवारकै जस्तो कथा अन्य धेरै परिवारमा रहेको थाहा पायौं । केही समयमा नै एउटै समयसँग गुज्रिरहेका पाँच परिवार भेला भयौं । सबै आमाहरू भर्खरका हुनुहुन्थ्यो । सबैका सुन्दर बच्चा थिए । तर पनि सबैको मनमा एउटै छटपटी थियो । त्यही भेटपछि हामी संगठित भएर हिँड्न थाल्यौं अनि मनस्थितिअनुसार परिस्थिति होइन परिस्थितिअनुसार मनस्थिति बदल्न सिक्यौं ।

अहिले संस्थाले सातौं वसन्त पार गरेको छ । हाम्रो परिवारबाट सुरु गरिएको सेवा विस्तार भएर अहिले सयौं परिवारसँग जोडिएको छ । सय बढी आजीवन सदस्य, जग्गादाता, अक्षयकोषदाता र शुभचिन्तकहरूको सहयोग छ। अटिजम शब्द अब धेरैका लागि नौलो हुन छोडिसकेको छ। तर यसबारे गहिरो बुझाइको भने अझै अभाव छ। अटिजम साच्चिकै चुनौतीपूर्ण अपाङ्गता हो। हालका वर्षमा अटिजमबारे गरिएका चेतनामूलक कार्यक्रमहरू निकै महत्त्वपूर्ण र सफल रहेका छन् । तर यसबारे सिंगो समाज र राज्य गम्भीर नभएसम्म यो विषय सार्वजनिक छलफलमा आउन सक्दैन । अनि सरकारले पनि यसबारे नीतिगत पहलहरू लिन सक्दैन । राज्य सबै जनताको संरक्षक बन्नसक्नुपर्छ । अटिजम भएका बालबच्चाहरूले पनि राज्यको संरक्षकत्व पाउनुपर्छ ।

संस्थापक - अटिजम पाठशाला नेपाल, गुल्मी

गजल

डा. घनश्याम परिश्रमी

कसैले मिठा वाचा गरेका छन्
कसैले निकै पीडा दिएका छन्

म भन्दै छु घतलाग्ने कुरा मनका
नसुन्नेहरूले पो सुनेका छन्

विरोधी जुलस निस्केर हो सायद
दबेका धेरैका हात उठेका छन्

तिमीले कहाँ बुझ्छौ मनोविज्ञान
यहाँ रङ्गिएका दिल दुखेका छन्

सफरमा सबैको हुन्छ गन्तव्य
नदी भेट्न नै खोला बगेका छन् ।

-कुलपति -बर्दघाट प्रज्ञा-प्रतिष्ठान, नवलपरासी

हाम्रो कानुन

लक्ष्मीनाथ ज्ञवाली सुमेरु

आयो कानुन हो गमक्क उभियो ब्वाँसोहरू फुत्किने
माछो देख्दछु जालमा छटपटी यो न्याय भो भत्किने
किर्नाले जति राज गर्दछ यहाँ पीडा अझै बल्झिने
निर्धाको अब जिन्दगी विपतमा न्यायी कुरा खस्किने ।

कस्तो कानुन बन्छ यो मुलुकमा देखेर पत्याइयो
माछो पर्दछ जालमा सजिलरी किर्ना सबै छाडियो
कस्तो शङ्खे कीरा रहेछ बलियो तान्दैछ माछा छिटो
यस्तो जाल विछाउँदै विधि बन्यो अन्यायमा देश यो ।

जेली फीस चुसी सधै मुखभरी खाने बन्यो कानुन
काट्नै पर्दछ कानुनी रफतका साङ्लाहरू फालिन
भ्रष्टैभ्रष्ट मिली सधै छ नखरा निर्लज्ज यो कानुन
नेतामै छ सबै कुरा गडबडी यो देश सिध्याउन ।

अध्यादेश सधै छ अस्त्र बलियो आफ्ना कुरा ल्याउन
भुत्ते संसद भो सकेन विधिको यो राज्य देखाउन
हामी दास बनी सधै पछडिदै त्यो भोट थन्क्याउन
जिस्ता मात्र बने यि कानुनहरू यो देश झुक्याउन ।

मान्छे बोल्न र लेख्न पाउँछ सधै भोगेर स्वतन्त्रता
कुण्ठामा रहदैन मानव सधै सुल्टो भए मान्यता
यो सत्ता रहदैन जान्छ सहजै क्यै छैन सान्निध्यता
जस्ता बारहरू बने अब यहाँ भ्याइन्छ राष्ट्रियता ।

खोजे शासकले सधैभर सँगै झुक्याइ बाँच्ने कला
मान्छेका अधिकार खोस्छ यसरी रोकेर हाम्रा गला
निर्धाका पसिना चुसी सगरका तारा देखाई रहे
रूखो शासनमा भयो सकस यो मान्छे सधै झस्किए ।

सस्ता कानुनमा बसेर रमिता हेर्दैछ न्यायी चरा
आस्थामा छ सधै विरोध सहने हो माइती मण्डला
बन्ने कानुन हो उठाउन सँगै आधार खोज्नेहरू
पेलिन्छन् अरुबाट नै सदनमा पानी मरूवाहरू ।

थोर्गा, गुल्मी, हाल : भैरहवा, रुपन्देही

नेपालका सुप्रसिद्ध चार धाममध्येको एक ऐतिहासिक पवित्र तीर्थस्थल रुरुक्षेत्रको बारेमा विस्तृत जानकारी प्राप्त गर्न किरण पुस्तकालयद्वारा प्रकाशित 'हाम्रो पुरुषार्थ'को **रुरुक्षेत्र विशेषाङ्क** खोजी खोजी पढ्नुहोस् ।



'हाम्रो पुरुषार्थ' को पुरुषार्थ

दिव्य गिरी

वि.सं. २०२५ सालमा गुल्मीको तम्घासमा स्थापना भएको किरण पुस्तकालयले २०३० सालदेखि एउटा साहित्यिक पत्रिका पनि प्रकाशन गर्न लाग्यो "हाम्रो पुरुषार्थ" को नाममा। नेपाली भाषा साहित्यको उन्नयन, सम्वर्धन र विकासको निम्ति साहित्यिक पत्र-पत्रिकाको महत्त्वपूर्ण भूमिका रहन्छ। साहित्यिक पत्रिकाको अभावमा साहित्यले फष्टाउने अवसर पनि पाउँदैन । साहित्यिक पत्रिकाले प्रत्यक्षतः दुईवटा कार्य गर्दछ, पहिलो नेपाली भाषा साहित्यको विस्तार र स्रष्टाहरूलाई पाठक सामु उपस्थित गराउने। बाउन्न वर्ष भइसकेको हाम्रो पुरुषार्थले पनि त्यही कार्य गर्दैआएको प्रमाण भनेकै यसको निरन्तर प्रकाशन हो । आफ्नो अर्ध-शताब्दीको अवधिभित्र यस पत्रिकाले बीसवटा भन्दा बढी नै साहित्यिक विशेषाङ्कहरू प्रकाशन गरेर एउटा इतिहास निर्माण गरिसकेको परिप्रेक्ष्यमा यसपटक भने आफ्नो पूर्णाङ्क १०५ लाई **भारतीय नेपाली साहित्य र साहित्यकार विशेषाङ्क**को रूपमा प्रकाशित गरेर अर्को ज्यादै श्लाघनीय र महत्त्वपूर्ण उपलब्धिमूलक कार्य गरेको छ। नेपाल र नेपालबाहिरका नेपाली भाषा साहित्यका सर्जक र सबै किसिमका पाठकहरूको निम्ति यो निकै खुशीको कुरा हो।

यस विशेषाङ्कको २०८२ साल जेठ २४ गते शनिबार बिहान काठमाडौंको पुतलीसडकस्थित ग्रिनलिफ रेस्टुराँमा भव्यताका साथ सार्वजनिकीकरण गरिएको थियो । सभापति सम्पादक शशि पन्थी, असमका वरिष्ठ साहित्यकार ज्ञानबहादुर छेत्री प्रमुखअतिथि, साहित्यकार तथा समालोचक प्राध्यापक गोविन्दराज भट्टराई र प्राध्यापक ज्ञानु पाण्डे विशेषअतिथि हुनुभएको उक्त कार्यक्रममा शशि पन्थी, ज्ञानु पाण्डे, र शरद प्रधानले मन्तव्य दिनुभएको थियो भने साहित्यिक पत्रकार संघका अध्यक्ष राधेश्याम लेकाली, दायित्वका सम्पादक तथा साहित्यकार रामप्रसाद पन्त, शब्दाङ्कुरका सम्पादक तथा साहित्यकार धीरकुमार श्रेष्ठ, मधुपर्क मासिकका पूर्व सम्पादक तथा हाल आरब्धका सम्पादक जयदेव भट्टराई र साहित्यकार एवम्

उपन्यासकार अनिता कोइरालाले शुभकामना मन्तव्य दिनुभएको थियो। कार्यक्रमका प्रमुखअतिथि ज्ञानबहादुर छेत्री र संयोजक प्रा.डा. गोविन्दराज भट्टराईले नेपाली भाषा साहित्यमा भारतीय नेपाली साहित्यकारहरूले पुऱ्याउनुभएको योगदानको चर्चा गर्दै हाम्रो पुरुषार्थको यो विशेषाङ्कले अझै महत्त्वपूर्ण भूमिका निर्वाह गर्ने विचार व्यक्त गर्नुभएको थियो । ओरियन्टर प्रकाशनका हरि गौतमले सञ्चालन गर्नुभएको उक्त कार्यक्रममा डा.सीता सुवेदी पनथीले स्वागत भाषण र कवि विष्णु ओलीले मुक्तक वाचन गर्नुभएको थियो भने कार्यक्रममा झन्डै चार दर्जन साहित्यकारहरूको उपस्थिति थियो।

नेपाली भाषा साहित्यको विकासमा नेपालबाहिर रहे-बसेका नेपालीहरूले अत्यन्त महत्त्वपूर्ण योगदान दिनुभएको विषय नै एउटा सुनौलो इतिहास बनिसकेको छ। भारतका विभिन्न राज्यहरू जस्तो कि दार्जिलिङ, सिक्किम, असम, देहरादून, सिलगढी, गुहावटी, बनारस आदि क्षेत्रमा बसोवास गर्ने नेपालीहरूले नेपाली साहित्यको निम्ति निरन्तर योगदान दिएको इतिहास आफैमा गर्विलो छ। त्यसबाहेक विश्वका अन्य मुलुकमा काम र अध्ययनको सिलसिलामा गएका र उतै बसोबाससमेत गरेका नेपालीहरूले पनि नेपाली भाषामा साहित्य सिर्जना गर्ने गरेका छन् र तिनका साहित्यले पनि नेपाली साहित्यका विभिन्न विधामा योगदान दिँदै आएका छन्। यसरी विश्वका जुनसुकै देशमा बसेका नेपालीले नेपाली भाषा साहित्यमा आफूलाई समर्पित गर्नु अवश्य पनि खुशीको कुरा हो। यस कार्यबाट नेपाली भाषाको संरक्षण, सम्वर्धन, विकास र विस्तार हुँदै जान्छ। अर्को कुरा विश्वको जुनसुकै कुनामा बसे पनि भाषा साहित्यले नै एक-अर्कोलाई जोड्ने कार्य गर्दछ। फलस्वरूपः एक आपसमा आत्मीयता, सहसम्बन्ध, प्रेमभाव, सहिष्णुता बढ्दै जान्छ। अर्थात् साहित्यले सम्बन्धको सेतु निर्माण गर्दछ।

यसै परिप्रेक्ष्यमा "हाम्रो पुरुषार्थ" साहित्यिक पत्रिकाले माघ-चैत २०८१ को १०५ अङ्कलाई **भारतीय नेपाली साहित्य र साहित्यकार विशेषाङ्क**को रूपमा प्रकाशित गर्नु भनेको भारतका विभिन्न ठाउँमा बसेका नेपाली भाषाका साहित्य र साहित्यकार हरूको योगदानलाई पाठक समक्ष प्रस्तुत गर्नु हो। यस कार्यले नेपालबाहिर नेपाली भाषा साहित्य के कस्तो छ, थियो र त्यसको इतिहास र वर्तमानको अवस्था पनि कस्तो थियो र छ भन्ने कुरालाई स्पष्ट पार्दछ। प्रस्तुत विशेषाङ्कमा अन्तर्वार्ता खण्डअन्तरगत नौवटा अन्तर्वार्ता, लेख / आलेख / निबन्ध / समीक्षा / समालोचना खण्डमा तेत्तीसवटा रचनाहरू, कथा/ लघुकथा खण्डमा तीनवटा सिर्जना, कविता/मुक्तक

खण्डमा पाँचवटा रचना, स्थायी स्तम्भहरू खण्डमा सम्पादकीय एउटा र अन्य दसवटा भेटघाटसम्बन्धी स्तम्भका साथसाथै पुस्तकालय परिचय (टेकेन्द्र बस्याल), किरण पुस्तकालयको पातो (सचिव), नौलो सृष्टि : सानो सृष्टिअन्तर्गत खिमानन्द पोखरेलको यात्रासंस्मरण, अमेरिकी यात्राका ती दिन र डा.टंक पन्थको चौथो कवितासङ्ग्रह ढुकढुकीको पुस्तक परिचय पनि प्रस्तुत गरिएको छ। अन्य स्तम्भहरूमा पाठकप्रतिक्रया र किरण पुस्तकालयका आजीवन र विशिष्ट सदस्यको परिचय र हाम्रो पुरुषार्थका आजीवन ग्राहकहरूको नामावली रहेको छ।

समग्रमा प्रस्तुत विशेषाङ्क मौलिक रचना, अन्तर्वार्ता र विविध विषयका लेखहरूको एउटा समष्टिगत सङ्कलन हो। विशेषाङ्क हुनको लागि विशेष खालका लेखहरू हुनुपर्छ नै त्यसमा पनि नेपालबाहिर रहेर नेपाली भाषाको अनेक विधामा कलम चलाउने स्रष्टाहरूलाई एकत्रित अर्थात् समेटनु आफैमा पनि धेरै कठिन कार्य हो र यस कार्यमा समय पनि धेरै नै लाग्छ। यस विशेषाङ्क प्रकाशनको निम्ति महत्त्वपूर्ण भूमिका निर्वाह गर्नुभएको छ नेपाली भाषाका विशिष्ट साधक, प्राध्यापक डा.गोविन्दराज भट्टराईले। यसको निम्ति उहाँप्रति जति नै आभार प्रकट गरे पनि त्यो थोरै नै हुनजाला। जे होस् किरण पुस्तकालय र यसका सम्पादक शशि पन्थी, सहसम्पादक दीन पन्थीलगायत यससँग आबद्ध परिवार सबैलाई यो विशेषाङ्क प्रकाशनको लागि हार्दिक धन्यवादका साथै शुभकामना व्यक्त गर्नैपर्छ।

प्रस्तुत विशेषाङ्कको प्रमुख विशेषता भनेको यसमा समावेस गरिएका लेख-रचनाहरूमध्ये भारतीय नेपाली साहित्यसम्बन्धी विभिन्न विद्वान्हरूले लेख्नुभएका आलेख, निबन्ध, समीक्षा र समालोचना नै विशेष हुन्। यी लेख रचनाबाट भारतीय नेपाली साहित्यको इतिहास र वर्तमान अवस्था के कस्तो थियो र रहेको छ भनेर बुझ्न सकिन्छ। यसमा रहेका सबै लेखहरू विषयगत हिसावले उत्कृष्ट छन्। डा. तुलसी भट्टराई, प्रा.डा.गोविन्दराज भट्टराई, प्रा.डा.यमबहादुर क्षेत्री, डा.सृजना शर्मा, डा.लक्ष्मीकान्त पन्थी, मुक्तिप्रसाद उपाध्याय, भवानी अधिकारी, ज्ञानबहादुर छेत्री, टीका ढुङ्गेल, छत्रमान सुब्बा, डा.वीणा हाङ्गखिम, डा.व्यञ्जना शर्मा, अनिता पन्थी, दुर्गाप्रसाद श्रेष्ठ, शरद प्रधान, राजेन्द्र पन्थी, नवीन पौड्याल, आचार्य लक्ष्मण भण्डारी, गङ्गा अभिलाषी, पुष्कर अथक रेग्मी, राजेन्द्र गोपाल सिंह, डा.टेकनारायण उपाध्याय, उदय ठाकुर, चन्द्र दुलाल, डा.बाबुराम ज्ञवाली, महेशचन्द्र बराल, दिल साहनी, नैना अधिकारी, पूर्णकुमार शर्मा, योगेश खाती, लक्ष्मण वियोगी र सैनिक कवि विशाल के.सी.का लेख, समालोचना र समीक्षा यस अङ्कका प्रमुख आकर्षण

हुन् । यी लेख-रचनाबाट भारतीय नेपाली साहित्यको एउटा महत्त्वपूर्ण इतिहासदेखि वर्तमानसम्मको तस्वीर देख्न पाइन्छ ।

विशेषाङ्कको अन्तर्वार्ता खण्ड पनि उत्तिकै महत्वपूर्ण छ । डा.खगेन्द्र शर्मा, लोकनाथ उपाध्याय चापागाईँ, छविलाल उपाध्याय, डा. इन्दुप्रभा देवी, सुवास दीपक, मुक्ति उपाध्याय बराल, लीलबहादुर क्षत्री, बन्ति शेन्चोवा र निलीमा आचार्यले व्यक्त गरेका विचारहरूले भाषा, साहित्य र यसका पाठक, समाजकल्याणमा साहित्यको अन्तर्निहित सम्बन्ध, राजनीति र साहित्य, साहित्यको अभीष्ट, कवि र उसको निजी जीवनका बारेमा धेरै कुराहरू अभिव्यक्त गर्नुभएको छ । वास्तवमा साहित्यका बारेमा एउटा सर्जकको विचार मात्रै पर्याप्त हुँदैन । सर्जक पिच्छे फरक मत र फरक धारणा हुन्छन् । ती मत र धारणाहरूलाई तुलनात्मकरूपमा अध्ययन र विश्लेषण गरेर हेर्न सकियो भने साहित्यको वास्तविक तथ्य उजागर हुन्छ ।

कथा र लघुकथा खण्डमा मनप्रसाद सुब्बाको **अजिङ्गर** शीर्षकको कथा, इन्दिरा गौतमको **मूकदर्शक** लघुकथा र ललिता जोशी क्षेत्रीको **धर्तीकी परी** शीर्षकका कथा छन् । त्यसैगरी कविता र मुक्तक खण्डमा कुसुम गौतमको उदाँउदैनन् कि नयाँ बिहानी (गद्य कविता), टेकनारायण रिमाल कौशिकको आदिकवि भानुभक्त आचार्य (पद्य कविता), सीतादेवीका (मुक्तक) अमित घिमिरेको युद्धरत ऐरावती (कविता) र ओमबहादुर बगाले थापाको बल्ल बुझ्दैछु (कविता) रहेका छन् । यी रचनाहरूमा सीतादेवीको चारवटा मुक्तकहरूमध्ये ३ नम्बरको मुक्तक चाहिँ मुक्तकीय संरचना र शैलीको देखिएन । मुक्तकको आजको सिद्धान्तअनुसार मुक्तक चार पङ्क्ति अर्थात् चार हरफको हुनुपर्छ र ती पङ्क्तिमध्ये पहिलो, दोस्रो र चौथो पङ्क्ति अनुप्रासयुक्त र तेस्रो पङ्क्ति चाहिँ स्वतन्त्र हुनुपर्छ भन्ने रहेको छ । यस मुक्तकमा चौथो पङ्क्ति स्वतन्त्र देखियो ।

किरण पुस्तकालयले "हाम्रो पुरुषार्थ" साहित्यिक पत्रिका मात्रै प्रकाशन गरेको छैन यसले लेखकका मौलिक सिर्जनात्मक कृतिहरू पनि प्रकाशित गर्दैआएको छ । किरण पुस्तकालय स्थापना भएको ७ वर्षपछि नै अर्थात् २०३३ सालमा स्वामी शशिधरकृत **सन्त शशिधरको बाणोपनिषद्** शीर्षकको पुस्तक प्रकाशन गरेर कृति प्रकाशनको आरम्भ गरेको देखिन्छ । त्यसपछि बेलाबखतमा कृति प्रकाशनलाई पनि निरन्तरता दिँदै आएको किरण पुस्तकालयले हालसम्म साहित्यका विविध विधाका बीसवटा कृतिहरू प्रकाशित गरिसकेको छ ।

अन्त्यमा किरण पुस्तकालयले "हाम्रो पुरुषार्थ"को यो अङ्क विशेषाङ्कको

रूपमा प्रकाशन गरेर नेपाल र नेपालबाहिरका साहित्यको विकासका बारेमा यथेष्ट जानकारी प्रस्तुत गर्न सफल भएको छ। यस विशेषाङ्कमा भारतीय नेपाली साहित्य र साहित्यकारहरूको बारेमा अध्ययन गर्न चाहने जोसुकै विद्यार्थी वा साधारण पाठकलाई अवश्य पनि फलदायी र उपयोगी हुनेमा विश्वस्त हुनसकिन्छ। चारसयभन्दा बढी पृष्ठको यस विशेषाङ्का सम्पादक शशि पन्थीलगायत यससँग सम्बध्द सबैप्रति हार्दिक बधाइ तथा शुभकामना व्यक्त गर्दछु।

जेठ २७, २०८२
महालक्ष्मी न.पा.५, टीकाथली, ललितपुर

कविता

असार

धीरकुमार श्रेष्ठ

झमझम बर्सेर मेघ
बर्सेनी हर्ष ल्याउँछ
यो हर्ष वर्षवर्षको हो
हर्ष, रोपणको हो।

रोपण केवल
बीजको मात्र होइन
बीजबाट हुर्किने गाँजको हो
गाँजसँगै हुर्किरहने सपनाको हो
सपना केवल सपना मात्र होइन
यसभित्र उकाला आवश्यकताहरू हुन्छन्।

सपना लोकको हो
सपना भोकको हो
सपना सब थोकको हो
यसैले
असार निस्सार होइन
धनसार बनाउनु छ
कविज्यू, एकै छिन पर्खिनुहोस्
तपाईंका कविता सुन्दै गरौँला
असार लागेको छ
असार छ, रोपणको।

सुवर्ण छैँ, मध्यपुर थिमि १, भक्तपुर
२०८२/०३/१५

'चर्किएका घाउ बिर्सिएका पल'मा प्रवेश गर्दा

प्रा. कपिल अज्ञात

प्रा.डा. नारायणप्रसाद खनाल (२००९) स्रष्टा र द्रष्टा दुवैका स्थापित व्यक्तित्व हुन् । उनी एक विषयमा मात्र होइन दुई विषयका साहित्याचार्य वा स्नातकोत्तर हुन् - संस्कृत साहित्य र नेपाली साहित्य । यहाँ उहाँजस्ता डब्बल डिग्रीधारी अरू पनि होलान् तर दुवैका उचाइको उपयोग गरी उपाधिलाई गुरुत्व र गरिमामय तुल्याउनेमध्ये उनी अग्रणी व्यक्तित्व हुन् अर्थात् उनी विद्वत् उपाधिका शिखर आरोही गुरुत्वमयी व्यक्तित्व हुन् भन्दा गौरवको अनुभूति हुन्छ । यहाँ सामान्य विद्वान् त धेरै देखिन्छन् तर उनी सामान्य विद्वान् नभएर प्रकाण्ड विद्वान् देखापर्छन् । नेपाली र संस्कृति दुवै उचाइको फल उनले नेपाली साहित्यलाई प्रदान गरेका छन् । उनले विचार विनिमय त पाँच-छ भाषामा पनि गर्न सक्छन्, जस्तै - नेपाली, हिन्दी, भोजपुरी, मैथिली, संस्कृत, अंग्रेजी आदि । उनका सिर्जनात्मक भाषा भने दुई देखिन्छन् - नेपाली र संस्कृत । दुवै भाषालाई आत्मसात् गरेर सिर्जनात्मक उचाइ हासिल गर्नु उनको विशिष्ट क्षमता हो ।

खनाल त्रिवेणी साहित्य प्रतिष्ठानका स्थापनाकार र सञ्चालनकर्ता दुवै हुन् । खनाल र विनोदी दुवै लामो समय संस्थाकै पर्यायजस्तो भएर पनि महत्त्वपूर्ण कार्यहरू सम्पादन गरे । अहिले उनले नेतृत्व गरेको संस्था परिषद्बाट प्रतिष्ठानमा रूपान्तरण भएको छ र नेतृत्व हस्तान्तरण पनि भएको छ । उनकै संस्थाबाट सयौँ कृतिहरू प्रकाशित भएका छन् । ती सबैको सम्पादन पनि गरेका छन्, भूमिका पनि लेखेका छन् । कृति संस्कार गर्नमा उनको संस्था नेपालभरमै अग्रस्थानमा रहेको मान्न सकिन्छ । सम्पादन र भूमिकाकै गणना गर्ने हो भने तिनको संख्या सयौँ कटिसकेको देखिन्छ । त्यस्तै प्रकाशकीय पनि लेखेका छन् । कृतिको अन्तर्तह छिचोली भूमिका लेख्नमा उनको नाम श्रद्धाका साथ लिने गरिन्छ । उनले ठेलीका ठेली बृहद् ग्रन्थहरूको सम्पादनले आफैमा एक उच्च रेकर्ड बनाएको मान्न सकिन्छ । उनले दुई दर्जनभन्दा बढी महाकाव्यको भूमिका र समीक्षा पनि गरेका छन् । उनले गरेका महान् कर्महरूको

म किनाराको साक्षी बनेर हेरिरहेको छु।

उनी जति सिर्जनशील व्यक्तित्व हुन्, उत्तिकै प्रखर विद्वान् पनि हुन्। कुनै शास्त्रीय विषयको व्युत्पत्ति र विश्लेषण गर्नमा उनले महारथ नै हासिल गरेका छन् । उनी कारयित्री र भावयित्री दुवै प्रतिभा, गुण, सीप, सामर्थ्यले सम्पन्न देखिन्छन्। पद्यात्मक लेखन होस् कि गद्यात्मक लेखन होस्, अनुवाद होस् कि विषयगत विवेचना होस् सबैमा उनको सिर्जनात्मक शक्ति र विद्वत्ता मुखर भएको पाइन्छ। उनलाई नजिकबाट उनका साहित्यिक गतिविधि, सम्पादन क्षमता र विद्वत्ता हेर्दा उनी नेपाल राष्ट्रभरै हातको औँलामा गन्न सकिने व्यक्तित्वभित्र पर्दछन् । यो उनीबारे कथिएको अतिशयोक्ति नभएर यथार्थता हो। उनको व्यक्तित्वलाई कुनै दिन कसी लगाएर परीक्षण गर्नुपर्ने समय पनि आउला। उनको योगदानले नै यस तथ्यलाई साबित गर्नेछ।

भर्खरै उनको नैबन्धिक कृति **चर्किएका घाउ बिर्सिएका पल** (२०८१) लोकार्पित भएको छ । लेखकको यो चौधौँ कृति त्रिवेणी साहित्य प्रतिष्ठान मालाको १२० शृङ्खलामा सूचीकृत भएको छ। यसअघिका उनका निबन्ध कृतिहरूमा गोरखाको डायरी (संस्मरण र समीक्षा, २०६१), नारायणीका लहरलहरमा (निबन्धसङ्ग्रह, २०६१), निर्वचन र भाषिक सन्दर्भ (निबन्धसङ्ग्रह, २०६५), स्वप्नयात्रा र चिट्ठी (निबन्धसङ्ग्रह, २०६६), नागपञ्चमी (निबन्धसङ्ग्रह, २०६९) गरी चर्किएका घाउ बिर्सिएका पल (२०८१) सहित आधा दर्जनभन्दा बढी नैबन्धिक कृति प्रकाशित भइसकेका छन् । समीक्षा वा समालोचना र निबन्ध दुवैतिर उनको लेखनी समान गतिले चलिरहेको पाइन्छ। निबन्धमा उनको समीक्षाचेत र समीक्षा वा समालोचनामा उनको नैबन्धिक चेतले यथेष्ट सघाएको मान्न सकिन्छ । उनी शब्दको व्युत्पत्ति, सूक्तिको विश्लेषण एवम् कथ्यको व्याख्या र विवेचना गर्न एवम् गुणात्मक प्राप्ति र विशेषताको ठहर गर्न खप्पिस छन् । पत्रकारिता, निजात्मकता, संस्मरणात्मकता, विश्लेषणात्मकता उनका सिर्जना र समीक्षामा पाइने विशेषता हुन् भन्ने तथ्य उनकै कृतिबाट पनि झल्किएको पाइन्छ। अनुसन्धानमा पनि उनको रुचि र विज्ञता उनका कृतिहरूबाट स्पष्टिएको छ।

यसमा संगृहीत निबन्धहरूलाई मुक्त निबन्ध, लघुनिबन्ध, छोटा निबन्ध वा नव्यनिबन्ध आदिमा जे पनि भन्न नसकिने होइन । आकारगत दृष्टिले कहीँ एक पृष्ठमा एउटा, कहीँ दुई पृष्ठमा तीनवटा त कहीँ दुई पृष्ठमा दुईवटा निबन्ध गरी जम्माजम्मी ३६६ निबन्धहरू रहेका छन् । एक दिनमा नबिराईकन एक श्लोक वा

मुक्तक लेख्ने कुरा त कति चुनौतीयुक्त छ भने दिनैपिच्छे एक निबन्ध, जो आफैमा पूर्ण पनि छन्, दैनिकीका रूपमा लेखेर लगभग ३६६ पुऱ्याउनु भनेको बडा जटिल चुनौती हो। विशिष्ट प्रतिभा नभै यो सम्भव देखिन्न। एक प्रकारले दैनिक रूपमा एक निबन्ध एवम्रीतले एक सालभर लेख्दै गएर उनले आफ्नो सिर्जनात्मक क्षमताको रिकर्ड नै कायम गरेको मान्न सकिन्छ। उसबेला लेखिएका यी निबन्ध सत्ताइस वर्षपछि आएर प्रकाशनको उज्यालो पाएका छन्। तिनको तात्कालिक र ऐतिहासिक महत्त्व त छँदैछ, सृजनात्मक महत्त्व पनि उत्तिकै उत्कृष्ट छ। उनका सृजनात्मक प्राप्तिको गम्भीरतापूर्वक परीक्षण र मूल्यांकन हुनु आवश्यक देखिन्छ। कतै पत्रात्मक शैली, कतै सूक्ति व्याख्या, कतै महान् टिप्पणी गरी लेखकले आफूलाई स्पष्ट रूपमा प्रकट गरेका छन्। उनको सिर्जनशील क्षमताप्रति नतमस्तक हुनुपर्ने देखिन्छ। लेखकको विद्वत्ता, अनुभव, भोगाइ र लेखकको समय र संघर्ष बुझ्न पाठकलाई यसले ठूलो सघाउ पुऱ्याउनेछ।

तात्कालिक भावावेगमा लेखिएका यी निबन्ध तात्कालिक परिस्थितिका उपज भए पनि केही सरल, केही व्यङ्ग्य, केही रोचक, केही घोचक तर सबैबाट पाइने स्वाद भने अनौठो र आनन्ददायी हुने विश्वास गरिएको छ। यसले लेखकको विद्वत्ता, चिन्तन, दर्शन, दृष्टिकोण, धारणा, अनुभव, भोगाइ तथा लेखकको समयलाई निर्दिष्ट गर्दछ। यसको सुरुको निबन्ध 'शुभकामना'बाट सुरु गरिएको छ। एकप्रकारले यो मंगलाचरणजस्तै बनेर रहेको छ। अन्तिम निबन्ध 'चर्किएका घाउ, बिर्सिएका पल' रहेको पाइन्छ। यसै शीर्षकमा सबै निबन्धहरू समेटिएका छन्। शीर्षकका रूपमा यो सार्थक रहन गएको पाइन्छ। यसभित्र उनको विद्वत्ता छचल्किएको छ, चिन्तन गहिरिएको छ, दृष्टिकोण फस्टाएको छ, विचार मौलाएको छ। विश्लेषण र व्याख्यामा माहिर वा निपुण लेखक खनालको निजात्मकताले महनीय स्वरूप वरण गरेको छ।

सृजन लम्सालले प्रस्तुत गरेको लघुभूमिकामा यसका महत्त्वपूर्ण विशेषता झल्किएका छन्। यसमा लेखकका जीवनका सुख-दुःख, आँसु-हाँसो, घाम-पानी, आँधी-हुरी तथा वर्षभरि आफूले देखे-भोगेका दुःख-पीडा, वर्षभरि घटेका घटना-परिघटनाका परिदृश्यहरूका भावावेगहरू छन्, जसमा जीवन तथा प्रकृतिका रहस्यहरू र समसामयिक इतिहाससमेत निजी रूपमा व्यक्तिएका छन्। लेखनशैली निजात्मक छ। कृतिकै अन्तिममा रहेको 'चर्किएका घाउ, बिर्सिएका पल' व्यङ्ग्यको पाइन हालेर रचिएको बेजोड नमुना हो। तात्कालिक प्रवृत्तिलाई लक्षियत गरिएको भए पनि अहिले त्यो जीवन्त रूपमा घटित भइरहेको पाइन्छ। निबन्ध, व्यङ्ग्य निबन्धको रूपमा उत्कृष्ट

बनेको पाइन्छ। व्यङ्ग्य कति घतलाग्दो, सटीक र सार्थक बनेको छ, जस्तै :

यहाँ मुसो मरे पनि आफ्नो हो भने शहीद नै घोषित हुन्छ। पराइको हात्ती मर्दा पनि मलामे पाइन्न। अब कति दिन कोरा बार्छौ ए शहीदका पत्नी हो ? प्रजातन्त्रले तिमीहरूलाई गर्भाधान गर्न सकेन। सिउँदो त पुछियो पुछियो अब कोख पनि पुछियो। तिम्रो अपुतालीमा रजाइँ गर्नेहरू भागबण्डा र लुछाचुँडीमा दिनरात व्यस्त छन्। तिमीले झारेका अलिकति आँसुले यिनले खाएका घुसको कलंक मेटिने लक्षण मेटिन्न देवी ! तिम्रो अपुताली गयो यस वर्ष। (चर्किएका घाउ बिर्सिएका पल, पृ. २७१) लघु निबन्धभित्रै यति तिख्खर र निख्खर प्रस्तुति अन्यत्र पाउन दुर्लभ छ।

विविधताले भरिएका यी निबन्धमा कतै मानवीय प्रकृतिका कुरा, कतै मायाको तत्त्वले संसार बाँधिने कुरा, सुनमा सुगन्धका कुरा, जीवनसुखका कुरा, कामुक प्रकृतिका कुरा, प्रेमका कुरा, मान्छेको गीत गाएर सर्वस्व लुटेका कुरा, रहस्यमयी जीवनका कुरा, मनको गतिशीलताको कुरा, नुहाउने कुरा, पैसाका कुरा, शिक्षाको लहरका कुरा, ज्येष्ठ मासका कुरा, छन्दका कुरा, झुप्रो र मलका कुरा, चञ्चल मनका कुरा आदि विविध विषयमा लेखकले आफ्नो अनुभव र अनुभूतिलाई निर्बन्ध रूपमा अभिव्यक्त गरेका छन्। यसमा लेखकको विद्वत्ता, सृजनशीलता र अभिव्यक्ति कला तीनैको त्रिवेणी बन्न पुगेको छ।

अन्तमा, दैनिकी रूपमा लेखिएका यी लघु निबन्धहरू दैनिकीको तहबाट निकै माथि उठेका विचार, चिन्तन र दृष्टिकोणबाट बुनिएका लघु निर्बन्धात्मक प्रस्तुति हुन्। त्यसो त लेखकले दैनिकीका खेस्रा र आत्मरतिका छटपटी भनेका छन्। आत्मरति र छटपटीमैँ यति सुन्दर रचना सृजित हुन सक्छन् भने त्यस्तो छटपटी उनमा निरन्तर चलिरहोस्। जसरी देवकोटा, लेखनाथ, सम, सिद्धिचरण प्रभृति कविहरू उहिले प्रज्ञामा लेखनको जागिर खाएका थिए, त्यस्तै जागिर उनी खानसक्ने देखिन्छन्। कुनै सिर्जनात्मक परियोजना चालु भए निबन्ध सिर्जनकै जिम्मेवारी डा. खनाललाई दिएको खण्डमा निबन्धराशि समृद्ध हुने कुरामा विश्वस्त हुन सकिन्छ। दैनिकी भनेर दैनन्दिन परिघटनाका विवरणात्मक प्रस्तुति नभई यी उदात्त प्रकृतिका संवेदना संगृहीत छन्। स्रष्टाबाट एकै लेखनमा सिर्जनाको संरचनात्मक साँचोबाट लघुतम स्वरूपको बान्की लिएर एकपछि अर्को पूर्ण बनेर आउनु नैसर्गिक सृजनाको देन हो भन्ने लाग्दछ।

भरतपुर-१२, चितवन

देवकोटाको आध्यात्मिक चेत

कृष्ण ज्ञवाली

महाकवि लक्ष्मीप्रसाद देवकोटा अप्रतिम र अनुपम साहित्यकार हुन् भन्ने कुरामा दुईमत छैन । उनका कृतिको स्वच्छन्दतावादी, मानवतावादी, प्रकृतिवादी, श्रृंगारवादी आदि विभिन्न धार र रुझानका बारेमा धेरै चर्चा-परिचर्चा, व्याख्या-विवेचना र समीक्षा-समालोचना भएका छन् । तर उनको अध्यात्मप्रतिको धारणा, ईश्वरप्रतिको आस्था र आस्तिकताबारेको सोंचका बारेमा पनि प्रष्ट पर्यावलोकन र गम्भीर अनुशीलन हुनु जरुरी छ ।

महाकवि देवकोटा उच्च कोटिका विचारक र चिन्तक हुन् । उनका कृतिमा उनको चिन्तनको प्रौढत्व झल्किन्छ । उनको एउटै निबन्ध 'के नेपाल सानो छ ?' मा विचारको प्रगल्भता र गहनता छताछुल्ल छ । उनका महाकाव्यद्वय 'शाकुन्तल' र 'सुलोचना' मा उनको कथावस्तु, भाषाशैली, भाव र विचार निर्बन्धन दौडेका छन्–रेसमा कुदेको घोंडाजस्तै । शायद त्यही निर्बन्धन उन्मुक्ततालाई संकेत गरेरै होला, बीपी कोइरालाले "साहित्यमा म अराजक छु"भनेर भनेको ।

देवकोटामा मानवीय उदात्तता विपुलाकार छ । आफ्ना हरेकजसो कृतिमा उनले मानवतावाद–जसलाई हामी दया, करुणा, परोपकार, निर्लोभिता, सन्तोष, सहिष्णुता र समभावजस्ता मानवीय गुणहरूको समवेत स्वर मान्न सक्छौं–को सशक्त सन्देश दिएका छन् । यतिसम्म कि देवकोटाले नै आफ्नो सर्वाधिक प्रिय घोषित गरेको रचना "मुनामदन" मा पनि उनको त्यो भावना प्रष्टरूपमा प्रकट हुन्छ । उनका यी दुई गीति पंक्तिहरू –

"क्षेत्रीको छोरो यो पाउ छुन्छ घिनले छुँदैन
मानिस ठूलो दिलले हुन्छ जातले हुँदैन ॥"

र,

"हातका मैला सुनका थैला के गर्नू धनले
साग र सिस्नु खाएको बेश आनन्दी मनले"

उनको मानवतावादी चिन्तनका शाश्वत् र चिरन्तन अभिलेख बनेका छन् ।

पहिलोमा जातिगत संकीर्णताको तिरस्कार र सच्चा हृदयबाट उत्पन्न हुने प्रेम, स्नेह र सद्भावको प्रशंसा परिपोषित भएको छ भने दोस्रोमा सादगीपूर्ण र सरल जीवनशैलीको पक्षपोषण गरिएको छ । वास्तवमा यी मानव मूल्य-मान्यताका वाहक र प्रवर्द्धक अभिव्यक्तिहरू नै देवकोटाको अध्यात्मचेतका बिम्ब र प्रस्थानविन्दु हुन् ।

तर, देवकोटाको आध्यात्मिक चेतको सुस्पष्ट झलक चाहिं उनको "यात्री" कविताले दिएको छ । "ईश्वर बाहिर मन्दिरमा छैन, हाम्रो आफ्नै हृदयभित्र विराजमान छ" भन्ने सन्देशको शंखनाद गर्नुपूर्व सम्भवतः पाल्की चढेर मन्दिर जाँदै गरेको एकजना यात्रीलाई सम्बोधन गर्दै उनी भन्छन्–

"कुन मन्दिरमा जान्छौ यात्री कुन मन्दिरमा जाने हो
कुन सामग्री पूजा गर्ने साथ कसोरी लाने हो
मानिसहरूको काँध चढी कुन देवपुरीमा जाने हो"

'आफ्नो शरीर नै त हो मन्दिर, यसभित्रको ईश्वरलाई छोडेर अन्यत्र किन दौडिन्छौ ' भन्दै उनी फेरि भन्छन्–

"हाडहरूका सुन्दर खम्बा, मांसपिण्डका दीबार
मस्तिष्कको यो सुनको छाना, इन्द्रियहरूका द्वार
नसा नदीका तरल-तरंग, मन्दिर आफू अपार
कुन मन्दिरमा जान्छौ यात्री कुन मन्दिरको द्वार !"

देवकोटाका यी पंक्ति पढ्दा मलाई आद्य जगद्गुरु शंकराचार्यको यो श्लोक याद आउँछ जसमा उहांले साधकको शरीरलाई नै सम्पूर्ण तीर्थका रूपमा परिकल्पना गर्नुभएको छ । हेरौं त कति सरल, सुबोध र सुन्दर छन् यी हरफहरू–

"काशीक्षेत्रं शरीरं त्रिभुवनजननी व्यापिनी ज्ञानगंगा
भक्तिः श्रद्धा गयेयं निजगुरुचरणध्यानयोगः प्रयागः ।
विश्वेशोऽयं तुरीयः सकलजनमनःसाक्षिभूतोऽन्तरात्मा
देहे सर्वं मदीये यदि वसति पुनस्तीर्थमन्यत्किमस्ति ॥"
(काशीपञ्चकम्)

अर्थात्, यो शरीर काशी क्षेत्र हो । त्रिलोककी जननी सर्वव्यापिनी ज्ञानरूपी गंगा यसमा प्रवाहित भएकी छन् । भक्ति र श्रद्धा गया तीर्थ हुन् भने स्वगुरुचरणमा समर्पित ध्यान प्रयाग हो । अनि शरीर र योसँग अध्यासप्राप्त प्राण, मन, बुद्धि, चित्त, अहंकार सबैको साक्षी, अन्तरात्मा, तुरीयस्वरूप भगवान् नै काशीपति विश्वनाथ हो । यसरी जब यसै शरीरमा नै सम्पूर्ण तीर्थहरू विराजमान छन् भने म अन्त किन र कहां दौडौं ?

देवकोटा पनि यसै वस्तुतथ्यलाई अनुमोदन गर्दै फेरि भन्छन्–

"मनको सुन्दर सिंहासनमा जगदीश्वरको राज
चेतनाको यो ज्योति हिरण्मय, उसको शिरको ताज !
शरीरको यो सुन्दर मन्दिर, विश्वक्षेत्रको माझ ।"

उनी फेरि अगाडि लेख्छन्–

"भित्र छ ईश्वर बाहिर आंखा, खोजी हिंड्छौ कुन पुर !
ईश्वर बस्दछ गहिराइमा सतह बहन्छौ कति दूर !
खोजी गर्छौ हृदय लगाऊ, बत्ती बाली तेज प्रचूर"

जगद्गुरु शंकराचार्यको शिव मानसपूजालाई व्यक्त गर्ने यो श्लोकले पनि त्यही त भन्छ। हेरौं त कति मनोरम छन् यी पंक्तिहरू–

"आत्मा त्वं गिरिजा मतिः सहचराः प्राणाः शरीरं गृहं
पूजा ते विषयोपभोगरचना निद्रा समाधिस्थितिः ।
सन्चारः पदयोः प्रदक्षिणविधिः स्तोत्राणि सर्वा गिरो
यद्यद् कर्म करोमि तत्तदखिलं शम्भो ! तवाराधनम् ॥"

अर्थात् हे शम्भो ! हजुर मेरो अन्तरात्मा रूपले मेरै शरीरमा अवस्थित चैतन्य ईश्वर हुनुहुन्छ। मसँग भएको जुन बुद्धि छ त्यो देवी पार्वती हुनुहुन्छ। यी मेरा पञ्चप्राण हजुरका सहचर वा अनुचर हुन् । म आफ्नो व्यावहारिक जीवनमा आइपर्ने जे जे कर्म गरिराखेको हुन्छु त्यो सबै हजुरको पूजा-अर्चना हो । म जब निदाउँछु नि, हो, त्यो मेरो समाधि स्थिति हो। मेरो पदसञ्चार अर्थात् म जहां-जहां जान्छु, त्यो हजुरको प्रदक्षिणा हो । म जे-जे बोल्छु त्यो सबै हजुरको स्तुतिगान हो । त्यसैले हे आशुतोष शिव ! म जे जे कर्म गर्छु त्यो सब हजुरकै आराधना हो ।

अब फेरि देवकोटातिरै फर्कौं । ईश्वर खोज्न कहीं जानुपर्दैन, तिमी मेहनतसाथ कर्म गर, पसिना बगाऊ, इमानदार बन, बस ! ईश्वर त्यहीं भेटिन्छ भन्दै उनी फेरि भन्छन्–

"साथी यात्री बीच सडकमा ईश्वर हिंड्दछ साथ
चुम्दछ ईश्वर काम सुनौला गरी रहेको हात
छुन्छ तिलस्मी करले उसले सेवकहरूको माथ !"

यस्तै भाव उनको "भिखारी"कविताका यी पंक्तिमा पनि भेटिन्छ–

"बोल्दछ ईश्वर हृदय घुसेका घर-घर आंगन चारी
बोल्दछ आर्तध्वनिमा बोल्दछ करुणामृत दिल भारी

युग-युगभरका आंसुहरूको सार अपार उतारी”

वास्तवमा देवकोटाको परिश्रमप्रतिको मोह, कर्मप्रतिको विश्वास, सृजनशीलताप्रतिको आस्था, इमान, परोपकार र सदाचारप्रतिको निष्ठा, लक्ष्यको महानताको पक्षपोषण र अन्तर्मुखिता र आध्यात्मिकताप्रतिको अनुराग उनका अरु कविता र अन्य कृतिहरूमा पनि छताछुल्ल छ। जस्तो “प्रश्नोत्तर”कवितामा जीवन-जगत्का गहकिला प्रश्नहरूको धाराप्रवाह निःसंदिग्ध उत्तर प्रस्तुत गर्दै उनी भन्छन्–

के हो अहो ! अमृत त्यो सुरदेव पान ?
‘सच्चा कमाइ गरिखानू’ भनेर जान !
खोज्छन् सबै सुख भनी सुख त्यो कहां छ ?
‘आफू मिटाई अरुलाई दिनू जहां छ’
पाइन्न शान्ति किन हो कुन ठाउँ मिल्छ ?
‘तर्किन्छ त्यो रुखमुनि जुन साथ मिल्छ’
देखिन्छ ईश त्यो कुन मन्दिर पसेर ?
‘त्यो हांस्छ शुद्ध मन आसनमा बसेर’
यस्तो रहस्यमय जीवन बुझ्नलाई
जानु कहाँ ? पढ्नु के ? गुरु को बनाई ?
‘फुल्दो गुलाबबिच ज्ञान अनेक फुल्छन्
उद्यानमा बस गई सब तत्त्व खुल्छन्’
कर्तव्य के छ जनको, यति छन् विरोध ?
‘नक्षत्र हेर नभमा दिलसाथ सोध’
के हो ठुलो जगतमा ? ‘पसिना विवेक’
उद्देश्य के लिनु ? ‘उडी छुनु चन्द्र एक’

माथिका हरेक पंक्ति उत्तिकै मननीय छन्, ग्रहणीय छन्। यिनमा दर्शनको गहिराइ, साहित्यको सहभाव र श्रृंगारिकता, जीवनको आदर्श र उद्देश्यको उदात्तता छताछुल्ल भएको छ। यदि अध्यात्म भनेको सद्गुण, सद्भाव, अन्तर्मुखिता र सदाचारले ओतप्रोत सरल एवं स्वच्छ जीवनशैलीका साथ जीवनको अन्तिम लक्ष्य कर्म, भक्ति र ज्ञानको उत्कर्ष आत्यन्तिक अविनाशी शान्तिको प्राप्ति हो भने यी पंक्तिले देवकोटाको आध्यात्मिक चेतलाई स्पष्ट रूपमा उजागर गर्छन्।

देवकोटाको ईश्वर प्रकृतिमा, प्राणीहरूमा, र तिनका पीडामा र करुणामा भेटिन्छ, न कि जीवनको निस्सार कृत्रिमतामा, निष्प्राण निर्मम आडम्बरमा र वृथा अभिमानमा।

उनका यी सुन्दर सन्देशमूलक पंक्ति हेरौं–

"सडक किनारा गाउँछ ईश्वर, चराहरूको तानामा
बोल्दछ ईश्वर मानिसहरूका, पीडा, दुःखका गानामा
दर्शन किन्तु कहीं दिँदैन, चर्म-चक्षुले कानामा
कुन मन्दिरमा जान्छौ यात्री, कुन नव-देश बिरानामा !"

यी पंक्ति पढ्दा नाट्यसम्राट् बालकष्ण समको नाटक 'मुकुन्द इन्दिरा' को यो श्लोक याद आउँछ, जहां असीम दुःख र वेदनाको मारबाट प्रताडित मुकुन्दकी प्रेमिका इन्दिरा भन्छे–

"दुःखीको घरमा मात्र तेरो वास हुने भए
हे ईश्वर ! दया राखी मलाई अझ दुःख दे"

वास्तवमा चाहे द्रौपदीको आख्यान होस् वा चाहे गजेन्द्रमोक्षको कथा होस्, आर्त अर्थात् दुःख र दीनताको निवारणका लागि अरु कसैलाई नगुहारी भगवान्‌लाई मात्रै गुहार्ने भक्तहरूको निश्छल र समर्पित पुकार सुन्नासाथ भगवान् दौडादौड गरेर प्रकट हुनुभएको प्रसङ्ग छ पुराणहरूमा । गीतामा पनि भक्तहरूको चार प्रकारले वर्गीकरण गर्दा आर्त, अर्थार्थी, जिज्ञासु र ज्ञानी भनेर बताइएको छ (७:१६) ।

"यात्री"कविताको बिट मार्दै उनी अन्तमा भन्छन्–

"फर्क फर्क हे जाऊ समाऊ मानिसहरूको पाउ
मलम लगाऊ आर्तहरूको चहराइरहेको घाउ
मानिस भई ईश्वरको त्यो दिव्य मुहार हंसाऊ"

देवकोटाका हरेक पद्य-पंक्तिमा स्वस्फूर्त सरलता, स्वच्छन्द शब्द-प्रवाह, अविरल अनवरुद्ध जल-प्रवाहजस्तै काव्य-वेग र गम्भीर मानवतावादी सन्देश त पाइन्छन् नै, म चाहिं आध्यात्मिकताको अति उच्चतम भावाभिव्यक्ति पनि भेट्छु ।

महाकविको यो वैचारिक धरातल वेदान्त दर्शनको मान्यतामा उभिएको छ । हाम्रो मनमा आएका सबै कुराहरूलाई थाहा पाउने, हाम्रो मनका हर वृत्तिहरूको प्रेरक र प्रकाशक, शरीर, इन्द्रिय, प्राण, मन, बुद्धि, चित्त र अहंकार (जसलाई देहादि संघात भनिन्छ) बाट पृथक् तर ती सबैको साक्षीस्वरुप आत्मा नै वास्तवमा ईश्वर हो । गीतामा भगवान् कृष्ण पनि यही त भन्नुहुन्छ–"ईश्वरः सर्वभूतानां हृद्देशेऽर्जुन तिष्ठति । भ्रामयन्सर्वभूतानि यन्त्रारूढानि मायया ।।" अर्थात् ईश्वर सबै प्राणीका हृदयमा विराजमान हुनुहुन्छ र सबैलाई कालीगडले कठपुतलीलाई नचाएजस्तै नचाउनुहुन्छ । त्यो ईश्वर तपाईं, हामी सबैको वास्तव स्वरूप हो, अर्थात् हामी नै देहादिसंघातबाट

अलग ती सबैको साक्षी अन्तरात्मस्वरूप ईश्वर हौं, तर त्यो ज्ञान नभएको हुनाले हामी आफूलाई त्यही देहादि संघात ठानेर भ्रान्त धारणामा बसिराखेका छौं ।

देवकोटाका हरेक रचनामा अध्यात्मको छनक पाइन्छ, चाहे ती पद्य हुन् वा गद्य हुन् । त्यो छनक कहीं मूर्त्त रूपमा प्रकटित छ, कहीं मानवतावादको आवरणमा क्षिप्त छ । कविहरू यसै पनि भावुक हुन्छन्, कोमल हृदयका हुन्छन् । दुराचार, कठोरता, निर्दयता, निर्ममता उनीहरूका स्वभावमा पाइँदैन, छिटपुट अपवादबाहेक । देवकोटा त झन् महाकवि थिए, जगत्प्रशंस्य अद्वितीय स्रष्टा । उनका फुटकर कविता, उनको गीतीकाव्य, उनका महाकाव्य, उनका निबन्धहरू सबैतिर कहीं न कहीं कुनै न कुनै रूपमा चेतना, चैतन्य, ईश्वर र अध्यात्मको सांकेतिक नै भए पनि उल्लेख छ, चर्चा छ। निबन्ध नै हेरौं । जम्मा ३७ वटा निबन्ध संगृहीत लक्ष्मी निबन्ध-सङ्ग्रहको आरम्भ नै "श्रीगणेशाय नमः" निबन्धबाट भएको छ । आदरणीय समीक्षक चूडामणि बन्धु भन्नुहुन्छ- "महाकाव्य लेख्दा मंगलाचरण गर्ने विधान भएपछि निबन्धको संकलनमा यस प्रकारको मंगलाचरण किन नहुनु? देवकोटाले स्पष्ट रूपमा यहां विघ्नविनाशका निम्ति गणेशको नाम लिएको कुरा गरेका छन् ।" (देवकोटा, पृ. ८६) ।

आफ्नो "कल्पना" शीर्षकको निबन्धका यी उक्तिहरू हेरौं, जसमा महाकविले सपनामा सरस्वतीको दर्शन पाएको रोमान्चकारी प्रसङ्ग उल्लेख गरेका छन्–

"म सरस्वतीलाई आध्यात्मिक शक्तिको काल्पनिक प्रतिमा भन्ने विश्वासले हिन्दु संसारमा जिउन सक्तिनँ । मेरा निमित्त हंसवाहिनी माता त्यत्तिकै सत्य हुनुहुन्छ, जुन सत्यको चेतले र विश्वासले मैले कुनै दिन उहांसँग सपनामा कुरा गरेंथें । उहाँले मलाई भन्नुभयो-"कविता लेख्"। मैले उत्तर दिएँ- "म जान्दिनँ ।" तब आफैले मेरा स्वर्गवासी पिताजीका हस्ताक्षर जस्तोमा रातो अक्षरले एक श्लोक लेखेर सुनाउनुभयो जो मलाई तत्काल कण्ठ आयो । आहा ! त्यो श्लोक-सिर्जनाको वेदना ! शायद दुनियांले सत्यलाई सपनाको श्लोक भनेर नबुझिने हुंदा आश्चर्यको दृष्टिले हेर्ने थियो, तर मेरा निमित्त सत्यमा एक विशाल टुना रहन्थ्यो । म त्यहां अनन्तको अर्थ लाग्न नसक्ने बोली बराबर प्रेमले पढ्ने थिएं, तर हाय ! मन्त्रभन्दा मसिनो र अर्थभन्दा गहिरो मेरो चार पंक्तिको दौलत मेरै बेपरबाहीले गुम भयो" ।

त्यसैगरी "साधुको माहात्म्य" निबन्धमा देवकोटा पूर्वीय सभ्यता, दर्शन र मूल्य-मान्यताको पक्षमा दरोसँग उभिएका छन् । उनको यो निबन्धमा "आधुनिक संसारको भौतिकवादी प्रवृत्तिको भर्त्सना र आध्यात्मिक विचार र कार्यकलापको समर्थन छ"(बन्धु, पृ.९५) । देवकोटाका विचारमा "पाश्चात्य जगत्‌बाट सिक्नुपर्ने कुरा धेरै

छन् तापनि हामी ऋषिमुनिका सन्तान भएकाले हामीमा पूर्वीय संस्कार जागा नै रहन्छ र रहनु पनि पर्छ"(पूर्ववत्) ।

"वैराग्य" निबन्धले पनि त्यस्तै विचार र सन्देश छोडेको छ । देवकोटाका विचारमा जीवनको निस्सारता र अनित्यताका बारेमा खालि किताब पढेर, प्रवचन सुनेर वा अरुको देखासिकी गरेर सच्चा वैराग्यको अनुभूति हुँदैन । यो त जीवनका अनेकन तीता-मीठा भोगाइहरूलाई पर्गेल्दै र छिचोल्दै विषयभोगको क्षणभंगुरता र तिक्ततालाई "विषकुम्भं पयोमुखम्" को मर्ममुताबिक आत्मसात् गर्न सक्यो भने मात्र हुने हो । हो, कसै-कसैलाई जन्म-जन्मान्तरको वासनाको परिपाकबाट यो जन्ममा सानै उमेरदेखि पनि वैराग्य प्राप्त हुन सक्छ । निबन्धमा उनले यसैगरी बाल्यकालमै वैराग्यप्राप्त व्यासपुत्र शुकदेव मुनि र राज्यभोगको उत्कर्ष र अपकर्षको आरोहावरोहका शृंखलामा "शृंगारशतकम्" र "नीतिशतकम्" जस्ता कालजयी कृति लेखिसकेपछि जीवनको उत्तरार्द्धमा विरक्त भएर "वैराग्यशतकम्" रच्न पुगेका दार्शनिक राजर्षि भर्तृहरिको उल्लेख पनि गरेका छन् ।

भर्तृहरिको कुरा गर्दा उनको यो श्लोक निकै प्रसिद्ध छ जसले भन्छ –शरीर स्वस्थ छँदै र बुढो नहुँदै ईश्वरप्राप्तिको यात्रामा वा अध्यात्मपथमा प्रवृत्त भइहाल, नत्र पछुतो हुनेछ । के घरमा आगो लागिसकेपछि बल्ल कुवा खन्न थाल्नु बुद्धिमत्ता हो र ?

"यावत् स्वस्थमिदं कलेवरगृहं यावच्च दूरे जरा ।
यावच्चेन्द्रियशक्तिरप्रतिहता, यावत् क्षयो नायुषः ।
आत्मश्रेयसि तावदेव विदुषा कार्यः प्रयत्नो महान् ।
प्रोद्दीप्ते भवने तु कूपखननं प्रत्युद्यमः कीदृशः ॥"

महाकवि देवकोटाको जीवनगाथा पढ्दा कता-कता उनलाई पनि यो श्लोकको मर्मले उद्वेलित गरेकोजस्तो प्रतीत हुन्छ । महाकवि जम्मा ५० वर्ष बांचे, यसबीच उनले अगणित साहित्यिक कृति जन्माए । उनको यात्री कविता, जसको चर्चा माथि भइसकेको छ, उनी ३२ वर्ष हुंदा लेखिएको थियो । यसको अर्थ उनी युवावयमै अध्यात्मको गहिराइ–अर्थात् घट-घटवासी अन्तरात्मामै ईश्वरदर्शन– बुझ्नसक्ने भइसकेका थिए । तर जब उनी दुःसाध्य कष्टकर रोग क्यान्सरबाट थलिए र उत्तरोत्तर थलिँदै गए, उपचारले क्यैगर्दा पनि भेटेन र अन्तिम अवस्थामा पुगे, तब २०१६ साल भाद्र १९ गते बिहान ७ बजेतिर उनले एउटा यस्तो कविता लेखे जसलाई उनको जीवनकालको अन्तिम कविता भनेर भनिएको छ । आर्यघाट नलगिँदै आफू उपचाररत शान्तभवन अस्पतालको शय्यामा बसेर लेखेको भनिएको "म शून्यमा शून्यसरी बिलाएँ" शीर्षकको यो कवितामा यही वैराग्यमिश्रित ग्लानि, पीडा र अनुताप व्यक्त

भएको छ जसले देवकोटाको अर्द्ध-सुषुप्त भनौं वा अर्द्ध-जाग्रत आध्यात्मिक चेतना र आस्थालाई स्पष्ट रूपमा अभिव्यक्त गर्दछ। कविताको पूरै रूप यस्तो छ–

संसाररूपी सुख स्वर्गभित्र
रमें रमाएं लिई भित्र चित्र
सारा भयो त्यो मरुभूमितुल्य
रातै परे झैं अब बुझ्छु बल्ल
**
रहेछ संसार निशासमान
आएन ज्युँदै रहँदा नि ज्ञान
आखीर श्रीकृष्ण रहेछ एक
न भक्ति भो ज्ञान न भो विवेक
**
महामरुमा कण झैं म तातो
जलेर मर्दो बिनु आश लाटो
सुकी रहेको तरु झैं छु खाली
चिन्ताग्नि तापी जल डाल्न फाली
**
संस्कार आफ्नो सब नै गुमाएं
म शून्यमा शून्यसरी बिलाएं

देवकोटाको सही मानेमा अकालमृत्यु भयो। मात्र पचास वर्ष बाँचे, त्यो पनि गरीबीको कष्टकर जीवन। बाँचुन्जेल निशिदिन निरवच्छिन्न रूपमा साहित्य-साधनामा तल्लीन मात्र हैन आकण्ठ निमग्न भए। यति छोटो आयुमा पनि नेपालीभाषी साहित्यप्रेमी पाठकका लागि अगणित काव्यकृति छोडेर गएका सरस्वतीका अनन्य साधक यी महाकविको जीवनमा लक्ष्मीपूजाकै दिन जन्मेर पनि लक्ष्मीजीको कृपादृष्टि भने परेन। के लक्ष्मी र सरस्वतीको समान कृपादृष्टि संसारमा दुर्लभै हो त ? यो प्रश्न अन्य कैयन सच्चा र इमानदार कवि, स्रष्टा, लेखक र विद्वान्हरूको जीवनी पढ्दा पनि उब्जिने गर्छ।

देवकोटाका बारेमा लेखिएका प्रमाणसम्मत ग्रन्थ पढ्दा थाहा हुन्छ- उनमा सृजनक्षमता अपार थियो। उनी घण्टौंसम्म कविता लेखिरहन सक्थे। गद्य होस् वा पद्य जेमा पनि। नेपालीमा पनि अंग्रेजीमा पनि। अंग्रेजीका त कति प्रकाशितै हुन बांकी छन् भनिन्छ। त्यसैगरी नेपालीमा पनि होलान्। जम्माजम्मी ४३ वटा नेपालीमा प्रकाशित छन्, तर अझै कति असम्पादित पाण्डुलिपिकै रूपमा पनि होलान्। किनभने

देवकोटाको लेखन स्वस्फूर्त थियो, तर सँगसँगै अनियोजित (त्यसकारण अव्यवस्थित) पनि। महाकविको आशुकवित्वका बारेमा बन्धु (२०६७) लेख्छन्-

"(महाकविले) शाकुन्तल महाकाव्य तीन महीनामा, सुलोचना महाकाव्य दश दिनमा, कुन्जिनी खण्डकाव्य एक रातमा, हमेन्दु खण्डकाव्य एक दिनमा र मैना (काव्यसङ्कलन) पनि एकै दिनमा लेखे। उनले एक पटक चार घण्टामा पाँच कथा श्रुतिलेख गराए। उनी कवितामा कुरा गर्न सक्छु भन्थे। उनले धेरै पटक श्रुतिलेख गराएका छन् र मागेका वेलामा रोजी-रोजी कविता वा गीत लेखिदिएका छन्। भावविभोर हुँदा उनले तत्कालै कवितामा प्रार्थना गरेको उनका मित्रहरूले देखेका छन्। आशुकवित्वका अनेक अग्निपरीक्षामा उनी उत्तीर्ण भएका छन्।" (बन्धु, २०६७)

देवकोटाको लेखकीय सन्देशमा मानवता छताछुल्ल छ। शैलीमा स्वच्छन्दता छ। भावमा प्रकृतिप्रेम र कल्पनाशीलता छ। तर यी सबैको अभ्यन्तरमा अध्यात्म छ, यद्यपि त्यो सर्वत्र पूर्णतः प्रस्फुटित छैन। मूलतः युवा उमेरमै लेखेको "यात्री"र अन्तिम अवस्थामा लेखेको "शून्यसरी बिलाएँ" ले उनको आध्यात्मिक मन-मस्तिष्क र विचार-गर्भलाई पर्याप्त रूपमा प्रतिनिधित्व गर्दछन्। हो, उनी धार्मिक अनुष्ठान र कर्मकाण्डमा अनुरक्त थिएनन्, पोशाक-परिधान हेर्दा नास्तिकसदृश देखिन्थे, सम्भवतः खानपान पनि पूर्ण सात्विक थिएन, अंग्रेजी पढे-पढाए र शुरुका केही वर्ष त्यसको प्रभावमा पनि परे, तर विचारका दृष्टिले, भावना, आस्था र विश्वासका कोणबाट, उनी पूरा आध्यात्मिक थिए। अंग्रेजीप्रतिको अनावश्यक र अत्यधिक मोह एवं तज्जन्य आडम्बरलाई त उनले आफ्नो चर्चित निबन्ध "हाइ हाइ अंग्रेजी" लगायत अन्य रचनामा गर्नु उपहास गरेका छन्।

देवकोटाको अन्तिम कविता आफ्नो बितिसकेको जीवनलाई पछाडि फर्केर हेर्न चाहने जो-कोहीका लागि पनि प्रेरणादायी बनेको छ। कर्म, भक्ति र ज्ञानको शृंखलाबद्ध आध्यात्मिक जीवन-यात्रामा व्यवहार र परमार्थका बीच किँचित् मात्र पनि विरोध नहुने गरी पूर्ण समन्वय र सामन्जस्य कायम गर्दै जीवनको उत्तरार्द्धमा पश्चात्ताप र क्षोभको अनुभूतिबाट बच्ने हो भने समय हुँदै अध्यात्मको अनुशीलन र अभ्यास गर्दै रहनु परम श्रेयस्कर छ भन्ने सन्देश महाकविको समग्र जीवन-कथा, उनका कालजयी कृतिहरू र विशेषतः मरणावस्थाको कविताले दिएको छ। यो सन्देशको शाश्वततालाई सबैले ग्रहण गरौं।

पूर्व सचिव- नेपाल सरकार

वुढेसकालको साथी कविता

विष्णुहरि पौडेल

साठी पार भएँ घटे नजरका ज्योतिष्मती रोशनी ।
लागे रोग बुढेस कालतिरमा थाक्तै गयो जीवनी ।
सञ्चो छैन, उमंग, जाँगर घटे फिर्दैन आह्लादन ।
लागेको छ थकाइ, आश्रय भयो सानो कुटी आँगन । १ ।
यै हो गाउँ र ठाउँ, देश-दुनिया, आमा, बुबा, मावली ।
आफन्ती, परिवार, मित्र-ममता आपूर्ण दृश्यावली ।
प्यारो आँचल जो छ यो प्रकृतिको उस्तै रहे तापनि ।
ऐले लाग्छ फिका फिका नयनका उत्रिन सौदामनी । २ ।
डालीको हर अंग पुष्टिन गई चढ्दै गए आँकुरा ।
मेरो देह पहेलियो , शिथिल छन् सुक्तै गए पाखुरा ।
एकैनास हुँदो रहेनछ सँधै मेरा गएछन् दिन ।
आशा जीवनको छ सोख तरुनो के सक्तथ्यो निथ्रिन । ३ ।
साथी संगत पातलो छ, थलिए मिल्ने सखा दौंतरी ।
बुझ्दैनन् मनका कुरा, युवकका सोचाइ छन् नौथरी ।
मान्छेका भिडमा उपेक्षत हुँदै भेट्तैछु एक्लोपन ।
बूढो वृक्ष न फल्छ फुल्छ, उसको सिद्धो भयो जोबन । ४ ।
बन्छन् ताकत-हीन आखिर सबै जो छन् धनी, निर्धनी ।
राखे नाम रहन्छ शेष, धमिरा लाग्छन् रुपैया पनि ।
यौटा सूर्य ढलेर साँझ नभमा छर्छिन् कला चाँदनी ।
अर्को प्रात हुँदो रहेनछ कठै ! ढल्क्यो भने जीवनी । ५ ।
छोयो चित विरक्तिले दिन दशा घुम्दैन उल्टोतिर ।
चाहेको अवसान हैन, छ कता देखिन्न खै मन्दिर ।
चिन्ता बढ्छ सुमार्ग सुझ्न नसकी यो चित्तमा दन्दन ।
थन्क्याएँ कविता, म लेख्तिन भनें, के मान्दथ्यो यो मन । ६ ।

कीर्तिपुर न.पा. २, मैत्रीनगर आदर्शमार्ग, काठमाडौं

गुलेली काव्य एक परिचय

✍ रोहितप्रसाद ज्ञवाली "कल्लु"

गुलेली काव्य कविताको अर्को एक उपविधा हो ।

उपविधा/प्रविधा भन्नाले कविताको लघुतम लघु स्वरूप र संरचनात्मक भिन्न ढाँचा भएको अत्यन्त छोटो समयमा पढिसकिने एक प्रसंगलाई झिल्कोका रूपमा बुझ्ने खालको अभिव्यक्ति हो । एक प्रकारको संक्षिप्त प्रकृतिको कविता हो ।

कविता/काव्यको शब्दार्थ र आशयका दृष्टिले एउटै मानिन्छ । यो साहित्यको सर्वाचीन उत्कृष्ट विधा हो । यसलाई विश्वमै सबै भन्दा बढी लेखिने र पढिने विधाको रूपमा लिइन्छ । साहित्यका अन्य विधाहरूमा जस्तै कविता विधामा पनि विभिन्न समय समयमा नयाँ नयाँ प्रयोगहरू हुँदै आएका छन्, परिणामस्वरूप तिनै नयाँ नयाँ उपविधाहरूको प्रवर्धन हुँदै आएको पाइन्छ । यसरी समय सापेक्ष रूपमा नयाँ विधाहरू जन्मिनु, त्यसको अभ्यास हुनु अनि हुर्किएर साहित्य आकाशमा एउटा नयाँ चौतारीको रूपमा स्थापित हुनु साहित्य क्षेत्रको नै महत्त्वपूर्ण उपविधा मान्न सकिन्छ ।

नेपाली साहित्य आकाशमा पछिल्लो समय नेपाली माटोमा उम्रिएका मौलिक उपविधाहरू टिल्पिल गर्दै चम्कदै विदेशी आयातित विधाहरूलाई पछि पार्न सफल भएका छन् । सर्जक र पाठकलाई आफ्नो जादुमय शिल्पले वशीभूत पार्दै अगाडी बढेका छन् ।

आजभोलि मानिसलाई हरेक काम कुरा छिटो छरितो चाहिएको छ । ऊ हरपल आतुर देखिन्छ, लामो समय कुर्न नै चाहन्न । साहित्य फाँट पनि यस्तो प्रवृत्तिबाट अछुतो रहन सकेको छैन । समयको मागअनुरूप लामा लामा साहित्य सिर्जनाहरूमा भन्दा छोटा छरिता सिर्जनाहरूतर्फ अधिकतर सर्जक र पाठक आकर्षित भएको पाइन्छ । यसो भनिरहँदा बृहद्, बृहत्तर स्वरूपका काव्य र अन्य विधामा कलम चलाउन रोकिएका छन् भन्ने चाहिँ होइन । केवल समय, धैर्यता आदिको अभाव र आफूले अभिव्यक्त गर्न चाहेको कुरा थोरै शब्दहरूमा व्यक्त गर्न र बुझ्न सकिने भएका कारण पनि यस्ता लघु-लघुतम् स्वरूपका संक्षिप्त विधाहरूतर्फ सर्जक र पाठकको बढी

झुकाव हुन गएको अनुमान गर्न सकिन्छ। साहित्यिक सिर्जना चटनी झैं जिब्रोमा लाग्ने बित्तिकै चट्ट स्वाद दिने, अझ भन्दा जिब्रो पड्काउने खालको हुनुपर्ने मत पनि सुनिन्छ।

अहिले पछिल्ला समयमा साइनो, उदक, भिल्का, छेस्का, शीत, कोपिला, त्रिमुक, सुसेली, छहरा, बाछिटा, त्रिशूल, आगो, षड्ऋतु, झर, अणु कविता, सूत्र कविता, एलाक आदि प्रशस्तै कविताको उपविधाको रूपमा देखापरेका छन् । साइनो, छेस्का, शीत, कोपिला, आगो जस्ता छोटा अभिव्यक्तिको उपविधाको रूपमा प्रवर्धन भइ एकल र संयुक्त गरी संग्रह भएका पुस्तकाकार रूप पनि लिएका छन् । यसपूर्व मुक्तक, गजल, हाइकूले आफ्नो इतिहास धेरै नै पहिलेदेखि रचिसकेका पनि छन् । पछिल्लो समय नेपाली साहित्याकाशमा एउटा लघु स्वरूपको काव्यिक उपविधा देखा परेको छ । जसको नाम “गुलेली काव्य” हो । तीन हरफमा रहेको यस गुलेली काव्यको बारेमा यहाँ छोटो परिचय प्रस्तुत गर्दैछु ।

परिचय

साहित्यको लोकप्रिय विधा कविताको नवोदित उपविधाको रूपमा गुलेली काव्य रहेको छ। जुन नेपाली साहित्यमा कविताको एक लघु संक्षिप्त अभिव्यक्ति भावका रूपमा देखापरेको छ । विधागत प्रवर्धनका दृष्टिले हेर्दा गुलेली कविता एउटा विशुद्ध नेपाली माटोमा उम्रिएर मौलिक शैलीमा हुर्किदै गरेको नेपाली कविताको सुन्दर स्वरूप हो ।

गुलेली एक ठेट नेपाली मौलिक शब्द हो। हाम्रो नेपाली समाजको ग्रामीण भेगमा पाइने सुपरिचित भौतिक वस्तु खेलौना हो, अस्त्र-यन्त्र हो । यो चोके परेको सानो काँठमा माथितिर फर्केको टुप्पोमा रबरको फिता लगाई हातले तन्काएर मट्याङ्ग्रा हुत्याई चराको शिकार गरिने पुरानो साधन हो । पछि गुलेली बाँदर, दुम्सी, खरायो आदि धपाउन पनि प्रयोगमा आयो । यो खेल र खेलौनाको रूपमा एउटा लक्ष्य तोकेर निशानाबाजी लाउने बाजी जुवा पनि भयो । घरेलु उपयोगको सामाग्री पनि भयो । टाढैबाट शत्रुपक्ष अर्था पशुजन्य प्राणी धपाउने मौलिक साधनको रूपमा पनि यो प्रसिद्ध रहेको छ।

गुलेलीको अर्थ क) प्रज्ञा नेपाली बृहद् शब्दकोष फेसबुकमा, (फा.गिलुल) चोके परेको सानो काठमा रबरको फिता लगाई हातले तन्क्याएर मट्याङ्ग्रा हुत्याई चराको शिकार गरिने अस्त्र। ख) बृहद् संस्कृत नेपाली शब्दकोष (बुक) मा गुलेली-गुलिका (स्त्री) १. सानो गोली/गुलिका क्षेपणी (स्त्री)/ गुलेली/ गुँदेली/ भन्ने उल्लेख गरिएको छ । पुराणमा पनि श्रीकृष्णले आफ्ना बलराम ताहु (भाइ) सहित गोपिनीहरूको सुरक्षार्थ गुलिका क्षेपणीबाट मट्याङ्ग्रा प्रहार गरी (अमुक) दैत्यको आँखा फुटाई धपाएको प्रसङ्ग पनि आउँछ । यसरी गुलेली नामको चयन गरी यस उपविधालाई अगाडि बढाइएको छ।

गुलेली काव्यको जन्म २०७९।०६।१२ मा भएको हो/यसको जन्मभूमी मध्य नेपाल, लुम्बिनी प्रदेश नं. ५ को जिल्ला पाल्पाको श्रीनगर डाँडाको दक्षिणी घेँच तानसेन न.पा.मेहल्धारामा रहेको छ। यो एक पंक्तिमा १२ अक्षर र ३ पंक्तिको रूपमा रहेको छ। यहीँ बाह्र गुणे तीनको छत्तीस अक्षरी संरचना नै गुलेली काव्यको परिचय हो। यसमा सिर्जना सहजताका लागि एक अक्षर भए पनि न्यूनतम् (स्थायी शब्द अनुप्रास) मिल्नु अपरिहार्य छ। उखान टुक्का, महानूवाणी जस्ता बनिबनाऊँ वाक्यांशको प्रयोग गर्नु हुँदैन। अर्थात् आफ्नै मौलिक भावना उतार्नुपर्दछ।

गुलेली भन्नाले प्रहार गर्ने अर्थमा शब्दरूपी मट्याङ्ग्राले लक्ष्य भेदन गर्नु हो अर्थात् गुलेली शीर्षकानुसारको व्यङ्ग्यप्रधान हुनुपर्दछ। तथापी सम्पूर्ण सिर्जनामा यस्तो भाव ल्याउन कठिन मात्र नभई असम्भव पनि हुन जान्छ। त्यसकारण उपदेशात्मक, सन्देशात्मक र जानकारीमूलक भावका सिर्जना पनि ग्राह्य नै मानिएको छ। साथै एक कवितामा हुनुपर्ने सम्पूर्ण गुण (भाव, भाषा, शैली, लय, बिम्ब, प्रतीक/आदि गुलेलीका संरचक घटकहरू हुन् भने विशिष्टता, संक्षिप्तता, पूर्णता, व्यापकता, हार्दिकता आदि यसका विशेषताहरूभित्र पर्दछन्।

यस गुलेली सिर्जनामा तीन पंक्तिको भए पनि समान अक्षरी संरचना (१२ गुणा ३ को छत्तीस) भएकाले काव्य नै मानिएको छ। कविताका अन्य उपविधा प्रविधामा जस्तै भिन्न प्रकृतिको सिर्जना र विकास गरी प्रारम्भ गर्नेलाई (स्रष्टा प्रथम) परिकल्पनाकार भन्ने चलन रहेको छ। यसै प्रकार यस गुलेली काव्यको परिकल्पनाकार यसै पंक्तिका लेखक स्वयम् रोहितप्रसाद ज्ञवाली "कल्लु" हुनुहुन्छ। गुलेली काव्यले जन्म लिँदा चम्ल्याँहा अवस्थामा जन्मिएका थिए जुन देहाय बमोजिम छन्।

क) हुने हुनामी यहाँ भइरहन्छ
टारेर कहाँ यहाँ टार्न सकिन्छ
सत्कर्म त यहाँ गर्दै जानुपर्छ।

ख) क्षण भङ्गुर छ हाम्रो जीवन यो
मरणशील नै छ हाम्रो चोला यो
किन सधैँ सिँनाभफ्टी मात्रै यो!

ग) प्राणी हौँ मर्म जीवनको यस्तो छ
जीवन बाँच्नु अनि बचाउनु छ
आखिर मरीकन के पो लानु छ!

घ) जीवन यात्रा हाम्रो घामछायाँ हो
सहज-असहज हाम्रो क्षण हो
अनित्य नश्वर हाम्रो जीवन हो।

सिर्जनात्मक परिचय खुल्ने उदाहरण गुलेली

१. अभिव्यक्तिको लघु रूप गुलेली
बाह्र अक्षरी पंक्ति रूप गुलेली
त्रिपदीय समुच्च अर्थ गुलेली।

२. प्रेम औ जीवन बोल जे जो बोल
अन्तष्करणका भावना जो बोल
तीन हरफीय गुलेली जो बोल।

३. सोंची तौली अन्तिम अक्षर चैन
उखान महानूवाणी हुनु हुँदैन
यहाँ साझा भो "न" नभई हुँदैन।

४. जय हो साहित्य लेखन नेपाली
जय काव्यमा उपविधा गुलेली
स्रष्टा म रोहित प्रसाद ज्ञवाली

माथिका प्रत्येक सिर्जनाहरूका पहिलो, दोस्रो, तस्रो पंक्तिहरू क्रमशः शिरान, माझ, तल्लो पंक्तिका रूपमा लिइएको छ। यी पंक्तिहरूमा विषयको उठान, विषयको विस्तार विकासरुझान र विषयको पूर्णता बुझान हुने गरी समुच्चरूपमा भावको संप्रेषण गर्दछ।

प्रथम चरणका (जन्मदैका) गुलेली सिर्जनामा एकाक्षरी स्थायी अनुप्रास मिलेको छ। दोस्रो चरणमा (१) मा "गुलेली" ३ अक्षरको शब्दानुप्रास मिलेको छ। (२) मा "जो बोल" द्वय शब्दानुप्रास मिलेको छ। सिर्जनात्मक परिचय खुल्ने उदाहरणमा पहिलो गुलेलीमा संरचनात्मक परिचय खुलेको छ। दोस्रोमा कुनै पनि भावना उतार्न सकिन्छ भन्ने उदाहरण पेश भएको छ। तेस्रोमा "चैन, हुँदैन, हुँदैन" ले "न" साझा शब्द या अक्षर अन्त्यानुप्रास मिल्नु पर्ने अनिवार्यता दर्शाइएको छ।

केही उदाहराण गुलेली काव्यहरू

१) नयाँ वर्ष सधैँको शुभकामना
सबैको सधैँभरि पुगोस् चाहना
गलत काममा नमिलोस् बाहना।

२) लज्जा घिन नमान्नेसँग के लाग्छ
प्रतिष्ठा दाउ थाप्नेसँग के लाग्छ
द्रव्यपिशाच बन्नेसँग के लाग्छ।

३) हामी झारपात्का छोटा खुशीहरू
उत्साह, प्रेरणा भर्छन् खुशीहरू
अभावमा बलि चढ्छन् खुशीहरू।

४) हाम्रो भैं यिनको मन किन छुन्न
दीन दुःखी प्रति मन किन रुन्न
हाम्रा हात किन लाग्छ यस्ता चुन्न।

५) देशलाई तमासा बनाएका छन्
शाख मान इज्जत भजाएका छन्
पीडित जनताहरू रुवाएका छन्।

विविध अनुप्रासयुक्त गुलेली सिर्जनाहरू

क) एक स्थायी शब्द अनुप्रास गुलेली

विक्रम संवत्मा त टेरेन भाग्य
ईश्वी संवत्मा झन् के टेर्ला खै भाग्य
शुभकामनाले खुल्दैन है भाग्य।
(०९।१७)

उतिखेर तिमी फकायौ मलाई
निकै नै लोलोपोतो घस्यौ मलाई
म पट्टिएँ, आखिर छोड्यौ मलाई।
(०९।१०)

विज्ञानको पहुँच चुलियो भन्छन्
मंगलमा बसाइ सोंचियो भन्छन्
खै त भूकम्पमा ! मिथ्या भन्छन्।
(०८१।१०।०२ भूकम्प दिवस)

झगडाका बीऊ हुन् ती राज्यहरू
खर्चका, भड्खारा हुन् ती राज्यहरू
खिचातानीमा पर्छन् ती राज्यहरू।
(१०।०९)

ज्यान इमानभन्दा पैसा ठूलो रे
रगत नाताभन्दा पैसा ठूलो रे
विदेशी श्रम अनि पैसा ठूलो रे।
(०८।०८)

संवोधन हटेको छ यहाँ तिम्रो
शालिक ढलेको छ यहाँ तिम्रो
पृथ्वी नाम कटेको छ यहाँ तिम्रो।
(०९।२७)

तिमीसँग मिलिन्न भनेकै थिएँ
बिग्रँदो हालातमा आएकै थिएँ
तर्किएर कुबाटो लागेकै थिएँ।
(०९।१०)

ख) **दुई स्थायी शब्द अनुप्रास गुलेली**

दशकौंदेखिका छन् शुभकामना
खातमाथि खात छन् शुभकामना
भो नदिनू व्यर्थ छन् शुभकामना
(०९।१७)

राष्ट्रको अर्थले नथाम्ने योजना
कार्यकर्ता हो थन्क्याउने योजना
सबैलाई मन्त्री हो दिने योजना।

"म" स्वाभिमान ठूलो हुनु पर्ने हो
यही कुटो कोदालो चल्नु पर्ने हो।
यहीँ बसी उद्यमी बन्नु पर्ने हो।
(०८।०८)

ग) **तीन स्थायी शब्द अनुप्रास गुलेली**

हालात फेरिएनन् उस्तै छ देश
बडा बदलिएनन् उस्तै छ देश
युवा बस्न चाहेनन् उस्तै छ देश।
(०९।१९)

घ) **दुई थरी अनुप्रास युक्त गुलेली**

तिम्रो यादले प्रेम रोगी बनायो
तिम्रो मादले प्रेम भोगी बनायो
तिम्रो स्वार्थले व्यर्थ जोगी बनायो।
(०९।१०)

गुलेली काव्य कविता विधाको छोटो स्वरूप हुन्छ। यसमा भाव प्रभावकारी र अर्थपूर्ण हुन्छ। निर्दिष्टरूपमा त्रिपदीय जम्मा छत्तीस अक्षरको संरचना भए पनि धेरै भन्न सक्ने खुबी यसमा रहन्छ। यसमा दुई थरी अनुप्रास शब्द मिलाएर विषय प्रसंगलाई संक्षिप्तता र गम्भीरताका साथ पूर्णता दिनु उपविधाको पहिचान हो। शब्दरूपी मट्याङ्ग्राले अर्थपूर्ण रसमय ढंगले प्रहार गर्नु गुलेली काव्यको विशिष्टता हो।

(लेखक लुम्बिनी वाङ्मय प्रतिष्ठान पाल्पाका कोषाध्यक्ष तथा शिक्षा स्वा.सा. प्रतिष्ठान नेपाल, पाल्पाका उपाध्यक्ष हुन्।)

वार्ता

लीलाराज दाहाल

कवि प्रफुल्लकुमार घरबाट बाहिरिँदा सधैं झोलामा आफ्नो काव्य कृति लिएर हिँड्थे । उनको कविता-सङ्ग्रह भर्खरै प्रकाशन भएको थियो । उनी बेरोजगार भएकाले घरमा प्रायः उनको आलोचना हुने गर्थ्यो । कमाइ नहुने काममा घोत्लिने गरेको भनेर उनलाई बेला बेलामा जहान परिवारले व्यङ्ग्यको लौरो प्रहार गर्ने गरेका थिए ! त्यसैले अचले उनी बेचैन थिए । उनी केही आर्थिक उपार्जनको काममा लाग्ने विचार पनि गर्दैथिए ।

हुन त शहरको चोकमै उनको घर थियो । घरले प्रशस्तै बहाल कमाउँथ्यो । घरबाट प्रशस्त आम्दानी भए पनि त्यसमा उनको हक पुग्दैनथ्यो । कुनै कामले कतै जानुपर्दा उनी श्रीमतीका अगाडि निरीह हुन्थे ।

एकदिन उनले श्रीमतीलाई भने, "मलाई आज बाहिर जानु छ, बाटाखर्च दिन्छ्यौ कि !"

उनले यति के बोलका थिए, श्रीमती पड्किहालिन्, "के चाहियो रे ? फेरि कविता सुनाउन जान लागेको होला, होइन ? पाँच रुपैयाँ कमाउने हुति छैन । बाटाखर्च चाहिएको छ।"

उनी केही नबोली बाहिरिए । अनि चिनेको मान्छेसँग बाटोमा उभिएर घण्टौं गफिए र छुट्टिने बेला झोलाबाट कविताको किताब निकालेर उनको हातमा थमाउँदै किनिदिन आग्रह गरे ।

"तपाईंको कविता-सङ्ग्रह किन्न पनि मन छ । पढ्न पनि मन छ कविज्यू । तर गोजीमा रकम छैन । मलाई किताब त्यत्तिकै दिन मिल्दैन ?" उनको पल्लो गाउँका परिचित व्यक्तिले उनले समाएको समस्याको हात छुटाउँदै भने ।

"तपाईंजस्तो साहित्यको पारखीलाई एउटा किताब त त्यत्तिकै दिनुहुन्थ्यो तर किताब विक्रीको सबै रकम प्रकाशकलाई बुझाउनुपर्छ । अनि कसरी दिनु त्यत्तिकै ।" उनले आफ्नो विवशता दर्शाए ।

"को हो नि तपाईंको प्रकाशक ?" ती परिचित व्यक्तिले जिज्ञासाको पङ्खा हम्कँदै सोधे।

"प्रकाशक त अरू को हुन्थ्यो र ! आफ्नै श्रीमती हुन् ।" अनुहारमा उदासीको लहर सजाउँदै उनले तत्काल वार्ता टुङ्ग्याए ।

वागमती-११, कर्मैया, सर्लाही

नारीवादजस्तै त्यस दिन पुरुषवाद पनि जन्मिने निश्चित छ

अनिता पन्थी

"कतिवटा युग फेरिएर गइसके तर शतप्रतिशत नारी मर्यादापूर्ण जीवनको हकदार बन्न सकेका छैनन् ।" -डा. वीणा हाङ्गखिम

सृष्टिको सुरुवातदेखि नै हाम्रो सभ्यातले, नारीलाई शक्तिस्वरूपका रूपमा पुकारा गर्दै आयो । सृष्टिको स्रोत उनै हुन् भन्यो । प्रकृति पनि उनै हुन् भन्यो । सृष्टि र संहार गर्ने पनि उनी नै हुन् भन्यो । देवी, स्वरस्वती, लक्ष्मीको रूपमा उनैलाई पुज्यो । फेरि पटक पटक अपमानित उनै हुनु पऱ्यो । इतिहासमा ठूला ठूला भूल भए । पौराणिककालीन सीता र द्रौपदीले अझै न्याय पाएका छैनन् । युगयुग नभुलिने त्यो अक्षम्य गल्ती भएको छ । यता वर्तमान समयका सीता र द्रौपदीले फेरि कति युग पर्खिनु पर्ने हो, सम्मानित बचाइको लागि । हत्या, हिंसा, बलात्कारको घटना आउँदो युगमा समेत थामिएला जस्तो छैन । अझ भनौँ कहिल्यै नथामिएला । स्थिति त्यस्तै छ । अपमान, असुरक्षा, अभद्रता त्यस्तै केही सहनको लागि नारीको जन्म हुने गर्छ शायद । तर होइन । यो प्राकृतिक नियति होइन । यो त हाम्रै नारी विद्वेषी, अमैत्रीपूर्ण चेतनाले निर्मित परम्परा हो । जसले एउटा संस्कारकै रूप लिएको छ । यस्तो अनैतिक परिस्थितिमा दार्जिलिङकी डा. वीणा हाङ्गखिमले नारी आवाजलाई समवेत स्वर दिएकी छन् । **नारी संवेदना** तिनै स्वरहरूको संकलित रूप हो ।

स्थापितदेखि नवोदित स्रष्टाका कथा, कविता, उपन्यासमा गरिएको समीक्षामूलक सिर्जना आरम्भमा त निबन्ध संकलन होला भन्दै थिएँ, होइन रहेछ । विवेच्य पुस्तकसँगै डा. हाङ्गखिमको सिर्जनात्मक रचना पढेको आभास हुने **नारी संवेदना** वैचारिक लाग्छ । महिला र पुरुष सर्जकका रचनामा नारीका अनुभूति, नारीका विचार, नारीका दृष्टिकोणलाई पर्गेल्ने प्रयत्न गरिएको छ । सँगै कृतिकारको साहित्यिक परिचय, विधागत परिचय र कृति, रचनाको अन्यपक्षलाई समेत मूल्याङ्कन गरिएको छ । समग्र पक्षलाई हेरिएको छ । विशेषतः नारीका संवेदनालाई ख्याल गरिएको छ ।

नेपालका, उता दार्जीलिङ, डुवर्स, पूर्वोत्तर क्षेत्रका गरी एक्काइस जना साहित्यकार र उनका कृति समाविष्ट **नारी संवदेना**मा पुरुष स्रष्टा केही कम्ती छन् । कविता काव्यको आवृत्ति भइरहन्छ। त्यसको अनुपातमा उपन्यास थोरै छ। कथा केही बढी छ। निबन्धात्मक कृति यस सङ्ग्रहमा एउटै परेको छैन। नाटक, एकाङ्की दुवै छैनन्। अरू विधा हेरी कविता निकै उर्वर देखिन्छ।

साहित्य अकादेमी त्यस्तै अनेसासद्वारा सम्मानित हाङ्गखिम विशेषतः कवि हुन्। त्यसपछि समालोचक, अनुवादक, सम्पादक पनि हुन्। **भावानुवाद** (२००४), **अन्तर समानान्तर** (२००८), **अग्निपर्व** (२०१२), **उज्यालो पोखिएपछि** (२०१७) त्यस्तै अङ्ग्रेजीमा Flovur of Emotion (भावनाहरूको स्वाद) जस्ता उनका कविता सङ्ग्रह यस अघि नै प्रकाशित भइसकेका छन् । उनको अङ्ग्रेजी कविता जेनिफर राईद्वारा अनुवाद भएको छ । **कृति विमर्श** समालोचना पुस्तक (२०१४) र **शरद क्षेत्री, भारतीय साहित्यका निर्माता** (२०१६) त्यस्तै अनुवाद र सम्पादनका अन्य कृति पनि रहेका छन्। विभिन्न सम्मान, पुरस्कार र संलग्नताले पनि डा. हाङ्गखिमको व्यक्तित्वलाई बुझ्न सकिन्छ।

सदियौँदेखिको मौनता भङ्ग हुन थालको समय छ । किनारीकृत आवाज ब्युँझिएका छन्। डायास्पोरिक स्वर फैलिएका छन्। त्यस्तै नारी आवाज पनि सशक्त हुन थालेको छ। नारीवादी लेखक, समालोचक, अभियान्ता पनि सक्रिय छन्। त्यसै मध्येका कोही अलिक उग्रवादी पनि छन्, जो पुरुष सत्ताको विरोध र अपमान जति धेरै गर्न सक्यो त्यति सच्चा नारीवादी भइन्छ भन्ने छन्। यस अवस्थामा नारी र पुरुष दुवै समान अस्तित्वका छन्। सहअस्तित्व र समन्वयमा मात्रै हाम्रो समाज स्वस्थ र सन्तुलित हुन सक्छ, अब एउटा यस्तो सोच आउन जरुरी छ। डा. हाङ्गखिमको **नारी संवेदना** त्यस्तै एउटा सन्तुलित स्वर हो। विरोध र समर्थनदेखि दूर रहेको, समाजको वास्तविकता बोलेको द्रष्टा आवाज, कसैको पक्षमा छैन। हाङ्गखिमलाई यसरी उदार नारीवादी समालोचकको रूपमा हेर्न सकिन्छ।

सर्जक र उसका कृतिमा निष्पक्ष वक्ता भएर नारी संवेदना कहाँ छ ? कस्तो छ ? कति छ ? त्यही खोजिएको छ। कतिपय कृति, रचना नारीवादी दृष्टिले भन्दा पनि अन्य अवधारणामा, सही तरिकाले अर्थिएका छन् । विगतको समय र परिवेशमा नारीले अलिक बढी नै अवसाद भोग्नु परेको छ। वर्तमान समय त्यति कठोर छैन जति विगतका दिनहरू थिए । अबका नारी त्यसरी दबिएर, खुम्चिएर बस्ने छैनन् ।

साहित्यमा त्यसै अनुरूपको चेतना आउन थालेको छ। उनीहरूले आफ्नो परिभाषा आफैँ बनाएका छन्। तर महिला हिंसा अझै रोकिएको छैन। यसको अर्थ हो उनीहरू (महिला) अझै सबल हुन बाँकी छ। धेरै बाँकी छ।

नेपालको अवस्थालाई हेर्दा नारी सशक्तीकरणको यो प्रारम्भिक चरण हो। पुरुषको अत्याचार खपेका महिलाहरू एक समय यसरी जमजमाउने छन् कि, आफूमाथि दमन गर्नेलाई प्रतिशोधको रूप लिनेछन्। बदलाको भावनामा ती उग्र हुनेछन्। त्यो क्रोध साम्य हुन एउटा युग सकिनेछ। अपमान र अपराध सहँदा सहँदै सहनशीलताले सीमोल्लङ्घन गरेपछि, अन्तर्मनबाटै विद्रोह जन्मिन थाल्छ। त्यसबखत परिस्थिति अर्कै हुनेछ। देवी, काली, महाकालीको रौद्र रूपले पुरुष सत्ता निश्चय कहालिने छ। हो त्यतिखेर महिला होइन पुरुष हिंसाको अवस्था सिर्जिन थाल्ने छ। त्यसपछिको समय के हुन्छ यसै भन्न सकिँदैन। महिला र पुरुष समान पहुँचका, समान शक्तिका हुन्छन् या त मातृसत्ताको उदय हुन सक्छ। यस्तो हुनु एउटा स्वाभाविक प्रक्रिया हो। हरेक युगमा अतिवादका कारण नववाद जन्मिने गरेका छन्। किनारीकृत स्वर त्यसैको एउटा उदाहरण हो। भरे पुरुष हिंसाको चरमोत्कर्षमा फेरि नारीसत्ताको अन्त्य निश्चित छ। दब्ने उठ्ने यो भइरहन्छ। जुन प्राकृति क्रिया हो।

आफू नारी हुनाको कारण मैले यस्तो कुरा गरेकी होइन। सम्भावित युगको एउटा चर्चा मात्र गरेकी हुँ। हरेक युगमा महिला र पुरुष समान होऊन्, म यही चाहन्छु। महिलाले पुरुषलाई दबाउनु पर्छ म भन्दिनँ अनि महिला पनि कहिल्यै नदबिऊन्, पुरुष पनि नदबिऊन्। कोही ठूलो छैन कोही सानो पनि छैन। प्रकृतिले नित्य समभावले हेर्ने गर्छ। उसले कुनै भेद राखेको छैन। जति भेद छ त्यो हामीले नै सिर्जना गरेको एउटा अवधारणा हो। नारीवाद, पुरुषवादका सम्बन्धमा प्रकृति सदा अनभिज्ञ छ। एकले दोस्रोको सम्मान गर्ने हो भने, हामीले कहिल्यै कुनै वादको वकालत गर्न आवश्यक पर्ने छैन।

वर्तमान समयमा पुरुष पीडित महिला मात्रै छैनन्। महिला पीडित पुरुष पनि उतिकै छन्। यता **नारी संवेदना**मा पुरुष पीडक दुःखी आवाजहरू प्रशस्तै छन्। मातृत्व प्रेम छ। महिला सहनशीलताका कुरा छन्। प्रकृति, धर्ती, नारी एउटै स्वभावका, एउटै कुलधर्मका अनेक रूप हुन्। भोलिका दिनमा पुरुष पीडित मनोदशाले पनि अवश्य साहित्यको रूप लिने छ। हो त्यतिखेर नारीवादी समालोचना जस्तै पुरुषवादी समालोचनाको पनि उदय हुने छ। **नारी संवेदना** जस्तै अर्कोपालि हाङ्खिम पुरुष

संवेदनाका बारेमा केही लेख्ने छिन्, विवेचना गर्नेछिन् । किनकि समयले त्यसो गर्न लगाउने छ। हाङ्गखिमको यस कृति (नारी संवेदन) मा वर्तमान होइन विगतको समाज धेरै छ। वर्तमानको समय पनि केही छ। ती विवेच्य सिर्जनाहरू सबै यथार्थ पृष्ठभूमिमा रचिएका छन् । काल्पनिकता थोरै पनि छैन । बरु संवेदनाका रागहरू छन् । कमला राईकृत **शब्दहरूको एकान्तबास** त्यस्तै संवेदना पैदा गर्ने खालको एउटा कविता सङ्ग्रह हो । पुत्रशोकमा परेकी जननी आफूलाई धैर्य गर्दै भन्छिन् :

अनि तिम्रो कानैमा मैले भनैं
जाऊ छोरा
तिमी निश्चिन्त जाऊ
तिम्रो समय पुग्यो
रहल काम मै गरुँला
मै बोकूँला तिम्रो भार
आखिर आमा हुँ नि त
हामाले के गर्न सक्दिनन् र !

(पृ–१७)

आमा हुनु भनेको जस्तो कठोर, निर्दयी, सन्तप्त परिस्थितिको पनि सामना गर्न तयार हुनु हो । यहाँ कमला राई पनि तयार भएकी छन् ।

ऊ जुन भूगोलमा बसोबास गरे पनि उसको संवेदनाले दोस्रो व्यक्ति द्रवीभूत हुन्छ। किनकि सबैमा उस्तै मानवीय संवेदना हुन्छ। अझ भनौँ सुख, दुःख बोध गर्ने, खुशीमा रमाउने सम्पूर्णको मन उस्तै हुन्छ। संवेग सिर्जना गर्ने हृदय पनि त उस्तै हुन्छ।

नारी संवेदनामा मैले, वीणा हाङ्गखिमलाई पढ्दैछु या त विवेच्य कृति या त त्यस कृतिका स्रष्टालाई । ठ्याक्कै भन्न सकेको छैन । ती स्रष्टासँग प्रत्यक्ष संवाद गर्दैछु जस्तो बोध गराउन सक्नु हाङ्गखिमको समालोचकीय कुशलता हो । लेखक र उसका कृति अनि समालोचकको त्रिकोणात्मक सम्बन्ध, यसमा स्पष्ट देख्न सकिन्छ । प्रायः समीक्षा समालोचनामा सर्जक र समीक्षक ओझेलमा परेका हुन्छन् । विश्लेष्य कृति मात्रै टक्रक्क देखिन्छ। त्यस्तै कतिपयमा स्रष्टा र कृति दुवै आउँछन्। स्वयं समीक्षक भने त्यसमा मिसिएको हुँदैन। प्रस्तुत आलेख कसले तयार गर्‍यो भन्ने सम्म आभास रहँदैन। तर हाङ्गखिमको यस ग्रन्थमा उनको साहित्यिक र समालोचकीय व्यक्तित्व दुवै एकसाथ आएको छ।

हामीले अघिदेखि भन्दै आयौँ समीक्षा, समालोचनाको पाटो शुष्क निरस हुन्छ। तर होइन। डा. गोविन्दराज भट्टराईका उत्तरआधुनिक ऐना, उत्तरआधुनिक विमर्शजस्ता समालोचना पुस्तक पढेपछि मेरो दृष्टि बदलियो। रूढतामा त्यस्तो थियो। तर अहिले नवीन शैली आएको छ। समालोचनालाई एउटा सिर्जनात्मक लेखन बनाउने शैली। कृतिमा रिक्तता खोज्ने र भर्ने शैली। विपठन शैली। विनिर्माणिक शैली। डा. भट्टराईले नेपाली समालोचनामा यस किसिमको क्रान्ति ल्याए। वास्तवमा समालोचनाको अभिप्राय कृति संरचना, पात्र, दृष्टिविन्दु, उद्देश्य र समालोचना सिद्धान्तको आधारमा विश्लेषण गर्नु मात्र होइन।

पाठकलाई त्यस्ता कुरा अध्ययन गर्नुको केही लाभ छैन। लेख्नुको पनि लाभ छैन। तृप्ति मिल्दैन। भनौँ न त्यस किसिमको सामग्री अध्ययनको आवश्यता पनि पर्दैन। कृतिको परिचयात्मक ज्ञानको वास्तवमा उसलाई जरुरतै छैन। उसको पठन धेय त्यो होइन। कम्तीमा पठन पश्चात् उसले सिर्जनात्क सुखबोध गर्न सकोस्। केही जानोस् केही सिकोस्। कृतिको वैचारिकतामा केही ज्ञान मिलोस्।

रुढ समालोचना फ्याक्ट्रीबाट उत्पादित सामानजस्तै एउटै रूप, आकार र बनोटको हुन्छ। एउटा माल हेरेपछि अर्को हेर्न आवश्यकै पर्दैन। त्यसमा केही नवीनता र विचारको खोजी हुँदैन। केवल संरचनात्मक चिरफार हुन्छ। सैद्धान्तिक अवधारणा हुन्छ। त्यही अनुरुप कृति रचियो रचिएन भनेर मूल्याङ्कन हुन्छ।

डा. हाङ्गखिमको **नारी संवेदना** त्यस्तै नवीन शैलीको छ। अगाडिको समीक्षात्मक लेख पढ्दै गर्दा, अब यसपछि कुन चाहिँ कृति समीक्षा गरिएको होला जस्तो एउटा उत्सुकता पैदा गर्ने खालको छ। एउटै कविता, एउटै कथालाई लिएर पनि लामो विश्लेषण गर्न सक्ने, धेरै कुरा भन्न सक्षम हाङ्गखिमको समीक्षात्मक व्यक्तित्व सबल लाग्छ। प्रभावक छ त्यो लेखन। बेला बेला उनको समीक्षामा कृतिभन्दा पनि स्रष्टा व्यक्तित्वले प्रभाव पारेको हो कि एउटा भान पनि हुन्छ।

नारी उत्पीडन, अपहेलना, यौन हिंसा, भ्रुण हत्या, बर्बरता, घरेलु हिंसाले हाम्रो समाज अशान्त छ। नारी प्रकृतिकै सुन्दर र प्रिय सिर्जना हो। उनीहरू समाजले देखेजस्तो कमजोर छैनन्। तर उनको सहनशीलतालाई कमजोर सोचिन्छ। अनि उनको दयालु स्वभाव र नम्रतालाई काँतर भनिन्छ। तर अब स्वयंको उद्धार गर्न उनी चण्डी बन्नेछिन्।

मणिका मुखियालाई अघिका दिनमा मैले एउटा प्रखर anuvaadak ebam

समालोचकको रूपमा चिनेकी थिएँ । अझ विशेषतः उनी कवि रहिछिन् । **नारी संवेदना**मा उनको स्वर त्यस्तै खिरिलो छ। एउटा भ्रुणले आफ्नी आमासँग जीवनदान मागेको एउटै कविता (गर्भको शिशुको क्रन्दन) ले म सम्पूर्णतः सम्मोहित भएँ । भ्रुणको मनोदशामा मेरो त वाणी नै अवरुद्ध भयो । छोरी हुनाकै कारण त्यो भ्रुणको हत्या हुन्छ–

म बाँच्न चाहन्छु आमा !
नील गगनको शीतल छहारीमा
हाँस्न चाहन्छु ।
मखमली हरियो घाँसमा
रङ्गीबिरङ्गी पुतलीसँगै
दौडिन चाहन्छु
मलाई आफ्नो न्यानो काखमा
सुत्न दिनोस् (पृ–२१) ।

सृष्टिका प्रतीक मानिने शोषित, शासित नारीहरू अधुनातन युगसँगै जुर्मुराएर उठ्न खोज्दैछन्, पुरुष प्रधान समाजमा समानाधिकार कायम गर्न । नारी अस्तित्वलाई अवमूल्यन गर्दै नारी शोषणलाई जन्मगत अधिकार ठान्ने हैकमवादी पुरुषसत्ताको विरोध र पितृसत्तात्मक समाजलाई चुनौती दिने स्रष्टाहरू आउन थालेका छन् । इन्दिरा प्रसाईंको ***दोस्रो सत्ता*** त्यस्तै एउटा कथा हो ।

कथा, उपन्यासमा प्रायः निम्नमध्यम वर्गीय पात्र पात्रा छनोट गरिएका छन् । तिनीहरूले हाम्रै समाजको, दीन दुःखीको प्रतिनिधित्व गरेका छन् । हाम्रो समाज त्यस्तै छ । **नारी संवेदन**मा विश्लेषित सिर्जनाहरू कुनै न कुनै तरिकाले नारीको भावनासँग मेल खाने स्थितिका छन् । उनीहरूको न्यायको लागि, हितको लागि अनि कतिपय रचनामा नारी शक्तिस्वरूपिणी हुन् भन्न खोजिएको छ, प्रकारान्तरमा । उनीहरू अपमानित भएको त्यस्तै निन्दित चरित्र टिपेर, उनीहरूको पक्षमा बोलिएको छ । कतै उनीहरू शोषित छन्, तर लेखकले न्याय दिन सकेका छैनन् । कतै कतै सुन्दर समाजको इच्छा राखेर आदर्श पात्रको चयन गरिएको छ ।

कला साहित्यमा यस किसिमको महिला सक्रियता उन्नत समाजको सूचक हो । नारा, जुलुस र विरोध गरेर महिलाले पुरुष समान अधिकार पाउनुपर्छ, पुरुष समान हुनुपर्छ भन्दैमा, महिला र पुरुष समान होइँदैन । दक्षतापूर्ण कर्मले मात्रै ऊ समस्तरीय

हुन सक्छे, पुरुषभन्दा पनि अझ उचाइमा पुग्न सक्छे।

कौशल्या मुखियाको ***सेतो गुलाफ*** (बाल कथा) ले मलाई उसै गरी छुन्छ। गरीब परिवारकी सानी केटी पढाइमा तीक्ष्ण छे। आफ्नो असहाय अवस्थाप्रति ऊ परिचित छे। एउटा अभिभूत पार्ने घटना हुँदा हुँदै पनि यो नारी उत्पीडनको कथा भने होइन।

गरीबी, अशिक्षालगायत अरू जटिलताको प्रभाव एउटी महिलामा जति परेको हुन्छ त्यति पुरुषमा परेको हुँदैन । उसको संघर्ष त्यसै कारण पनि ठूलो हुने गर्छ । परन्तु उसको त्यो संघर्षले माथि उठाउन भने सकेको हुँदैन। किनकि हाम्रो सामाजिक संरचनाले महिलालाई सधैँ तल पार्न खोज्छ। त्यसमा प्राकृतिक समस्याले पनि केही कठिनाइ थपेको हुन्छ। पद्मावती सिंहको ***निः शब्द यात्रामा*** दिव्या (पात्र) ले भन्छिन्, “आइमाईको खास जीवन विवाहपछि मात्र शुरु हुन्छ।” उसो भए महिलालाई खास बनाउन पुरुष जिम्मेवार देखिन्छ। होइन त ? यसले के पनि भन्न खोजेको छ भने, नारीलाई आफैँ उठ्न हाम्रो समाजले दिँदैन। उसलाई पुरुषको सहायता चाहिन्छ, ऊ अबला छे, अनाथ छे। जुन मानसिकताले आज पनि ठूलो असर गरेको छ। महिला त्यही सोचले स्वनिर्भर हुन अझै पनि सकेका छैनन्।

आधुनिक, उत्तरआधुनिक युगमा समेत महिलाको कठिनाइमा केही सुधार र न्यूनीकरण हुन अझै सकेको छैन । फरक त्यति हो, उनीहरूका कठिनाइ संस्करण भएका छन्। त्यस्तै अर्को कुरा महिला पुरुषबाट मात्रै उत्पीडित छैनन्। नारीबाटै समेत प्रताडीत छन्। दोहोरो मारमा छन्।

त्यसो त पुरुष कहीँ पनि दवावमा छैनन्, कठिनाइमा छैनन् भन्न खोजेको होइन। उनीहरूका पनि आफ्नै मर्का छन्, दर्द छन्। व्यवधान छन्। किन्तु महिलाजस्तो उनीहरू त्यति धेरै हिंसामा भने छैनन् । फेरि अर्को कुरा हाम्रो मानसिकताले पितृसत्तालाई अकारण पनि दोषी देख्ने गर्छ। आफू हेपिएको अनुभूत गर्छौं । आफ्नो दुर्बलताको कारण पनि त्यस्तो हुने गर्छ। राम्रै कुरामा पनि खोट देख्नु त्यसैको परिणाम हो । अनि भन्छौँ–पुरुषले हामीमाथि सदियौँदेखि दमन गर्दै आए। भोलिका दिनमा महिला हिंसाको ठाउँमा पुरुष हिंसा दोब्बर तेब्बर भए पनि हामी पितृसत्तात्मक समाजका यी पुरुषहरू ... भन्न छोड्ने छैनौँ।

अहिले वृद्ध वृद्धामा एउटा हुरी चलेको छ, अन्योलको। नव संस्कारको उदयसँगै वृद्धाश्रम चालु भएका छन् । पद्मावतीको ***निः शब्द यात्रा*** उपन्यासले यस विषयमा गहिरो संवेदना उब्जाएको छ। त्यस्तै रीता ठकुरीको उपन्यास ***काकाकुलको*** तिर्खामा

नारी संघर्षका कथा छन् ।

यता नीरा सुब्बाको आडम्बर कथामा छोरा बुहारीले आमालाई बेवास्ता गरेका छन् । उनको विरामीलाई अवस्थालाई ध्यान नदिएर छोरा बुहारी धर्मकर्ममा उपस्थित हुन्छन् । घर घरमा अपहेलित आमाको अवस्थालाई देखाउनकै लागि यो कथा रचिएको हुनुपर्छ । स्वयं जन्मदातृको उपेक्षा गरेर कुन धर्म प्राप्त होला ? वर्तमान अवस्थालाई यसले सम्बोधन गरेको छ, व्यङ्ग्य गरेको छ ।

एउटी नारीको भावना बुझ्नु भनेको सम्पूर्ण नारीलाई बुझ्नु हो । धर्तीलाई बुझ्नु हो । प्रकृतिलाई बुझ्नु हो । आमालाई बुझ्नु हो । जब हामी यो कुरा बोध गर्दैनौं अनि बार बार हाम्री आमा तिरस्कृत हुन्छिन् । छोरी चेली हिंसामा पर्छन् । बलात्कृत हुन्छन् । श्रीमती हेपिन्छिन्, दबिन्छन् । भ्रुणहरू नजन्मिँदै मर्छन् । विनीता छेत्रीकृत सलोनी कथामा किशोरी पात्रले त्यही यौन हिंसा भोग्नुपरेको छ । बालशोषण भएको छ । उसको कुमारित्व धेरै अघि लुटिएको छ । फेरि जताततैबाट लुटिने सम्भावना छ । इज्जत बचाउनकै लागि नारीले भोग्नु परेका हैरानी अनगिन्ती छन् । सङ्घर्ष धेरै छन् ।

प्रतिष्ठित महिला साहित्यकार भागरीरथी श्रेष्ठ, मातृका गजमेर, बाल साहित्यकार स्नेहलता राई, गीता कार्की, सुधा एम. राईका साहित्यमा पनि प्रत्यक्ष परोक्ष नारी संवेदनाकै कुरा छन् । पुरुषको अभद्रता स्वीकारेर अगाडि बढ्न र नव इतिहास निर्माण गर्न नारीलाई आह्वान गरेकी योगिता राई भन्छिन्–

टकटकाइदेऊ पुरुषपक्ष स्वाँगे धूलोहरू
नडराऊ सम्भावनाहरूदेखि
गरिदेऊ सम्भोग ढुक्कले
चुनौतीका चट्टानहरूसँग
जन्माइदेऊ आँटी र खाँटी नयाँ परिश्रम
र, गरिदेऊ एउटा इतिहासको न्वारान (पृ–१२२) ।

महिला साहित्यकारको आवाजमा नारीका कुण्ठा र सुख दुःखका अनुभूतिहरू जति सहज स्वाभाविक हुन्छन् त्यति पुरुष स्रष्टाको वाणीमा त्यो हुँदैनन् । किनकि उनीहरूको लेखनमा नारी मनका भावना र संवेगका केवल अनुमानित अर्थहरू हुन्छन् । तर पनि यहाँ पुरुष सर्जकका अभिव्यक्तिहरू सशक्त लाग्छन् । नारी मनोदशा र दुरूह परिस्थितिलाई नजिकबाट नियाल्ने प्रयत्न गरिएको छ । नारीप्रति संवेदनशील

देखिन्छन् । नारीको अगम्य शक्ति र स्वभावको वर्णन गरेका छन् । कवि सन्तोष थेवे, आख्यानकार तेराख र मणीकुमार सुब्बाका रचना पनि उतिकै गम्भीर लाग्छ। नियतिले नारीलाई किन यति धेरै खेदो गर्छ ? एउटा प्रश्न पनि छ। दृश्य अदृश्य बन्धनले उनीहरू खुम्चिएका छन् । कुच्चिएका छन् । पुरुष स्रष्टाले यस्तै अर्थ लाग्ने कुरा बोलेका छन् । जननीको महिमा गरेका छन् । कवि विमल वैद्य एकठाउँमा भन्छन्–

अरू त के भनौँ !
तिमीले जस्तै मैले
घरबाहिर पाइला राख्दा
मसँगै
घरको देउता निस्किन्छ
तिम्रो पौरुषता हुर्किन नपाउँदै
घरकै छानामुनि बिल्लीपाठ हुन्छ
तिम्री पत्नी मात्रै रहिनँ अब म
कसैको आमा पनि हुँ
मैले
तिमीले जस्तै पाइला उचाल्दा
मेरो घर रुन्छ (१०२) ।

अर्का पुरुष साहित्यकार मुक्ति बरालको कान्छी एउटा बेग्लै आयामको उपन्यास हो । विज्ञान उपन्यास । साइबर र ह्युमन अर्ग्यान मिश्रित पात्र कान्छीमा मानवीय संवेदना देखाइएको छ।

दार्जिलिङकी स्रष्टा गीता छेत्री कवि मात्र होइनन्, उनी समाजसेवी पनि हुन् । ' गङ्गोत्री'–देखि 'गोधूलिका रङ्गहरू' उनको कविता सङ्ग्रहको शीर्षक नै बडो आकर्षक लाग्यो ।

अग्नि परीक्षा उपन्यासमार्फत देविका राईले हाम्रो समाजलाई सकारात्मक हुन सन्देश दिएकी छन् । आख्यानकी नायिका गौरी अप्रत्याशित तरिकाले बलात्कृत हुन्छे। प्रेमी देवेन्द्रले त्यो सब थाहा पाएर पनि ससम्मान उसलाई स्वीकारेर कथाको अन्त्य भएको छ।

बेग्ला बेग्लै समय र पृष्ठभूमिका नारी लेखक अनि तिनका पात्रमा समेत मैले

एउटै मनोविज्ञान पाएँ, नारी संवेदना उस्तै पाएँ । युग परिवर्तन भए पनि मानवीय संवेग कहिल्यै परिवर्तन नहुँदो रहेछ । डा. हाङ्गखिमको **नारी संवेदना** पढेर मैले यो कुरा थाहा पाएँ । यहाँ उनी मात्रै उज्यालिएकी छैनन् । उनको विश्लेषणमा परेका साहित्यकार र तिनका कृति रचनासमेत पुनः प्रकाशित भएका छन् । यसरी समीक्षा समालोचनाले स्रष्टा र द्रष्टा दुवैको हित गरेको हुन्छ ।

नारी संवेदनाको समग्रता भनेकै नारी संघर्षका कथा हुन् । चुनौतीका कथा हुन् । भावनाका, संवेगका ... । अपमान र उपेक्षाका त्यस्तै नारी शक्तिका कथा हुन् । प्रस्तुत ग्रन्थ आफैँमा एउटा समीक्षात्मक कृति हो । यसमा मैले समालोचना गर्नु भन्दा पनि पाठकीय अनुभूतिलाई विशेष ध्यान दिएकी छु । किनकि समीक्षा माथिको समीक्षामा टीका टिप्पणी गर्ने ठाउँ नै के हुन्छ र ? मैले त हाङ्गखिमको लेखलाई आधार मानेर, स्रष्टा र तिनका कृतिमा केही बेल्ने धृष्टता गरेकी हुँ । आफैँले मूल ग्रन्थ पढेर त्यसबारेमा लेख्नु र अरूको आलेखबाट उक्त कृतिलाई बुझेर लेख्नुमा धेरै फरक कुरा छ । मैले यहाँ ती कृतिबारे बोल्नु भन्दा पनि डा. हाङ्गखिमको समालोचकीय व्यक्तित्व र **नारी संवेदना**का बोरेमा बोल्ने चेष्टा गरेकी हुँ । त्यसै सिलसिलामा अभिव्यक्त भएकी हुँ सर्जक र तिनका कृति सम्बन्धमा ।

अब भन्नु बाँकी त्यस्तो केही छैन । बस् डा. हाङ्गखिमको उक्त कृतिबाट धेरै कुरा सिकेँ । सिकाइको कहिल्यै अन्त्य नहुँदो रहेछ । जति सिक्दै गयो झन् बढी पाठहरू थपिँदै जाँदो रहेछ । **नारी संवेदान**ले मलाई अरू पाठ थपेर गएको छ ।

राइनास नगरपालिका–३, लमजुङ

गुल्मी जिल्लामा आधा शताब्दीभन्दा लामो इतिहास बोकेको किरण पुस्तकालयमा तपाईंका कुनै प्रकाशनहरू छन् भने तुरुन्त दिन नबिर्सनुहोला ।

उहिले र अहिले

✍ डा. रामराज पन्थी

उहिले,
बा परदेश जान हिड्नुभो
हजुरबा हजुरआमा आँसु टिलपिल पार्दै
ओभेल परुञ्जेल नजरले
पछ्याइरहनुहुन्थ्यो
खुइय सुस्केरा हाली घर भित्र पस्नुहुन्थ्यो ।

लाहुर जान हिडेका साथी संगीसित
बा पैदल बटौली हुँदै सुनौली पुग्नुहुन्थ्यो
गोरखपुर पहिलो गन्तव्य हुन्थ्यो सबको
रेल चढी यात्रा सुनिश्चित तबको ।

चिठीमा,
पैसा सापटी लिएर काम चलाउनू
अर्म पर्म गरी खेती लगाउनू
सुजीलाई घरमै बोलाएर एकसरो कपडा
सिउनू
आगुम तारिखको आखिर पैसा पठाउँछु ।

भार्यालाई,
सासु ससुराको ख्याल गर्नू
लाला बालालाई माया गर्नू
लैनो भैसी ल्याएर भए पनि
एक मुठी दूध खान दिनू ।
बा आउनुभयो घरमा

ढाकरमा नुन मट्टितेल पिपलगेडी हातमा
हजुरबालाई तम्वाखु र सलाईं
हजुरआमालाई चुरा र मुजेत्रो ।

अहिले,
छोरो परदेशियो
हातमा मोवाइल र म्यासेन्जर हेरिरह्यो
घाँटीमा खादा पहिरिएर
इनड्राईभको ट्याक्सी कुरिरह्यो ।

खाडीमा पुगेपछि,
म्यासेञ्जरमा म्यासेज पठायो र अह्रायो
छोराछेरी लिएर शहर बस
बोर्डिङ्ग स्कूलमा भरना गर
खाजा खाऊ चाउचाउ र कुरकुरे ।

प्रिये !
दुःख नगर रिल्याक्स गर
हाइभिजनमा मुभी हेर
आइफोनमा च्याट गर
बा-आमाको फिक्री नगर ।

अन्त्यमा ,
छोराले पैसा पठायो बुहारीको खातामा
बा-आमा वृद्ध भए बस्छन् खाटमा
नाना चाचा लेहगा लगाउनू
आएपछि केक काटी बर्थडे मनाउँला ।

बूढानीलकण्ठ, काठमाडौं

कुकुर पछुतायो

✍ अरुणबहादुर खत्री 'नदी'

अनमोलले आफ्नो छिमेकीको घरमा कुकुर पालेको देखेपछि "आमा एउटा कुकुर कतैबाट ल्याएर हामीले पनि पालौँ न" भन्यो । आमाले "हुन्छ नि छोरा तलाई कुकुर पाल्न मन लागेको छ भने कतैबाट एउटा कुकुरको बच्चा मागेर ल्याई पाले भइहाल्छ नि" भन्नुभयो । अनमोलले आफ्नो कक्षामा पढ्दै गरेको साथी राजेशको घरबाट कुकुरको बच्चा ल्यायो र राम्रो पाल्न थाल्यो । कुकुरलाई अनमोलले हरेक दिन बिहान र बेलुका आफूले खाना खानु अगाडि दूध भात दिन थाल्यो ।

कुकुरलाई अनमोलले धेरै माया गर्दथ्यो । आफूले पालेको कुकुरको अनमोललाई निकै माया पनि लाग्थ्यो । कुकुर पनि अनमोललाई निकै माया गर्थ्यो । अनमोल स्कुल जाने बेलामा कुकुर बाटोसम्म पुग्दथ्यो अनमोल स्कुलको बसमा चढेपछि मात्र कुकुर घर फर्कन्थ्यो । अनमोललाई लिन कुकुर बाटोसम्म पुग्थ्यो । अनमोल र कुकुरको अब आत्मीय सम्बन्ध हुन थाल्यो ।

हरेक शनिबार स्कुल बिदा हुँदा अनमोलले आफ्नो कुकुरलाई दिउँसो नुहाइदिने गर्दथ्यो । कुकुरलाई उसले आफ्नो आमासँग भनेर सानो काठको खोर बनाउन लगायो । स्कुलबाट बेलुका घर आइपुगेपछि अनमोलले कुकुरलाई खोरबाट निकालेर घर नजिकै चराउन लैजान्थ्यो । कहिलेकाहीँ पालेको कुकुर उसँग जिस्किने पनि गर्दथ्यो ।

एक दिन कुकुर अनमोलसँग जिस्किन पुग्दा कुकुरले अनमोललाई टोक्यो । आफूले घरमा पालेको कुकुरले टोकेपछि अनमोल रुन थाल्यो । अनमोल रोएको थाहा पाएपछि उसको आमाले छोरा किन रोएको भन्नुभयो । आमा मलाई कुकुरले टोक्यो नि त्यसैले म रोएको अनमोलले भन्यो । आफ्नै घरमा पालेको कुकुरले कसरी मेरो छोरालाई टोक्यो होला, अनमोलको आमाले भन्नुभयो ।

आमा अबदेखि म यो कुकुरलाई माया गर्दिन यो कुकुरलाई म भोक लाग्यो भने खाना पनि खान दिन्न अनमोलले भन्यो । त्यस दिनदेखि अनमोलले कुकुरलाई माया

गर्न छाड्यो खाना पनि दिन छाड्यो । अनमोलले खान दिन छाडेपछि कुकुरले मनमनै मलाई यो घरको मालिकको छोराले किन खाना दिन छाडेको होला भन्यो । मैले पक्कै पनि यो घरको मालिकको छोरासँग जिस्किदा टोकेको हुँदा मलाई खाना दिन छाडेको हुनुपर्छ भनेर कुकुरले भन्ठान्यो ।

अबदेखि यो घरमा म कसैसँग पनि जिस्कन्न र यो घरको कसैलाई पनि टोक्दिन भनेर कुकुर लम्पसार परेर पछुताउन थाल्यो । कुकुर पछुताउन थालेपछि अनमोलले कुकुरलाई पहिलाको जस्तो माया गरेर खाना दिन थाल्यो ।

बूढानीलकण्ठ, पासिकोट, उज्यालोबस्ती, काठमाडौं ।

कविता

सप्तशूल

टेकनारायण रिमाल "कौशिक"

च्याँठ्िएको छ ता मान्छे प्रतिभावान् छ तापनि
त्यसबाट परै बस्नू, गुरु मिल्छन् जता पनि ।१।
प्रशंसा गर मान्छेको स्याबासी फट्ट पाउँछौ
भलो छ यसमा तिम्रो जसको गुण गाउँछौ ।२।
फुरुक्क नहुने को छ स्तुति पाएर लौ भन
बुरुक्क उफ्रने देखेँ प्रशंसामा सयौँ जन ।३।
'खोटो छ जसको स्वर्ण, उसकै दिल ढुक्ढुक'
त्यसैलाई छिटो छुन्छ पङ्क्तिले, छ भने चुक ।४।
सोझो र सजिलो बन्नू तर त्यो चाहिए जति
धेरै सोझो भए हुन्छ विपरीत परी खति ।५।
'जति मीटरको खास्टो खुट्टा पसार त्यत्ति नै'
नत्र खुट्टा र मुन्टाको रक्षा हुँदैन कत्ति नै ।६।
आँखा चिम्लेर हानेको ढुङ्गो लाग्यो कता कता ?
लाग्नपर्नेहरूलाई लाग्ने गर्छ त्यता त्यता ।७।

याङ्गौ, म्यान्मा (बर्मा)

कहाँ ! ती दिन

मित्र 'उराठी' गौतम

छोराले सहरमा घडेरी किन्यो
त्यसैले अब
गाउँमा बस्ने कुरै भएन
मिठो हंसराज धान फल्ने
घरै मुन्तिरको
गैरी खेत बेच्यो
पाखोबारी र खर्‌यान
लाख बिन्ती गरेर
कौडीको भाउमा
काँइला बस्नेतले खाइदिए
धन्य हुन् काँइला
नत्र त कस्ले खानु ?
गाउँको जग्गा जिमिन
सबैलाई
भालुको कम्पारो भैसक्यो ।

मेरी आमाले
माइतीबाट ल्याएको
त्यो बुट्टेदार मदुस
बाले ससुरालीबाट
दाइजो पाएको
तामाको बडेमाको झेम्पा
घ्वाङ्गुजी मोही पार्ने
रातो गिठीको ठूलो ठेको
तरो, नेती र मदानी
ती चौंठी, हर्पे र आरी
थुर्मी, कर्चुल र पानस, ठडेउरो
फुर्के र तिल्के गोरु नार्ने
हलो,जुवा र नारा,जोतारा
पालीखाँवोमा झुण्डिएको
मेरो प्यारो खुर्पेटो
यी सबैसंग
अमिट भावना जोडिएको रहेछ
छुट्टिने बेला
ती निर्जीव वस्तु पनि
रोइरहे झैं लाग्थ्यो
धेरैबेर हेरिरहें
आँखा त
मेरा पो भिजेका रैछन् ।

सहरको सानो घरमा
कैदी जस्तै बस्नु पर्ने
न स्वच्छ वायुको सास फेर्नु
न उन्मुक्त भै

स्वच्छन्द हाँस्न पाउनु
वरिपरि छिमेकले
देख्छन् भन्दै
झ्याल, ढोका र पर्दा लगाउने
कसैले नसुनोस् भनी
सानो स्वरमा
अड्कलेर बोल्नु पर्ने
मेरी बुढी
दमखोकिले रातभरि
ख्वाङ् ख्वाङ् खोक्दा
छिमेकी कराउँछन् भन्दै
बिहानै बुहारीले वचन लाउँदा
मुटुमा चस्स किला बिझ्यो ।

त्यो गाउँको मुकाम
ठाँटीको चौतारोमा भेला भएर
झाँक्री माइलाका
भूतप्रेत, मसानका
रमाइला कथा सुन्नु
जमदार जेठाका
बर्मा, मलाया युद्धमा
भिडेका फौजी भिडन्त
बहादुरीपूर्वक
दुश्मनका शिर छप्काएका
मन्त्रमुग्ध पार्ने रोचक बयान
साइँला पण्डितका
धारावाहिक धार्मिक प्रवचन
जिम्माल बाजेका
औधि रमाइला उखान टुक्का
बरवोटे कान्छाले
जनै बाट्दा
कलात्मक ताकु नचाउनु
आहा ! ती रमाइला पल
यहाँ कहाँ पाउनु ?

त्यो ठूलो चौरमा
गाईवस्तु चराउनु
काल्ना भत्काउँदै
सिंगौरी खेल्ने
बाच्छाहरू जुधाउनु
घामले रनक्क पार्दा
नजिकै
कोल्टे पँधेराको चिसो पानी
अञ्जुली उवाई
घटघट पिउनु
खै अब त सपना भए
स्वर्णिम काल जस्तै लाग्ने
कठै ती दिन कता गए ?
खुम्चिएर , डल्लिएर
मरिच जस्तै चाउरिएर
आफ्नै घरमा
बन्दी जस्तै थुनिनु पर्ने
के जमाना आए ?
के जमाना आए ??

अमरपुर, गुल्मी, हाल : तिलोत्तमा न.पा.-२,
जानकीनगर रूपन्देही

थकालीका ज्वाइँको जिम्मेदारी धेरै हुन्छ

✍ **बुद्धिकुमारी शेरचन**

(९० वर्षीया बुद्धिकुमारी शेरचनको जन्म वि.सं. १९९२ साल साउन २५ गते भएको हो। शेरचनलाई थकाली दिदी/भाउजू भनेर पनि मान्छेहरूले चिन्ने गर्दछन् । थकालीहरूको मूल थलो मुस्ताङ जिल्लाको थाकखोला हो । थाकखोलाबाट व्यापार व्यवसाय गर्दै ठाउँ ठाउँमा पुगेका थकाली जातिभित्र विभिन्न थरका उपजातिहरू पनि छन् । विभिन्न जातिहरूमध्ये एउटा जाति शेरचन पनि हो ।

बुद्धिकुमारी शेरचनको परिवार मुस्ताङ बाग्लुङ हुँदै गुल्मीको तम्घासमा २०१६ सालमा राजा महेन्द्रको पश्चिमाञ्चल भ्रमणको सन्दर्भमा तम्घास सवारी हुने बेला होटेल व्यवसाय सञ्चालन गर्ने उद्देश्यले यहाँ आइपुगेको थियो । सँगै आएका थकालीका अन्य दुई तीन परिवार बसाइ सरेर अन्यत्र गए पनि बुद्धिकुमारी शेरचनको परिवार तम्घासमै जमेर बसेको छ। एक्लो थकाली परिवार भएर पनि यहाँको सामाजिक जनजीवनमा घुलमिल भई ६६ वर्षदेखि रमाएर बसेको यस परिवारकी सबैभन्दा जेठी बुद्धिकुमारी शेरचनका अनुभवहरूलाई सम्पादक शशि पन्थीले कुराकानीको माध्यमद्वारा बटुली यहाँ प्रस्तुत गरिएको छ। -सम्पादक)

प्रश्न : भाउजू, तपाईँहरू पहिले २०२०-२५ सालतिर तम्घासमा चार-पाँच घर थकालीहरू हुनुहुन्थ्यो। अहिले एक घर मात्रै यहाँ हुनुहुन्छ। तपाईंहरूलाई यहाँ बस्दा कुनै अप्ठ्यारो त भएको छैन ?

उत्तर : भएको छैन। हामी ६५-६६ वर्षदेखि यहाँ बस्दै आइरहेका छौं। सबै हाम्रा इष्टमित्रहरू छन् । दुःख पर्दा सबैको साथ सहयोग पाइन्छ। सँगै काम गरेका आफ्ना दमालीहरू संसारबाट बिदा भएर गए। त्यसैमा अलिकति दुःख छ। अब आफ्नै शरीर पनि बुढो भइसक्यो। अब त ईश्वरको शरणमा परी भगवान्को नाम जप्दै बस्ने हो।

प्रश्न : आज मैले तपाईँसँग केही कुरा गर्न खोजेको छु। तपाईंले जीवनमा देखेभोगेका कुराहरू अनुभवहरू र जातीय रीतिस्थिति तथा प्रचलनबारे सोध्छु। झर्को नमानीकन बताइदिनुस् है त।

उत्तर : हुन्छ बाबू हुन्छ । सोध्नुहोस् न । मैले जाने बुझेका कुराहरू भए भन्छु । नजानेको त भन्न सक्दिन ।

प्रश्न : तपाईँहरूलाई थकाली भन्छन्, हो ?

उत्तर : हो, हामीलाई थकाली भन्छन् । थकाली धेरै प्रकारका छन् । हामी शेरचन थर भएका थकाली हौँ । तपाईँहरूलाई ब्राह्मण भनेर पनि पन्थी, मरासिनी, भट्टराई, गौतम, ज्ञवाली, अर्याल आदि हुनुहुन्छ नि । हो, त्यस्तै हामीहरू पनि शेरचन, गौचन, तुलाचन आदि थर भएका थकालीहरू हुन्छौं ।

प्रश्न : थकालीका कति थर हुन्छन् र ?

उत्तर : ए बाबू, थकालीका पनि एकदम धेरै थरहरू छन् । हाम्रा मुख्य चार जात छन् । गौचन, शेरचन, तुलाचन र भट्टचन । यी मुख्य चार जात हुन् । अरू हिराचन, ज्वारचनजस्ता धेरै थरहरू छन् ।

प्रश्न : तपाईँहरूलाई फेरि थकाली भनेर किन भनेको हो नि ?

उत्तर : थाकखोलामा बस्ने भएर थकाली भनेका हुन् ।

प्रश्न : तपाईँहरू पनि थाकखोलाबाट तम्घासमा आउनुभएको हो ?

उत्तर : हामी यहाँ आउँदा त बाग्लुङ भएर आएका हौँ । हाम्रा बा-आमाहरू मुस्ताङ जिल्लाको थाकखोला टुकुचेबाट उपल्लो धम्पूमा सरेका रहेछन् । त्यहाँबाट सरेर बाग्लुङ आएर बसेका र त्यहाँबाट पनि सरेर हामी यहाँ तम्घासमा आएका हौँ ।

प्रश्न : तपाईँको जन्म कहिले कहाँ भएको थियो त ?

उत्तर : मेरो जन्म वि. सं. १९९२ सालमा बाग्लुङ शिवधारामा भएको हो । यो शिवधारा बाग्लुङ्ग बजारबाट म्याग्दीतिर जाने बाटोबाट गइन्छ । म अहिले ९० वर्षकी भएँ ।

प्रश्न : अहिले तपाईंहरूको थाकखोलातिर सरसम्पर्क आवतजावत हुन्छ कि हुन्न ?

उत्तर : किन नहुनु ? भइरहन्छ नि । वर्षको एकपटक जाने आउने गरिरहेको हो । हाम्रो मूल मन्दिर थाकखोलामै छ । त्यहाँ १६ श्राद्धमा दाजुभाइ जम्मा भएर पूजा गर्ने, दान दक्षिणा दिने गर्छन् । प्रत्येक १२ वर्षमा थाकखोला मन्दिरमा विभिन्न रूपका देवता निकालेर घुमाउने मेला लाग्ने गर्छ ।

प्रश्न : थाकखोलामा तपाईंको परिवारको के कस्तो व्यवस्था थियो ?

उत्तर : मेरा माइती गौचन थरका हुन् । बूढाबा गाउँमा पढेलेखेको मान्छेको रूपमा चिनिनुहुन्थ्यो रे । मेरो बा धनबहादुर गौचन म जन्मदा काठमाडौं हुनुहुन्थ्यो । बाले पनि पढेको भएर काठमाडौं राजाकहाँ काम गर्नुहुन्थ्यो । कर्मचारीहरूले बालाई ३२ वटा

मुद्दा लगाइदिएका रहेछन् । कर्मचारीले छिटो मुद्दा नछिनिदिएर हैरान पारेछन् र बाले पनि तिनै कर्मचारीलाई मुद्दा लगाइदिएपछि बल्ल सबै मुद्दा मिलाइदिएका रहेछन् । घरमा गाईगोठ थियो । चौंरीहरू थुप्रै थिए । २५-३० वटा घोडाहरू थिए ।

प्रश्न : तपाईंको पालन–पोषण कसरी भएछ ?

उत्तर : म जन्मेको ५ मिनेटपछि मेरी आमा देवीकुमारी स्वर्गे हुनुभएछ । मलाई मेरो फुपूकी सैना पुन मगरकी छोरीले दूध खुवाएर पालनपोषण गरी हुर्काएकी रहिछन् । त्यसपछि दुई दिदीहरूले मलाई हुर्काएका रहेछन् । मेरा बा धनबहादुरका ३ वटी पत्नीहरू थिए । अहिले ती कोही पनि जीवित छैनन् । कान्छी आमा धनसाङ्बबाट ४ भाइ छोरा र ४ बहिनी छोरी जन्मेका हुन् । तिनैलाई बोकेर धरालो गर्नुपर्दा मैले पढ्न पाइन । घरमा कान्छा दाइले ककनन गराएर अक्षर अङ्क चिनाएका हुन् ।

प्रश्न : तपाईंको विवाह कहिले कसरी भयो ?

उत्तर : म १९ वर्षकी हुँदा २१ वर्षका खड्कप्रसाद शेरचनसँग मेरो विवाह भएको हो । खड्कप्रसाद ९० सालको जनै पूर्णिमाका दिन जन्मेको हुँदा पछि पूर्णप्रसाद शेरचन नाम राखेका रहेछन् । पूर्ण मेरो फुपाजुको जेठो छोरा हो । उहाँसंग मेरो मागी विवाह भएको हो । थकालीहरूमा मामाचेली फूपूचेली विवाह गर्ने चलन छ । आफ्नो थरमा विवाह हुँदैन । फुपू दिदीले मुक्तिनाथ दर्शन गर्न जाऔँ भनी बाग्लुङबाट दुई दिनका दिन थाकखोला पुगियो । थाकखोलाबाट वनमा गएको बेला समातेर ल्याई विवाह गरिदिएका हुन् ।

प्रश्न : विवाहमा के कस्तो तरिका अपनाउँछन् नि ?

उत्तर : मागी विवाह गरिदिंदा त नाम, ग्रह जुर्छ जुर्दैन भनेर हाम्रा आफ्नै ज्योतिषीहरूलाई हेराई मिलेमा गर्दिछन् । ढ्याङ्ग्रो ठोकेर सिमीको दाना (गेडा) राखी त्यो कता जान्छ भनेर ज्योतिषीले हेरी विचारी विवाह गरिदिन्छन् । नमिलेमा गरिदिदैनन् । विवाह गर्दा गरगहना पनि लगाइदिन्छन् । सक्नेले सुनका हार, बाला, किलिप, शिरफूल आदि दिन्छन् । पहिले खुट्टामा चाँदीका कल्ली पनि लगाइदिन्थे । अचेल त्यो छोडेका छन् । नयाँ कपडा पनि दिन्छन् । दुलहीलाई टीका लगाएर विवाह गर्छन् । घरमा दुलही भित्र्याउँदा ढाकाको पछ्यौरामा चामल, नुनको पोको बनाउँछन् । देवता, कुलपितृका लागि बत्ती बाल्छन् । कन्याहरूलाई टीका लगाइदिई दक्षिणा दिन्छन् ।

प्रश्न : तपाईहरू कस्तो धर्म मान्नुहुन्छ ?

उत्तर : हामी त सनातन धर्म मान्छौं । बुद्ध र हिन्दु दुबै धर्म हामीले मान्छौं । केही हाम्रा आफ्नै परम्परा पनि छन् । तिनी सबै मान्छौं । फेरि हामी यहाँ बसेका छौं । यहाँका सबै देवीदेवताका मन्दिरमा जाने, पूजा गर्ने, दान गर्ने गर्छौं । घरमा मैले बत्ती बालेर नित्य पूजा गर्छु । शरीरमा शक्ति छदासम्म गर्दै जाने हो ।

प्रश्न : तपाईंहरू मित लगाउने, सैना लगाउने पनि गर्नुहुन्छ ?

उत्तर : अँ, गर्छौं । छोरा मान्छेहरूले मित लगाउने र छोरी मान्छेहरूले सैना लगाउने चलन छ। ग्रह हेराउँदा ज्योतिषीले लगाउन भनेपछि लगाउँछौं। ग्रह सार्न, ग्रह कटाउन पनि मित लगाउने चलन छ । मित लगाउने, सैना लगाउनेको मन पनि मिल्नुपर्छ । परस्परमा पैसा साटासाट गर्ने, टीका लगाउने र अभिवादन गरी मित, सैना लगाइन्छ।

प्रश्न : तपाईंहरू न्वारन, भातखुवाइ, व्रतबन्धका संस्कारहरू पनि गर्नुहुन्छ ?

उत्तर : हजुर । बच्चा जन्मेको ३ दिनमा चोखाउने काम गर्छौं । चोखाउन आफ्नै जातको धर्मगुरु बोलाउँछौ । चोखाउन आफ्नै नजिकको जुवाइँ चाहिन्छ । बच्चा जन्मेको तीन दिनका दिन बिहान गण्डकीको चोखो जल ल्याउने, ढुङ्गाका १०-२० वटा टुक्रा ल्याउने र ती ढुङ्गालाई आगोमा पोलेर तातो बनाउनुपर्छ । काँचो धागो सात सरा गनेर डबल बनाउने र बेसारले रङ्गाएर पहेंलो बनाउने अनि शरीर र अङ्गमा नाप्ने, तीन टुक्रा बनाउने, गाँठो पार्ने, तातो ढुङ्ग्रालाई चोखो जलले धुने, त्यसै जलले मुख धुने र चोखो भयो भन्दै 'छ्याङ्गो' भनेर चोखाउनुपर्छ । हामीहरू बच्चा जन्मेको ११ दिनका दिन न्वारन गर्छौं । नक्षत्र जुराएर नाम राख्ने, टिप्पन राख्ने र ज्योतिषीबाट चिना लेखाउने गर्छौं । भातखुवाइ (पास्नी) दिन हेराएर गर्छन् । थकालीको आफ्नो बाहुन नभए अन्य ब्राह्मणबाट काम चलाइन्छ। पहिले दूध, दही, मह, घ्यू अनि भात खुवाउँछन् । दाजुभाइ जम्मा गर्छन् । बच्चालाई कपडा, पैसा दिन्छन् । त्यस्तै व्रतबन्ध ७, ९, ११, १५, वर्षका भएपछि गर्छन् । व्रतबन्ध थकालीकै बाहुनहरूले गराउँछन् । ब्रतवन्ध गर्दा कपाल काट्ने, नयाँ कपडा लगाइदिने औंठी, मुन्द्रा, घडी लगाइदिने, आशीर्वाद दिने, खाना ख्वाउने, दान दक्षिणा गर्ने सबै कामहरू हुन्छन् ।

प्रश्न : मृत्यु संस्कार कसरी गर्नुहुन्छ नि ?

उत्तर : मान्छेको मृत्यु भइसकेपछि आफन्तहरू सबैलाई भेट्न दिनुपर्छ । आफन्तहरू टाढा भएमा सात दिनसम्म राखेर पनि भेट्न दिने गरिन्छ। भए छोरी ज्वाइँ नभए बहिनी ज्वाइँ त्यो पनि नभए भाइहरूका ज्वाइँहरूलाई बोलाउनुपर्छ । लामाले राम्रो समय जुराउँछन् । अचेल यस्तो चलन कम हुन थालेको छ। घाटमा छोरा, इष्टमित्र, दाजुभाइ जान्छन् । लास जलाइसकेपछि अस्तुलाई बाँसको ढुङ्ग्रो या बाख्राको सिङमा राखी सेतो कपडाले बाँधेर घरबाहिर रूखमा झुन्ड्याउँछन् । तीन दिनका दिन मेन्दो राख्छन् । काठको मेन्दो सेतो कपडा या खास्टोजस्तोमा बेरेर मूर्तिजस्तो बनाई पाथी या डालीमा राख्छन् । १२ दिनका दिन रातभर ढोका थुनेर, काँडा लगाएर लामाले ढ्याङ्ग्रो ठोकी शुभ अशुभ पिर्ने नपिर्ने भन्छन् । भुल्पो गर्ने गर्छन् । पिर्ने भए ग्रह शान्ति गर्छन् । कुकुर, बाँदर, घोडाको टाउको ल्याएर लामाले गाड्छन् । यो व्यवस्था मिलाउने काम जुवाईंको हो । १३ दिनका दिन सिओ मार्ने गर्छन् । यो व्यवस्था पनि जुवाइँले गर्नुपर्ने

हुन्छ। थकालीको जुवाइँ हुन गाह्रो छ। जुवाइँले अस्तु लगेर थाक खोलाको मन्दिरमा भित्रै राख्छन्। एक रात त्यहीँ बस्छन्। जुवाइँलाई दान दक्षिणा दिन्छन्। दाजु, भाइले ४९ दिन र घरकाले एक वर्ष बार्नुपर्छ। टाढा टाढा भएका छोरी-बहिनीलाई ढङ्गामा लेखेर राखी दक्षिणा पठाउँछन्।

प्रश्न : तपाईँहरूको सहयोगका लागि कुनै समिति पनि बनाउने गर्नुभएको छ कि ?

उत्तर : छ, थकाली सेवा समिति नेपाल, क्षेत्रीय समिति बुटवल-४, आदर्श नगरमा छ। यसको स्थापना २०४० मा भएको हो। थकालीहरूको हित गर्ने यो संस्था हो। यसले थकालीहरूको परम्परागत चलनको संरक्षण गर्ने पनि गर्दछ र कुनै प्रकारको सहयोग चाहिए त्यस्तो बेला मद्दत पनि गर्दछ।

प्रश्न : तपाईंका सन्तानहरू के कति छन् ?

उत्तर : मेरा बाग्लुङमा छदा २ छोरा जन्मेर मरे। हेराउँदा सन्तान रहन यो ठाउँ छोड्नुपर्छ भने। त्यसैले बाग्लुङमा एउटा छोरा जन्मेको लक्ष्मीप्रसाद (लक्ष्मण) लाई तम्घासमा ल्याएर आयौँ। सासूलाई थाकखोलामै छोड्यौं। तम्घासमा आएपछि एउटा छोरी मिठू र एउटा छोरा ज्ञानु जन्मे। यसरी मेरा सन्तानमा अहिले दुई छोरा र एक छोरी गरी ३ सन्तानहरू छन्। फेरि मेरा बुहारीहरू र नाति नातिनीहरू पनि छन्।

प्रश्न : तपाईंले तम्घासमा बसेर सामाजिक काममा पनि सहयोग गर्नुभएको छ, होइन ?

उत्तर : हो , गरेकी छु। यहाँ हामीले आमा समूह बनाई त्यस समूहमार्फत सामाजिक काममा धेरै सहयोग पुऱ्याएका छौँ। मैले व्यक्तिगत रूपमा र समूहगत रूपमा पनि सेवा र सहयोग गरेकी छु।

रेसुङ्गाको सिद्धबाबा नजिक एउटा पौवा बनायौं। मैराको मठको पुनर्निमाण गरायौँ। नेपाल नेत्रज्योति संघ-द्वारा सञ्चालित आँखा उपचार केन्द्रलाई सहयोग पुऱ्यायौं। प्रसूति गृहको निर्माण गरायौं। रेडक्रस, खेलकूद, बालमन्दिर, भगवती मन्दिर आदिमा पनि सहयोग जुटायौँ। सिद्धबाबा माध्यमिक विद्यालयलाई सहयोग गरेर सदस्य बनी त्यसको विकासमा योगदान गरिरहेका छौं। समाजका यस्तै काममा दिदीबहिनीहरूले यसो गरौँ भन्दा म पछि परेकी छैन। अब वृद्धावस्थाले गर्दा सामाजिक संलग्नता कम हुन थालेको छ।

प्रश्न : अहिले तपाईंको स्वास्थ्य कस्तो छ ?

उत्तर : हिंड्न गाह्रो हुन थालेको छ। सास बढ्छ। लौरो (लठ्ठी) को सहारा चाहिन्छ। म जीवनमा जम्मा दुई पटक बिरामी भएकी हुँ, नत्र मलाई रोग भन्ने केही थिएन। अहिले ग्याष्ट्रिक र प्रेसरको दवाइ खाने गरेकी छु। अरू त सबै ठिकै छ।

गोर्खा जन पुस्तकालय (गोर्खा लाइब्रेरी) खरसाङको संक्षिप्त गतिविधि

ऋषि राई
पूर्व उपाध्यक्ष
गोर्खा जन पुस्तकालय, खरसाङ

भूमिका : भारत एक विशाल प्रजातान्त्रिक राष्ट्र भएको हुनाले विश्वका सम्पूर्ण देशहरूसित सम्बन्ध कायम राखी आफ्नो छुट्टै इतिहास निर्माण गर्न सक्षम छ। विभिन्न जाति सम्प्रदायसहित विविध धर्मावलम्बीहरूको थातथलो यो देश भारतवर्ष भारतीय गोर्खाहरूको प्रिय बासभूमि हो । यही देशको निम्ति मरिमेट्ने भारतीय गोर्खाहरूले विभिन्न प्रान्तमा बसोबास गरी जातीय उत्थानको हितमा महत्त्वपूर्ण कार्यहरू निष्पादन गर्दै आएका छन् । विश्वमा आफ्नो छुट्टै परिचय कायम राख्ने भारतीय गोर्खाहरूले जातिको विकास र उन्नतिको लागि साथसाथै जातिको इतिहासलाई भावी सन्ततिको निम्ति जगेरा गर्ने हेतु सयौँ कष्ट, पीर, मर्काको पर्वाह नगरी परिश्रम र पसीनाको मूल्यबाट रुपियाँ सङ्ग्रह गरी साना साना संस्थाहरू निर्माण गर्दै आएका थिए। कालान्तरमा त्यही संस्थाहरू जातीय धरोहरको रूपमा परिणत भएर सृजनात्मक कार्यहरू गर्दै चर्चामा आएका छन् । अतः दृष्टान्तको रूपमा स्थापित रहेको जातीय धरोहर 'गोर्खा जन पुस्तकालय खरसाङ' को इतिहासलाई हामीले बिर्सन हुन्न जसले आज शताब्दी पार गरेर ११३ वर्षको यात्र तय गरिसकेको छ।

स्थापना काल : यस पुस्तकालयको स्थापनाकालको इतिहास पल्टाउँदै जाँदा अत्यन्त घतलाग्दो औ रोचक रहेको देखिन्छ। पुस्तकालयले प्रकाशित गरेका पत्र-पत्रिका, पुस्तक अनि पुस्तकालय स्थापना कालदेखिको सभा विवरणीमा लेखिएका प्राप्त पुराना लेखौटबाट जानकारी पाइए अनुसार ८ जून सन् १९१३ मा प्रथमपल्ट यस पुस्तकालय स्थापना विषय विचार विमर्श गरिएको थाहा लाग्छ। यसपूर्व सन् १९१३ को अप्रेल महीनातिर कालेबुङबाट खरसाङ अस्पतालमा स्थानान्तरण भएर आएका पेशाले एक कम्पाउन्डर 'जोम्बे पावल'-ले आफ्ना किरायाको घरको एक

कोठामा खबरकागतहरू जम्मा गरी 'रिडिङ क्लब' बनाएका थिएछन् । त्यो थाहा पाई केही शिक्षित र सचेत मानिसहरू उनको घरमा खबरकागतहरू पढ्न जान लागे । कतिपय जिज्ञासु मानिसहरू खबरकागत हेर्ने इच्छा लिएर त्यहाँ पुग्थे । ती शिक्षित औ सचेत मानिसहरूले आफ्नो जातिलाई शिक्षित बनाउन आवश्यक रहेको साथै सबैलाई एकबद्ध गर्नको निम्ति एक संस्था हुनुपर्ने चाह राखेपछि त्यही विषयमाथि विचार विमर्श गर्न थाले ।

अंग्रेजहरूको कठोर अनुशासनमा रहेर जीवन व्यतीत गर्नुपर्ने वाध्यता परे तापनि आफ्नो जातिको सर्वाङ्गीण विकास गराउन उनै सचेत जनहरूले प्रयास गर्न थाले। आर्थिक अवस्था शोचनीय भएको कारण मानिसहरू सम्पन्न थिएनन् । मिशनेरीहरूले स्थापित गरिदिएका एकदुइवटा पाठशाला रहे तापनि सबै शिशुहरूलाई भर्ना लिने व्यवस्था थिएन । यसउसले आफ्ना सन्ततिहरू अशिक्षित, शोषित, उपेक्षित, पीडित बन्दै गइरहेको मध्यनजर राख्दै आफ्नो जातिलाई सामाजिक, शैक्षिक, सांस्कृतिक अन्य पक्षमा सबल बनाउन नितान्त आवश्यक पर्न जाने हुनाले एक जातीय संस्था हुनुपर्ने बोध उक्त सचेत व्यक्तिहरूमा पर्न थाल्यो । शुरूमा 'जोम्बे पावल'-ले स्थापना गरेको त्यस सानो 'रिडिङ क्लबमा' खबर कागत पढ्न जाने सचेत व्यक्तिहरू बाबु धननारायण प्रधान, बाबु पूर्णनारायण प्रधान, बाबु हाङजित देवान राई, बाबु कीर्तिमान प्रधान, बाबु एल.डी.लामा, बाबु प्रतिमान सिँह लामा, बाबु कपुरीराम र बाबु जयनारायण प्रधान गरी जम्मा आठ व्यक्तिको सहमति अनुसार ८ जून १९१३ को दिन एक सभा गरेर 'गोर्खा हील कम्युनिटी' र 'एउटा लाइब्रेरी' स्थापित गर्ने निर्णय लिइएको भए तापनि लगतै १५ जून १९१५ मा उक्त विषयमाथि छलफल गर्न अर्को सभा बस्यो । उक्त सभामा १६ जना सदस्यहरूको जमघट रह्यो । लामो बहसपछि उपस्थित सबैको राय मुताबिक 'गोर्खा हिल कम्युनिटी' बनाउने निर्णय सभाले लिएपछि 'जोम्बे पावल'-ले आफ्नो घरमा 'रिडिङ् लाइब्रेरी' खोल्ने विचारले सङ्गृहीत गरेको ३ रूपियाँ 'गोर्खा हिल कम्युनिटी' लाई दिएर सहयोग गरे ।

यसै गोर्खा हिल कम्युनिटीले एउट भाडाको घर लिएर कम्युनिटीको सभाहरू डाक्न थाल्यो । पहिले-पहिलेका सभाहरू सबै उक्त कम्युनिटीको नाममा सञ्चालन भएको थाहा पाइए तापनि १४ सितम्बर १९१३ देखि सबै सभाहरू गोर्खा लाइब्रेरी खरसाङको नाममा हुन थालेको प्रमाण पुराना सभा विवरणीहरूबाट पाइन्छ । लाइब्रेरी स्थापना गर्दा लिएका मूल उद्देश्यहरू थिए अशिक्षित, पछौटे नेपाली भाषी पहाडवासीहरूलाई शिक्षित बनाउनु औ विभिन्न ज्ञानवर्धक पुस्तक एवम् पत्रपत्रिकाहरू

उपलब्ध गराउनु, विभिन्न जाति औ सम्प्रदायहरू माझ मेल-मिलाप कायम गराउनु, आपस्तमा भेदभाव नगरी सामाजिक कार्यहरू मिलेर गर्नु , आपसी विचारहरू आदान-प्रदान गराउन सामाजिक भेटघाटको निम्ति ठीक स्थान निर्धारण गर्नु , सामाजिक कुसंस्कार र अन्धविश्वासहरू निर्मुल पार्दै एकार्कामा मित्रता कायम गर्नु अनि यस भेकका मानिसहरूको सामाजिक, नैतिक, मानसिक, शैक्षिक अनि शारीरिक उन्नति गराउनु तथा शिक्षा प्रचार गरेर समाजमा जनजागरण ल्याउनु ।

भाडाको घरमा रहेको पुस्तकालय धेरै विघ्नवाधा, असुविधासित जुझ्दै सञ्चालनमा आइरहे तापनि कार्यहरू बढ्दै गएको स्थिति देखेर एक सामाजिक व्यक्ति श्रद्धेय बहादुर लामाले मिति २२ अप्रेल सन् १९१५ मा प्रेषित गरेको पत्र तत्कालीन सचिवले प्राप्त गरे । उक्त पत्रमा लाइब्रेरी अनि एउटा धर्मशाला निर्माणको निम्ति १ हजार दिन्छु भनी उल्लेख गरिएको थियो । त्यस समयको १ हजारले ठूलो काम बनिन्थ्यो । यस्तो हौसलापूर्ण पत्र प्राप्त गरेपछि लाइब्रेरीका कार्यकारिणी सदस्यहरूमा उत्साह पैदा भएपछि लाइब्रेरी निर्माण हेतु चन्दा सङ्ग्रह गर्न लागे । भाडामा चल्ने घरमा लाइब्रेरी चल्न असुविधा भएकोले निजी भवन हुन आवश्यक ठानी अन्तमा खरसाङ गुन्द्री बजारको अमृतनारायण लेनमा पर्ने दीर्घसिँह सुनुवारको ८१ नम्बर घर रुपियाँ ३५० (तीनसय पचास) मा किनेर लाइब्रेरी भवनको घडेरी राखियो । यो वर्ष थियो दिसम्बर सन् १९१६ ।

त्यसपश्चात् लगातार भवन निर्माणको निम्ति चन्दा सङ्ग्रह गरी निर्माण गरिएको लाइब्रेरी भवनको उद्धाटन १ जनवरी सन् १९१९ को दिन तत्कालीन एस. डी. ओ. मिस्टर एच. क्विन्टन, आई. सी. एस.- को बाहुलीद्वारा चाँदीको चाबीले मूल ढोकाको ताला खोली गरिएको थियो । भवन उद्धाटनको समय 'दि हिमालयन एमेचर ड्रामाटिक एशोसिएशन' ले सक्रियतापूर्वक सहायता गरेको थियो भनी उल्लेख गरिएको छ । उक्त उद्धाटन कार्यक्रममा लाइब्रेरीका तत्कालीन सह-मंन्त्री पारसमणि प्रधानले स्वागत गीत, कार्यक्रम शुरू हुन अघि पर्दा उघार्दा , माल्यार्पण गर्दा , कार्यक्रम समाप्ति हुदाँ गाइने गीतहरू रचेका थिए । उक्त कार्यक्रमलाई रोचकता दिन एवम् दर्शकहरूलाई मनोरञ्जन दिलाउन प्रधानद्वारा लिखित नाटक 'सुन्दर कुमार' -मा अभिनय सहित निर्देशकको भार पारसमणिले नै वहन गरेका थिए । बनारसबाट आएका पण्डित धरणीधर शर्माले 'उद्‌बोधन' र 'नत्र बर्बाद भयो' कविता वाचनसहित लेफ्टनेण्ट कर्णेल एन्सेल़, बाबु पारसमणि प्रधान, बाबु बी. एम. बेनर्जी, बाबु लक्ष्मीनारायण अग्रवाल, पण्डित धरणीधर शर्माले मन्तव्य प्रकट गरेका थिए । एउटा महान् पर्व झैं मनाएर

उद्घाटन गरिएको लाइब्रेरीले हाम्रो जातिको छुट्टै इतिहास साँचेर राखेको छ।

संघसंस्था गठनमा लाइब्रेरीको भूमिका : यस लाइब्रेरीको छत्रछायाँमा रहेर कतिपय संस्थाहरू गठन भएको देखिन्छ जो यसप्रकार छन् - नेपाली साहित्य सम्मेलन दार्जिलिङ सन् १९२४, गोर्खा दुःख निवारक सम्मेलन दार्जिलिङ सन् १९३२, गोर्खाली सुधार सभा देहरादून सन् १९३८, अपतन साहित्य परिषद्, सिक्किम सन् १९४७, देवकोटा संघ सिलगढी सन् १९६३, नेपाली साहित्य अध्ययन समिति कालेबुङ सन् १९६४, असम गोर्खा सम्मेलन सन् १९६६, डुवर्स नेपाली साहित्य विकास समिति सन् १९७४, आदि। यता खरसाङमा द हिमालयन एम्याच्योर ड्रामाटिक एसोसिएसन्, द यङ्गम्यान एथलेटिक क्लब, हिन्दु कन्या पाठशाला, कोचिङ स्कुल, जन कल्याण समिति, हिलमेन्स एसोसिएसन, गोर्खा समाज, श्री शारदा संगीतालय, भानु सांस्कृतिक समिति, अरूगि साहित्य संस्थान, शिवकुमार राई स्मृति अकादमी रहेका छन्। यी संस्थाहरूमध्ये कतिपय आज पर्यन्त क्रियाशील छन् भने कतिपय संस्थाहरू कुनै निश्चित कार्य र उद्देश्यको निम्ति मात्र गठन भएपछि निष्क्रिय बन्न पुगे। कोचिङ स्कूलको परिवर्तित अनि विकसित रूप वर्तमान पुष्परानी उच्चत्तर माध्यमिक स्कूल बनेको छ। उसरी नै हिन्दु कन्या पाठशाला पछि गएर नगरपालिका प्राथमिक कन्या पाठशालामा परिणत भएको छ। गोर्खा समाज गोर्खा दुःख निवारक सम्मेलन हुनपुगेको हो। आदिकवि भानुभक्तको सालिग निर्माण भएपछि भानु सांस्कृतिक समिति विघटन हुनगयो। हिलमेन्स एसोसिएसन एक राजनैतिक विचारधारा लिएर गठन गरिएको राजनैतिक संस्था भएकोले साहित्यिक, राजनैतिक व्यक्ति शिवकुमार राईको अगुवाइमा यसै एसोसिएसनको तत्परतामा सन् १९४३ मा एक राजनैतिक दलको सङ्गठन अखिल भारतीय गोर्खा लीगको स्थापना भएको थियो। लीगको स्थापनापछि एसोसिएसनको नाम नै विलीन भएर गयो। श्री शारदा सङ्गीतालय अघि सरह वर्तमानमा उति सक्रिय देखिन्न। अरूगि साहित्य संस्थानले आफ्नो स्थापनाकालदेखि केही वर्षसम्म साहित्यसम्बन्धी कार्यक्रमहरू गरे तापनि हालमा वार्षिकरूपमा कुनै एक साहित्य सर्जकलाई अरूगि पुरस्कार प्रदान गर्दै आएर संस्थानको अस्तित्वलाई जीवित राख्ने काम गरिरहेको छ। गठन भएका कतिपय उप संस्थाहरू विघटन भएर गए अनि कति कार्यरूपमा नआएर अस्तित्वविहीन बन्न पुगे।

देशको सर्वोच्च साहित्यिक प्रतिष्ठान साहित्य अकादमी नयाँ दिल्लीबाट सन् १९७६ मा मान्यता प्राप्त वर्तमानमा १११ वर्षको यात्रा पार गर्न लागेको जातीय धरोहर गोर्खा लाइब्रेरीले यतिका वर्षभरि विविध कार्यहरू गरी आफ्नो अस्तित्वलाई कायम

राख्न समय समयमा विविध सङ्कटसँगै आर्थिक सङ्कटको बोझलाई झेलेर भए पनि आफ्नो सामाजिक जिम्मेवारी बहन गर्दै अघि लम्किरहेको छ। हुनलाई यस लाइब्रेरीको साधारण एवम् कार्यकारिणी सभामा गोर्खा जन पुस्तकालय नामले सम्बोधन गर्नु सठीक हुने भनिएको भए तापनि सबैले अघिदेखि सहजसाथ सम्बोधन गरिआएको गोर्खा लाइब्रेरी नै प्रचलनमा आएको छ। दार्जिलिङ अञ्चलमा समय-समयमा उठ्ने गरेको बासभूमिको माँगमा प्रत्यक्ष अनि परोक्ष रूपमा लाइब्रेरीले सहभागिता जनाउँदै आइरहेको छ भने ब्रिटिश शासन कालमा छुट्टै प्रान्तको निम्ति सरकार समक्ष स्मारक पत्र चढाउने समूहमा यस पुस्तकालयका पूर्व मूल मन्त्री पद्मसुन्दर मल्लसमेत रहेको उल्लेख पाइन्छ।

विद्यार्थीमुखी कार्यक्रम : यस पुस्तकालयले केवल पुस्तक र पत्रपत्रिकाहरू मात्र जोगाड नगरी मुख्य रूपमा विद्यार्थीहरूलाई सबल र योग्य बनाउनुपर्छ भन्ने मनोभाव लिएर विद्यार्थी उपयोगी कार्यक्रमहरू गर्दै आइरहेछ। विगत धेरै वर्ष अघिदेखि अन्तरविद्यालय तर्क र हाजिरी जबाब प्रतियोगिता, साहित्यिक गोष्ठी प्रतियोगिता, रामायण पाठ प्रतियोगिता, माध्यमिकदेखि एम.ए. लगायत इन्जिनियरिङमा प्रथम दर्जा हासिल गर्ने मेधावी विद्यार्थीहरूलाई प्रेरणा, प्रोत्साहन दिने अभिप्रायले सम्मान जनाउने कार्यक्रम, डा.पारसमणि प्रधान र शिवकुमार राईको स्मृतिमा मेधावी विद्यार्थीहरूलाई पारसमणि प्रधान अनि शिवकुमार राई शैक्षिक नगद पुरस्कार औ प्रमाणपत्रहरू दिएर उनीहरूको हौसला बढाउने गर्दछ। हालमा यस्ता प्रोत्साहनपरक पुरस्कारको घोषणा धेरै उत्साहित सदस्यले गरिसकेका छन् भने केही नयाँ सदस्यहरूबाट पनि आरम्भ भइसकेको छ। यसबाहेक जब दार्जिलिङ पहाडी अञ्चलमा गोर्खाल्याण्डको आन्दोलनकाल औ वैश्विक महामारी करोनाकालीन स्थितिमा सम्पूर्ण पाठशालाहरू

बन्द भई विद्यार्थीहरूको पढाइ ठप्प रहेको समयमा विद्यार्थीहरू अध्ययनबाट विमुख नहोऊन् भनी शिक्षकहरूसित सम्पर्क गरी पुस्तकालयमा नै कोचिङको व्यवस्था मिलाएर पुस्तकालयले आफ्नो भूमिका निर्वाह गरेको छ।

सांस्कृतिक कार्यक्रम :- सन् १९४७ देखि यस पुस्तकालयमा मनाउन शुरू गरिएको दुर्गा पूजा, सरस्वती पूजा मार्फत साँस्कृतिक परम्परालाई अक्षुण्ण राख्नको निम्ति वर्षेनि भव्य रूपमा नौदिनसम्म दुर्गा पूजाको आयोजना, सानो रूपमा भए पनि सरस्वती पूजा गरिने चलनको प्रबन्ध मिलाएर जनमानसमा आध्यात्मिक ज्ञानप्रति आकृष्ट गराइरहेको छ।

साहित्यिक एवम् भेटघाट कार्यक्रम :- लाइब्रेरीले आफ्नो स्थापनाकालदेखि नै साहित्यिक कार्यक्रम र गोष्ठीहरू आयोजना गर्दै नवीन साहित्यकारहरूलाई प्रेरणा दिने भूमिकामा सदा अग्रपंक्तिमा रही साहित्य क्षेत्रमा धेरै वर्षअघि मासिक साहित्यिक कार्यक्रम 'सुनौं सुनाऔं' सञ्चालनमा ल्याएको थियो । शुरूमा यस कार्यक्रमका संयोजकद्वय साहित्यकार जयप्रकाश लामा अनि ऋषि राईको तत्परतामा तीनवर्षसम्म लगातार सञ्चालनमा आएको थियो । त्यस कार्यक्रमका माध्यमबाट धेरै नवोदित कलमकारहरूले साहित्यमा उन्नति गर्न सके। यद्यपि धैरै लोकप्रिय रहेको सो कार्यक्रममा पछि केही कारणवश विराम लाग्नपुग्यो । पुस्तकालयद्वारा भेटघाट एवम् स्वागत जनाउने पक्षमा समय-समय राष्ट्रिय, अन्तर्राष्ट्रिय सर्जकहरूलाई निम्त्याएर अथवा अकस्मात् आगमन भएको समयमा सौजन्यमूलक भेटघाट गरी स्वागत र सम्मान जनाउँदै उनीहरूसित भलाकुसारी गरी आपस्तमा मित्रता कायम गर्दै आइरहेछ। यस पुस्तकालयमा नेपाली साहित्यका त्रिमूर्तिहरू देवकोटा, लेखनाथ र समको आगमन हुँदा भव्य रूपमा स्वागत र सम्मान कार्यक्रम आयोजना गरिएको सुन्नमा आएको छ । उसैगरी सुधपाको प्रवेशले पनि यस पुस्तकालय गरिमामय बन्न सकेको छ। गत महीना २०२५ को मई २३ र २४ तारिख साहित्य सम्मेलन दार्जिलिङको शतवार्षिक समापन कार्यक्रमलगायत २६ मई मा 'असीत राई स्मृति साहित्यिक मञ्च' खरसाङले आयोजना गरेको भव्य कार्यक्रम अवधि काठमाडौंबाट आएका वरिष्ठ साहित्यकारहरूमा डा. तुलसी भट्टराई, डा. गोविन्दराज भट्टराई, डा. कुमार कोइराला, रोचक घिमिरे, शरद प्रधान, डा. ऋषिराज बराल, त्रिफला राष्ट्रिय पुस्तकालयका अध्यक्ष प्रेमप्रकाश 'फलाहारी', वरिष्ठ साहित्यकारद्वय उद्भव बिष्ट 'चुम्लुङ्गे', गोसा झापाली उपस्थित हुनुहुन्थ्यो । कार्यक्रमपछि डा.गोविन्दराज भट्टराई, डा. तुलसी भट्टराई, डा. कुमार कोइराला, रोचक घिमिरे, शरद प्रधान, प्रेमप्रकाश 'फलाहारी'

साँझपख गोर्खा जन पुस्तकालयमा पुगेपछि पुस्तकालयले स्वागत जनाउँदै भेटघाट कार्यक्रमसँगै पुस्तकहरूको आदानप्रदान गरिर्दै आ- आफना मन्तव्य साझा गर्ने अवसर जुरेको थियो। वास्तवमा यिनै महान् विभूतिहरूको आगमन, उहाँहरूको अवलोकन र परामर्शले नै पुस्तकालयको गरिमा बढ्न सकेको छ। भविष्यमा पनि यस्ता कार्यक्रम निरन्तर गरिने योजना पुस्तकालयले सोचेको छ।

सामाजिक कार्य :- यस संस्था एक पुस्तकालय भए तापनि यसले जनमानसको निम्ति समय समयमा स्वास्थ्यसम्बन्धी शिविरहरू आयोजना गर्ने गर्दछ। यसबाहेक कतिपय सङ्कटकालीन स्थितिलगायत गोर्खाल्याण्ड आन्दोलनकालमा बन्दको अवधिमा पाठशाला बन्द भएको स्थितिमा विद्यार्थी नानीहरूको शिक्षामा अवरोध नहोस् भन्ने उद्देश्य लिएर शिक्षक/शिक्षिकाको उचित व्यवस्था मिलाएर शिक्षा दिने प्रबन्ध यस पुस्तकालयका कार्यकारिणीले मिलाउने गरेको छुट्टै इतिहास छ भने आन्दोलनकालमा रोजगार हराएका समाजका विपन्न स्थितिका परिवारलाई आर्थिक सहयोग खाद्यान्नको व्यवस्था मिलाई सामाजिक उत्तरदायित्व पूरा गरेको छ। उसै गरी कुनै प्राकृतिक आपदा वा सङ्कटकालीन स्थितिमा पनि यथाशक्य रूपले सहयोग पुर्याउनमा लाइब्रेरी पछि हटेको छैन।

सम्मान एवम् अभ्यर्थना कार्यक्रम :- मेधावी विद्यार्थीहरूलाई सम्मान एवम् अभ्यर्थना दिने कार्यक्रमबाहेक साहित्य क्षेत्रसंगै अन्य क्षेत्रमा विशेष उपलब्धि प्राप्त गरेबापत यस पुस्तकालयले सम्मान औ अभ्यर्थना जनाउने कार्यमा निरन्तरता राख्दै आइरहेछ। साहित्य अकादमीसहित अन्य साहित्यिक पुरस्कारले अलङ्कृत हुने हरेक स्रष्टा र सर्जकहरूलाई पुस्तकालयमा निम्त्याएर सम्मान र अभिनन्दन गरी हौसला प्रदान गर्नमा पुस्तकालयले कुनै कसर छोडेको छैन।

जन्म जयन्ती पालन :- सन् १९४७ देखि मनाउन शुरू गरिएको भानु जयन्तीले पुस्तकालयको इतिहासमा एक छुट्टै महत्त्व राखेको छ। हालमा महाकवि लक्ष्मीप्रसाद देवकोटा, जातीय कवि अगमसिँह गिरी, आख्यानकार शिवकुमार राई, डा.पारसमणि प्रधान, पाद्री गङ्गाप्रसाद प्रधान आदिका जन्म-जयन्ती भव्य रूपमा मनाउन प्रत्येक वर्ष साहित्यकार, विद्यार्थीगण, साहित्य अनुरागीगणलाई जमघट गराई बढो भव्यतासाथ कार्यक्रम सम्पन्न गरिने गरिन्छ। यही अवसरमा विद्यार्थीहरूमाझ साहित्यिक प्रतियोगिता कार्यक्रम आयोजना गरी साहित्यप्रति रुचि बढाइदिने कार्यमा पुस्तकालयले अहम् भूमिका निभाएको छ। साहित्य अकादमी नयाँ दिल्लीसित संयुक्त रूपमा विविध

कार्यक्रमहरू आयोजना गरी विज्ञ एवम् प्राज्ञजनहरूलाई निम्त्याएर उनीहरूबाट वार्ता प्रस्तुत गरिन्छ भने प्रायःजसो पुस्तकालयको एकल प्रयास र आयोजनामा यस्ता कार्यक्रम सम्पन्न गरिन्छ। यसबाहेक भाषा मान्यता दिवस, अन्तर्राष्ट्रिय मातृभाषा दिवस, स्वतन्त्रा दिवसको पूर्व सन्ध्या आदि कार्यक्रम सम्पन्न गरी भाषासम्बन्धी जानकारीसहित स्वतन्त्रता सङ्ग्राममा हाम्रा पूर्वजहरूको त्याग, समर्पण र बलिदानका गाथालाई पुनः सम्झना गराउने सुकार्य गर्दछ। पुस्तकालयले मूल उद्देश्य साहित्यप्रति आकृष्ट रही धेर कार्य गर्ने लक्ष्य र अभिभारा लिएको हुनाले पत्रपत्रिका, पुस्तक प्रकाशनको क्षेत्रमा उत्तिकै हात बढाएको देखिन्छ।

पुस्तकालयबाट प्रकाशित पत्रपत्रिका एवम् पुस्तकहरू :– पत्रपत्रिका र पुस्तक प्रकाशनमा यस पुस्तकालयले दिएको योगदानको चर्चा गर्दा हुँदी एक रोचक प्रसङ्ग उठन जान्छ सो के हो भने सन् १९१७ तिर अग्रणी भाषासेवी पारसमणि प्रधान कालेबुङबाट खर्साङ आएर बसेको समय यस पुस्तकालयका सहसचिव रही 'हरि प्रिन्टिङ प्रेस'-बाट गोर्खा लाइब्रेरीको मुखपत्र 'चन्द्रिका' उनको सम्पादनमा २० अङ्क(कला) सम्म प्रकाशित भएको थियो। २० वर्षको कलिलो उमेरमा सम्पादक, व्यवस्थापक, बुकबाइन्डर, प्रकाशक, विक्रेताको अभिभारा लिई सम्पूर्ण जिम्मेवार वहन गर्नु सहज थिएन। तथापि यस्तो कठिन कार्यमा आफूलाई व्यस्त राख्दै उनले भाषा साहित्यको सेवा गरे। भारतका विभिन्न प्रान्त र नेपालका साहित्यकारहरूका रचनाहरू 'चन्द्रिका'--मा प्रकाशित गराई भाषामा एकरूपता ल्याउन कम्मर कसे। सन् १९१९ मा पारसमणि प्रधान खर्साङ छोडेर कालेबुङ फर्किएपछि 'चन्द्रिका' पत्रिकाको प्रकाशन बन्द भयो। सन् १९१९ देखि बन्द भएको 'चन्द्रिका' पत्रिका विभिन्न सम्पादकको सम्पादनमा सन् १९९६ देखि पुस्तकालयद्वारा प्रकाशित भएर हालसम्म १० अङ्कसम्म प्रकाशित भइसकेको छ भने सन् १९१८ मा सम्पादक निर्देष्टा डा. जस योञ्जन 'प्यासी', प्रधान सम्पादक डा. कविता लामाको सम्पादनमा 'चन्द्रिका' शतवार्षिकीको अवसरमा सन् २०२० मा 'चन्द्रिका शतवार्षिकी' अङ्क १ प्रकाशित हुने अवसर जुर्‍यो।

'चन्द्रिका' बाहेक यस पुस्तकालयद्वारा प्रकाशित पत्रपत्रिका एवं पुस्तकहरू हुन् हस्तलिखित पत्रिका 'तरूण' सम्पादक शिवकुमार राई, सन् १९४१, सप्तबहादुर प्रधानको सम्पादनमा 'कोशेली' सन् १९७६, तीन अङ्कसम्म, डा. पारसमणि प्रधानद्वारा लिखित प्रेम प्रधानद्वारा प्रकाशित पुस्तिका 'रमाइलो सम्झना खरसाङको' सन् १९७६, प्रा. शान्तिराज शर्माको सम्पादनमा 'खरसाङ हिजो र आज' सन् १९७७, 'भानु

स्मारिका' सन् १९७८, डा. जस योञ्जन प्यासीको सम्पादनमा 'माध्यम स्मारिका' सन् १९८९, 'माध्यम' साहित्य सङ्कलन, सन् १९८९, चन्द्र शर्माको सम्पादनमा 'पुस्तकालय पुस्तिका' सन् १९९५, सन् २००१ मा कवयित्री सम्मेलनमा पठित कविताहरूको सङ्कलनलाई डा. कविता लामाको सम्पादनमा 'वन्दना' नामकरण गरी सन् २००५ मा प्रकाशित, प्रा. गङ्गाप्रसाद भट्टराईको सम्पादनमा 'गोर्खा लाइब्रेरीको शताब्दी यात्रा' सन् २०१३, डा. जस योञ्जन 'प्यासी' को सम्पादनमा भानु, अगम, शिव स्मारिका सन् २०१५, डा. जस योञ्जन 'प्यासी' को सम्पादनमा 'वार्ता सङ्कलन' सन् २०१९, यस उप्रान्त यस पुस्तकालयको तत्परतामा प्रख्यात साहित्यकार शिवकुमार राईको जन्म शतवार्षिकीको अवसरमा गठित 'शिवकुमार राई जन्म शतवार्षिक समारोह समिति'--को प्रयासमा डा. सुजातारानी राई औ चन्द्र शर्माको सम्पादनमा 'शिवकुमार राई ग्रन्थावली १.२.३ भाग' यसै अवसरमा शिवकुमार राई स्मृति अकादेमी खरसाङले प्रकाशित गरेका पुस्तकहरूमा प्रा.गङ्गाप्रसाद भट्टराईको सम्पादनमा 'खरसाङको साहित्यिक गतिविधि एक झलक', सन् २०१९, चन्द्र शर्माको सम्पादनमा 'स्मृतिमा शिवकुमार राई' सन् २०१९, डा. कविता लामाको सम्पादनमा 'चन्द्रिका शतवार्षिकी' सन् २०२०. प्रा. गङ्गाप्रसाद भट्टराई सम्पादक, सह-सम्पादकद्वय ऋषि राई, रचना 'अनाकार' द्वारा सम्पादित 'शिवकुमार राई जन्म शताब्दी समारोहहरूमा' सन् २०२१, ऋषि राई र रचना 'अनाकार'-को सम्पादनमा 'प्रतिवेदनका पृष्ठहरू' सन् २०२२ उल्लेखनीय ग्रन्थहरू हुन् ।

पुस्तकालयको प्रयासमा सालिग निर्माण :– पुस्तकालयले गोर्खा जातीय विभूति उद्यान परिसरमा आदिकवि भानुभक्त आचार्य, कवि अगमसिँह गिरी, अग्रणी भाषा सेवक गङ्गाप्रसाद प्रधान, डा. पारसमणि प्रधान, आख्यानकार शिवकुमार राईको सालिग निर्माण गरी भाषा साहित्यको जगेरा र उत्थानमा महत्त्वपूर्ण कार्य गर्दै आएको छ । भाषा साहित्य र सामाजिक क्षेत्रमा अग्रगण्य भूमिका वहन गर्ने व्यक्तिहरूको नाममा टी. एस. गुरूङ मञ्च, डा. पारसमणि प्रेक्षागृह, शिवकुमार राई अतिथिशाला नामकरण गरी उनीहरूको योगदानलाई पुस्तकालयले सुरक्षित राखेको छ ।

सन् १९८६ मा खर्साङ शहरमा लागेको भीषण अग्निकाण्डमा पुस्तकालयको पुरानो भवनलाई ठूलो क्षति पुग्यो । कतिपय पुराना दस्तावेजहरू आगोको लप्काले स्वाहा बनाए । तथापि तत्कालीन कर्मठ कार्यकारिणीगण र सदस्यहरूका सक्दो प्रयासमा पुस्तकालयको बहुतल्ले भवन निर्माण हुनसक्यो जसलाई सन्दर्भ पुस्तकालयमा परिणत गर्ने हेतु निरन्तर प्रयास चलिरहेछ ।

पुस्तकालयप्रति मोह राख्ने अग्रज कार्यकारिणीगणको स्वाभिमान र जातिप्रेमलाई सलाम ठोक्न पर्ने हुन्छ कारण सन् १९६० को दशकमा पश्चिम बङ्गाल सरकारले राज्यभर पुस्तकालयहरू सञ्चालन गर्ने योजना लिएको हुँदा दार्जिलिङ पहाड़ी अञ्चलमा पनि पुस्तकालयहरू निर्माण हुनथाले । त्यही अवसरमा पश्चिम बंगाल सरकारका अधिकारीहरूले यस पुस्तकालयका कार्यकारिणी समिति समक्ष एक प्रस्ताव ल्याए जसमा 'गोर्खा' शब्द हटाएर अर्कै नाममा पुस्तकालय सञ्चालन गर्न सहमत भए यस पुस्तकालयलाई यथेष्ट सरकारी अनुदान दिएर सरकारी पुस्तकालयमा परिणत गरिने उल्लेख गरिएको थियो । परन्तु तत्कालीन कार्यकारिणीगणलाई सो कुरा अपाच्य भएपछि सरकारी पक्षकाहरूलाई सोझै यसरी उत्तर दिएका थिए रे -"पुस्तकालयलाई सरकारी मान्यता पनि नचाहिने औ गोर्खा शब्द पनि नहटाई स्वतन्त्रतापूर्वक आफ्नै बुतामा यस पुस्तकालयलाई सञ्चालन गर्ने ।" यसबाट हाम्रा पूर्वजहरूको जातिप्रेम र स्वाभिमान कति प्रखर थिएछ सो बुझ्न सकिन्छ । सरकारी सहुलियत र प्रलोभनमा नपरी कम आयस्रोतमा पुस्तकालयलाई स्वतन्त्र रूपमा सञ्चालन गरे । आज खर्साङ बजार माझमा पुस्तकालयको आलिशान भवन खड़ा छ जसले भारतीय गोर्खाहरूको अस्तित्वलाई बचाएर राख्ने काम गरेको छ भन्नमा फेर पर्दैन ।

पुस्तकालयको मुखपत्र चन्द्रिकालाई निरन्तरता प्रदान गर्न अनि यसको औचित्य जीवित बनाइराख्न जीवनभर भाषा साहित्यप्रति लगनशील रहने स्रष्टाहरूको मूल्याङ्कन गर्दै वर्ष २०१८ देखि वार्षिक रूपमा चन्द्रिका पुरस्कार शुरु गरिएको छ । हालसम्म तीन वरिष्ठ साहित्यकार नोर्ज्याङ स्याङ्देन, हाइमानदास राई 'किराँत', नरबहादुर दाहाललाई यस पुरस्कारले अलङ्कृत गरिसकिएको छ । उसैगरी खरसाङमा जन्म ग्रहण गरी यहीँ शिक्षा आर्जन पश्चात् नेपालमा स्थायी रूपले बसोबास गरेका चर्चित साहित्यकार नगेन्द्र शर्माद्वारा आफ्नी दिंवगत श्रीमतीको नाममा राखिएको साहित्यिक पुरस्कार 'नन्दहरिप्रिया नगेन्द्र स्मृति पुरस्कार' पुस्तकालयको सौजन्यमा प्रदान गर्दै आइरहेछ । हालसम्म यस पुरष्कारले भाषा साहित्यसेवी सिलगढी निवासी मिमलाल सापकोटा र दार्जिलिङ निवासी कवि केवलचन्द्र लामालाई विभूषित गरिसकिएको छ। भविष्यमा अझ अन्य स्रष्टा र सर्जकहरूलाई यस पुरस्कारले अलङ्कृत गरिने योजना रहेको छ ।

निष्कर्षमा भन्न पर्दा गोर्खा जन पुस्तकालय, खरसाङ भारतीय गोर्खाहरूको एक अग्रणी जातीय संस्थाको रूपमा विद्यमान छ । भारतीय गोर्खाहरूको परिचयलाई दिगो राख्न यस पुस्तकालय पर्याप्त छ । यस पुस्तकालयलाई सरकारले धरोहरको

रूपमा मान्यता दिलाउनु पर्नेछ भन्ने अभिप्राय लिएर वर्तमान कार्यकारिणी समितिले सरकार समक्ष पत्राचार गर्दै दस्तावेजहरू बुझाइसकेको छ। साथसाथै पुस्तकालयलाई सन्दर्भ ग्रन्थालयमा परिणत गर्ने योजना रहेको कारण त्यस दिशातिर पनि भविष्यमा निश्चय पुस्तकालयले कदम चाल्नेछ। आशा साँचौं यो लक्ष्य एकदिन अवश्य पूरा हुनेछ। पुस्तकालयलाई कसरी माथिल्लो तहमा पुर्‍याउन सकिने हो त्यसप्रति सबैको चाहना अनि दह्रो सोंच छँदैछ। वर्तमानसम्म २६५ जना आजीवन सदस्य ३० भन्दा अधिक साधारण सदस्य रहेको यस पुस्तकालयमा विभिन्न सर्जकहरूले आ-आफ्ना प्रकाशित कृति, पत्रपत्रिकाहरू भेंटस्वरूप अर्पण गर्दै पुस्तकालयलाई सक्दो सहयोग पुर्‍याइरहेछन्। कुनै कुनै समयमा विधायक कोष र सांसद कोषबाट आर्थिक सहयोग प्राप्त गरी कतिपय अभाव र प्रयोजनलाई पूर्ति गरिन्छ। हुनलाई यो छोटो लेखमा पुस्तकालयको सिङ्गो इतिहास प्रष्ट्याउन नसकिए तापनि पुस्तकालयसम्बन्धी सामान्य जानकारीको निम्ति मात्र तयार गरी पुस्तकालय विषय बुझ्न औ जान्न चाहने इच्छुक पाठकगणलाई सहयोग पुर्‍याउने उद्देश्य रहेको छ। यसका तमाम क्रियाकलाप र लेखाजोखालाई सविस्तार चर्चा गर्ने हो भने एउटा खँदिलो पुस्तक तयार हुनेछ। अन्तमा के भन्न सकिन्छ भने यस पुस्तकालयको जगेरा र संरक्षण गर्न हरेक नागरिकको कर्तव्य ठहरिन्छ। फलतः हाम्रो जातिको यस गरिमामयी ऐतिहासिक धरोहरलाई सदा बचाऊँ, सदा सुरक्षा गर्ने प्रण लिऊँ।

सहायक ग्रन्थः

१. रमाइलो सम्झना खरसाङको–पारसमणि प्रधान
२. खरसाङ हिजो र आज–सम्पादक शान्तिराज शर्मा
३. माध्यम स्मारिका– सम्पादक डा. जस योञ्जन 'प्यासी'
४. माध्यम साहित्य सङ्कलन–सम्पादक डा.जस योञ्जन 'प्यासी'
५. पुस्तकालय पुस्तिका-- सम्पादक चन्द्र शर्मा
६. हाम्रो संस्था एक परिचय--सम्पादक डा. मोहन पी. दाहाल
७. गोर्खा लाइब्रेरीको शताब्दी यात्रा–सम्पादक डा. जस योञ्जन 'प्यासी'
८. सन् १९८५ देखि २०२४ सम्मका पुस्तकालयका प्रतिवेदन
९. प्रतिवेदनका पृष्ठहरू–सम्पादक ऋषि राई, रचना 'अनाकार'
१०. पुस्तकालयसम्बन्धी लेखिएका लेखहरू

- वि.सं. २०८१ सालको माघ, फागुन र चैत्रको '**हाम्रो पुरुषार्थ**'को सम्पूर्णाङ्क-१०५ लाई किरण पुस्तकालयले '**भारतीय नेपाली साहित्य र साहित्यकार विशेषाङ्क**' को रूपमा प्रकाशनमा ल्यायो ।
- 'हाम्रो पुरुषार्थ' को सम्पूर्णाङ्क १०५ लाई पुस्तकालयले २०८२ सालको वैशाखमै देशका विभिन्न ठाउँमा पुऱ्याएर लोकार्पणका लागि विशेष व्यक्ति र दिनको प्रतीक्षा गरिरहेको थियो ।
- २०८२ जेठ १० र ११ गते भारतको दार्जीलिङमा नेपाली साहित्य सम्मेलनको शतवार्षिकीको अवसरमा साहित्यकार शरद प्रधानले 'हाम्रो पुरुषार्थ' को भारतीय नेपाली साहित्य र साहित्यकार विशेषाङ्कको संक्षिप्त परिचय प्रस्तुत गर्नुभई भारतीय नेपाली साहित्यकारहरूका माझमा हाम्रो पुरुषार्थको योगदानलाई स्मरणीय बनाउन विशेष सहयोग गर्नुभयो । यस कार्यमा डा. गोविन्दराज भट्टराईसहितका नेपालबाट सम्मेलनमा प्रतिनिधित्व गर्ने अन्य साहित्यकारहरू रोचक घिमिरे, डा. तुलसी भट्टराई, डा. कुमारप्रसाद कोइराला आदिको सहयोग र सद्भाव पनि 'हाम्रो पुरुषार्थ'का लागि अविस्मरणीय हुन पुग्यो ।
- २०८२ साल जेठ २४ गते राजधानी काठमाडौंमा पहिलो पटक 'हाम्रो पुरुषार्थ' को लोकार्पणका लागि किरण पुस्तकालयले डा. गोविन्दराज भट्टराईको संयोजकत्वमा एक विशेष समारोहको आयोजना गऱ्यो । भारतको आसामका वरिष्ठ साहित्यकार ज्ञानबहादुर छेत्रीको प्रमुख आतिथ्यमा सम्पन्न भएको उक्त लोकार्पण कार्यक्रममा विभिन्न विद्वान्, विदुषी, साहित्यकार र साहित्यिक पत्रिकाका सम्पादकहरूको विशेष उपस्थिति रहेको थियो ।
- २०८२ साल जेठ २४ गते एउटै दिन पारेर देशका विभिन्न ठाउँहरू झापा, काठमाडौं, बुटवल, पाल्पा, गुल्मी, म्याग्दी, दाङ आदि ठाउँहरूबाट 'हाम्रो पुरुषार्थ' को विमोचन र वितरण हुनु नेपाली साहित्यिक पत्रकारिताको इतिहासमा नौलो कार्यक्रम हो । यी कार्यक्रमहरूबारे विभिन्न पत्र-पत्रिका र रेडियोबाट प्रकाशित, प्रचारित र प्रसारित भएका सामग्रीहरू साभार गरी यसै पत्रिकाको 'यताउताबाट' स्तम्भमा पुनर्मुद्रण गरिएको छ ।
- 'हाम्रो पुरुषार्थ' को सम्पूर्णाङ्क ११० '**रेसुङ्गाक्षेत्र विशेषाङ्क**'को रूपमा २०८३ सालको नयाँ वर्षको अवसरमा प्रकाशनमा ल्याइनेछ । त्यसका लागि लेखक/कविहरूले ऐतिहासिक पावन तपोभूमि रेसुङ्गाका विविध विशेषताहरूको बारेमा लेखिएका आ-आफ्ना बहुमूल्य रचनाहरू २०८२ सालको माघ महिनाभित्र पुस्तकालयमा आइपुग्ने गरी पठाइदिनु हुन हार्दिक अनुरोध छ ।

–सचिव

नौलो सृष्टि : सानो दृष्टि

१. पूर्व विद्यार्थी स्मारिका

गुल्मी जिल्लाको सदरमुकाम तम्घासमा अवस्थित महेन्द्र माध्यमिक विद्यालयमा अध्ययन गरेर देश तथा विदेशमा रहेका विद्यार्थीहरूको समूह पूर्व विद्यार्थी मञ्चले "पूर्व विद्यार्थी स्मारिका २०८०" प्रकाशित गरेको छ ।

महेन्द्र माध्यमिक विद्यालयको पुरानो ढुङ्गाको छानो भएको एल. आकारको भवनलाई आवरण पृष्ठमा सजाइएको यस स्मारिकामा संस्थापक कार्य समितिको विवरण, स्मारिका प्रकाशन समिति, आर्थिक व्यवस्थापन समितिको सचित्र विवरणका साथै प्रकाशन सहयोगीहरू र मञ्चले गरेका विभिन्न साधारण सभाका चित्रहरू, विभूषित पूर्व विद्यार्थी र मञ्चका कार्यक्रमका तस्वीरहरू छन् । सांसद, नगरप्रमुख, एकाइ प्रमुखलगायतका व्यक्तिहरूका शुभकामना प्रस्तुत गरिएको स्मारिकामा पूर्व शिक्षक शशि पन्थी र पूर्व प्र.अ. ताराबहादुर थापाका अनुभूतिहरू सङ्कलित छन् भने बाँकी पाँचवटा रचना छन् । यस स्मारिकालाई दुर्लभ सङ्कलन मान्न सकिन्छ । यसभित्र महेन्द्र माध्यमिक विद्यालयको सुरुको विद्यार्थी भर्ना रजिस्टरको पहिलो पानाको छायाँ कपी, उक्त विद्यालयबाट वि.सं २०१९ सालदेखि एस.एल.सी./ एस.ई.ई.मा सफल विद्यार्थीहरूको नामावली प्रस्तुत गरिएको छ । यसभित्र पुराना दुर्लभ कागजातहरू छन् । यसका साथै मञ्चसँग सम्बध्द कागजातहरू र आजीवन सदस्यहरूको नामावली, आर्थिक प्रतिवेदन र हालसम्मका प्र.अ.हरूको विवरण प्रस्तुत गरिएको छ ।

आफूहरूले कक्षा १० र १२ सम्म अध्ययन गरेका विद्यार्थीहरूले विद्यालयप्रति

देखाएको यो रुचि प्रशंसनीय छ। सम्बद्ध सबैलाई साधुवाद।

२. रातको प्रधानमन्त्री



कथाकार हरिराज भट्टराईको कथा-सङ्ग्रह "रातको प्रधानमन्त्री" अकिञ्चनका हातमा परेको छ। ५४ वटा समसामयिक विषयवस्तु र शीर्षकमा आधारित कथाहरूको ३६औँ क्रममा पर्ने कथाको शीर्षकबाट प्रस्तुत कृतिको नामकरण गरिएको छ।

प्रस्तुत सङ्ग्रहभित्र देशमा विद्यमान विकृत राजनीतिका चित्रहरू एकएक गरेर उतारिएको छ। कतिपय शीर्षकहरू प्रतीकात्मक छन् भने कतिपय शीर्षकमा प्रत्यक्ष रूपमा देशभित्रका विकृतिहरूको चित्रण गरिएको छ। विदेशी शक्तिको इशारामा नाच्ने र उनीहरूकै अनुदान हसुरेर डकार्ने नेता र कार्यकर्ताहरू तेह्रौँ कथाक्रमका "हिउँको बीउ"को याकुने जस्तै छन् जसले अंग्रेजहरूले नै हाम्रो देशमा हिउँ र पानीको बीउ छरिदिएको ठोकुवा गर्न पछि पर्दैनन्। कथा-सङ्ग्रहभित्रका ५४ वटै कथाले देशभित्रका विकृति र विसंगतिको चित्र उतारेका छन्। देशमा विद्यमान अशान्ति, निर्जन गाउँ र सहरका बस्ती, युवा पुस्ताको पलायन, पश्चिमी विकृतिको लोकप्रियता, देशको आर्थिक स्थितिको अधोगतिलगायतका विविध प्रसङ्गहरू प्रस्तुत सङ्ग्रहमा व्यक्त गरिएका छन्। सत्यलाई ढाकेर असत्यको खोल ओडाउने अनि चोरलाई गद्दी र साधुलाई सुली चढाउने तमाम प्रपञ्चहरू कथाभित्र छन्। कथा पढ्दै जाँदा देशभित्र चलेका हरेक घटना र काला कर्तुतहरूको झल्को भेटिन्छ। कथाहरू एकसेएक उत्कृष्ट छन्। कथाकारले उपल्लो स्तरका पाठकहरूको निम्ति प्रस्तुत सङ्ग्रह तयार गरेका छन्।

३. विविध विधासंहति

विभिन्न लेख रचना र उपन्यास विधामा समेत कलम चलाएका हरिप्रसाद ज्ञवालीले विभिन्न समयमा रचना गरेका विविध विषय र सन्दर्भमा आधारित रचनाहरूलाई एकत्रित गरेर उहाँकै ज्वाईं नारायणप्रसाद न्यौपानेले "विविध विधासंहति" प्रकाशित गर्नुभएको छ। गद्य-पद्य दुबैको सम्मिश्रणबाट तयार भएको प्रस्तुत सङ्ग्रह "चम्पू" हो।

यसभित्र वार्णिक छन्द र गद्य लयमासमेत कविता विधा संकलन गरिएको छ। वि.सं. २०३० देखि रचना गरेका विविध विषय र सन्दर्भका १५८ वटा रचनाहरूमध्ये ७३ वटा पद्य खण्डमा र बाँकी गद्य खण्डमा छन् । लामा लामादेखि दुई पंक्तिसम्मका मुक्तक पद्यहरू पनि यसभित्र समावेश छन्। यहाँ विषयगत विविधता, व्यावहारिक ज्ञान र स्रष्टाले आफ्ना निजी अनुभवलाई पनि प्रस्तुत गरेका छन् । "देशको महिमा" शीर्षकको कविताबाट थालिएको प्रस्तुत सङ्ग्रहमा लोककथामा गएर विश्राम गरिएको छ। एउटै कृतिभित्र समसामयिक सन्दर्भ पुराण, ज्योतिष, आयुर्वेद, नीति आदि विषयको ज्ञान प्रदान गर्न कृति सफल देखिन्छ। सम्पादनमा थप निखार ल्याउन सकेको भए कृति थप उत्कृष्ट हुन सक्ने थियो।



४ चिठी–पत्र

मूर्धन्य विद्वान् तथा वरिष्ठ साहित्यकार तुलसी भट्टराईले आफूलाई विद्यार्थीकालदेखि विभिन्न राजनीतिज्ञ तथा साहित्यकारहरूले बेलाबेलामा लेख्नुभएका विविध सन्दर्भमा आधारित ऐतिहासिक सम्पत्तिहरूलाई सङ्कलन गरेर चिठ्ठी-पत्र २०८० प्रकाशित गर्नुभएको छ।



यसभित्र सन्त नेता कृष्णप्रसाद भट्टराईलगायतका ४३ जना नेताहरूका करिब १०० वटा पत्र रहेका छन् भने साहित्यिक व्यक्तित्वहरू १२१ जनाका करिब ३०० वटा पत्रहरू छन् । पत्रहरूबाट तत्कालीन राजनीतिक परिवेश र गतिविधिहरू संक्षेपमा उल्लेख गरिएको नेपाली राजनीतिका प्रसिद्ध व्यक्तित्वहरू कृष्णप्रसाद भट्टराई, गिरिजाप्रसाद कोइराला, नोना कोइराला, सी.के प्रसाई, रामचन्द्र पौडेल, योगप्रसाद उपाध्याय आदि ४३ जना

राजनीतिज्ञहरूले अध्ययनका सिलसिलामा बनारसमा रहनुहुने डा. तुलसी भट्टराईलाई राजनीति र अन्य कामका बारेमा लेखेका सूत्रात्मक पत्रहरू प्रस्तुत खण्डमा छन् भने साहित्यिक व्यक्तित्वहरू केदारमान व्यथित, मदनमणि दीक्षित, ईश्वर बराल, सत्यमोहन जोशी, कमल दीक्षित, रमेश विकललगायतका १२१ जना व्यक्तित्वहरूले साहित्य प्रकाशन, सम्पादन तथा अन्य गतिविधिलाई सूत्रात्मक रूपमा प्रस्तुत गरेका पत्रहरू यसभित्र छन् ।

प्रारम्भमा भनिए जस्तै यी पत्रहरू हाम्रा ऐतिहासिक सम्पत्ति हुन् । हामीलाई पनि ज्ञान र प्रेरणा दिने स्रोत पनि हुन् । यी पत्रहरूले तत्कालीन राजनीति परिवेश, प्रचारप्रसारका माध्यम, साहित्यिक गतिविधि र लेखन तथा प्रकाशनसम्बन्धी पक्षको जानकारी दिन्छन् । केही व्यक्तित्वहरूका पाण्डुलिपि तथा उहाँहरूका हस्ताक्षरसहितको आवरणसज्जामा प्रकाशितभएको सँगालो हो यो । यति लामो कालखण्डसम्म पत्रहरू सुरक्षित गरिराख्ने श्रद्धेय डाक्टर तुलसी भट्टराई स्तुत्य व्यक्तित्व हुनुहुन्छ ।

५. लाटो साथी



प्रीति आत्रेय ज्ञवाली "विष्णुराज आत्रेय'' लाटो साथीकी छोरी हुन् । उनी संस्कृत र नेपाली साहित्यकी धुरन्धर विदुषी पनि हुन् । उनैले आफ्ना पिताको स्मरण गर्दै लाटो साथी स्मृतिकाव्य रचना गरी प्रकाशित गरेकी छन् । पिताको महिमागान गर्दै विभिन्न २७ वटा शीर्षकमा प्रस्तुत सङ्ग्रह तयार गरिएको छ ।

"राख है मान शब्दको" शीर्षकको मङ्गलाचरणबाट सुरु गरिएको प्रस्तुत स्मृतिकाव्यको तेस्रो क्रममा "लाटो साथी" शीर्षकमा सर्वाधिक ८ १ श्लोक रचना गरिएको छ । पितृवियोगसँग सम्बद्ध अत्यन्तै मार्मिक भावहरू व्यक्त गर्दै स्वनाम धन्य पिताको प्रशस्ति पनि गाइएको छ । अनुष्टुप्, शिखरिणी, शार्दूलविक्रीडित, मन्दाक्रान्तालगायत विभिन्न शास्त्रीय छन्दका साथै असारे लोकछन्दमा समेत पिताप्रतिका भावहरू छताछुल्ल भएका छन् । आफ्ना पिताप्रतिको पवित्र स्मृति, प्रशस्ति र पितृशोकका उद्गारहरू अमूल्य छन् । विभिन्न २७ शीर्षकअन्तर्गत ३७९ श्लोकमा

प्रस्तुत स्मृतिकाव्य तयार भएको छ । काव्यको अन्त्यमा आफ्ना मातापितालाई सम्झनास्वरूप लेखेको चिठी र बाँकी पृष्ठमा पारिवारिक तस्वीरहरू छन् र पिताप्रति श्रद्धाभावले लेखिएको यस कृतिले नेपाली साहित्यको इतिहासमा छुट्टै स्थान ओगट्ने अपेक्षा गर्न सकिन्छ ।

६. रुरुक्षेत्र



कविता, बालकथा, निबन्ध, समालोचनालगायतका झण्डै दुई दर्जन कृतिका स्रष्टा ज्ञाननिष्ठ ज्ञवालीको पछिल्लो कृति "रुरुक्षेत्र" खण्डकाव्य २०८१ मा प्रकाशित भएको छ । आफ्नो जन्मस्थानको भौगोलिक, प्राकृतिक, सांस्कृतिक र धार्मिक महत्त्वलाई उजागर गर्ने उद्देश्यका साथ "रुरुक्षेत्र" खण्डकाव्य रचना गरिएको छ । चार पुष्पभित्र मंगलाचरण, रुरुको कथा, रुरुक्षेत्र वर्णन र समापन गरी चार पत्रअन्तर्गत जम्मा ९१ श्लोकभित्र रचना गरेर खण्डकाव्यका न्यूनतम मापदण्ड पूरा गरिएको छ ।

नेपालका प्रसिद्ध चार धाममध्ये प्रमुख मानिने रुरुक्षेत्रको हिन्दू धर्मका पवित्र ग्रन्थहरूमा पनि "रुरुक्षेत्र" र कृष्ण गण्डकीको महिमा वर्णन गरिएको छ । कवि ज्ञाननिष्ठ ज्ञवालीले केही महत्त्वपूर्ण सन्दर्भ ग्रन्थ र विज्ञहरूसँगको समेत परामर्श गरी प्रस्तुत कृतिलाई ओजिलो रूपमा प्रस्तुत गर्नुभएको छ । परिशिष्ट खण्डमा सन्दर्भ-ग्रन्थ, कविको जीवन वृत्तान्त र केही छायाँचित्र छन् ।

एकै बसाइमा पढी सकिने गरी "बिन्दुमा सिन्धु" अटाउने चेष्टा गरिएको प्रस्तुत खण्डकाव्य रुरुक्षेत्रका बारेमा जानकारी लिन चाहनेहरूका लागि पोसिलो खुराक बनेको छ ।

७. आँखामा कैलास

अन्जुलीमा मानस

नारायणप्रसाद ज्ञवाली मूलतः कवि हुन् । उनले "आँखामा कैलास अञ्जुलीमा मानस" नियात्रा-सङ्ग्रह शीर्षकमा २०८१ सालमा प्रथम सङ्ग्रहका रूपमा प्रकाशित

गरेका छन् । स्रष्टाकै आत्मस्वीकृतिअनुसार यो उनको पहिलो गद्यकृति हो ।



कैलास मानसरोवर क्षेत्रका भ्रमणका क्रममा भएका अनुभूतिहरूलाई विभिन्न २७ वटा शीर्षकमा यहाँ प्रस्तुत गरिएको छ । सङ्ग्रहको उठान ३५ वर्षपछि साइत जुरेको एउटा गन्तव्यबाट सुरु गरिएको छ, यस शीर्षकमा मानसरोवरतर्फको यात्राको पूर्वकल्पना त्यो तिरोहित भएको र पछि ३५ वर्षपछि संयोग जुटेको प्रसङ्ग यहाँ उल्लेख छ। काठमाडौँदेखि मानसरोवरसम्मको यात्राका लागि स्रष्टाले गरेको पूर्व तयारीका कुराहरू दोस्रो शीर्षक जोरजाम र चाँजोपाँजोका कुराहरूमा उल्लेख्य छ। यस सङ्ग्रहभित्रका अधिकांश शीर्षकहरू अनुप्रासयुक्त छन् - अक्कलीहरूको सक्कली गया, कालिकालाई नमन, उन्मुक्तिको गमन रगतले रङ्गिएको रसुवागढी, धान्याचलको माझ सागाको साँझ आदि ।

स्रष्टाले पाठकमा कुतूहल जगाउने प्रकृतिको शैली र सुरु गरेपछि सबै निबन्ध पढौँपढौँ लाग्ने गरी यो सङ्ग्रह तयार गरेका छन् । एकातिर प्रस्तुत सङ्ग्रह पढेपछि मानसरोवर यात्रामा जानको लागि गर्नुपर्ने पूर्व तयारीका बारेमा जानकारी लिन सकिन्छ भन्ने अर्कोतिर कैलाशतर्फ जाँदै गर्दा बाटोमा पर्ने प्रमुख स्थल र कैलास मानसरोवर क्षेत्रका प्रमुख स्थानहरूको धार्मिक ,पौराणिक, सांस्कृतिक तथा ऐतिहासिक महत्त्व र मूल्यको जानकारी स्पष्ट रूपमा लिन सकिन्छ। यस सङ्ग्रहले कैलास मानसरोवरमा पुगेकाहरूलाई पुनःस्मरण गराउँछ भने नपुगेका पाठकहरूलाई एकपटक जानैपर्ने ठाउँ रहेछ भन्ने उत्सुकता जागृत गराउँछ।

काठमाडौँदेखि कैलास मानसरोवरसम्म पुगेर पुनःकाठमाडौँ फर्कँदासम्मको १० दिनको यात्रावृतान्त यस सङ्ग्रहमा छ । यात्रा वर्णनका क्रममा स्रष्टाले सामाजिक, आर्थिक, राजनीतिक, व्यापारिक क्षेत्रका विविध प्रसङ्गलाई पनि प्रसङ्गानुकूल प्रयोग गरेकाले प्रस्तुत कृति रोचक र समसामयिक पनि बनेको छ।

८. **शीतकाव्य** (The dew poetry)

साहित्यकार लव जोशी शिक्षण पेशामा लामो समय बिताएर सेवा निवृत्त व्यक्ति

हुन् । उनले अंग्रेजी र नेपाली दुबै भाषामा द्विभाषी शीतकाव्य प्रकाशित गरेका छन् ।



शीतकाव्य वि.सं. २०१८ मा पाल्पामा जन्मेको प्रस्तावित काव्य हो । यसमा दुई अक्षरको एक हरफ र आठ अक्षरका चार हरफ अर्थात् सिलोकले पूर्ण हुने अभिव्यक्तिको थोपा हो । नेपाली काव्यको इतिहासमा पाल्पाबाट प्रस्ताव गर्दै रचना गर्न थालिएको यस शैलीमा अहिले पाल्पाबाहिरका साहित्यकारहरूले पनि कलम चलाएका छन् ।

नेपाली भाषा र त्यसको समानान्तरमा अङ्ग्रेजी भाषामा पनि उही अभिव्यक्तिलाई प्रस्तुत गरेर काव्यकारले अङ्ग्रेजी भाषाका पारखीहरूलाई पनि शीतबाटै प्यास मेटाउने जमर्को गरेका छन् ।

वन्दना (prayer), शिव शीत (Shiv Dews) जस्ता शीर्षकहरूबाट आरम्भ गरिएको प्रस्तुत काव्यमा सुरु (Begning) मा गएर समापन गरिएको छ । प्रस्तुत काव्यमा ५०४ वटा थोपाअन्तर्गत २०१६ वटा अक्षरहरू छन् । ३६ वटा अलगअलग पात (शीर्षक) मा परेका शीतका थोपाहरू धर्म, संस्कृति, रीतिरिवाज, राजनीति, पर्यटन आदि विषय सन्दर्भका साथै अन्त्यमा "शीतकाव्य" रचनाको उठान (सुरु) मा लगेर विश्राम गरिएको छ ।

"शीतकाव्य" काव्य लेखनका इतिहासको भर्खरै जन्मेको नाबालक हो । बिन्दुमा सिन्धु भन्ने सामर्थ्य रहेको प्रस्तुत लेखन शैलीको थप प्रचारप्रसार बाँकी छ । नयाँ शैली र द्विभाषिक संयोजनको यस्तो नौलो कृतिका स्रष्टा लव जोशी र उनको काव्य यात्रालाई साधुवाद ।

–अकिञ्चन

'हाम्रो पुरुषार्थ'को भारतीय नेपाली साहित्य र साहित्यकार विशेषाङ्क सार्वजनिक

शब्दाङ्कुर, जेठ २५, २०८२

जेठ २४, काठमाडौं । किरण पुस्तकालय, तम्घास, गुल्मीको साहित्यिक प्रकाशन 'हाम्रो पुरुषार्थ'का प्रधान सम्पादक शशि पन्थीको सभापतित्व, प्रा.डा. गोविन्दराज भट्टराईको संयोजकत्व, भारत, आसामका साहित्यकार ज्ञानबहादुर छेत्रीको प्रमुख आतिथ्य, नेपाल प्रज्ञा-प्रतिष्ठानका पूर्व सदस्य सचिव डा. तुलसी भट्टराईको विशिष्ट आतिथ्य, प्रा.डा. ज्ञानु पाण्डेको आतिथ्यमा सम्पन्न कार्यक्रममा 'हाम्रो पुरुषार्थ'को भारतीय नेपाली साहित्य र साहित्यकार विशेषाङ्कका रूपमा प्रकाशित १०५ औँ सम्पूर्णाङ्क लोकार्पण गरियो ।

हरि गौतमको सञ्चालन रहेको उक्त कार्यक्रममा प्रधान सम्पादक शशि पन्थीले किरण पुस्तकालय स्थापना गर्दाको इतिहास र त्यहाँबाट प्रकाशित हुन थालेको 'हाम्रो पुरुषार्थ'का विषयमा प्रकाश पार्नुका साथै यसका उपलब्धिका बारेमा प्रकाश पारे । तत्पश्चात् शरद प्रधान, नारायणप्रसाद फुयाल, राधेश्याम लेकाली, रामप्रसाद पन्त, नवराज रिजाल, विमल भौकाजी र जयदेव भट्टराईले शुभकामना प्रकट गरे ।

शुभकामना प्रकट गर्ने क्रममै धीरकुमार श्रेष्ठले उक्त पत्रिकाका प्रधान सम्पादक शशि पन्थी करिब एक महिनाको छोटो अवधिका लागि भए पनि आफ्नो पहिलो क्याम्पस प्रमुख रहेको र उनका भाइ दीन पन्थी अब्बल साहित्यकार रहेको प्रसङ्ग उल्लेख गर्दै २०४० सालदेखि 'हाम्रो पुरुषार्थ'सँग नजिकबाट परिचित रहेको विषय उल्लेख गरे ।

यसै गरी अनिता कोइरालाले 'हाम्रो पुरुषार्थ'मा प्रकाशित महिलाका लेखका बारेमा चर्चा गरिन् भने विष्णु ओलीले मुक्तक वाचन गरे ।

प्रा.डा. ज्ञानु पाण्डेबाट उक्त पत्रिकामा प्रकाशित लेखहरूका बारेमा समीक्षकीय मन्तव्य व्यक्त गरियो भने प्रमुख अतिथि ज्ञानबहादुर छेत्रीले भारतीय नेपाली साहित्यको अवस्था र यसका दुवैतर्फका सम्बन्धसेतुका बारेमा उल्लेख गरे । असमीया भाषाले भारतमा शास्त्रीय भाषाको दर्जा प्राप्त गरेको प्रसङ्गमा नेपाली भाषाले पनि यसका लागि प्रयास गर्नुपर्ने उनको विचार थियो । संयोजक प्रा.डा. गोविन्दराज भट्टराईले 'हाम्रो पुरुषार्थ'सँगको संलग्नताका साथै भारत र नेपाल दुवैतर्फको नेपाली साहित्यको ऐतिहासिकताका साथै वर्तमानमा यो सम्बन्ध अझ प्रगाढ बन्दै गएको र भारतीय विश्वविद्यालयहरूमा नेपाली भाषा र साहित्यको अध्ययनअध्यापनले यसलाई झन् सुदृढ बनाउँदै लगेको विचार व्यक्त गरे ।

राजधानीदेखि टाढा रहेर पनि विगत ५२ वर्षदेखि गुल्मीको तम्घासबाट उक्त पत्रिका प्रकाशित भइरहनु वास्तवमै प्रशंसनीय छ ।

-साभार : **शब्दाङ्कुर**, ज्येष्ठ २५, २०८२

भारतीय साहित्य र साहित्यकार विशेषाङ्क 'हाम्रो पुरुषार्थ' लोकार्पण

काठमाडौँमा आयोजित कार्यक्रममा 'हाम्रो पुरुषार्थ' (१०५ अङ्क) भारतीय साहित्य र साहित्यकार विशेषाङ्कको लोकार्पण भएको छ।

साहित्यकार शशी पन्थीको अध्यक्षतामा आयोजित सो कार्यक्रमका प्रमुख अतिथि असम, भारतका साहित्यकार ज्ञानबहादुर छेत्री रहनुभएको थियो।

किरण पुस्तकालय तम्घास, गुल्मीले वि.सं. २०३० सालदेखि प्रकाशन गरेको 'हाम्रो पुरुषार्थ' को सम्पादक शशि पन्थी हुनुहुन्छ।

कार्यक्रममा सम्पादक पन्थी, प्रमुख अतिथि छेत्री, साहित्यकारहरू डा. तुलसीप्रसाद भट्टराई, प्रा.डा. गोविन्दप्रसाद भट्टराई, डा. ज्ञानु पाण्डे, शरद प्रधान लगायतले विशेष मन्तव्य राख्नुभएको थियो।

सोही कार्यक्रममा साहित्यिक पत्रकार संघका अध्यक्ष राधेश्याम लेकाली, 'शारदाका' सम्पादक विमल भौकाजी, साहित्यकारहरू जयदेव भट्टराई, रामप्रसाद पन्त, अनिता कोइराला लगायतले शुभकामना मन्तव्य राख्नुभएको थियो।

कार्यक्रमको सहजीकरण साहित्यकार हरि गौतमले गर्नु भएको थियो।

साभार : **साहित्यपोस्ट**, १६ असार, २०८२, सोमबार

"हाम्रो पुरुषार्थ" (भारतीय साहित्य र साहित्यकार विशेषाङ्क) लोकार्पित

२०८२ जेठ २४ गते काठमाडौंमा आयोजित कार्यक्रममा "हाम्रो पुरुषार्थ" (१०५ अङ्क) भारतीय साहित्य र साहित्यकार विशेषाङ्कको लोकार्पण भयो ।

साहित्यकार शशि पन्थीको अध्यक्षतामा आयोजित सो कार्यक्रमका प्रमुख अतिथि असम, भारतका साहित्यकार ज्ञानबहादुर छेत्री रहनुभएको थियो ।

किरण पुस्तकालय तम्घास, गुल्मीले वि.सं. २०३० सालदेखि प्रकाशन गरेको "हाम्रो पुरुषार्थ" को सम्पादक शशि पन्थी हुनुहुन्छ ।

सो कार्यक्रममा सम्पादक पन्थी, प्रमुख अतिथि छेत्री, साहित्यकारहरू डा. तुलसीप्रसाद भट्टराई, प्रा.डा. गोविन्दप्रसाद भट्टराई, डा. ज्ञानु पाण्डे, शरद प्रधानलगायतले विशेष मन्तव्य राख्नुभएको थियो ।

सोही कार्यक्रममा साहित्यिक पत्रकार संघका अध्यक्ष राधेश्याम लेकाली, शारदाका सम्पादक विमल भौकाजी, साहित्यकारहरू जयदेव भट्टराई, रामप्रसाद पन्त,अनिता कोइरालालगायतले शुभकामना मन्तव्य राख्नुभएको थियो ।

कार्यक्रमको सहजीकरण साहित्यकार हरि गौतमले गर्नुभएको थियो ।

साभार : **अनुगमन म्यागजिन**, ८ जून, २०२५

(यसैसाथ कार्यक्रमसम्बन्धी २७ थरी चित्रहरू पनि राखिएको थियो । -सम्पादक)

"हाम्रो पुरुषार्थ"को विशेषाङ्क बुटवलमा लोकार्पण

बुटवल 'हाम्रो पुरुषार्थ' पत्रिका को भारतीय नेपाली साहित्यकार विशेषाङ्कको जेठ २४ गते बुटवलमा लोकार्पण गरिएको छ। हाम्रो पुरुषार्थ ५२ वर्षदेखि गुल्मी तम्घास स्थित किरण पुस्तकालयबाट निरन्तर प्रकाशित हुँदै आइरहेको साहित्यिक पत्रिका हो। यसका २२ वटा विशेषाङ्क प्रकाशित भइसकेका छन्।

पत्रिकाको लोकार्पण गर्दै विश्व हिन्दु महासंघ रूपन्देहीका उपाध्यक्ष प्रा.डा. बाबुराम ज्ञवालीले भाषा र साहित्यको श्रीवृद्धिमा पत्रिकाले निरन्तर भूमिका खेलेको उल्लेख गर्नुभएको थियो। उहाँले यसका अन्य विशेषाङ्क जस्तै यो विशेषाङ्क पनि अध्ययन अनुसन्धान गर्न चाहनेका लागि राम्रो स्रोत रहेको बताउनुभयो। प्रवासमा बसेर नेपाली भाषीहरूका लागि यो सङ्ग्रहणीय ग्रन्थ नै भएको, नेपाली भाषा विकासको लागि भारतीय नेपाली साहित्यकारहरूको महत्त्वपूर्ण भूमिका रहेको उहाँले बताउनुभएके थियो।

कार्यक्रममा प्रा.डा. अनन्त पन्थी, गोपाल पन्थी, तेजनिधि पौडेल, छवि ज्ञवाली, बद्रीनाथ पाण्डे, विन्दु आचार्य, महिमा पन्थी, मधु ज्ञवाली, कृष्ण पाण्डे, चिरञ्जीवी ज्ञवाली, दिलीप ज्ञवालीलगायतले पत्रिकाबारे समीक्षा गर्दै भाषा साहित्यमा खेलेको भूमिकाप्रति प्रशंसा गर्नुभएको थियो। हाम्रो पुरुषार्थको यो विशेषाङ्क बुटवलका साथै काठमाडौं, गुल्मी, दाङबाट पनि एकसाथ लोकार्पण गरिएको हो।

साभार : **नवजागृति बुलेटिन** वर्ष ६, अङ्क १२, पूर्णाङ्क ११९, २०८२/असार १ गते

किरण पुस्तकालयमा भारतीय नेपाली साहित्य र साहित्यकार विशेषाङ्कको लोकार्पण

मनु सुनार, गुल्मी : किरण पुस्तकालय तम्घास गुल्मीको साहित्यिक प्रकाशन 'हाम्रो पुरुषार्थ' को सम्पूर्णाङ्क १०५ औं भारतीय नेपाली साहित्य र साहित्यकार विशेषाङ्कको राजधानी काठमाडौंलगायत देशका पाँच स्थानबाट एकै साथ लोकार्पण गरिएको छ।

शनिबार काठमाडैंमा डा.गोविन्दराज भट्टराईको संयोजकत्वमा गरिएको लोकार्पण कार्यक्रममा भारतीय साहित्यकार ज्ञानबहादुर छेत्रीको प्रमुख आतिथ्यता एवम् हाम्रो पुरुषार्थका सम्पादक शशि पन्थीलगायतको उपस्थितिमा लोकार्पण गरिएको थियो । यस्तै गुल्मीसहित बुटवल, दाङ, पाल्पामा पनि एकै साथ सो विशेषाङ्कको लोकार्पण गरिएको छ।

यो विशेषाङ्कमा भारतमा रहेका नेपाली भाषी साहित्य र साहित्यकारहरूका लेखरचना समावेश गरिएको किरण पुस्तकालयका उपाध्यक्ष वरिष्ठ साहित्यकार दीन पन्थीले जानकारी दिनुभयो । २०२५ सालमा स्थापना भएको किरण पुस्तकालयले २०३० सालदेखि वार्षिक रूपमा 'हाम्रो पुरुषार्थ' प्रकाशन गर्दै आइरहेकोमा २०३६ देखि २०६९ सालसम्म अर्धवार्षिक र २०७० सालदेखि त्रैमासिक रूपमा प्रकाशन गर्दै आइरहेको उहाँले बताउनुभयो ।

यो पुस्तक राष्ट्रिय साहित्यिक पत्रिकामा 'क' वर्गमा वर्गिकृत छ। यसका विभिन्न विशेषाङ्क प्रकाशित भइसकेका छन् । पन्थीका अनुसार समालोचना विशेषाङ्क, लुम्बिनी अञ्चलको साहित्य र साहित्यकार विशेषाङ्क, पत्रकारिता विशेषाङ्क, भानु विशेषाङ्क, कथा विशेषाङ्क, पुस्तकालय विशेषाङ्क, बीपी विशेषाङ्क, डा.टीकाराम पन्थी विशेषाङ्क, स्वर्ण वर्ष विशेषाङ्क, शताङ्क विशेषाङ्क, रुरुक्षेत्र विशेषाङ्कलगायतका २२ वटा विशेषाङ्क प्रकाशित भएका छन् । हाम्रो पुरुषार्थका सम्पादक शशि पन्थी, सहसम्पादक दीन पन्थीलगायत हुनुहुन्छ ।

किरण पुस्तकालयको सभाहल तम्घासमा गरिएको लोकार्पण कार्यक्रममा पुस्तकालयका उपाध्यक्ष दीन पन्थीको अध्यक्षता, रेसुंगा नगरपालिकाका नगरप्रमुख खिलध्वज पन्थीको प्रमुख आतिथ्यता तथा रेसुंगा नगरपालिका वडा नं.१ का वडाअध्यक्ष रामप्रसाद पन्थी, वडा नं. ८ का वडाअध्यक्ष निरञ्जन थापा, पूर्व

क्याम्पसप्रमुखद्वय चन्द्रकान्त पन्थी, ढुण्डिराज पोखरेल, पुस्तकालयका संरक्षक सदस्य रामचन्द्र पन्थीलगायतको आतिथ्यता रहेको थियो ।

सो पुस्तकको लोकार्पणका अवसरमा प्रमुख अतिथि नगर प्रमुख पन्थीले किरण पुस्तकालय गुल्मी जिल्लाकै गौरव गर्नलायक बौद्धिक सम्पत्ति भएको बताउनुभयो । २०२५ सालमा स्थापना भएको पुस्तकालयले गुल्मी जिल्लाको मात्र होइन राष्ट्रियदेखि अन्तर्राष्ट्रियतहसम्म नेपाली भाषा, साहित्यलाई जीवन्त राख्न पुऱ्याएको योगदान महत्त्वपूर्ण रहेको बताउनुभयो ।

"पुस्तक लेखन कठिन कार्य हो । पुस्तकमा विचार हुन्छ, भावना, चेतना र प्रेम प्रवाह हुन्छ ।" नगरप्रमुख पन्थीले भन्नुभयो,-"सिंगो लोकतन्त्रका लागि र सभ्य समाजका लागि पुस्तकालयले योगदान पुर्‍याएको छ । नेपाली भाषा र साहित्यमा जस्तो आनन्द अन्यबाट प्राप्त हुँदैन ।"

पछिल्लो समय समाजमा नकारात्मक भावनाको विकास बढ्दै गइरहेको अवस्थामा साहित्यबाट मन, विचार बदल्न सकिने बताउँदै यसैका माध्यमबाट समाजमा सकारात्मक सन्देश फैलाउँदै नकारात्मक भावना चिर्न सकिने बताउनुभयो । पुस्तकालय व्यवस्थापन समितिका सदस्य रेशम कुँवरको स्वागत मन्तव्य रहेको कार्यक्रममा पुस्तकालयमा स्थापित 'जानकी साहित्य पुरस्कार' का संस्थापक तथा पुस्तकालय व्यवस्थापन समितिका सदस्य शंकरप्रसाद गौतमले पुस्तकका विषयमा प्रकाश पार्नुभयो । कार्यक्रमको सञ्चालन सचिव चनकबहादुर कुँवरले गर्नुभएको थियो ।

साभार : **RADIO RESUNGA 106.2 MHZ**, २०८२ जेठ २४, शनिबार

भारतीय नेपाली साहित्य र साहित्यकार विशेषाङ्कको विमोचन

बुटवल (बुटवल टुडे) जेठ २४- २०३० सालदेखि गुल्मीको तम्घासबाट प्रकाशन हुँदै आएको विशिष्ट पत्रिका "हाम्रो पुरुषार्थ" (त्रैमासिक) को भारतीय नेपाली साहित्य र साहित्यकार विशेषाङ्क आज शनिबार मुलुकका विभिन्न स्थानमा कार्यक्रमसहित विमोचन गरिएको छ।

यसै अन्तर्गत रूपन्देहीको बुटवलमा आयोजित कार्यक्रममा लेखक एवं अर्थशास्त्री प्रा.डा.बाबुराम ज्ञवालीले वर्ष ५२ अङ्क २ सम्पूर्णाङ्क १०५ रहेको २०८१ माघ-चैतको यो विशेषाङ्कको विमोचन गर्दै नेपाल र प्रवासमा बसेर भाषा साहित्यको खोज अनुसन्धान गर्ने सबैका निम्ति पत्रिका निकै उपयोगी रहेको चर्चा गरे। उनले नेपाली भाषा साहित्यको विकासका लागि भारतीय नेपाली साहित्यकारहरूको समर्पण भावको योगदान महत्त्वपूर्ण रहेको बताए। उनले यो पत्रिका वेबसाइटबाट समेत विश्वभर अध्ययन गर्न सकिने भएकाले स्वदेशका भन्दा विदेशका नेपाली भाषी पाठक एवं अनुसन्धाताले झन् महत्त्व बुझेर पढ्ने विश्वास व्यक्त गरे। प्रा. डा. अनन्त पन्थीले हाम्रो पुरुषार्थ पत्रिकाको प्रकाशन ज्यादै विषम अवस्थामा आरम्भ भएको स्मरण गर्दै आफ्ना पिता प्राज्ञ डा. टीकाराम पन्थीसँग २०४० सालमा बनारस गएर एक डेढ महिना समय लगाएर लेटर प्रेसमा सम्पादन कार्य गरिएको आफ्नो कार्यानुभव सुनाए। सहप्राध्यापक गोपाल पन्थीले पत्रिकालाई अझ समय सापेक्ष तुल्याई यसको गरिमामय इतिहासलाई जोगाउँदै थप पठनीय एवं प्रिय पत्रिकाका रूपमा विकास गर्न सबैको हातेमालो आवश्यक रहेकोमा जोड दिए।

साहित्यकार एवं पत्रकार छवि ज्ञवालीले हाम्रो पुरुषार्थ प्रकाशन गर्ने किरण पुस्तकालयलाई एवं पत्रिकाका स्वप्नद्रष्टा तथा अनेकौँ आरोह अवरोहका बीच विदेशसम्म गहकिलो परिचय स्थापित गराउन समर्पित भावले लागिपर्ने सबैको योगदान स्तुत्य रहेको उल्लेख गर्दै नेपाली भाषा साहित्यका क्षेत्रमा हाम्रो पुरुषार्थको विशिष्ट योगदानका बारेमा रूपन्देहीमा बौद्धिक बहसको कार्यक्रम गर्नुपर्ने खाँचो औल्याएका थिए।

कार्यक्रममा बौद्धिक व्यक्तित्व एवं लेखक तेजनिधि पौडेल, कविता पन्थी, माधव गौतमलगायतले मन्तव्य राख्दै सबैको साथ सहयोग र सक्रिय सहभागितामा हाम्रो

पुरुषार्थका राचनात्मक आयाम देखिएको भन्दै यसलाई थप सुधारसहति आजीवन ग्राहकसङ्ख्या वृद्धि गर्नुपर्नेमा जोड दिए।

बुटवलको मिलनचोक स्थित हिमालय बुक हाउसमा त्यसका सञ्चालक एवं लेखक माधव गौतम, कविता पन्थीको सञ्चालन एवं गोपाल पन्थीद्वारा पत्रिकाको इतिहास र औचत्यमाथि प्रकाश पारिएको कार्यक्रममा वरिष्ठ पत्रकार बद्रीनाथ पाण्डे, इन्भाइरमन्ट माविका प्राचार्य मधुप्रकाश ज्ञवाली, लेखक, पाठकहरू दिलीप ज्ञवाली, कृष्ण पाण्डे, चिरञ्जीवी ज्ञवाली, विन्दु आचार्य, डा. किरणकुमार खनाल, महिमा पन्थी, आद्याश्री ज्ञवाली, आश्रव खनाललगायतकाको उपस्थिति रहेको थियो।

लामो समयदेखि हाम्रो पुरुषार्थको क्रमशः सम्पादक र सहसम्पादकका रूपमा लेखक प्राध्यापक शशि पन्थी र दीन पन्थीको महत्त्वपूर्ण योगदान रहिआएको छ।

हाम्रो पुरुषार्थका नियमित अङ्कका साथै हालसम्म श्री ५ वीरेन्द्र शुभराज्यभिषेक अतिरिक्ताङ्क, अन्तर्राष्ट्रिय बालवर्ष अतिरिक्ताङ्क, समालोचना विशेषाङ्क, लुम्बिनी अञ्चलको साहित्य र साहित्यकार विशेषाङ्क, साहित्यकार विश्वेश्वरप्रसाद कोइराला स्मृति अङ्क, लेखनाथ अङ्क, अन्तर्राष्ट्रिय युवा वर्षाङ्क, गुल्मी परिचयाङ्क, पुस्तकालय विशेषाङ्क, कथा विशेषाङ्क, नेपाली भाषिक संगोष्ठी विशेषाङ्क, पत्रकारिता विशेषाङ्क, डा. टीकाराम पन्थी विशेषाङ्क, भानु विशेषाङ्क, किरण पुस्तकालय स्वर्णवर्ष विशेषाङ्क, कवि प्रयासी स्मृति अङ्क विशेषाङ्क, पण्डित भीमकान्त पन्थी शतवार्षिक स्मृति विशेषाङ्क, रुरुक्षेत्र विशेषाङ्क तथा हाम्रो पुरुषार्थ शताङ्क विशेषाङ्क (भाग १ र २) आदि विशेषाङ्क प्रकाशित छन्। यसबाहेक किरण पुस्तकालयले यस क्षेत्रका दर्जनौं स्रष्टा लेखकका विभिन्न विधाका पुस्तकहरू प्रकाशन गर्दै आएको छ।

यसै बीच आगामी दिनमा उक्त पत्रिकाको निरन्तर समीक्षा एवं परिचर्चा, अन्य भाषा साहित्यको उत्थानमा समर्पित संघ संस्था र पत्रिकाहरूसँग समन्वय सहकार्यका कार्यक्रमहरू गर्दै आवश्यक सुधारका निमित्त सक्दो सघाउ पुऱ्याउने उद्देश्यले हाम्रो पुरुषार्थ मञ्च, रूपन्देहीको गठन गरिएको छ। मञ्चको संयोजक सहसंयोजकमा क्रमशः गोपाल पन्थी र कविता पन्थी रहेका थिए। सदस्यहरूमा छवि ज्ञवाली, कृष्ण पाण्डे, विन्दु आचार्य ,महिमा पन्थी, दिलीप ज्ञवाली, मधुप्रकाश ज्ञवाली र चिरञ्जीवी ज्ञवाली तथा सल्लाहकारमा प्रा.डा. बाबुराम ज्ञवाली, प्रा.डा. अनन्त पन्थी, तेजनिधि पौडेल, बद्रीनाथ पाण्डे र माधव गौतम रहेका थिए।

साभार : **बुटवल टुडे** (राष्ट्रिय दैनिक) वर्ष १४, अङ्क २२६, २५ जेठ २०८२, आइतबार

५० वर्षअघिको समाचार

युवक कवि मोतीराम भट्टको जन्म जयन्ती सम्पन्न

(**ध्वनि प्रतिनिधिबाट**)

तम्घास ।

यही भाद्र ४ गते तम्घासमा किरण पुस्तकालयको आयोजनामा युवक कवि मोतिराम भट्टको १०६औं जन्मजयन्तीको उपलक्ष्यमा गुल्मी जिल्ला पञ्चायत सभापति श्री वैकुण्ठबहादुर चन्द बोहराको सभापतित्वमा एक समारोहमा युवा कवि श्री भट्टप्रति हार्दिक श्रद्धाञ्जलि अर्पण गरियो । यसभन्दा पहिले स्व. कविको फोटोमा माल्यार्पण गरिएको थियो । यसै बीच साहित्य गोष्ठीमा दधिराम सापकोटा, जन्मेजय बन्जाडे, टेकबहादुर थापा, शशि पन्थी र भेषबहादुर कुँवरको रचना पढेर सुनाइयो । डा. टीकाराम पन्थी भीष्मप्रसाद शर्मा, भेषबहादुर कुँवर र केबी श्रेष्ठले कविको जीवनी र कृतिबारे प्रकाश पार्दै उनको महत्त्व बताउनुभयो । पुस्तकालयमा मोतिराम भट्टका राष्ट्रवादी र साहित्यिक कविताका अंशहरू उद्धृत गरी टांगिएका थिए ।

बाल दिवसको रूपमा श्री ५ बडामहारानीको शुभ जन्मोत्सव सम्पन्न

(**ध्वनि प्रतिनिधिबाट**)

गुल्मी ।

नेपाल महिला संगठन जिल्ला कार्यसमिति गुल्मीको तत्त्वावधानमा श्री ५ बडामहारानी रत्नराज्य लक्ष्मीदेवी शाहको ४४ औं जन्मोत्सव बाल दिवसको रूपमा गतवर्ष जस्तै गरी मनाइयो । यस अवसरमा विभिन्न कार्यक्रमहरूको आयोजना गरिएको थियो ।

यसैगरी किरण पुस्तकालयमा पनि श्री ५ बडामहारानी सरकारको ४४ औं शुभ जन्मोत्सवको उपलक्ष्यमा एक साहित्य गोष्ठी गर्नुका साथै मौसूफ सरकारप्रति दीर्घायु कामना चढाइएको थियो ।

साभार : **निष्पक्ष ध्वनि** (राष्ट्रिय साप्ताहिक)

वर्ष १, अङ्क २०, २०२८ साल भाद्र १६ गते बुधवार ।

पाठक-प्रतिक्रिया

हाम्रो पुरुषार्थ त्रैमासिकको

(भारतीय नेपाली साहित्य र साहित्यकार विशेषाङ्क)

(सम्पूर्णाङ्कः १०५)

यस हाम्रो पुरुषार्थ विशेषाङ्क १०५ को आवरणमा सुप्रसिद्ध साहित्यकार लीलबहादुर क्षेत्रीको चर्चित नाटकहरू र इन्द्र सम्पूर्ण पुस्तकका साथै सय वर्षअगाडि देखिको दियालो पत्रिका एउटा रंगीन र अर्को श्यामश्वेत आवरणको, दुईवटा गोर्खा अंक, गोरखा संसारका तीनवटा अंक, हिमाल किशोर, गोरखा कागत दुईवटा अंक, गोर्खे खबर कागत दुईवटा अंक र भारती जस्ता नेपाली भाषामा छापिएका प्रायः जसो नै भनौँ न दुर्लभ ऐतिहासिक र पाठ्यसामग्रीहरू जतन गरी सजाइएर राखिएका छन् । यी पुस्तक र पत्र-पत्रिकाहरूले नेपाली भाषा साहित्यको उन्नयनको जग बसालेको तथ्यलाई प्रतीकात्मक रूपले संकेत गरिएको छ। अर्थात् नेपाली भाषा साहित्यको उन्नयनका लागि यी सामग्रीहरू अनमोल र ऐतिहासिक हुन् । यी दुर्लभ सामग्रीहरूको व्यवस्थापनदेखि प्रस्तुत विशेषाङ्कको प्रमुख सूत्रधारको भूमिका प्रा.डा. गोविन्दराज भट्टराईज्यूले निर्वाह गर्नुभएको यसै ग्रन्थमा उल्लेख छ । अनि त यो आवरणको प्रतीकात्मक विम्बले पाठकलाई आर्कषित गरी कुतुहलता जगाइदिन्छ ।

भारतीय नेपाली साहित्य र साहित्यकारहरूका योगदानका सम्बन्धमा जान्न र बुझ्नका लागि हाम्रो पुरुषार्थ-१०५ यो विशेषाङ्क मानक तथा कोशे ढुङ्गाका रूपमा किरण पुस्तकालय, तम्घास गुल्मीद्वारा छापिएको छ । एउटा यस्तो अत्यन्तै महत्त्वपूर्ण र ऐतिहासिक कृति रचना गर्नमा हरतरहले सहभागी हुनु हुने समग्र विद्वान् एवम् सहयोगीदाताहरूमा प्रशंसासाथ नमन ! नेपाली भाषा साहित्यको उन्नयनमा यहाँहरूको योगदान गौरवमय र स्तुत्य रहेको छ ।

भारतीय नेपालीहरूले उ बेलादेखि ताकि पढ्न लेख्नका लागि पठन सामग्रीहरूका रूपमा पुस्तक पाएनन् । पुस्तक नपाउँदाको पीडा, स्कुल पढ्न जाने वातावरण नहुनु , विदेशी भूमि, अशिक्षित समाज, गरिबी र शोषणले थिचिएका, पेलिएका ती हाम्रा अग्रजहरूमा चेतना जाग्नु । क्रमशः चेतना जाग्नाले नै भारतीय नेपालीहरूले आफ्नो भाषा, साहित्य र संस्कृतिको जगेर्ना र प्रवर्धन गर्दै आएका हुन् । भाषा साहित्यको उत्थान तथा उन्नयनका लागि संघर्षको सामना गर्दै भाषाको जग बलियो बनाएकाले महान् कर्म गरेबापत उहाँहरू सम्पूर्णमा भक्तिभाव साथ उच्च सम्मान ।

भारतीय भूमिमा बस्ने नेपाली मूलका भाषीहरूले नेपाली भाषा र साहित्यको उन्नयनमा गरेको गौरवमय कर्मको उदाहरणस्वरूप आवरणमा राखिएको दियालो पत्रिकाको आयु एक सय वर्ष बितेको इतिहास जगजाहेर छ । सन् १९२४ को मार्च २४ तारिखमा स्थापना भएको दियालो पत्रिकाले १०० वर्ष नाघेको इतिहास रचना गरेकाले भर्खरै गत (मे २४ र २५ तारिख, २०२५) जेष्ठ १० र ११ गते २०८२ सालमा दार्जिलिङ्ले दियालो पत्रिकाको शतवार्षिकी विराट साहित्य सम्मेलनको रूपमा मनायो । यो गौरवमय कर्म हो ।

दियालो पत्रिकाको शतवार्षिकीको सन्दर्भ उठेकाले नेपालबाट वरिष्ठ साहित्यकारहरू

रोचक घिमिरे, डा. तुलसी भट्टराई, प्रा.डा. गोविन्दराज भट्टराई, प्रा.डा. कुमारप्रसाद कोइराला, प्रा.डा. शरद्चन्द्र बस्ती, शरद् प्रधान एवम् प्रा.डा. नोबल किशोर राईसमेतको सहभागिता रहेको थियो। यो जमातको सहभागिताले नेपाल र भारत दुबैतर्फको नेपाली भाषा साहित्यको गरिमालाई उजिल्याएको हुँदा अबको नेपाली भाषा साहित्यको सेतु अझ मजबुत हुनेछ। र, अझ त्यसमाथि प्रस्तुत हाम्रो पुरुषार्थ-१०५ विशेषाङ्कले त पुल (सेतु) को स्तम्भको काम गर्नेछ। यसरी नै खास गरी दार्जिलिङ, सिक्किम, असम, मेघालय, बनारस, दुवर्स, देहरादूनलगायत बर्मा (म्यानमार) हुँदै समुद्र पारका मुलुकहरूमा नेपाली भाषा, साहित्यको पहुँचले, नेपाली भाषा साहित्यको उन्नयन भइआएको परिप्रेक्ष्यमा यो हाम्रो पुरुषार्थ-१०५ अंकले नेपाली भाषा साहित्यको गरिमा बढाएको छ।

यस हाम्रो पुरुषार्थ-१०५ अंकको दुवैतर्फका आवरणको भित्री भागमा महत्त्व दर्शाउने खालका रंगीन तस्वीरहरू राखिएका छन्। पछाडिको आवरणमा किरण पुस्तकालय तम्घास, गुल्मीद्वारा प्रकाशित पुस्तकहरू र पुस्तकका लेखकहरूका नाम उल्लेख गरिएको छ। पुस्तकको शुरुमै सम्पादक मण्डलको नाम उल्लेख गरिएको छ। त्यसपछि हाम्रो पुरुषार्थका देशभरिका प्रतिनिधिहरूको नाम, फोन नं. सहितको चार्ट राखिएको छ। अनि भारतीय नेपाली साहित्यप्रति समर्पित शीर्षकको छ अनुच्छेदमा गहन र महत्त्वपूर्ण तथ्यसहितको सम्पदकीय लेखिएको छ। भारतीय भूमिमा रहेर पनि नेपाली भाषा साहित्यको उन्नयनम लागिपर्ने ती दिग्गज स्रष्टाप्रति सम्पादकीय लेखनका माध्यमले सम्मान व्यक्त गरिएको छ। यो सम्पादकीय नै यस अंकको हृदयको धड्कन हो।

यो विशेषाङ्क-१०५ जम्मा ४१० पृष्ठमा नौ जना विद्वान् विदुषी एवम् वरिष्ठ साहित्यकार हरूको अर्न्तवार्ता, ३३ जना बरिष्ठ विद्वान् एवम् साहित्यकारहरूका लेख/ आलेख/ निबन्ध/ समीक्षा/ समालोचना, ३ जना कथाकारहरूका लघुकथा, ५ जना कविहरूका कविता/मुक्तक र सम्पादकीय समेत गरी १८ वटा स्थायी स्तम्भले सजिसजाउ बनेको छ। अनि पत्रिकाका भित्री भागमा विभिन्न संघ/संस्थाका विज्ञापन साथै महत्त्वपूर्ण जानकारीहरू राखिएका छन्। र ४१० पृष्ठमा यस पुस्तकालयले प्रकाशन गरेका २२ वटा विशेषाङ्कका चित्र समावेश छन्। सम्झनै पर्ने पक्ष चाहिँ पुस्तकमा जम्मा ६८ वटा लेख/रचना छन्। तीमध्येमा लैङ्गिक अनुपातलाई छुट्याउँदा भने महिलाको सहभागिता न्यून छ। तथापि नारी स्रष्टाका लेख/रचना साथै अन्तर्वार्ताका स्तम्भमा राखिएका सामग्री भने उदाहरणीय छन्। समग्रमा यस हाम्रो पुरुषार्थ-१०५ अंक जुन मूल रूपमा भारतीय नेपाली साहित्य र साहित्यकार विशेषाङ्कका रूपमा प्रकाशित छ। यसमा नेपाल र भारत दुवैतर्फका विद्वान् साहित्यकारहरूका लेख/ आलेख/ निबन्ध/ समीक्षा/ समालोचना समावेश भएकोले महत्त्पूर्ण र अध्ययनीय सामग्रीका रूपमा किरण पुस्तकालयले पाठक सामु प्रस्तुत गरेको छ। पाठकका रोजाइमा पर्ने नै छ भनी मंगल कामना।

नारायणप्रसाद शर्मा फुयाल
दमक, झापा, जेठ २४, २०८२

किरण पुस्तकालयका आजीवन सदस्यहरूको परिचय

नाम : **तुलसीराम पन्थी**

जन्म मिति : २०१६/०६/१९

जनमस्थान : धुर्कोट, भनभने, गैराखर्क, गुल्मी ।

हालको ठेगाना : चन्द्रागिरि न.पा.१४, नैकाप, काठमाडौं ।

माता/पिता : उर्मिलादेवी /जीवनाथ पन्थी

पत्नी : भगवती पन्थी

शिक्षा : आई.ए.

सेवा : निजामती सेवामा ३७ वर्षभन्दा बढी सेवा गरी लेखा अधिकृतबाट सेवानिवृत्त ।

संलग्नता : आजीवन सदस्य गौली पन्थी अध्ययन अनुसन्धान समाज, भनभने विकास समाज काठमाडौं-गुल्मी, किरण पुस्तकालय, तम्घास, गुल्मी ।

प्रकाशित कृति : जीवनका पाइलाहरू

भ्रमण : नेपाल, भारत, जापान, अमेरिका, क्यानडा ।

मो.नं. : ९८५७०५०३८०

ईमेल : panthitulsi.TP@gmail.com

नाम : **हरिप्रसाद गैरे**

जन्ममिति : २०२५/०३/०४

जन्मस्थान : रेसुङ्गा नगरपालिका-७, उपल्लो तम्घास, सोता, गुल्मी ।

माता/पिता : बालकुमारी/शोभाखर गैरे

पत्नी : माया गैरे

शिक्षा : स्नातकोत्तर

संलग्नता : २०५४/०८/२२ देखि निजामती सेवामा प्रवेश गरी विभिन्न जिल्लामा सेवा गर्दै हाल जिल्ला प्रशासन कार्यालय, गुल्मीमा सहायक प्रमुख जिल्ला अधिकारीको रूपमा कार्यरत ।

मो.नं. : ९८४७१०४४००

नाम : **सरोजविक्रम कुँवर**

जन्ममिति : २०५०/०४/११

जन्मस्थान : रेसुङ्गा नगरपालिका-२, तम्घास, गुल्मी ।

हाल : नागरिक उड्डयन प्राधिकरण, काठमाडौं ।

माता/पिता : चमेली के.सी कुँवर/चनकबहादुर कुँवर

पत्नी : दीपा कार्की

शिक्षा : एम.एस्सी.(सूचना तथा प्रणाली इञ्जिनियरिङ) बी.ई. (इलेक्ट्रोनिक्स तथा सञ्चार)

क्षेत्र : सूचना प्रविधि, सञ्चार, एविएशन प्रणाली

पेशा : इञ्जिनियर- नागरिक उड्डयन प्राधिकरण, काठमाडौं ।

अभिरुचि : भ्रमण, अध्ययन, अन्तर्वार्ता श्रवण, लेखन, अनुसन्धान ।

मो.नं. : ९८४९६२२७२७

ईमेल : sarojkunwar28@gmail.com

हाम्रो पुरुषार्थका आजीवन ग्राहकहरूको नामावली

क्र.सं	ग्राहकको नाम	ठेगाना	मो.नं.
९७४	श्री तुलसीराम पन्थी	चन्द्रागिरि न.पा.१४, नैकाप काठमाडौं ।	९८५७०५०३८०
९७५	श्री सरोजविक्रम कुँवर	रेसुङ्गा नगरापालिका-२, तम्घास, गुल्मी ।	९८४७१०४४००
९७६	श्री प्रकाशप्रसाद घिमिरे	छत्रकोट गाउँपालिका-५, खरिबोट, खर्ज्याङ, गुल्मी	९८६७७५५८१०

काठमाडौं उपत्यकाभित्रका 'हाम्रो पुरुषार्थ'का स्थायी र आजीवन ग्राहक एवम् लेखक र कविहरूले भक्तपुर बसस्टप सामुन्ने बागबजार, काठमाडौंमा रहेको

भण्डारी बुक्स एण्ड स्टेशनरीज

फोन:०१-४२४१४८५/९८४१२०२६९६/९८६१०५०८७०

बाट आफ्नो प्रति बुझेर लैजानका लागि हामी अनुरोध गर्दछौं ।

हाम्रो पुरुषार्थ (त्रैमासिक)

बुटवल रूपन्देहीमा हाम्रो पुरुषार्थ (१०५) भारतीय नेपाली साहित्य र साहित्यकार विशेषाङ्कको प्रा. डा. बाबुराम ज्ञवालीद्वारा लोकार्पण

बुटवलमा हाम्रो पुरुषार्थ १०५ लोकार्पण समारोहका सहभागीहरू

रेसुङ्गा नगरपालिकाका नगरप्रमुख श्री खिलध्वज पन्थीद्वारा किरण पुस्तकालय तम्घासमा हाम्रो पुरुषार्थ सम्पूर्णाङ्क १०५ लोकार्पण कार्यक्रमको समुद्घाटन

दाङमा प्रा.डा. अर्जुनप्रसाद भट्टराईद्वारा हाम्रो पुरुषार्थ विमोचन र वितरण

पाल्पामा 'हाम्रो पुरुषार्थ' प्रतिनिधि कमल खत्रीद्वारा विशेषाङ्क वितरण

किरण पुस्तकालयका आजीवन सदस्य कोविदप्रकाश पन्थीद्वारा म्याग्दी पुस्तकालयलाई 'हाम्रो पुरुषार्थ' (१०५) प्रदान

झापामा त्रिफला राष्ट्रिय पुस्तकालयका अध्यक्ष श्री प्रेमप्रकाश फलाहारीबाट नेपाल र भारतमा हाम्रो पुरुषार्थ (१०५) वितरणसम्बन्धी सन्देश युटुबबाट प्रसारण

जि.का., गुल्मी द.नं. : ०१/२०३५/०३६

भारतीय नेपाली साहित्य र साहित्यकारहरूको बारेमा
विस्तृत जानकारी प्राप्त गर्नका लागि
'हाम्रो पुरुषार्थ'
को सम्पूर्णाङ्क १०५ पढ्न नबिर्सनुहोस् ।